CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली भाषाको उत्पत्ति

डा. चूडामणि बन्धु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली

भाषाको

उत्पत्ति

चूडामणि बन्धु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक:

साझा प्रकाशन, काठमाडौं

पहिलो संस्करण : जगदम्बा प्रकाशनबाट, २०२५

दोस्रो संस्करण : साझा प्रकाशनबाट, २०३२

तेस्रो संस्करण : साझा प्रकाशनबाट, २०३६ (२१०० प्रति)

चौथो संस्करण : साझा प्रकाशनबाट, २०४७

पाचौं संस्करण : साझा प्रकाशनबाट, २०५२ (२१०० प्रति)

मूल्य रु. ६७।-

मुद्रक : अभिव्यक्ति छापाखाना

चावेल, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

आज जुन पुस्तकको भूमिका लेख्न म लागेको छु तेसका लेखकका विषयमा यो भूमिका धेरै लेखी सके पछि थाहा भयो । "नेपाली भाषाको उत्पत्ति" का सुयोग्य नवयुवक लेखकलाई नेपाली साहित्यका प्रेमीका रूपमा मैंले चिनेको थियें तर वहाँको भाषा शास्त्रको अध्ययन पनि प्रगाढ तथा व्यापक रहेछ भन्ने कुरा मैले यो पुस्तक पढी चाल पायें । वहाँको अध्यवसाय तथा योग्यताले मेरा मनमा निकै प्रभाव पर्‍यो । प्रतिपादित विषयको जसतो गवेषणापूर्ण वर्णन छ उसतै वा अझ बढता लेखकको नेपालीको शैली छ । नेपाली भाषाका उत्पत्तिको सरल वैज्ञानिक विवेचना जसरी यो पुस्तकमा गरिएको छ उसै गरी यो पुस्तकको नेपाली गद्य शैलीले गहन विषयलाई सरलतापूर्वक बुझाउने काममा सफलता प्राप्त गरेको छ । यसैले यसतो सुन्दर पुस्तकका लेखक तथा प्रकाशक दुबैको म भूरि–भूरि प्रशंसा गर्छु ।

नेपाली भाषाको अभिवृद्धि तथा उन्नतिका निम्ति विविध विषयमा लेखिएका यसतै सरल तथा ज्ञानवर्धक पुस्तकहरूको आवश्यकता छ । यो पुस्तकको रचनाका निमित्त गरियेको गम्भीर अध्ययन यसका प्रत्येक पृष्ठका पठनबाट चाल पाइन्छ । विद्वान् लेखकको भाषाशास्त्रसम्बन्धी वैज्ञानिक औ विद्वत्तापूर्ण विवेचना पढ्दा लेखकका विवेकपूर्ण बुद्धिको परिचय पाइन्छ ।

आजभन्दा केही वर्ष अघिसम्म पनि नेपाली भाषाका उत्पत्तिका विषयमा हाम्रो ज्ञान अत्यन्त परिमित थियो । यसमा विशेष आधुनिक साहित्य पनी नभयेको हुनाले यसको उत्पत्ति पनि पछि भएको हो कि भन्ने विचार हामी गर्थ्यौं । तर यो पुस्तकका विद्वान् रचयिता जस्ता योग्य व्यक्तिहरूका प्रयासले गर्दा आज हामी हाम्रा भाषा पनी उत्तर भारतका अरू भाषा सरह अपभ्रंश काल (१००० १२००) देखि भयेको हो भन्न सक्ने भयेका छौं । नेपाली भाषाको प्राप्त प्राचीनतम नमूना आदित्य मल्लको १३२१ ई० को लेख हो भनेर यो पुस्तकका विद्वान् लेखकले 'यी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राचिन अभिलेखमा प्राप्त नेपाली भाषाको निर्माणमा कम्ती पनि २०० वर्ष लागेको देखिन्छ र ईसाको एघारौं शताब्दीदेखि नेपाली भाषाको इतिहासको प्रारम्भ भएको मान्नुपर्छ, (पृष्ट ४) भनी जो मत व्यक्त गर्नु भयेको छ त्यसैले नेपाली भाषाको थालनीलाई अपभ्रंशकालसम्म पुऱ्याउँछ। उत्तर भारतका प्रसिद्ध भाषाहरूको आरम्भ पनि सोही कालदेखि भयेको हो। यसैले नेपाली भाषाको भाव प्रकाशन गर्ने शक्ति, शब्द भण्डार, परिमार्जित व्याकरण आदि सबै कुराले अरू भारतीय भाषा सरह विकास प्राप्त गर्ने अवसर पायेर नेपाली भाषा एक स्वतन्त्र राष्ट्रको राष्ट्रभाषा हुन सक्षम भएको छ तथा सो राष्ट्रका सम्पूर्ण कार्य यसका माध्यमद्वारा सञ्चालन गर्न सकिने कुरामा केही सन्देह छैन।

अचेल हामी नेपालीहरूमा खस जातिको विषयमा निकै चर्चा चलेको छ। यो ग्रन्थका विद्वान् ग्रन्थकर्ताले पनि खस जातिसम्बन्धी अनेक कुराको वर्णन आफ्ना ग्रन्थमा गर्नु भयेको छ। त्यो वर्णन पढी मेरा मनमा उत्पन्न भएका केही कुरा यहाँ लेख्दैछु। नेपालका इतिहासको आजसम्म जानियेको कुन कुरो यसतो छ जसका समाधानका निम्ति खसको इतिहास हामीले अघि सार्न परेको छ। नेपाली भाषा आर्य युरोपेली शाखाको हो भन्ने कुरा सबै विद्वान् स्वीकार गर्छन्। तराईमा बोलिने प्रायः सबै भाषा यसै परिवारका हुन्। पहाडमा बोलिने अरू भाषा आग्नेय औ भोट हिमाली परिवारका मानियेका छन्। हाम्रो संस्कृतिका विषयमा आर्य युरोपेली तथा आग्नेय भोट हिमाली संस्कृतिका ज्ञात कुराले फुन नसक्ने कुनै गाँठो भये जसतो लाग्दैन। यसता स्थितिमा आर्यकै यौटा शाखा शक वा खसका (जसको भाषाको उदाहरण अहिलेसम्म पाइएको छैन) आगमनको कल्पनाको विशेष आवश्यकता भये जस्तो लाग्दैन। यो ग्रन्थका विद्वान् लेखकले व्यक्त गर्नु भयेको 'खस जातिका सम्बन्धमा निश्चित रूपमा अहिले साना-तिना आधारमा नै "खस र खस भाषा" तथा 'प्रतिभा दर्शन' मा भनिये सरह बन्न सम्भव छैन (पृष्ठ २०७) भन्ने मत नै अहिलेसम्म यो सम्बन्धमा उपस्थित गरिएका प्रमाणहरूको चित्त बुझ्ने आलोचना छ। नेपाली भाषाका विकासको इतिहासका निम्ति खस प्राकृत वा खस अपभ्रंश थियो भनी कल्पना गर्न पर्ने केही कारण नभएको कुरा स्पष्ट छ तथा विद्वान् ग्रन्थ-कर्ताको यो कुरासित सम्बद्ध विचारलाई खोट लाउन सक्दिन (पृष्ठ २१५) किनभने ज्ञात प्राकृतहरूद्वारा नेपाली भाषाको उत्पत्ति तथा विकासका सबै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा बुझाउन सकिन्छ ।

यो ग्रन्थ पढ्दा पढ्दै नेपाली साहित्यको भविष्य उज्वल भयेका कुराको मलाई अनुभव भयो किनभने आधुनिक नेपालको तरुण शिक्षित वर्ग मातृभाषामा वैज्ञानिक, सारपूर्ण तथा उत्तम ग्रन्थ लेखन अघी सरेको कुरा स्पष्ट छ। नेपाली इतिहास तथा संस्कृतिको ज्ञानका निम्ति नेपालीमा पर्याप्त संख्यामा ग्रन्थ पाइने आशा दृढ भयेको छ ।

प्रत्येक शिक्षित मानिसले अंग्रेजी साहित्यका अवश्य पढ्नु पर्ने सये पुस्तकका सम्बन्धमा विद्वान्हरूले लेखेका लेख वा पुस्तक विद्यार्थी अवस्थामा वा पछि पढेको सम्झना हुन्छ । ती लेख पढ्दा मलाई पनि नेपाली साहित्यका अवश्य पढ्न पर्ने सये पुस्तकका विषयमा लेख लेख्न मन लाग्थ्यो । साहित्यको अवस्था तथा अरू अनेक कुरा विचार गरी अहिले तेसतो लेख लेख्ने बेला भयेको छैन भनी म अनकनाउँथे तथा अझ अली अली अनकनाउँदै छु । तर तेसतो सूची निर्माण गर्ने, कहिल्यै मलाई सौभाग्ये प्राप्त भयो भने त यो पुस्तकलाई तेस सूचीका माथिल्ला लहरमा समावेश गर्ने छु ।

नयाँ दिल्ली
फाल्गुण पूर्णिमा २०२५
(पहिलो संस्करणबाट)

सूर्यविक्रम ज्ञवाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निवेदन

नेपाली भाषाको उत्पत्ति यहाँहरूको समक्ष प्रस्तुत छ। २०२१ सालमा मदन पुरस्कार विद्वत्वृत्तिअन्तर्गत नेपाली भाषाको उत्पत्ति शीर्षकमा अनुसन्धान गर्न त्रिभुवन विश्वविद्यालयद्वारा छानिएको थिएँ। अनुसन्धान कार्यको प्रारम्भमा नै गोरखापत्र र नेपाली पत्रिकाले विषयको गहनता र महत्त्वको चर्चा गर्दै मलाई प्रेरित गरेका थिए। अनुसन्धान कालमा गुरुवर श्री सूर्यविक्रम ज्ञवालीज्यूको प्रेरणापूर्ण निर्देशन मेरो लागि सबभन्दा महत्त्व-पूर्ण कुरा रह्यो। त्रिभुवन विश्वविद्यालय पुस्तकालय, राष्ट्रिय पुस्तकालय, राष्ट्रिय अभिलेखालय र मदन पुरस्कार पुस्तकालयका अध्यक्ष र कर्मचारी-हरूले प्रदान गरेको सुविधा र सहयोग विना मेरो अध्ययन असम्भव थियो। साथी प्राध्यापक बालकृष्ण पोखरेलले सुझाउ र सामग्री दिएर ठूलो सहयोग गर्नुभएको हो। यस्तै साथी करुणानिधि शर्माको सहयोग पाण्डुलिपि तयार गर्दा पाएको कुरालाई पनि म बिर्सन सक्दिनँ। अरू केही मित्रहरूले पुस्तक उपलब्ध गराएर मेरो काममा सघाउ पुऱ्याएको र अभिरुचिसाथ कार्य प्रगतिबारे जिज्ञासा देखाउँदा म प्रोत्साहित हुन्थेँ। त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरू र भाषाका विद्वान् सर्वश्री शम्भु चौधरी, ताराप्रसाद जोशी र बालकृष्ण पोखरेलले तथा ल कलेजका प्रिन्सिपल रामराज पन्तज्यूले आफ्नो अमूल्य समय दिएर यसलाई आद्योपान्त हेरिदिनुभयो।

नेपाली भाषा र यसको उत्पत्तिको विषयमा लेखिएको यस ग्रन्थमा पूर्णता छ भनेर दावी गर्न म सक्दिनँ। अल्पज्ञान, सानो समय र थोरै सामग्रीका बीच बसेर लेखेको यो ग्रन्थलाई प्रयास मात्र भन्छु। तर भाषाको क्षेत्रमा अनुसन्धान गर्नका लागि मलाई डोऱ्याउने मदन पुरस्कार गुठीको गुन र यसकी संस्थापिका रानी जगदम्बाको उदारताले म ऋणी छु। डोऱ्याइएको छु, अरू पनि केही यस सन्दर्भमा पाएँ भने यहाँहरूको समक्ष प्रस्तुत गर्ने इच्छा लिएर बिदा हुन्छु।

२०२४, पौष २२ — लेखक

पाँचौं संस्करणमा सामान्य संशोधन र केही थपघट गरिएको छ। अघिल्ला संस्करणहरूमा यो पुस्तक चूडामणि उपाध्याय रेग्मीका नाममा प्रकाशित भएकोमा अब पुस्तकमा चूडामणि बन्धु नाम रहनेछ। लेखकको अन्य सबै ग्रन्थ यसै नाममा रहेकाले यसो गरिएको हो।

२०५२ साउन — लेखक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संक्षिप्त रूप र संकेत चिन्ह

अ०—	अर्वेली
अं०—	अंग्रेजी
अप०—	अपभ्रंश
अवे०—	अवेस्ता
इटा०—	इटालियन
ई०—	इसामसीहको जन्मपछि
ई०पू०—	इसामसीहको जन्मपूर्व
क०ने०—	कथ्य नेपाली
के०ने०—	केन्द्रीय नेपाली
ग्री०—	ग्रीक
च०—	चन्द्रिका
तुल०—	तुलनीय
ने०—	नेपाली
नेभासा०—	नेपाली भाषा र साहित्य
पने०—	पश्चिमी नेपाली
पु०—	पुलिङ्ग
पूने०—	पूर्वी नेपाली
प्रद०—	प्रतिभा दर्शन
प्राने०—	प्राचीन नेपाली
प्राफा०—	प्राचीन फार्सेली
फा०—	फार्सेली
फ्रे०—	फ्रेञ्च
भा०इ०—	भारत-इरानेली
भारो०—	भारोपेली
मने०—	मध्यकालीन नेपाली
राजभा०—	राजस्थानी भाषा
राभा०—	राष्ट्रभाषा
ल्या०—	ल्याटिन
सं०—	संस्कृत
स्त्री०—	स्त्रीलिङ्ग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

भूमिका

निवेदन

संक्षिप्त रूप र संकेत चिह्नहरू

खण्ड १

१. उठान १

१. नामकरण १

२. नेपाली भाषाको क्षेत्र २

३. भौगोलिक भेद र इतिहास ३

४. संसारका भाषा ४

२ भारोपेली परिवार ५

५. मूल भाषा ५

६. विभाजन र शाखाहरू ६

७. भारोपेली भाषाको विशेषता ६

३. आर्य, भारत-इरानेली, इरानेली र दरद ११

८. भारत-इरानेली ११

९. इरानेली १३

१०. प्राचीन इरानेली १४

११. मध्यकालीन र आधुनिक इरानेली १५

१२. दरद १६

४. संस्कृत १७

१३. वैदिक संस्कृत १७

१४. वैदिक वर्णहरू २०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५. रूपतत्त्व २५
१६. संस्कृतमा आर्येतर भाषाको प्रभाव २६
१७. लौकिक संस्कृत २७
५. प्राकृत ३०
१८. प्राकृत भाषाहरूको समय ३०
१९. पालि ३१
२०. अभिलेखी प्राकृत ३२
२१. साहित्यिक प्राकृत ३२
२२. अश्वघोषका नाटकहरूको प्राकृत ३३
२३. धम्मपदीय प्राकृत ३३
२४. निय प्राकृत ३३
२५. गाथा ३४
२६. साहित्यिक प्राकृत ३४
२७ शौरसेनी ३५
२८. महाराष्ट्री ३६
२९. मागधी ३६
३०. अर्धमागधी ३७
३१. पैशाची ३८
३२. अपभ्रंश ३९
६. आधुनिक आर्य भाषा र नेपाली ४३
३३ आधुनिक आर्य भाषा काल ४३
३४. आधुनिक आर्य भाषाहरू र तिनका वर्गीकरण ४४
३५. हिमाली भाषाहरू ४७
३६. पश्चिमी पहाडी भाषाहरू ४७
३७. गडवाली ४८
३८. कुमाउनी ४८
३९. नेपाली ४८
४०. प्राचीन नेपाली ४९
४१. मध्यकालीन नेपाली ५१
४२. आधुनिक नेपाली ५४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७. नेपालीका भाषिका ५५
४३. नेपाली भाषाका तीन भाषिका ५५
४४. पश्चिमी नेपाली ५७
४५. केन्द्रीय नेपाली ६२
४६. पूर्वी नेपाली ६७
८. नेपाली भाषाको शब्द-ढुकुटी ६७
४७. विभिन्न वर्गीकरण ६७
४८. नेपाली शब्द भण्डारको स्रोत ७०
४९. तद्भव ७१
५०. तत्सम ७२
५१. अर्ध तत्सम ७२
५२. देशी ७३
५३. आगन्तुक शब्द ७३

खण्ड २

९. नेपाली स्वर र व्यञ्जन वर्णहरूको परिचय ७८
५४. नेपाली स्वर र तिनको वर्गीकरण ७८
५५. संयुक्त स्वर ८२
५६. अनुनासिक स्वर ८३
५७. नेपाली व्यञ्जनवर्ण र तिनको वर्गीकरण ८३
५८. अक्षर प्रणाली ८९
१०. नेपाली स्वर र व्यञ्जनहरूको उत्पत्ति ९०
५९. नेपाली स्वर वर्णहरूको उत्पत्ति ९०
६०. नेपाली व्यञ्जन वर्णहरूको उत्पत्ति ९३
११. नेपाली ध्वनि-परिवर्तनका सामान्य प्रक्रिया १०३
६१. अनुनासिकी भवन १०३
६२. आदिस्वर १०५
६३. मध्यस्वर १०७
६४. अन्त्यस्वर १०९
६५. स्वरागम र स्वरलोक १११
६६. व्यञ्जन परिवर्तनका सामान्य प्रक्रिया ११२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६७. व्यञ्जन परिवर्तनका विशेष प्रक्रिया ११५
६८. आगन्तुक शब्दहरूको ध्वनितत्त्व ११८

खण्ड ३

१२. शब्द निर्माण - उपसर्ग र परसर्गहरू १२२
६९. उपसर्ग १२२
७०. परसर्ग अथवा प्रत्यय १२४
१३. नाम, सर्वनाम र विशेषण १३७
७१. नाम १३७
७२. लिङ्ग १३९
७३. वचन १४०
७४. कारक १४१
७५. सर्वनाम १४४
७६. विशेषण १४९
७७. संख्यावाची विशेषण १५१
१४. क्रिया १६०
७८. धातु १६०
७९. सहायक क्रिया १६४
८०. कृदन्त १६६
८१. संयुक्त क्रिया १६७
८२. सकर्मक र अकर्मक क्रिया १६८
८३. अकरण क्रिया १६९
८४. वाच्य १६९
८५. क्रियाका लिङ्ग, वचन र पुरुष १६९
८६. भाव र काल १७०
१५. अव्यय १७३
८७. क्रिया योगी १७३
८८. संयोजक १७७
८९. विस्मयादिबोधक १७८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड ४

१६. नेपालका भाषाहरू १८०

९०. आगमन-क्रम १८०
९१. आग्नेशियाली परिवारको सन्थाली भाषा १८२
९२. द्रविड परिवारको झाँगड भाषा १८३
९३. भोट-बर्मेली परिवारका भाषाहरू १८३
९४. भारोपेली परिवारका भाषाहरू १९३
९५. कुसुन्डा : अवर्गीकृत भाषा २०१

१७. खस जाति र भाषा २०३

९६. खस जातिको खोजी २०३
९७. पौराणिक ग्रन्थहरूमा खस २०६
९८. खस-संस्कृति २०७
९९. खसहरूको भाषा २०८
१००. खस र शक २१०
१०१. खसहरूको ऐतिहासिक सम्बन्ध २११

१८. नेपाली भाषाको अध्ययन परम्परा र उन्नति २१४

१०२. नेपाली भाषाको अध्ययनको थालनी २१४
१०३. बीसौं शताब्दीको पूर्वार्द्ध २१६
१०४. प्रजातन्त्रपछि २२१

१९. नेपाली लेखन-प्रणाली २३१

१०५. लेखन-कलाको प्रारम्भ २३१
१०६. ब्राह्मी २३३
१०७. देवनागरी र अन्य लिपी २३४
१०८. लेखन प्रणाली २३६

मुख्य सहायक ग्रन्थहरूको सूची २३८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. उठान

१. नामकरण

नेपालको संविधान भाग १ धारा ४ अनुसार नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा 'नेपाली भाषा' हो। यसबाहेक नेपाली भाषाले विभिन्न नाम पाएको छ। हिमाली क्षेत्रको पश्चिमी भेक तथा पश्चिमी नेपालका पुराना जाति खसहरूका आधारमा नेपाली भाषालाई 'खसभाषा' भनियो। नेपालको पश्चिमी क्षेत्रबाट पूर्वतिर बढ्दै जाँदा पूर्वी प्रदेशमा अघिदेखि बसोबास गर्दै आएका जातिहरूले यो नवागन्तुक खसहरूका भाषालाई खसभाषा भने। खसकुरा वा खसभाषाले अहिले पनि नेपाली भाषालाई जनाइन्छ। नेपालको ठूलो क्षेत्र पहाडै पहाडले भरिएको हुनाले यहाँका बासिन्दाहरूलाई समथर जग्गामा बस्नेहरूले पहाडी या पहाडिया भने अनि यिनीहरूको भाषालाई 'पहाडी भाषा'। भाषाशास्त्रीहरूले पनि सम्पूर्ण हिमाली क्षेत्रको आधुनिक आर्य भाषालाई पहाडी वर्गमा राखेका छन् र नेपालीलाई 'पूर्वी पहाडी' भनेका छन्। यसलाई 'पर्वते भाषा' पनि भनिन्छ। नेपाल पर्वतहरुको देश हुनाले यहाँका बासिन्दा पर्वते भए र यिनीहरूको भाषा 'पर्वते' भयो। सुन्दरानन्द बाँडाले यसलाई 'पार्वती भाषा' भनेका थिए। बडामहाराज पृथ्वीनारायण शाहबाट नेपालको एकीकरण भएपछि नेपालीहरू 'गोर्खाली' नामले प्रसिद्ध भए र उनीहरूको भाषालाई 'गोर्खाली भाषा' भनियो। भाषाको रूपमा यस नामले राजकीय मान्यता पाएपछि यस नामको व्यापक प्रयोग पनि देखिन थाल्यो। यसै सिलसिलामा यसका गोरक्षभाषा, 'गोर्खा भाषा', 'गोर्खे भाषा' र 'गुर्खाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषा' नामहरू देखिए । प्रसंगतः नेपाली भाषाका अरू नाम पनि आएका छन् । काठमाडौं उपत्यकाका शिलालेखहरूमा यसलाई 'भाषा', 'देश भाषा', 'स्वदेश भाषा' र 'गिरिराज भाषा' भनिएको छ । शक्तिवल्लभले यसलाई 'लोकभाषा' र विद्यापतिले 'राजभाषा' भनेका छन् । जयपृथ्वीबहादुर सिंहले यसलाई 'प्राकृत' भाषा भने ।

'नेपाली भाषा' नाम सर्वप्रथम देखापरेको संभवतः सन् १८२० ई. मा प्रकाशित एटनको व्याकरणमा नै हो । यसअघि कर्कप्याट्रीकले यसलाई 'पर्वते' नै भनेका थिए । त्यसपछिका युरोपेली भाषाशास्त्रीहरुले 'गोर्खाली' र 'नेपाली' नामको प्रयोग गर्न थाले । 'खस' नामको प्रयोग गरेको पनि देखिन्छ । प्रारम्भमा नेपाली वैयाकरणहरूले पनि गोर्खाली नामको प्रयोग गरे तर 'नेपाली' नै व्यापक रूपले प्रचलित तुल्याउने भाषासेवीहरूको आग्रहफलस्वरूप सबै क्षेत्रमा 'नेपाली' नाम नै प्रसिद्ध छ ।

नेपाल नामको आधारमा भाषाको नाम नेपाली भयो । नेपालमा अनेक भाषा छन् तापनि देशका बहुसंख्यक जनताले बोल्ने भाषा भएकोले यो नेपाली भाषा भयो । यस भाषालाई नेपाली नाम दिंदा नेपालको सीमाना मेचीदेखि महाकालीसम्म र नेपाली जातिहरूको बसोवास नेपाल बाहिर पनि देखिन्छ भने यस देशले नेपाल नाम पाउँदा यसको क्षेत्र अहिलेको भन्दा धेरै सानो थियो । अथर्वपरिशिष्ट, कौटिल्यको अर्थशास्त्र, समुद्रगुप्तको प्रयागस्थित शिलालेख र पुराणहरूमा समेत 'नेपाल' शब्द देखापरेको ई. पू. पाँचौं शताब्दीतिर नै 'नेपाल' देश प्रसिद्ध भइसकेको देखिन्छ । बंशावलीहरूमा नेपालको अर्थ 'ने' मुनिद्वारा पालित दिइएको भए तापनि भोट-बर्मेली भाषामा पाइने ने (पवित्र ठाउँ, घर) र पाल (भेंडाको भुत्ला) को योगले बनेका नेपालको अर्थ 'भेंडाको भुत्ला हुने पवित्र ठाउँ वा घर' नै युक्तिसंगत छ भन्ने कुरालाई इतिहासकारहरूले पनि वाडेल साहेबको व्याख्याका आधारमा मानेका छन् ।

२. नेपाली भाषाको क्षेत्र

नेपाली भाषा-भाषीहरूमा नेपाली भाषा बोल्ने पुर्खाका सन्तानहरू मात्र छैनन्, नेपाल र नेपालबाहिरका अरू जातिहरूले पनि नेपाली भाषा मातृभाषाका रूपमा बोल्न थालेका छन् । नेपालका मगर, गुरुङ, नेवार, लिम्बू, सुनुवार, धामी, चेपाङ्ग, राजी, ब्यासी, भोटे, दरै आदि जातिहरूले नेपाली भाषालाई ग्रहण गरेको कुरो १९५२–५४, १९६१, १९७१ र १९८१ ई. का जनगणनाई-विवरणको तुलनाबाट स्पष्ट हुन्छ । भारतमा बसेका मगर, गुरुङ, नेवार, राई,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिम्बू, लेप्चा र भोटे भाषाभाषीहरूले पनि आफ्नो भाषा छोडेर नेपाली भाषालाई मातृभाषाका रूपमा ग्रहण गरेका छन् ।

नेपालभित्र नेपाली भाषालाई पूर्वबाट नेपाली तथा लेप्चा-भाषाक्षेत्रले, उत्तरबाट भोट हिमाली भाषाले, दक्षिणबाट मैथिली, भोजपुरी, अवधी र कनौजी भाषाहरूले, तथा पश्चिमबाट कुमाउनी भाषाले घेरेका छन् । नेपालबाहिर भारतमा नेपाली भाषा-भाषीहरूले विभिन्न आर्य र अनार्य परिवारका भाषा-भाषीहरूका साथ बसेर आफ्नो भाषाको अस्तित्व कायम राखेका छन् । तर स्थानीय भाषाको नेपाली भाषा बोल्ने अल्पसंख्यकहरूमाथि प्रभाव पर्नु स्वाभाविक हो । सिक्किममा नेपालीभाषा-भाषी त्यहाँका लिम्बू र लाप्चे भाषा-भाषीहरूका साथ बसेका छन् । यस्तै बर्माका नेपालीहरू पनि कचिन र अरू भाषा-भाषीहरूका साथ बसेका छन् । नेपाली भाषामा अन्य भाषाहरूको विशेषतः हिन्दी र अंग्रेजी भाषाको प्रभाव पाइन्छ । १८१५ ई. पछि नेपालीहरू ब्रिटिश फौजमा भर्ती हुन थाले र १९४७ मा ४ रेजिमेन्ट ब्रिटेनको भाग परेकाले यिनीहरू हङकङ, मलाया र सिंगापुरमा वस्न पुगे ।

३. भौगोलिक भेद र इतिहास

पहाडै पहाड र खोलानालाहरूको देश नेपालमा नेपालीमा भाषाका अनेक भाषिका र उप भाषिका विकसित भएका छन् । मोटामोटी रूपमा नेपाली भाषाका भाषिकालाई अहिले तीन भाषिकासमूहमा विभाजन गर्न उचित देखिन्छ । ती हुन्–पश्चिमी नेपाली, केन्द्रीय नेपाली र पूर्वी नेपाली । पूर्वी नेपालीले नेपालभित्रको विशाल क्षेत्रलाई ढाकेको छ र नेपालबाहिर पनि बिस्तार पाएको छ । यही नेपालको राष्ट्रभाषा हो र यसैको विशेषता एवं इतिहासको चर्चा गर्नु प्रस्तुत ग्रन्थको उद्देश्य पनि हो । ऐतिहासिक आधारमा हेर्दा नेपाली भाषाका विकासका तीन काल छन् प्राचीनकाल, मध्यकाल र आधुनिककाल । १९०० ई. पछिको काल नेपाली भाषाको आधुनिक काल हो । यसको मध्यकाल सोह्रौं शताब्दीदेखि प्रारम्भ हुन्छ र प्राचीनकाल ईसाको पन्ध्रौं शताब्दीसम्म रहन्छ । अहिलेसम्म प्राप्त नेपाली भाषाको प्राचीनतम नमूना आदित्य मल्लको ताम्रपत्रको समय १३२१ ई. हो । तर यो समयपछिको भाषाको अध्ययन गर्दा यी प्राचीन अभिलेखमा प्राप्त नेपाली भाषाको निर्माणमा कम्ती पनि २०० वर्ष लागेको देखिन्छ र एघारौं शताब्दीदेखि नेपाली भाषाको इतिहास प्रारम्भ भएको मान्न सकिन्छ ।

नेपाली भाषाको प्राचीन रूप त्यसरी नै खसानमा बन्यो र मौलायो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसरी भारतका विभिन्न स्थानमा बोलिने आधुनिक आर्यभाषाहरूको निर्माण र विकास भयो । मध्यकालीन आर्यभाषाहरूको अन्तिम चरणतिर भएका भाषाहरू-को साझा नाम अपभ्रंश थियो र स्थानका आधारमा मागध, गौर्जर, अवन्त्य, मालव, टक्क, शौरसेन आदि अनेक अपभ्रंशका रूप थिए । खसानमा हुर्केको त्यस बेलाको अपभ्रंश खस-अपभ्रंश हो जसबाट नेपाली भाषाको निर्माण भयो । कर्णाली प्रदेशमा त्यस समय खसहरूको आधिपत्य भएकाले त्यस क्षेत्रको नाम खसान थियो । प्राकृत भाषा कालमा भने त्यस वेलाको भारतको पश्चिमोत्तर प्रान्त र मध्यदेशका विशेषताको साझा रूप लिएको प्राकृत सापादलक्ष प्रदेशमा थियो होला, जुन मूलतः उदीच्य संस्कृतबाट विकसित भए तापनि मध्यदेशीय संस्कृत-बाट प्रभावित थियो । आर्यहरूले भारतवर्षभित्रँ प्रवेश गर्दा ल्याएको संस्कृत, इरानमा बस्ने आपना सगोत्री दाजुभाइहरूको भाषा इरानेलीको एउटा हाँगो थियो र छुट्टिनुभन्दा अघि यिनीहरू धेरैं कालसम्म सँगसँगै बसेका थिए । यस-अघि सतम् र केन्तुम् समूहका विभिन्न भाषा-भाषीहरूको विभाजन भएको थियो । विभाजनभन्दा अघि यिनीहरू एउटै मूल भाषा बोल्थे जसलाई हामी भारोपेली भाषा भन्छौं । भारोपेली मूल भाषा बोल्नेहरूलाई हामी 'विरोस्' भन्छौं र यो विरोस्‌हरूको मूल स्थानबारे निश्चित रूपले केही भन्न नसकिए तापनि युराल पर्वतमालादेखि दक्षिणतिरको मैदान नै यिनीहरूको आदि-थलो थियो भन्ने विचारमा सहमत हुन्छौं । यो भारोपेली भाषा संसारका विभिन्न भाषा-परिवार-मध्ये एउटा हो ।

४. संसारका भाषा

यस विशाल संसारमा अन्दाजी तीन हजार भाषा भएको बताइन्छ र तिनलाई विभिन्न आधारमा अनेक वर्गमा वर्गीकरण गरिएको छ । देश, काल, जाति, धर्म, रूप, ध्वनि, परिवार आदि विभिन्न आधारमा भाषाहरूको वर्गीकरण भएको छ । देशको आधारमा एसियाली, अफ्रिकाली र हिन्दुस्थानी, नेपाली आदि विभिन्न नाम दिन्छौं, त्यस्तै कालको आधारमा हेर्दा भाषाहरू प्राग्ऐतिहासिक, ऐतिहासिक, प्राचीन, मध्यकालीन, आधुनिक हुन्छन् । जातिका आधारमा अंग्रेजी, बंगाली, आर्य, द्रविड जस्ता भेद गरिन्छन् भने अरू आधारमा पनि भाषाहरू वर्गीकृत भएका छन् । तर यहाँ पारिवारिक वर्गीकरण-प्रति मात्र हाम्रो चासो छ । संसारका भाषाहरूलाई ती भाषाहरूको ऐतिहासिक वंशानुक्रम तथा उत्पत्तिको आधारमा छुट्याई ती समान भाषाहरूको शब्दभण्डार, ध्वनि र व्याकरण-रचनालाई विश्लेषण गरेर एउटा परिवारमा गाभ्नु नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारिवारिक वर्गीकरण हो । पारिवारिक वर्गीकरणका आधारमा नेपाली भाषा भारोपेली परिवार र नेवारी भाषा एकाक्षरी परिवारमा गाभिन्छ । संसारका भाषाहरूको पारिवारिक वर्गीकरणतिर भाषाशास्त्रीहरूको ध्यान ईसाको अठारौं शताब्दीतिर गयो । अनि अहिलेसम्म पनि संसारका भाषाहरूको पारिवारिक वर्गीकरण गरिदैछ । तर संक्षेपमा भन्ने हो भने एशियामा बोलिने भोट-चिनियाँ, द्रविड, आग्नेशियाली, ककेशियाली, बुरुशास्की, अल्टाइक र जापानी कोरियाली भाषा परिवारहरू, अफ्रिका र एशिया दुवै महाद्वीपमा फैलेका सामेली र हामेली परिवार, अफ्रिकाका नाइजेर कंगो, चारी-नील र खोइसन-परिवारहरू प्रशान्त महासागरक्षेत्रका मलाओ-पोलिनेशायाली पपुआली र अस्ट्रेलियाली भाषा-परिवारहरू युरोपका बास्क र फिनो युग्रेली परिवार, युरोप, अमेरिका तथा मध्य एवं दक्षिण एशियामा फैलिएको भारोपेली परिवार अमेरिकाली आदिवासी-हरूका भाषा-परिवारहरू नै संसारका प्रमुख भाषा-परिवारहरू हुन् ।

२. भारोपेली परिवार

५. मूलभाषा

भारोपेली भाषा-परिवारलाई अघि इण्डो-जर्मनिक परिवार पनि भनिन्थ्यो । अहिले भारोपेली (Indo European) र भारत-हिट्टेली (Indo-Hitteli) नामहरू विशेषरूपले प्रयुक्त हुन्छन् । यस परिवारका साथै सम्बन्धित केही नयाँ पत्ता लागेका एनाटोलियन भाषाहरूलाई मिलाई भारोपेली-एनाटोलियन नाम दिने सुझाउ पनि देखिन्छ । तर आर्य-युरोपेली (संक्षेपमा आयु) नाम नै यस ग्रन्थमा सर्वत्र उपयोग गरिएको छ । यस परिवारका भाषाहरूले संसारको विस्तृत क्षेत्रलाई ढाकेका छन् । यस परिवारका भाषाहरू नेपाल, भारत, पाकिस्तान, इरान, आर्मेनिया र सम्पूर्ण युरोपमा फैलेका छन् । अफ्रिका, अमेरिका, अस्ट्रेलिया र केही अरू देशमा पनि यस परिवारका भाषा-भाषीहरू छन् । यस परिवारका धेरै भाषाहरू अरू परिवारका भाषाभन्दा समृद्ध छन् र भाषा-भाषीहरूको संख्या पनि अरू भाषाहरूको भन्दा बढी नै छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषाशास्त्रीहरूबाट जब संस्कृतको अध्ययन हुन थाल्यो, ग्रीक र ल्याटिनसँग यसको साम्य पाउँदा उनीहरू छक्क परे। यस कुराको स्पष्ट संकेत सर विलियम जोन्सले कलकत्ता-स्थित रायल एसियाटिक सोसाइटीको स्थापना गर्दा १७८६ मा गरेका थिए। यसरी भाषाशास्त्रीहरूले संस्कृत, इरानेली, ग्रीक, ल्याटिन, जर्मन, एशियाली, स्लाभेली, बाल्तिक, अर्मेनेली, हिट्टेली, तोखारेली आदि भाषाहरूको अध्ययन गर्न थालेपछि उनीहरूले कल्पना गरेको आदिभाषाको अस्तित्वका विषयमा प्रमाणहरू बढाउँदै गए। आदि भाषाको पुर्ननिर्माण गर्ने काम भाषाशास्त्रीहरूबाट केही अघि नै थालिएको भए तापनि यस सम्बन्धमा अनुसन्धान हुँदै छन् र नयाँ भाषाहरूको अध्ययनले यस कार्यमा नयाँ कुराहरू थपेका छन्। यो पुनर्निमित भाषा माथि चर्चा गरिएका सबै भाषाहरूको मूल मानियो र यस भाषालाई बोल्ने मूल पुर्खाहरूको नाम विरोस् (Wiros) राखियो। विरोस् भारोपेली भाषाको मनुष्यबोधक शब्द हो। संस्कृतको 'वीर', ल्याटिनको 'उइर', जर्मनको 'वेर' र प्राचीन आयरिस 'फेर' शब्दका आधारमा यस शब्दको पुर्ननिर्माण भयो।

६. विभाजन र शाखाहरू

भारोपेली परिवारका भाषा दुई मुख्य हाँगामा विभाजित छन्-सतम् र केन्तुम्। यस विभाजनको आधार 'सय' शब्द हो, जसको इरानी रूप सतम् र ल्याटिन केन्तुम् छ। यसै आधारमा जुन जुन भाषामा इरानेलीको सतम्मा सरह 'स' ध्वनि आए ती भाषाहरू सतम् हाँगाका र जुन जुन भाषामा ल्याटिनका केन्तुम्मा झैं 'क' ध्वनि आए ती भाषाहरू केन्तुम् हाँगाका भनिए। उदाहरणार्थः सतम्– सतम् (अवेस्ता), शत (संस्कृत), सुतोम् (प्राचीन स्लाभेली), स्जिमतम् (लियुनायेली)। केन्तुम्–केन्तुम् (ल्याटिन), हैक्तोन् (ग्रीक), केत् (प्राचीन आयरिश) कन्द् (तोखारेली), केन्त (फ्रान्सेली), केन्तो (इटालियन), हुन्ड अंग्रेजी)।

भारोपेली भाषाहरूको सतम् र केन्तुम्मा विभाजन मोटामोटी खालको विभाजन थियो र सतम् वर्गका भाषालाई पूर्वी र केन्तुम् वर्गका भाषालाई पश्चिमी वर्ग पनि भनियो। टी. बरोले आर्य-युरोपेली भाषाको विभाजन भौगोलिक आधारमा पूर्वी, पश्चिमी, मध्यवर्ती र हिट्टेली तथा एशिया माइनरका अरू भाषाहरू भनी चार वर्गमा गरे। नेपाली भाषा आर्य-युरोपेली भाषा-परिवारको आर्यशाखाको सन्तान भएकोले, र यस परिवारका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अरू मुख्य भाषाहरूको परिचय पनि आवश्यक हुँदा यस परिवारका भाषाहरूको संक्षिप्त परिचय तल प्रस्तुत गरिन्छ ।

जर्मनेली– जर्मनेलीलाई ट्युटानिक पनि भनिन्छ। भौगोलिक आधारमा यसलाई तीन हाँगामा विभाजित गरिएको छ। पूर्वी जर्मनेलीमा गौथिक, बुरगन्डी र बेन्डल भाषाहरू, पश्चिमी जर्मनेलीमा एङ्ग्लो-सेक्सन र त्यसबाट विकसित अंग्रेजी, फ्रिजियन, जर्मन, फ्रेंच, फ्लेमिस्, फ्लाजदिउस्; डच् आदि भाषाहरू तथा उत्तरी जर्मनेलीमा आइसल्यान्डिक, स्वेडिस, डेनिश; नर्वेजियन, फरोइज, गाटल्याण्डिक आदि भाषा छन् । यसका उच्च जर्मन र निम्न जर्मन गरी दुई हाँगा बनाइएका छन् । ग्रीम गासमन र भर्नरका नियमहरू जर्मनेली भाषालाई भारोपेली मूल भाषासँग जोड्न सहयोग गर्छन् । जर्मनेली केन्तुम् वर्गमा पर्छ ।

युनानी– यसलाई ग्रीक शाखा पनि भन्दछन् । यस शाखाका भाषा पहिले एशिया माइनरका प्रदेश ग्रीस साइप्रस द्वीप र एजिएन उपसागरको द्वीपसमूहमा बोलिन्थे । यसका अनेक भाषिकाहरू थिए र ईसाभन्दा केही अघि त्यहाँका धेरै भाषिकाहरूको सम्मिश्रणबाट आदर्श ग्रीक भाषा बन्यो अनि त्यसैमा त्यहाँको साहित्य लेखियो । आर्य युरोपेली परिवारका भाषाहरूमध्ये ग्रीक साहित्य अत्यन्त सम्पन्न थियो । यसका प्राचीन भाषिकामा एटिक आयोनिक र डोरिक मुख्य थिए । यो पनि केन्तुम् वर्गमा पर्छ ।

केल्टिक– यो भाषा अघि समस्त पश्चिमी तथा मध्य युरोपमा फैलिएको थियो तर जर्मनेली र इटालिक भाषाहरूको प्रसारले गर्दा यसको लोप भयो । आयरिश र ब्रिटानिक (वेल्स, कानिस र ब्रेटन) यसै वर्गका भाषा हुन् । यो पनि केन्तुम् वर्गमा पर्छ ।

तोखारेली– तोखारेली भाषाको खोज सन् १९०४ मा फ्रान्सेली, जर्मनेली, रसियाली र अंग्रेज विद्वान्हरूले गरेका हुन् । पाइएका हस्तलिखित बौद्ध ग्रन्थ र लेखका आधारमा यो भाषा पनि केन्तुम् वर्गको मानियो र तोखारहरूले बोल्ने भाषा हुँदा यसको नाम तोखारेली रह्यो । यो भाषा सातौं शताब्दीतिर नै लुप्त भइसकेको थियो । यसका दुई भाषिका भएको देखाइएको छ र क एवं ख मा विभाजित गरिएको छ ।

ल्याटिन– ल्याटिन शाखाका भाषालाई इटाली शाखा पनि भनिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केन्तुम् वर्गको यस भाषाका पहिले दुई हाँगा थिए भन्ने कुरालाई यस शाखामा पाइने क र प ध्वनिको तुलनात्मक अध्ययनद्वारा विद्वान्हरूले प्रमाणित गरेका छन्। ल्याटिनको क ध्वनि ओस्को-उम्ब्रिएनमा प हुन्थ्यो, जस्तैः- क्वाम् प्वाम्। ओस्को-उम्ब्रिएन भाषा अब लुप्त भैसकेको छ। ल्याटिनका दुई हाँगा छन्, पहिलामा क्लासिकल ल्याटिन, डोग ल्याटिन र निम्न ल्याटिन आउँछन् तथा दोस्रामा ग्राम्य ल्याटिन र यसबाट विकसित भाषाहरू (इताली, पुर्तगाली, सेदार्दी, फ्रेंच आदि) पर्छन्।

हिट्टेली- यो ई. पू. २०००–१५०० को भाषा मानिन्छ। ह्युगो विकलरले १०६३ ई. मा यसको पत्ता लगाएका थिए। एशिया माइनरको बोगाबकोई भन्ने ठाउँको उत्खननमा कीलाक्षरमा र चित्रलिपिहरूमा यस भाषाका सामग्री भेटिएका थिए। यो उत्खनन १६०५–१६०७ ई. मा पनि भएको थियो। यस भाषालाई भारोपेली भाषा परिवारमा गाभ्ने प्रयासमा बी. ह्रज्नी सफल भए, यद्यपि यसमा देखापरेका सामेली भाषाका विशेषताहरूले विद्वान्हरूलाई नअलमल्याएका होइनन्। हिट्टेलीलाई आर्य-युरोपेलीको सन्तान नभनेर बहिनी भन्न धेरै मन पराउँछन्। यसै कारण भारोपेली भाषापरिवारको नाम पनि भारत हिट्टेली हुनुपर्छ भन्ने उनीहरूको विचार छ। यसलाई पनि केन्तुम् वर्गमा राखिएको छ।

बाल्तिक- यस शाखाका भाषाहरूमा स्लाभिक शाखाका भाषाहरूलाई समेत सम्मिलित गरी बाल्तोस्लाभिक पनि भनिएको छ। लिथुयानेली, लेट्टेली, प्राचीन प्रसन आदि बाल्तिक शाखाका भाषाहरू हुन्। प्राचीन प्रसन भाषा सत्रौं शताब्दीतिर मरिसकेको थियो। यो सतम् वर्गमा पर्छ।

स्लाभिक- यसका दक्षिणी स्लाभिकमा सर्बीय र बल्गेरियन नामक प्राचीन भाषा छन्। यसका चेकोस्लोभाकियन र पोलिश पश्चिमी-स्लाभिकमा आउँछन् भने रसियाली र त्यसका भाषिकाहरू पूर्वी-स्लाभिकभित्र पर्छन्। यो पनि सतम् वर्गमा पर्छ।

आर्मेनियाली- यो मुख्यतः आर्मेनियाको भाषा हो तर त्यसबाहिर पनि कहीं कहीं बोलिन्छ। यसमा इरानेलीका धेरै शब्द देखदा भाषाशास्त्रीहरूले यसलाई इरानेली शाखाभित्र पनि राखेका थिए। यो सतम् वर्गको भाषा हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इलिरियन- यसलाई अल्बेनियाली पनि भनिन्छ । यसका शाखाहरूमा अल्बेनियाली मात्रको केही अध्ययन भएकोले यसो भनिएको हो । प्रथमतः यसका दुई हाँगा छन्- इलिरियन र एपिएट । इलिरियनभित्र भेनेटियन र लिनरियन आउँछन् भने एपिएटमा अल्बेनियन र मेसापियन पर्छन् । अल्बेनियनका दुई हाँगा छन्- घेग र तोस्क । यो पनि सतम् वर्गकै भाषा हो ।

सतम् वर्गका आर्य-इरानेली शाखाका भाषाहरूको चर्चा अर्को अध्यायमा विस्तृत रूपमा गरिनेछ ।

माथि लेखिएकाबाहेक केही अरू भाषाहरू पनि प्राचीन कालमा भएका प्रमाण पाइन्छन् । यी सबै भाषाहरू एसिया माइनरमा बोलिन्थे ।

(१) **थ्रेकोफ्रिजियन**- थ्रेसियन र फ्रिजियनलाई मिलाएर थ्रेको-फ्रिजियन भनिएको हो । यी दुवै सतम् वर्गका भाषा थिए । मेसिडोनियाको सीमादेखि दक्षिणी रसियासम्म फैलेको थ्रेसियन पश्चिमी बाल्कनमा बोलिन्थ्यो । फ्रिजियन पनि एसिया माइनरमा बोलिन्थ्यो । यी दुवै लुप्त भाषा हुन् ।

(२) **लुभियन**- यसको सम्बन्ध हिट्टेली र लिसियनसँग पनि देखाउने प्रयास भएको छ । यस लुप्त भाषाका केही सामग्री मात्र प्राप्त भएका छन् ।

(३) **लिडियन**- यो एसिया माइनरको पश्चिमी क्षेत्रमा बोलिने भाषा हो । ई. पू. १५०० तिर बोलिएको यो भाषा अहिले लुप्त छ ।

(४) **लिसियन**- यो एसिया माइनरको लिसियामा बोलिन्थ्यो । त्यहाँका लुप्त भाषाहरूमा केही पछिसम्म बोलिने यो भाषा पनि लुप्त भएको छ । यसका केही अभिलेख पाइएका छन् । यसको सम्बन्ध लुभियन र काकेसियन-सँग पनि देखाइएको छ ।

(५) **पलेइक**- यस भाषाको क्षेत्र पनि एसिया माइनरको पला नामक स्थान हो । यो मृतभाषा लुभियनसँग धेरै मात्रामा मिल्छ । यसका केही अभिलेख भेट्टिएका छन् ।

७. भारोपेली भाषाको विशेषता

माथि चर्चा गरिएका भाषाहरूको अध्ययनपछि एउटा यस्तो भाषाको पुनर्निर्माण भयो, जसलाई हामी भारोपेली भाषा भन्छौं । सबै चर्चित भाषा एउटै मूल भाषाबाट विकसित भएका थिए भन्ने कुरो माथि नै भनियो । तल यस मूल भाषाका विशेषताहरूको संक्षेपमा चर्चा गरिन्छ :

(क) **ध्वनि**- भारोपेलीका स्वर र व्यंजन ध्वनिका सम्बन्धमा विद्वान्हरूको मतभेद छ तापनि सामान्यतः निम्न लिखित स्वर र व्यंजनहरू थिए:

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तालिका १ : भारोपेली स्वर र व्यञ्जनहरू

स्वर	ह्रस्व र दीर्घ अतिह्रस्व	अ अ	ए	ओ
व्यंजन				
कण्ठ्योष्ठ्य	क्व्	ख्व्	ग्व्	घ्व्
कण्ठ्य	क्	ख्	ग्	घ्
कण्ठतालव्य	क्य्	ख्य्	ग्य्	घ्य्
दन्त्य	त्	थ्	द्	ध्
ओष्ठ्य	प्	फ्	ब्	भ्
अनुनासिक	म्	न्		ङ
द्रवित	र् (ऋ)		ल् (लृ)	
अर्धस्वर	य् (इ)		व् (उ)	
सोष्म	स्		ज्	

भारोपेलीमा तीन थरीका कवर्ग थिए– कण्ठ्य, कण्ठ्योष्ठ्य र तालव्य। सतम् वर्गका भाषामा कण्ठ्योष्ठ्यका ओष्ठ्य-तत्त्वको लोप भयो। केन्तुम् वर्गका भाषामा अघि यो थियो तर तिनमा पनि भाषाको विकासप्रक्रियामा यसको लोप भयो। तालव्य क्य् ख्य् ग्य् घ्य् लाई केही विद्वान् सामान्य क ख ग घ पनि भन्दछन्। कण्ठ्य ध्वनिलाई डा० चटर्जी पश्चकण्ठ्य (Back Velar) र अलि-जिह्वीय (Uvular) मान्दछन्। त् थ् द् ध् लाई केही विद्वान् दन्त्य नमानेर दन्तमूलीय र वर्त्स्य पनि भन्दछन्। केही विद्वान् तीन कवर्गका साथ तीन प्रकारका ङ को पनि अस्तित्व मान्दछन्।

(ख) रूप- भारोपेली रूप-तत्त्वको विशेषता हो लिंग, वचन र कारक-अनुसार कुनै शब्दको रूपमा परिवर्तन हुनु। यसरी कुनै शब्दको रूप परिवर्तित भए पनि त्यो शब्दका केही अक्षर अपरिवर्तित रहन्छन्। यस्ता सधैं एकैनास रहिरहने मूल रूपमा केही प्रत्ययहरू थपिएपछि अनेक रूप लिन्छन्। यस्ता प्रत्यय प्रायः दुई प्रकारका छन्– कृदन्त र तद्धितान्त अथवा प्राथमिक र गौण। केही प्रत्यय खास शब्दमा मात्र काम गर्ने पनि छन्। वाक्यमा प्रयोग गर्नका लागि नाम र क्रियालाई लिंग, वचन, पुरुष, काल, भाव अनुसार बनाउने परम्परा मूल भारोपेलीमा नै वर्तमान थियो। विभिन्न भाषाहरूको अध्ययन गरेर भाषाशास्त्रीहरूले मूल भाषामा नामका तीन लिंग, तीन वचन, आठ विभक्ति, अनि क्रियाका तीन लिंग, तीन वचन, तीन पुरुष, चार काल, तीन वाच्य, पाँच भाव भएको देखाएका छन्। नाम र क्रियाबाहेक अव्यय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि थिए जसका आज हामी विभिन्न रूप बनाउन सक्दैनौं। सर्वनाम र विशेषणलाई नामभित्रै समावेश गरिएको छ। सर्वनामका अनेक रूप थिए। समस्त शब्दहरूको प्रयोग पनि त्यस बेला हुन्थ्यो र एक्लै रहँदाको अर्थ समस्त भएको शब्दले दिँदैनथ्यो। यसरी भाषा अन्तर्मुखी श्लिष्ट योगात्मक थियो। मूल भारोपेलीमा अपश्रुति पनि थियो, जसले क्रियाको काल-निर्माणमा समेत सहयोग गर्थ्यो।

३. आर्य, भारत-इरानेली, इरानेली र दरद

८. भारत-इरानेली

भारोपेली परिवारका भाषाहरूमध्ये एउटा परिवारको नाम हो आर्य। यसलाई भारत-इरानेली पनि भनिन्छ। उत्तर-पश्चिमका बाटो भारतवर्ष पसेका आर्यहरूका केही सन्तान कहीं नगएर मध्य एशियामै बसोबास गर्न थाले र विस्तारै आजको इरानमा फैलेका थिए। यिनीहरू आफूलाई 'अइर्य' भन्थे र भाषाशास्त्रीहरूको भनाइमा यसै शब्दको षष्ठी बहुवचन 'अइर्याणाम्' बाट पहलवीमा 'एरान' हुँदै फार्सेलीमा 'इरान' बन्यो। यसरी भारतमा पसेका र इरानमै बसेका आर्यहरूको विभाजनभन्दा पहिलेको स्थितिमा उनीहरूको जाति र भाषालाई 'आर्य' भन्नु उचित हो तापनि भ्रम नहोस् भन्नाखातिर अंग्रेजी शब्द इन्डो-इरानियनको नेपालीरूप यहाँ भारत-इरानेली शब्दको व्यवहार गरिएको छ। अबेस्ता जरथुस्तहरूको धर्मग्रन्थ हो, जुन इरानेलीको प्राचीनतम नमूना हो। यसको समय ई० पू० ६०० भन्दा अघि मानिन्छ। अबेस्ता इरानको उत्तर तथा उत्तर-पूर्व प्रदेशमा बोलिने भाषामा आधारित मानिन्छ। अवेस्ताका साथसाथै इरानीको दक्षिण-पश्चिमी बोलीमा आधारित प्राचीन फार्सेलीका नमूना अखामानीय राजाहरूको अभिलेखमा सुरक्षित छ। यसको समय ई० पू० छैठौं र पाँचौं शताब्दी पर्छ। यतातिर भारतभित्र पसेका आर्यहरूको भाषाको प्राचीनतम नमूना भने ऋग्वेद नै हो। यसपछि आउँछन् अरू वेदहरू, ब्राह्मण तथा उपनिषत्हरू। मोटामोटी रूपमा आइ. भाषाकाल भनेर ई० पू० २००० देखि १५०० ई० पू० सम्मको अवधि-लाई देखाइन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान्हरूले भाषाशास्त्रको क्षेत्रभित्र पस्नासाथ प्राचीन इरानी भाषा र वैदिक संस्कृतमा धेरै समानता पाए। केही मात्रामा यो समानता स्वयं वैदिकभाषाको लौकिक संस्कृतसँगभन्दा पनि नजीकको भनी उनीहरू भन्छन् र त्यो वैदिक भाषाको इरानीसँग केही नियमहरूका आधारमा रूपान्तरण गर्दा स्पष्ट पनि हुन्छ। रूपतत्त्वको र ध्वनितत्त्वको समानता स्पष्ट देखिन्छ। वैदिक र इरानेलीमा केही शब्द सुलभ छन् जो अरू भारोपेली भाषाहरूमा पाइन्नन्। अन्दाजी ८०० वर्षसम्म यिनीहरू सँगै बसे र हुर्के पनि। उतातिरको जरथुस्त र यतातिरको वैदिक धर्मले यिनीहरूको विभाजनलाई संकेत गर्छन्।

आर्य र इरानेलीहरूको भाषामा धर्मको प्रभाव परेको कुरालाई चाखलाग्दो ढङ्गमा प्रस्तुत गर्न सकिन्छ। इरानका आर्यहरूले जरथुस्त धर्म स्वीकार गरेपछि यिनीहरूको र प्राचीन आर्यहरूको मतभेद बढ्दै गयो। जरथुस्त धर्म पछिको थियो भन्ने कुरा हिट्टेली कीलाक्षरमा अङ्कित शब्दहरूले समेत पुष्टि दिन्छन्। सोम, मित्र, आर्यमा आदि आर्य र इरानेलीहरूका साझा देवता थिए। तर यिनीहरूका माझ धार्मिक कलह बढेपछिका शब्दहरूले विपरीत अर्थ प्रकट गर्छन्। जस्तैः

आर्य–देव (देवता)	इरानेली–देव (राक्षस)
वैदिक-असुर (राक्षस)	इरानेली-असुर (अहुर देवता)

प्रसङ्गतः भारत-इरानेली भाषाका साझा विशेषता देखाउन पनि यहाँ आवश्यक हुन आयो किनभने नेपाली भाषाको विकास-परम्परा बुझ्न यसले मद्दत गर्नेछ।

ध्वनितत्त्व- [१] भारोपेलीका तीन ह्रस्व र दीर्घ मूल स्वर अ ए ओ भारत-इरानेलीमा अ आ भएका छन्।

भारो०–*अपो	प्राफा० अप	सं० अप
भारो०–*नेभोस्	अवे० नब्ह	सं० नभस्
भारो०-*ओस्थ	अवे० अस्ति	सं० अस्थि

भारोपेलीको अतिह्रस्व अ, भारत-इरानेलीमा इ भएको छ।

भारो०-*पते	अवे० पिता	सं० पिता

भारोपेली ए र आ को विकास वैदिक र इरानीमा छुट्टै ढङ्गले भयो। अन्तस्थ इ र ए पनि भारत-इरानेलीमा एकै किसिमले विकसित भएका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[२] भारत-इरानेली कण्ठ्य ध्वनिहरू चाहिं मूल भारोपेली शुद्ध कण्ठ्य [क्, ख्, ग्, घ्] र कण्ठ्योष्ठ्य [क्व्, ख्व्, ग्व्, घ्व्] बाट विकसित भएका हुन्। क-वर्गीय मूल ध्वनिपछि रहेका इ ई स्वरले गर्दा यिनै ध्वनि च् छ् ज् झ् मा विकसित भए।

[३] भारत-इरानेलीमा सङ्गीतात्मक स्वराघात थियो र शब्द-भण्डार-मा आसिरेली र फिनोउग्रेली भाषाका शब्द आउन पनि सम्भव देखिन्छ। भारोपेली रूप-रचना प्रवृत्तिको विकास पनि भारत-इरानेलीमा भएको छ। यसमा लिंग ३, वचन ३ थिए। तर द्विवचनको प्रयोग कम भएको छ। सम्प्रदान कारकको प्रयोग कम हुन्थ्यो होला भन्ने कुरा प्राचीन फार्सेलीमा सम्बन्धले यो काम गरेबाट अडकल गर्न सकिन्छ। सम्बन्ध बहुवचनमा [र सम्भवतः एकवचनमा पनि] नाम विभक्ति थियो। किनभने संस्कृतमा गवाम्, गोनाम् तथा देवाम्, देवानाम् दुवै रूप उपलब्ध छन्। वाक्यमा उपसर्गहरूले स्वतन्त्र सत्ता राख्दथे- भन्ने कुरा पनि वैदिक र इरानेलीमा देखापरेका उपसर्गहरूद्वारा स्पष्ट हुन्छ।

९. इरानेली

भारत-इरानेली शाखाका भाषाहरूबारे माथि चर्चा भैसकेको छ र नेपालीसँग विशेषरूपमा सम्बन्धित देखिएकाले अब इरानेली शाखाको भाषा-हरूको विकास संक्षेपमा देखाइन्छ। माथि चर्चा गरिएसरह इरानेलीको प्राचीनतम नमूना अवेस्ता र प्राचीन फार्सेलीमा पाइन्छ। इरानेलीको ऐतिहासिक वर्गीकरण यस प्रकारले गरिन्छ :—

प्राचीन इरानेली [अघिदेखि ३०० ई० पू० सम्म]

मध्यकालीन इरानेली [३०० ई० पू० देखि ९०० ई० सम्म]

आधुनिक इरानेली [९०० ई० पछि]

प्राचीन इरानेलीका नमूना अवेस्ता र प्राचीन फार्सेली नै हुन्। त्यस कालमा इरानेलीका भाषिकाहरू भएको कुरा भाषाशास्त्रीहरूले देखाएका छन्। भौगोलिक आधारमा प्राचीन इरानेली [र मध्यकालीन इरानेलीको पनि] वर्गीकरण यस प्रकार गरिन्छ ;

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



१०. प्राचीन इरानेली

अवेस्ता– अवेस्तालाई जेन्द अवेस्ता भनिन्छ । जेन्दको अर्थ टीका हुन्छ र अवेस्ताको अर्थ शास्त्र अथवा ज्ञानको पुस्तक । अवेस्ताको टीका मध्यकालीन फार्सेलीमा भएको थियो र यसरी जेन्दलाई अवेस्ताका साथै राखी 'जेन्द अवेस्ता' भन्न थालियो । अवेस्ताका उपास्य अहुरमज्दा (असुर मेधा) हुन् र यो पारसिकहरूको धर्मग्रन्थ हो । अवेस्ताको भाषालाई समयको आधारमा अघिल्लो र पछिल्लो भनी देखाइएको छ । यसरी अवेस्तामा पनि ऋग्वेदमा झैं भाषागत भिन्नता देखिन्छ ।

अवेस्तामा संस्कृतभन्दा छुट्टै स्वरध्वनिहरू र संघर्षी, व्यञ्जनहरूको विकास भएको छ । ख थ फ अवेस्तामा संस्कृतका झैं स्पर्शध्वनिका रूपमा नदेखिएर संघर्षी ध्वनिका रूपमा देखापरे । मूर्धन्य ट-वर्ग र महाप्राण ध्वनि पनि अवेस्तामा पाइन्नन् । ल ध्वनि पनि अवेस्तामा छैन । आदिस्वरागम र अपिनिहितिको प्रक्रिया अवेस्तामा बढी देखिन्छ । यसको रूपरचना-प्रक्रियाले संस्कृतसँग धेरै साम्य राख्तछ । यसरी संज्ञापदका तीन लिंग, तीन वचन, आठ कारक र क्रियाका तीन पुरुष, तीन वचन, दुई पद, चार भाव र तीन काल अवेस्तामा पनि देखिन्छन् ।

सोग्दी– सोग्दीयानाको भाषालाई सोग्दी अथवा सोग्दीयन भनिन्छ । ईशाको पहिलो शताब्दी अथवा केही पछिका यस भाषामा लेखिएका धर्मग्रन्थ भर्खर पत्ता लागेका छन् ।

शक– भाषाबारे पनि सोग्दीको साथै जानकारी प्राप्त भएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसलाई स्किथियन अथवा सिथियन शकहरूको भाषा पनि भनिन्छ। यसै भाषाका सामग्री खोतानमा भेटिएकाले यसलाई खोतानी पनि भनिन्छ। यसको मध्यकालीन भाषामा बौद्धग्रन्थहरूको अनुवाद पनि भएको थियो। यसबारे राम्ररी अध्ययन हुन पाएको छैन र यसको राम्रो अध्ययन भएमा इरानेली शाखाको स्वतन्त्र भाषाको रूपमा यसको महत्त्व हुन आउनेछ भनी भाषाशास्त्रीहरू भन्छन्। किनभने भारोपेली परिवारका भाषागत विशेषताहरूको रक्षा यसमा भएको छ प्राचीन शकबाट काकेशसमा बोलिने आसेटिक भाषाको पनि उत्पत्ति भएको हो। यसको क्षेत्र क्यास्पियन सागरदेखि पूर्व अनि पार्थिया र सोग्दियानाको उत्तरतिर थियो।

प्राचीन फार्सेली- यस भाषाका नमुना डेरियस प्रथम (Darius धारयद्वसु) को ई० पू० ५२१–४८६ को अभिलेखमा पाइएको छ। यसबाहेक अरू केही नपाइए तापनि यसको समय अवेस्ताभन्दा केही पछिको हो र यो अवेस्ताको सन्तान नभएर सहजात भाषा हो भन्ने कुरामा प्रमाणहरू उपस्थित हुन्छन्। यसका नमूना कीलाक्षरमा पाइएका छन्।

प्राप्त अभिलेखहरूको आधारमा हेर्दा प्राचीन फार्सेलीमा मूल स्वर र संयुक्त स्वरहरू थिए। यसको स्वर-प्रक्रिया अवेस्ताको भन्दा सरल छ र संघर्षी ध्वनि अवेस्तामा झैं थिए तर त्यति बढी थिएनन्। संभवतः गदब स्वरमध्यग अवस्थामा घोष संघर्षी हुन्थे। यसमा पनि वचन र लिंग ३ थिए र कारकरूप सात थिए। द्विवचनको प्रयोग पनि कमै हुन्थ्यो। क्रियाका भाव यसमा पांच देखिएका छन् र भविष्यत्कालबाहेक अरू अवेस्तामा झैं थिए। यसरी प्राचीन फारसी संस्कृतसँग निकै समानता राख्छ।

मिडियन- यस भाषाको सामग्री साह्रै कम पाइएको छ। यो पश्चिमी इरानको जन-भाषा थियो। यसबाट विकसित भाषाहरू भने आधुनिक कालमा पनि बोलिन्छन्।

११. मध्यकालीन र आधुनिक इरानेली

प्राचीन फार्सेलीबाट मध्यकालीन फार्सेली जन्म्यो जसलाई पहलवी भनिन्छ। यसको समय ई० पू० तेस्रो शताब्दी हो तर यसको साहित्य ई० को तेस्रो शताब्दीपछिको मात्र पाइन्छ। यसमा सामेली परिवारको अरबेलीको प्रभाव पनि भेटिन्छ र आधुनिक कालमा यो अरबेलीबाट बढी प्रभावित छ। मध्यकालमा पहलवीमा अरबेलीको प्रभाव परेको थियो। तर शक र सोग्दीयनमा भने अरबीको प्रभाव परेन। पहलवी विस्तृत क्षेत्रमा फिंजिएकोले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसका भाषिकाहरू पनि देखिन थाले । आधुनिक इरानेलीको समय आर्य भाषाको जस्तै ई० को नवौं-दशौं शताब्दी हो । आधुनिक इरानेलीको मुख्य भाषा आधुनिक फार्सेली हो । यस बाहेक पस्तो ओरमुडी बलुची, र घल्चा भाषाहरू हुन् । ग्रियर्सनले यी भाषाहरूलाई मिडियनबाट विकसित मानेका छन् । पस्तो अफगानिस्तानको ठूलो हिस्सामा बोलिन्छ र आर्य-इरानेली दुवै भाषाका विशेषता यसमा पाइन्छन् । यसमा ट वर्गीय व्यञ्जन पनि छन् । नेपालीमा पस्तोका केही शब्दहरू आएका छन् । ओरमुडी अफगानीस्तानको केन्द्र र सीमा-प्रान्तहरूमा बोलिन्छ । बिलोचिस्तानको बिलाचो भाषा आधुनिक फार्सेलीसित बढी मात्रामा मिल्दोजुल्दो छ । पामीरको तराईमा बोलिने घल्चा भाषाका अनेक रूप छन् । केही विद्वान् यसलाई सिग्दियनबाट विकसित मान्दछन् ।

१२. दरद

भाषाशास्त्रीहरूले आइ शाखामा दरद भाषाहरूलाई पनि समावेश गरेका छन् । यसको स्थिति भौगोलिक र ऐतिहासिक दुवै दृष्टिबाट भारतीय र इरानेलीका माझ पर्छ । यसको क्षेत्र पामीर र पंजाबको बीच हो र दरद अर्थात् पर्वतीय प्रदेशमा बोलिने हुँदा यसको नाम दार्दिक रह्यो । प्राकृत वैयाकरणहरूले बताएको पैशाची प्राकृत र त्यसको स्थानसँग मिल्ने हुँदा ग्रियर्सनले दार्दिकलाई पैशाचीको पर्याय माने । दार्दिक भाषाहरूको विभाजन खोवार, काफीर र दरद यी तीन समूहमा गरिएको छ ।

खोवार चित्रालका खोस जातिहरूले बोल्ने भाषा हो । यसलाई चित्राली या चतरारी पनि भन्दछन् । घल्चा भाषाका विशेषता यसमा पाइन्छन् । चित्रालदेखि पश्चिमतिर काफिर भाषाहरू बोलिन्छन् । दरद वर्गका मुख्य भाषाहरू हुन्– शीणा कोहिस्तानी र कश्मीरी । शीणाका उपभाषिकाहरूमा गिलिगतको भाषा प्रमुख हो । ग्रियर्सनले मैयाँ, गार्वी आदिलाई छुट्टै भाषा मानेका छन् तर अरू यिनलाई कोहिस्तानीकै भाषिका मान्दछन् ।

काश्मीरको भाषालाई काश्मीरी भनिन्छ । केही विद्वान् यसलाई पैशाची अपभ्रंशबाट जन्मेको मान्दछन् र केही दरद भाषाबाट, तर धेरैले ग्रियर्सनको विचारलाई मानेर नै यसलाई दरदवर्गमा सम्मिलित गरेका छन् । कश्मीरका बासिन्दाहरू आफ्नो देशलाई कशीर र भाषालाई कम्शूर भन्छन् । केही विद्वान्हरू कश्मीरको सम्बन्ध खस जातिसँग देखाउँछन् । कश्मीरी भाषामा तेह्रौं शताब्दीदेखि साहित्य रचना हुन थाल्यो र अघिदेखि नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कश्मीरमा संस्कृतमा साहित्य लेख्ने परम्परा पनि चल्दै रह्यो । फलस्वरूप संस्कृतको प्रभावबाट यो उम्कन सकेन । कश्मीरी भाषा-क्षेत्रमा शारदा, कष्टवारी, टाकरी, नागरी र फार्सेली लिपिको प्रयोग हुन्छ । शारदा लिपिको प्रयोग प्राचीनकालमा हुन्थ्यो । यसका भाषिकाहरू कष्टवारी, रिआसी, रामवनी डोडासीराजी, पौगुली आदि हुन्

४. संस्कृत

१३. वैदिक संस्कृत

भारोपेली भाषापरिवारका शाखामध्ये भारत-इरानेली इरानेलीको एउटा भेद आर्यशाखा भएको माथि देखाइएको हो । यस आर्य शाखालाई भारतीय आर्यशाखा पनि भनिन्छ । यसको प्राचीनतम नमूना संस्कृत हो । संस्कृत नै हो र त्यस बेलादेखि अहिलेसम्म आउँदा यसले तीन युग पार गरेको छ जसलाई प्राचीन आर्य भाषा, मध्यकालीन आर्य भाषा र आधुनिक आर्य भाषा भनेर हामीले छुट्ट्याउने गरेका छौं । प्राचीन आर्यभाषाकालका भाषाहरूमा वैदिक संस्कृत र लौकिक अर्थात् शास्त्रीय संस्कृत छन् ।

भाषाशास्त्रीहरूको भनाइ छ- सम्भवतः आर्यहरू वक्षु नदीका किनारैतिर हुँदा यिनीहरूले ऋग्वेदका केही मण्डलको रचना गरे, तर यसका प्रथम र दशम मण्डलहरूको रचना भने पछि भएका हुन् । भारतको उत्तर-पश्चिमको बाटो हुँदै सिन्धु नदीका किनारमा आएर यिनीहरू अडिए । त्यसपछि यिनीहरू भारतको चारैतिर फिंजिए । उन्नाईसौं शताब्दीको उत्तरार्धमा होर्नलेले आर्यहरूको भारत-प्रवेशका सम्बन्धमा एउटा सिद्धान्त बनाएका थिए, त्यो के भने आर्यहरूको भारत-प्रवेश कम्तीमा पनि दुई हूलमा भयो । यिनीहरूको पहिलो हूल आएर मध्यदेशमा बस्यो र त्यसपछि आउने अर्को हुलले पूर्वागत आर्यहरूलाई हटाएर तिनीहरूको स्थान लियो । त्यसपछि पूर्वागत आर्यहरू पूर्व, पश्चिम र दक्षिणतिर लागे । मोटामोटी रूपमा यिनीहरूको आगमन ई० पू० दोस्रो सहस्राब्दीको माझतिर भयो होला ।

वैदिक आर्यहरूको सांस्कृतिक परम्परा हामी ऋग्वेदमा पाउँछौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनीहरू यज्ञ गर्थे र इन्द्र, वरुण, मरुतस् आदि देवताहरूको आराधना गर्थे। यी नामहरूका छाया अवेस्ता हिट्टेली मितन्नी र कस्सीतेली अभिलेखहरूमा पनि हामी पाउँछौं। भारत वर्षमा पसेपछि आर्यहरू आफ्नो सांस्कृतिक परम्परालाई सुरक्षित राख्दै भारतवर्षमा पहिलेदेखि बसिरहेका आग्नेय, द्रविड र मङ्गोलहरूसँग चारैतिर फिँजिए। यी आर्यहरू आधुनिक नेपालको हिमाली प्रदेशमा कसरी र कहिले फिँजिए भन्ने कुरामा विद्वान्हरूको मतविभिन्नता छ। धेरै सम्भव छ, भारतको उत्तर-पश्चिम सीमा प्रदेशबाट आउने कुनै एक हूल हिमालयको पर्वतमाला हुँदै पूर्वतिर पनि लाग्यो तर त्यसको गति अत्यन्त मन्द थियो त्यो धेरै कालसम्म पनि पूर्वतिर बढेर फिँजिन सकेन। कुनै किसिमले यिनीहरू ई० को पहिलो सहस्राव्दीसम्म कर्नाली प्रदेशसम्म मात्र फैले। यसभन्दा पूर्व आग्नेय र मंगोलहरूको बसोवास थियो। यता मध्य र पूर्व हिमाली प्रदेशमा आर्यहरूको आगमन दक्षिणतिरबाट भयो र यो आगमन-क्रम धेरै पछिसम्म पनि चल्दै रह्यो। दक्षिणको बाटो सुविधाजनक र सुरक्षित पनि थियो। यसरी गङ्गा नदीका मैदानमा फैलेका आर्यहरू आफ्नो प्रसारको क्रममा विस्तृत हिमाली क्षेत्रमा फैले, कहीं उनीहरूको प्रभाव कम पर्‍यो कहीं बढी, तर प्रभाव भने सर्वतिर पर्‍यो।

माथि भनेसरह वैदिक संस्कृत-युग ई० पू० दोस्रो सहस्राव्दीदेखि थालिन्छ र पहिलो सहस्राव्दीको माझतिर सकिन्छ। यसरी ई० पू० १५०० देखि ई० पू० ५०० सम्मको युगलाई मोटामोटी रूपमा प्राचीन आर्यभाषा-युग या संस्कृत युग भन्न सकिन्छ। वैदिक युगपछि क्रमिकरूपमा साहित्यको रचना भएको भेटिन्छ र यसले गर्दा वैदिक युगदेखि आजसम्मको भाषिक विकासको अध्ययन गर्नका लागि सामग्री सुलभ छन्। वैदिक सूक्तहरूलाई गुरु परम्पराद्वारा विभिन्न ऋषि र उनका शिष्यहरूले सुरक्षित राखे। अघि वेदको भाषा उनीहरूले बोल्ने भाषा थियो र भारतमा प्रवेश गर्दा साथै ल्याएका थिए। पछि वेदहरूको व्याख्या गर्न ब्राह्मणहरूको रचना गरियो र वेदको भाषा तथा ध्वनि-प्रणालीलाई सुरक्षित राख्ने प्रयास गर्न थालियो। उनीहरूको जीवनविधिमा अनेक परिवर्तन भए पनि वैदिक भाषालाई मुख-परम्परामै सुरक्षित राख्न समर्थ भएको पाइन्छ। यसै साथ अर्को भाषा पनि थियो जसलाई हामी लौकिक भाषा भन्छौं। यस लोकभाषाको विकास द्रुततर रूपमा भयो तर पाणिनिभन्दा अघि र पछिका वैयाकरणहरूले यसको प्रवाहलाई रोक्ने प्रयास गरे। यी वैयाकरणहरूमा सबभन्दा शक्तिशाली र प्रभावशाली भए पाणिनि।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्यहरूको भारतमा प्रवेश र प्रसारको युगलाई हामी वैदिक या छान्दस् युग भन्छौं । यस युगका रचनाहरूलाई तीन वर्गमा विभाजित गर्न सकिन्छः (१) संहिता (ऋक्, साम, यजु, अथर्व), (२) ब्राह्मणहरू वेदमा आधारित सबै वेदका ब्राह्मण ग्रन्थहरू), (३) उपनिषद्हरू (वेदका आधारमा तत्त्वज्ञानको व्याख्या गरिएका विभिन्न ऋषिहरूका रचनाहरू) ।

ऋग्वेद वैदिक आर्यहरूको महत्त्वपूर्ण र सबभन्दा प्राचीन ग्रन्थ हो । यजुर्वेदका कृष्ण र शुक्ल यजुर्वेद गरी दुई शाखा छन् । शुक्ल यजुर्वेदमा मन्त्र भाग छ तर कृष्ण यजुर्वेदमा मन्त्र र व्याख्या भाग दुवै छन् । सामवेदमा धेरैजसो ऋग्वेदकै मन्त्रहरूलाई गेयरूपमा सजाइएको छ । यी सूक्तहरू सोमयागहरूमा गाइन्छन् । अथर्ववेदमा तन्त्र-मन्त्रहरूको वर्णन तथा सङ्कलन छ । यसको भाषाको रूप पछिको जस्तो देखिन्छ । ब्राह्मणहरूमा वेदको व्याख्या गरिएको छ । सबै वेदका ब्राह्मण छन् र गद्यमा रचिएका छन् । वेदहरूको व्याख्या स्वतन्त्ररूपमा गरिएको छ र एउटै वेदका विभिन्न किसिमका व्याख्याले यसको पुष्टि दिन्छन् । उपनिषत्हरूको रचना वेदहरूको अध्ययन-क्रममा उठेका प्रश्नहरूको समाधान गर्ने क्रममा भयो । विभिन्न ऋषिहरूका नाममा देखापरेका उपनिषत्हरू तिनैद्वारा प्राप्त ज्ञानका निचोड हुन् । उपनिषत्हरूको भाषालाई हेर्दा शास्त्रीय संस्कृतको भाषासँग यसको धेरै साम्य छ ।

वेदको व्याख्या र सुरक्षाको सिलसिलामा वेदाङ्गहरूको निर्माण भयो र यिनै वेदाङ्गहरूले वैदिक आर्यहरूको भाषाशास्त्रीय अध्ययनको प्राचीनता देखाउँछन् । यिनै ग्रन्थहरू त्यसपछिका पाणिनि र उनीभन्दा अघिका वैयाकरणहरूका आधार देखिन्छन् । पुरानै शिक्षाका आधारमा पाणिनिको शिक्षा आयो । कठिन वैदिक शब्दहरूको व्युत्पत्तिपूर्ण अर्थ बताउने सिलसिलामा निघण्टुको रचना भयो । वैदिक भाषाशास्त्र र पुराना प्रचलित लोकनियमका आधारमा पाणिनिले अन्दाजी ४००० सूत्रद्वारा त्यसबेला मध्यदेशमा बोलिने भाषालाई बाँधे जुन भाषामा साहित्य-निर्माणको प्रयत्न हुँदै थियो । उनका परम्परालाई कात्यायन र पतञ्जलिले टेवा दिए । तर पाणिनिकै हाराहारी शाकटायन, कातन्त्र, चन्द्र, जैनेन्द्र आदि केही वैयाकरण पनि निस्केका थिए । परवर्ती धेरै वैयाकरणहरूले त पाणिनिकै व्याकरण पढेर लेखे । उनीहरूका लागि कोशहरू पनि सहायक भए, जसमा अमरकोश नै महत्त्वपूर्ण देखिन्छ र जसलाई नेपाली परम्परा आफ्नो मान्दछ ।

वैदिक संस्कृतको तीन भाषिका रहेको बताइन्छ । उदीच्य, मध्य-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देशीय र प्राच्य । जति जति वैदिक आर्यहरू भारतवर्षको पश्चिम क्षेत्रबाट पूर्वतिर सर्दै गए उति उति उनीहरूको भाषामा पनि परिवर्तन हुँदै गयो । उदीच्य भाषिकामा ध्वनि मात्र थियो, ग् घ् भ् ध्वनिलाई हकार बनाउने प्रवृत्ति पाइन्थ्यो अनि ड् ढ् ध्वनि पदान्तरालमा ळ् ळ्ह बोलिन्थे । मध्यदेशीय भाषिका आजको पूर्वी पञ्जाब, उत्तर प्रदेशको हाराहारी नेपालको पश्चिमी भागको मैदान भाग र छेउछाउमा पनि बोलिन्थ्यो । यसमा र् ल् दुवै थिए र ड् ढ् को उच्चारण पदान्तरालमा पनि हुन्थ्यो । प्राच्य वैदिक भाषिका भारतको आधुनिक बिहार, बङ्गाल, पूर्वी उत्तर प्रदेश र नेपालको गण्डकीदेखि कोशी-सम्मको समथर मैदान र छेउछाउमा बोलिन्थ्यो । यसमा 'ल्' ध्वनि मात्र थियो, 'र' थिएन ।

वैदिक संस्कृतमा तीन भाषिकाबारे प्रायः सबै भाषाशास्त्रीहरूको एक मत छ । तर टी. बरोले प्राकृत र पालिको ध्वनि तथा रूपतत्त्वका आधारमा त्यस समयका केही अरू भाषिकाहरू पनि हुने सम्भावना देखाएका छन् । हुन सक्छ प्राप्त सामग्रीहरूले माथि भनिएकै तीन भाषिकाका अरू विशेषता देखाएका हुन् तर यिनकै उपभाषिका र अरू नै भाषिका हुनु पनि बढी सम्भव छ । यस आधारमा नीय र धम्मपदीय प्राकृतको अध्ययन गर्दा केही अरू प्रमाणहरू पनि पाउन सकिने सम्भावना छ ।

वैदिक संस्कृतमा यसका भाषिकाहरूको भेद कम देखिए तापनि लौकिक संस्कृतमा भने यी ऐतिहासिक र भौगोलिक भेदहरू स्पष्ट हुँदै गए । यसबाट अरू भेदहरूको जन्म हुन लागेको पनि सहजै अनुमान गर्न सकिन्छ । यस भाषामा विशेष परिवर्तन देखापरेकाले नै पाणिनिले यसलाई भ्रष्ट हुनुबाट बचाउनाको लागि आफ्ना नियमहरूको संस्कार गरेर संस्कृत बनाए । त्यसपछि संस्कृत भाषा बोल्ने र व्यवहार गर्ने प्रयास चल्दै रह्यो । तर जनजिब्राले व्याकरणको बन्धन सहन सकेन र उनको व्याकरण संस्कृत वाङमयमा मात्र सीमित रहे जस्तो भयो ।

१४. वैदिक वर्णहरू

वैदिक स्वरवर्णहरू निम्नलिखित छन्- अ, आ, इ, ई, ऊ, ऋ, ॠ, ऌ, ए, ऐ, ओ, औ । प्रातिशाख्यकारहरूको भनाइअनुसार ए, ऐ, ओ, औ सन्ध्यक्षर हुन् र अरू समानाक्षर हुन् । सन्ध्यक्षरहरूमध्ये ए (अ+इ) र ओ (अ+उ) गुण-स्वर र ऐ (आ+इ) र औ (आ+उ) वृद्धि-स्वर हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक व्यंजनवर्णहरू निम्नलिखित हुन्-

तालिका २ : वैदिक भाषाका स्वर र व्यञ्जनहरू

	द्व्योष्ठ्य	दन्त्योष्ठ्य वत्स्र्य दन्तमूलीय	तालव्य	मूर्धन्य	कण्ठ्य स्वरयन्त्रमुखी
स्पर्श	प् फ्	त् थ्	च् छ्	ट् ठ्	क् ख्
	ब् भ्	द् ध्	ज् झ्	ड् ढ्	ग् घ्
नासिक्य	म्	न्	ञ्	ण्	ङ
पार्श्विक		ल्	ल्	ळ्	
संघर्षी		स्	श्	ष्	
कम्पित		र्			
अन्तस्थ		व्	य्		

ल् ल्ह् लाई केही विद्वान् उत्क्षिप्त प्रतिवेष्टित मान्दछन्, केही पार्श्विक मूर्धन्य । केही विद्वान् व् तीन किसिमका र य् दुई किसिमका पनि मान्दछन् । वास्तवमा दुई प्रकारका थिए- सघोष, अघोष । प् र फ्को बीचको ध्वनि उपध्मानीय र क् ख्को बीचको ध्वनि जिह्वामूलीय हो । तवर्गलाई कोही दन्त्य, कोही दन्तमूलीय र कोही वत्स्र्य मान्दछन् ।

वैदिक अ को उत्पत्ति भारो० *अ, *ए, *ओ बाट भयो । किनभने यी ध्वनिहरू ग्राइ० मा नै अ भएका थिए । भारो० *क्वेतोरोस् (*Kwetoros), ग्री० तेतोरोस्, सं० चत्वार । भारो० *घोनो (*Gwhono) ग्री० फोनोस्, सं० घन । भारो० *अगेई (*agei), ग्री० अगेई, सं अजति । 'मिलेट' को विचारमा भारोपेलीमा एक किसिमको आघातीय ओ थियो यो पनि सं० मा अ भयो-पोत्अ, सं० पति । आयु ङ म् पनि संस्कृतमा अ भएका छन् । *इङमोतुम्, ल्या० इग्नोतुस्, सं० अक्षात:, भारो० *क्म्तोम् (*Kmtom), सं० शतम् ।

वैदिक आ को उत्पत्ति भारोपेली दीर्घ *आ, *ए *ओ बाट भयो । भारो० *ग्वेन् (gwen), सं जानी, तुल० अं० क्विन् । भारो० *मे (*me) सं० मा । भारो० *ग्वोम् (*gwom), ग्री० वोन्, सं० गाम । सं० भ्राता, ग्री० फातेर । न र म पनि सं० मा 'आ' मा परिवर्तित भए । भारो० *ग्नतोस् (*gntos), ग्री० ग्नोतोस्, अवे० जातो, सं० जात:; भारो० *घ्सम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(*ghsm) अवे० ज, सं क्षाः ।

वैदिक इ ई को उत्पत्ति भारो० अतिह्रस्व *अ र *इ बाट भयो । भारोपेली *पतेर् (*pater), ग्री० पातेर, अवे० पितर्, सं पितृ । इ बाट भयो–आयु० *इध (*idh), ग्री० इथ, अवे० इह, । ई आयु क्व बाट आयो *क्वरोय् (*kwroye), संस्कृत क्रीतः । ई बाट- ग्री० पिओन्, सं० पीवन् ।

उ को उत्पत्ति भारोपेली उ र व बाट भयो । भारो० *दुज्हतर (*duzhater), ग्री० थुगातेर, सं० दुहितृ; सं० धूम, प्राश्ला० दूमू । सं० उ *भारो० *ऋबाट पनि आयो – *भारो *गृस (*grus), अवे० गोउरू. सं० गुरु ।

वैदिक ए ओ को उत्पत्ति भाइ संयुक्तस्वर अइ, अउ बाट भयो । यी भाइ रूप मूल भारो० *एई (*ei) आयु *ओइ (*oe) *इउ (*eu) र *ओउ (*ou) बाट आएका हुन् । भारोपेली *अ, *ए, *ओ भाइमा आउँदा नै अ मा परिवर्तित भएका थिए । उदाहरणार्थ भारो० गेगोउसे (gegouse) सं० जुजोष, प्राल्या० देइउओस् (*deious), ल्या० देउस्, सं० देव ।

वैदिक ऐ र औ को उत्पत्ति पनि माथिसरह नै भयो । फरक के छ भने भारोपेली सयुक्त स्वरका पहिलो स्वर ह्रस्व हुँदा *ए *ओ विकसित भएका थिए अनि दीर्घ हुँदा *ए *औ भएका थिए । उदाहरणार्थः– भारो० *एइ (*ei) सं० रैं, भारो० *एउ (*eu) सं० द्यौः, भारो० आउ* (*ou) सं दुवौ, द्वौ ।

वैदिक कण्ठ्य क् ख् ग् घ् को उत्पत्ति क्रमशः भारो० *क्व्, *ख्व्; *ग्व्, घ्व् र क् ख् ग् घ् बाट भयो । क्-सं० कक्ष, ल्या० कोक्स (Coxa); आयु० *क्वोस् (*Kwos) सं० कः । ख्- आयु *माखोस् (*makhos) सं० मख । ग्–सं० युग्म, ग्री० जुगोन, ल्या० यगुम् । घ्–*घ्वोनो (*ghwono) सं० घन ।

वैदिक् तालव्य ध्वनिहरूमा च् र ज् को उत्पत्ति क्रमशः भारोपेली *क्व् *ग्व् बाट यसरी भएको देखाइएको छ । *क्व् बाट च्–सं० चिद्, ल्या० क्विद् । *ग्व् बाट ज्-ग्विवोस् (*gwiwos) ग्री० विओस्, स० जीव । छ को विकास *स्खबाट भएको मानिन्छ । ग्री० स्किया, सं० छाया । झ् को विकासमा संभवतः मुण्डा वा द्रविड प्रभाव पर्‍यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्धन्य ध्वनिहरूको उत्पत्तिमा द्रविड प्रभाव मानिन्छ । यी ध्वनिहरू मूल भारोपेली र भारत-इरानेलीमा पनि पाइन्नन् । तर यिनमा केहीको उत्पत्ति देखाउन पनि सकिन्छ । जस्तै निज्द, सं नीड, भारो० *ग्रोस्तोस्ध्वम् (*astosdhwam) सं ग्रोस्तोढ्वम् । ऋग्वेदमा पदान्तरालका ड्, ढ्, ल्, ल्ह-मा विकसित भएका छन् । वैदिक संस्कृतमा पनि पदादिमा मूर्धन्य ध्वनि पाइँदैन । यी मूर्धन्य ध्वनिको उत्पत्ति पदान्तरालमा रहेका स्-पछिका शब्द मूर्धन्य ध्वनिमा परिवर्तित हुने क्रममा भयो । उदाहरणार्थ दुस्-तर>दुष्टर, मृज्-त>मृष्ट, निज्-द>नीड ।

वैदिक त् थ् द् ध् को विकास क्रमशः भारोपेली *त्, *थ्, *द्, *ध् बाट भयो । त्–सं० तनु, ग्री० तनु, सं त्रयः ग्री० त्रेइस् ल्या० त्रेस् । थ्-*रोथोस्, सं० रथ, अवे० रथ । द्-*देकम् (*dekam), सं० दशम्; *देध्रोरे (*dedhore) सं० दधार ।

वैदिक प् फ् ब् भ् म् को उत्पत्ति मूल भारोपेली *प् *फ् *ब् *भ् *म् बाट नै भयो । प्-पेङ्क्वे (*Penque), ग्री० *पेन्ते, सं० पञ्च । फ्-*फालो (*Phallo) सं० फल । ब्-*बर्घिस् (*barghis) सं० बर्हि । भ–*ग्रोभ्रुस (*Obhrus) सं० भ्रू ।

वैदिक नासिक्य व्यंजनहरूमा म् र न् को उत्पत्ति भारोपेली *म् र *न् बाट भयो । म्-*ग्वेगोमे (*gwegome) सं जगाम, *निज्द (*nizd) नीड । ङ पनि भारोपेलीबाटै विकसित भएको हो तर अरू वर्णको संयोगबाट पनि आयो, भारो०*पेङ्क्वे (*Penque) सं पञ्च । न् चवर्गभन्दा अघि रहँदा ञ् भयो र पछि विकसित भएकै टवर्गभन्दा अघि आउँदा ण भयो । ण्-को विकासमा द्रविड प्रभाव पनि मानिन्छ 'र्' आदि केही वर्णभन्दा अघिको न् ण्-मा परिवर्तित हुन बढी सम्भव थियो ।

वैदिक य्, र्, ल्, व् ध्वनि पनि भारोपेली *य्, *र्, *ल्, *व् बाट नै विकसित भएका हुन् । मूल भारोपेलीमा य्, र्, ल्, व् अन्तस्थ अर्थात् स्वर र वर्ण दुवै थिए । भाइमा 'र्' थियो र वैदिक सं० मा पनि र्-को प्राधान्य छ । केही मूल भारोपेली आयु *ल् पनि र् भएका छन्, वै० सं० रेहमि, शा० सं० लेहमि, ल्या० लिन्कुओ, ग्री० लेइगो । व् को विकास काण्ठ्योष्ठ्य भारोपेली *क्व् बाट पनि भएको छ, *एक्वोस् (*ekwos) सं० अश्व ।

वैदिक *स्, *ष्, *श् एउटै भारोपेली *स्-बाट विकसित भएका छन् । श् भारोपेली क्य् बाट पनि आयो । सं० श्व्, ग्रीक कुओन्, ल्या०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क-निस्; सं० वेश, ग्री० ग्रोइकोस्, ल्या० विकुस् । ष ध्वनि अरू व्यञ्जनको संसर्गद्वारा परिवर्तित भएको हो । संभवत: स् को ष् मा परिवर्तनका लागि स् भन्दा अघि आएका क् र् इ् ए् ध्वनि सहायक हुन्थे । सं० तृष्यति, ग्री० तेर्सोमइ, सं० उक्षन्, अ० ग्रोक्स, सं स्नुषा, ग्री० नुग्रोस् ।

वैदिक सघोष ह् मूल भारोपेली (ghw) बाट आएको हो र *घ् बाट पनि ह् आएको छ, *ध्वन्ति (ghwanti) सं० हन्ति, ग्री० थोइनो, सं हर्म्य, ग्री० थेर्मोस्; *इध (idh) सं० इह । वैदिक अघोष ह् (:) पदान्त *स् *र् बाट विकसित भएका छन्, पोतोस् (potos) सं पतिः ।

वैदिक संस्कृतमा मूल स्वरहरूको अगाडि रहेका नासिक्य ध्वनि अनुनासिक भनिन्छन् र व्यञ्जनभन्दा पूर्व यो अनुस्वार हुन्छ । यस्ता ध्वनिको विकास पनि मूल भारोपेली म् न् बाट नै भएको हो । वै० सं० मा अनुनासिक ध्वनिको स्वतन्त्र सत्ता देखिन्छ ।

इरानेलीबाट छुट्टिएपछि वैदिकमा देखा परेका खास परिवर्तनहरू निम्नलिखित थिए । भाइ संयुक्त स्वर संस्कृतमा एक स्वरमा परिवर्तित हुन्छन्, जस्तै प्रा० फा० अइतिय, स० एति प्रा० रउच सं० रोचस्, अवे० रओचो । [२] झ् तथा ज्ह् संस्कृतमा ह्-मा परिवर्तित भयो तर इरानेलीमा यो ज् नै रह्यो, जस्तै सं० हिम, अवे० जिम । [३] ज्ह् र ज् मध्ये संस्कृतमा एउटै छ रह्यो, सं० मेधा, अवे० मज्दा । [४] संस्कृतमा यस्ता ज ध्वनिको लोप पनि भएको छ । [५] क् स् र श् स् का संयोगबाट क्ष-को विकास भयो, इरानेलीमा यी छुट्टाछुट्टै सुरक्षित छन् । [६] ग्ज्ह ब्ज्ह जस्ता सघोष संयुक्त ध्वनिहरू अघोष 'क्ष्' 'प्स्' मा विकसित भएका छन्, अवे० दिब्ज, सं० दिप्स । [७] महाप्राण ध्वनि ध् र भ् हकारका रूपमा सुरक्षित छन्, सं० इह, अवे इद तर पालि इध । [८] सबै पदान्ति संयुक्त ध्वनि सरल भएका छन्, जस्तै अवे वाक्श [Vaxs] सं० वाक् । [९] भारोपेली ज् ध्वनि [द् भन्दा पूर्वको] ध्वनिको लोपले गर्दा संस्कृतमा ड् ध्वनिको विकास भयो, जस्तै — नीड (*निज्द) । यस्तै अरू संयुक्त ध्वनिहरूको परिवर्तनका साथै नयाँ व्यञ्जन ध्वनि विकसित भएका छन् । यी परिवर्तन अत्यधिक महत्त्वपूर्ण छन् र प्राकृतमा पछि देखिने ध्वनि परिवर्तन-प्रक्रियाको श्रीगणेश देखाउँछ ।

वैदिक स्वराघात- वैदिक स्वराघात तीन प्रकारका छन्- उदात्त (Acute), अनुदात्त (Unaccented) र स्वरित (Circomflex) । प्रधान स्वरसहितको स्वरध्वनि उदात्त, स्वररहित ध्वनिलाई अनुदात्त, अनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदात्तमा आइ अनुदात्ततिर खस्ने स्वरलाई स्वरित भनिन्छ। यो स्वराघात वैदिक भाषाले मूल भारोपेलीबाट प्राप्त गरेको विशेषता हो। टर्नरका भनाइमा वैदिकमा संगीतात्मक स्वराघातको प्राधान्य थियो तर बलात्मक स्वराघातले पनि विकास गर्दै थियो। स्वराघातले अर्थमा समेत भिन्नता ल्याउँछ। ब्रह्मन्मा आद्युदात्त स्वर हुँदा यसको अर्थ स्तुति हुन्छ र अन्त्योदात्त ब्रह्मन् शब्दको अर्थ स्तोता हुन्छ। स्वराघातको प्रवृत्तिले मूल भारोपेलीबाट विकसित गरेको हुँदा ग्रीक र संस्कृतमा एउटै ध्वनिमा स्वराघात भएको उदाहरण पाइन्छ, जस्तै ग्री० ततोस् सं० ततस्। वैदिक क्रियाको काल-रचनामा स्वराघातको महत्त्वपूर्ण भूमिका रहेको छ।

१५. रूपतत्त्व

वैदिक शब्द स्वरान्त र व्यञ्जनान्त दुवै थरीका छन् तर व्यञ्जनान्त शब्दहरूको संख्या बढी छ। स्वरान्त शब्द प्रायः अ, आ, इ, ई, उ, ऊ, ऋ मा अन्त हुन्छन्। व्यञ्जनान्त शब्दहरूलाई दुई वर्गमा राख्न सकिन्छ, (१) सरल शब्द जो- क्, च्, त्, थ्, द्, ध्, म्, श्, स्, मा अन्त हुन्छन् र (२) प्रत्ययान्त शब्द जो- अन्, अन्त्, अर्, इत्, उत्, वत्, तात्, त्, अन्त्, वन्त्, मन्त्, मन्, मिन्, विन्, तर् आदिमा अन्त हुन्छन्। वैदिक संस्कृतमा व्यञ्जन-हरूको संख्या बढेकाले र अर्धस्वरहरू व्यञ्जनका रूपमा परिवर्तित भएकाले पनि व्यञ्जनान्त संज्ञाहरूको संख्या वैदिक संस्कृतमा बढ्न गएको हो। वैदिक संस्कृतमा तीन लिंग, तीन वचन, आठ विभक्ति, एघार लकार, [लेट् र दुई प्रकारका लिङ्गसमेत] दुई पद, तीन वाच्य, दश गण र पांच भाव थिए। अहिलेसम्म संस्कृतमा मूल भारोपेलीको व्याकरण धेरै मात्रामा सुरक्षित देखिन्छ।

संस्कृत रूपरचना-प्रक्रियाको इतिहास मूल भारोपेलीसम्म पुग्छ भन्ने कुराको प्रमाणमा निम्नलिखित सिंहावलोकन यथेष्ट हुनेछ। भारोपेली एक-वचन *स् बाट नै सं० एकवचन स् आयो (तुल० अवे० श्, ग्रीक स्)। यस्तै *म् बाट कर्म अम् (तुल० अवे० अम्, ग्री० अन्) आयो, *अई, *एई बाट सम्प्रदान ए आयो, *एस् *ओस् बाट अपादान र सम्बन्ध ओस् आयो, द्विवचन ओ मूल *ओ बाट आयो र बहुवचन अस् को विकास *ओस् बाट, भ्यस् *भास् बाट र सु *स् बाट विकसित भए।

संस्कृत सर्वनामको रूप-रचनालाई हेर्दा वैदिक संस्कृतमा देखिने सर्वनामहरू मूल भारोपेलीबाट नै विकसित देखिन्छन्। अहम्, माम्, मया,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मम, मयि, अस्मै आदि एउटै प्रातिपदिक शब्दका अर्थात् अस्मद् शब्दका रूप नभएर विभिन्न रूपमा देखापर्ने छुट्टै शब्द थिए होलान् । यस्तै विशेषण बनाउने 'तर', 'तम', 'इष्ट', 'इयांस' आदि प्रत्यय पनि मूल भारोपेलीबाट नै विकसित भएका देखिन्छन्, जस्तै– *तो-र बाट सं० तर (तुल० अवे० तर; ल्या० तेर, ग्री० तेरो); *तो-म बाट सं० तम *योस् बाट सं० इस्थ > इष्ठ (तुल० इयोस्, अवे० यह, ग्री० ल्या० ईओर) । यस्तै समासरचना-प्रक्रिया पनि मूल भारोपेलीवाट नै विकसित भएको छ र भाइ हुँद आएको छ । वैदिक संस्कृतमा लामा-लामा समस्त शब्द देखिँदैनन् । धेरैजसो दुई शब्दका र कर्मधारय, तत्पुरुष, बहुव्रीहि र द्वन्द समास मात्र देखिन्छन् भन्ने विद्वान्हरूको भनाइ छ ।

१६. संस्कृतमा आर्येतर भाषाहरूको प्रभाव

संस्कृतमा आर्येतर भाषाहरूको प्रभाववारे सिल्भाँ लेभि, प्रो० ज्यलुस्की, डा० चटर्जी, डा० बागची, सर टर्नर टी० वरो आदि विद्वान्हरूले चर्चा गरेका छन् । संस्कृतमा आर्येतर भाषाहरूका प्रभाव विशेषतः यसको शब्द भण्डारले स्पष्ट गर्छ । परम्परागत शब्दका साथ नयाँ शब्दहरूको प्रयोग गर्ने प्रवृत्ति पनि संस्कृतमा देखिन्छ, जस्तै– अश्व, घोटक, श्वन्, कुक्कुर, व्याघ्र, शार्दूल, ऋक्ष, भल्लुक । यिनमा दोस्रो इतर भाषाका शब्द हुनु सम्भव छ । आर्यहरू आउनुभन्दा अघि भारतवर्षमा बसोवास गरिरहेका विभिन्न भाषा-भाषीहरूको प्रभाव संस्कृतमा पऱ्यो । त्यसै समय भारतको उत्तर-पश्चिम सीमामा बुरुशास्की तथा काकेशेली भाषाहरू थिए र यी भाषाको प्रभाव संस्कृतमा पर्नु पनि असम्भव होइन । सिन्धु उपत्यकाको उत्खननमा प्राप्त सामग्रीहरूबाट पनि त्यस समयको भाषाबारे अनुमान गर्नका लागि प्रमाणहरू उपलब्ध छन् ।

आग्नेय भाषाका शब्द संस्कृतमा आएको तथ्यतिर भाषाशास्त्रीहरूले संकेत गरेका छन् । अंगना, आकुल, आपीड, कवल, केलिग, कामु, कुविन्द, खिकिर, ताम्बूल, शृङ्गार, मार्वङ्ग, लवङ्ग, कदली, कार्पास आदि शब्द आग्नेय परिवारका विभिन्न शाखाका भाषाबाट लिइएका मानिन्छन् र संस्कृतमा यस्ता १०० भन्दा बढी देखिन्छन् । तर द्रविड-परिवारका भाषा-बाट संस्कृतमा आएका शब्दहरूको संख्या १००० पुग्छ । यिनमा केही वैदिकमा र केही परवर्ती संस्कृतमा पाइन्छन् । उलूखल, कटुक, कुण्ड, खल, दण्ड, पिण्ड, बल, बिल आदि शब्द ऋग्वेदमा पनि उपलब्ध छन् । ऋग्वेदमा द्रविड

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषाका शब्द देखिँदा, त्यस बेला पनि उत्तर-पश्चिममा द्रविड भाषाको अस्तित्व देखिन्छ र बलुचिस्तानको ब्राहुइ भाषाले त्यसको प्रमाण दिन्छ। संस्कृतमा देखापर्ने र नेपालीमा पनि प्रयोग हुने कुटि, कुद्दाल, कोण, घुण, चतुर, चन्दन, पीटक, बिडाल, मुकुट, काक, कज्जल जस्ता शब्द द्रविड भाषाबाट नै आएका हुन्। यसबाहेक ग्रीक, रोमन, अर्बेली, तुर्केली, इरानेली, चिनियाँ भाषाहरूबाट आएका शब्दहरू पनि परवर्ती संस्कृतमा देखापरेका छन्। यवनिका, यवन, होडा, दम्म, क्रमेलक, सुरङ्ग जस्ता शब्द ग्रीक भाषाबाट आएका मानिन्छन्। रोमन र दीनार शब्द रोमन भाषाबाट आए। ज्योतिषविद्यासम्बन्धी शब्द अरबेली भाषाबाट आएका हुन् भन्ने भाषाशास्त्रीहरूको भनाइ छ। तुरुष्क शब्द तुर्केलीबाट र चीन (चीनांशुक) शब्द चिनियाँबाट आयो। इरानेली र संस्कृत भाषाहरू साथसाथै विकसित हुँदै थिए र मिल्दाजुल्दा शब्द थिए, तैपनि इरानेलीका हिन्दू मिहिर, निशाण, बारबाण जस्ता शब्द परवर्ती संस्कृतमा देखापरे।

१७. लौकिक संस्कृत

भाषाशास्त्रीहरूको विचारमा वैदिक संस्कृतका साथै लौकिक संस्कृतको पनि अस्तित्व थियो। केही विद्वान् यो लौकिक संस्कृत प्रथम-प्राकृतकालको कुनै विभाषाबाट विकसित मान्दछन्। पाणिनि र अरु वैयाकरणहरूले पनि यसतिर संकेत गरेको पाइन्छ। संस्कृत वैयाकरणहरूको व्याकरण लौकिक संस्कृतकै आदर्श रूपको हो र यसका स्थानीय भेद र विशेषतातिर उनीहरूले ठाउँ-ठाउँमा चर्चा गरेका छन्। प्राकृतले संस्कृतकै शब्दहरू लियो तर लौकिक संस्कृतले पनि प्राकृत शब्दहरूलाई संस्कृत बनायो। वैदिक कालमा झैं परवर्ती संस्कृत कालका आर्यहरूको जीवन अव्यवस्थित थिएन। व्यवस्थित जीवनमा भाषाको वैज्ञानिक अध्ययन भयो र महत्त्वपूर्ण व्याकरणहरू लेखिए। यसै सिलसिलामा व्याकरणका अनेक सम्प्रदाय पनि देखा परे।

वैदिक संस्कृतपछिको लौकिक संस्कृतमा ध्वनिमा केही भिन्नता थियो। ऋ लृ को वैदिकमा स्वरका रूपमा उच्चारण हुन्थ्यो तर लौकिक संस्कृतमा रि लि समान हुन थाल्यो। वैदिक ळ् ळ्ह् तथा जिह्वामूलीय तथा उपध्मानीय ध्वनि लौकिक संस्कृतमा रहेनन्। वैदिक संस्कृतको शुद्ध अनुनासिक ध्वनि पनि लौकिक संस्कृतमा रहेन र अनुनासिक ध्वनिहरूको उच्चारण स्वरहरूका साथ हुन थाल्यो। ऐ, औ को उच्चारण वैदिकमा आइ, आउ समान थिए तर लौकिक संस्कृतमा अइ, अउ, समान भए। वैदिक र् का स्थानमा लृ पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखापरे, जस्तै वै० प्रु, लौ० प्लु (तर्नु), वै० रघु, लौ० लघु (सानो), वै० रिह्, लौ० लिह् (चाट्नु)। वैदिकमा संगीतात्मक स्वराघात थियो तर लौकिकमा बलात्मक स्वराघात पनि देखिन थाल्यो। स्वर-भक्ति र सन्धि जस्ता प्रक्रिया पनि विकसित भए। विभक्ति र सर्वनाममा एकरूपता आयो। वैदिक लेट् लकार अब रहेन। सुबन्त र तिङन्त रूपमा पनि वैदिकभन्दा लौकिक संस्कृत केही भिन्नता राख्दछ। केही वैदिक कृदन्तीय प्रत्ययहरू लौकिकमा देखापरेनन्। उपसर्गहरूको प्रयोगमा वैदिकमा जैं स्वतन्त्रता अब रहेन र समास-रचना झन् क्लिष्ट हुँदै आयो। शब्द-भण्डारमा वृद्धि भयो र आर्येतर भाषाहरूबाट पनि शब्दहरू लिइए।

शिवसूत्रलाई समेत ध्यानमा राखि तारापुरवालाले संस्कृतका स्वर र व्यञ्जन वर्णहरूलाई तालिकामा दिए अनुसार प्रस्तुत गरेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तालिका नं. ३ संस्कृत वर्णहरू

		सघोष (Voiced)						अघोष (Voiceless)						शिवसूत्र
		कण्ठ्य Glottal	तालव्य Palatal	मूर्धन्य Cerebral	दन्त्य Dental	ओष्ठ्य Labial		कण्ठ्य Glottal	तालव्य Palatal	मूर्धन्य Cerebral	दन्त्य Dental	ओष्ठ्य Labial		
अच्	Short	अ												
	Long	आ												
	Short		इ											
	Long		ई											
	Short					उ								
	Long					ऊ								अइउण् ।
द्रवित				ऋ	ऌ									ऋऌक् ।
गुण			ए			ओ								एओङ् ।
वृद्धि			ऐ			औ								ऐऔच् ।
अन्तस्थ			य			व								
				र	ल									[ह] यवरट् / लण्
स्पर्श : अनुनासिक		ङ	ञ	ण	न	म								ञमङणनम् ।
,, घोष महाप्राण		घ	झ	ढ	ध	भ								झभञ् / घढधष्
,, ,, अल्पप्राण		ग	ज	ड	द	ब								जबगडदश् ।
,, अघोष महाप्राण								ख	छ	ठ	थ	फ		खफछठथ ।
,, अल्पप्राण								क	च	ट	त	प		चटतप् / कपय् ।
ऊष्म									श	ष	स			शषसर् ।
प्राणत्व		ह						[:]						हल् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. प्राकृत

१८. प्राकृत भाषाहरूको समय

संस्कृत पठन-पाठनको भाषा बन्दै गएपछि नेपाल र भारतका आर्य-हरूले बोल्ने भाषामा परिवर्तन देखापऱ्यो। संस्कृतको युगमा नै यसका भाषिकाहरू भएको कुरो थाहा हुन्छ र प्राकृत युगमा ती भेद जनभाषामा अरू टड्कारोसँग देखिन थाले। मोटामोटी रूपमा यो प्राकृतयुग ५०० ई० पू० देखि ई० को १००० सम्म मानिन्छ। यस युगमा भाषालाई मध्यकालीन आर्य-भाषा पनि भनिन्छ। अन्दाजी १५००० वर्षको लामो इतिहासमा मध्यकालीन आर्यभाषाका अनेक ऐतिहासिक र भौगोलिक भेद देखापर्छन्[१]। ऐतिहासिक आधारमा हेर्दा १५०० वर्षको यस प्राकृत कालमा भाषाको द्रुततर विकास भयो। उत्तर भारत अनि हिमाली पर्वतका फेदीहरूमा आर्यहरूको प्रसार, जनपदहरूको निर्माण तथा विभिन्न जातिहरूको सम्पर्कले गर्दा ठाउँ-ठाउँका भाषामा भेद स्पष्ट हुँदै गए। भाषामा देखिएका रूपतत्त्वीय तथा ध्वनितत्त्वीय परिवर्तनका आधारमा यस कालका भाषाका तीन चरण देखाइएका छन् :

(१) प्रथम प्राकृत– ५०० ई० पू० देखिन् ईसाको जन्मकालसम्मको पालि तथा अभिलेखी प्राकृत।

(२) द्वितीय प्राकृत– ईसाको जन्मकालदेखि ५०० ई० सम्मको साहित्यिक प्राकृतहरू, जस्तै महाराष्ट्री, मागधी, अर्धमागधी, शौरसेनी, पैशाची आदि।

(३) तृतीय प्राकृत– ५०० ई० देखि १००० ई० सम्मका अपभ्रंश र यसका भेदहरू।

प्राकृत युगमा नेपाल तथा भारतमा अरू भाषाहरू पनि थिए। नेपालमा आग्नेय र भोट-हिमाली परिवारका भाषाहरू थिए र प्रथम प्राकृत युगमा भारतवर्षमा तेह्र थरीका भाषाहरू भएको कुरा टी० डब्ल्यु राइस डेभिड्सले[१] आफ्नो 'बौद्ध भारत' मा देखाएका छन्।

---

१. (१) वैदिक, (२) द्रविड र कोल भाषा, (३) कश्मीरदेखि नेपालसम्म बोलिने हिमाली भाषा, (४) ब्राह्मण र उपनिषद्हरूको भाषा, (५) गान्धारदेखि मगधसम्मको भाषा, (६) अशोकको भाषा, (७) पालि, (८) कोशलको भाषा, (९) अर्धमागधी, (१०) लेण, (११) संस्कृत, (१२) पाँच सय ई० पू० देखि यताको लोकभाषा, (१३) प्राकृत भाषा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६. पालि

प्राकृत युग अर्थात् मध्यकालीन आर्यभाषा युगको पहिलो चरणको पहिलो भाषा पालि हो । पालि शब्दको प्रयोग पहिलोपल्ट दीपवंशमा 'बुद्ध-वचन' भन्ने अर्थमा भएको छ । 'पालि' शब्दको अर्थका सम्बन्धमा विद्वान्हरूको मतभेद छ । केही यस शब्दको विकास सं० पंक्ति र केही पल्लिबाट मान्दछन् । अनि प्राकृत, पाल, पाठ, प्रकट, पाटलीबाट पनि पालि शब्दको विकास देखाइएको छ तर परियाय (>पलियाय>पालियाय>पालि) बाट नै पालि शब्दको विकास मान्नेहरूको मत तर्कपूर्ण छ । पालिमा लेखिएका साहित्यलाई मागधी प्राकृत भनेर पालि र मागधीलाई एउटै पनि मानियो । लङ्कामा अझ पनि पालिलाई मागधी नै भनिन्छ । डा० चटर्जीले यसलाई मध्यदेशको जन-भाषामा आधारित साहित्यिक भाषा भनेका छन् । भाषा-शास्त्रीहरू पालि भाषाका तीन-चार तह मान्दछन् किनभने सुत्त पीटक, विनय पीटक, अभिधम्म पीटकका- भाषालाई, 'मिलिन्दपह्न' र 'अट्ठकथा' आदिको भाषालाई अनि 'दीपवंश', 'महावंश' जस्ता काव्यका भाषालाई तुलना गरेर हेरेको खण्डमा यो स्पष्ट हुन्छ । पछिको भाषामा निश्चय नै कृत्रिमता बढी छ ।

पालि भाषाका विशेषता–

पालिमा कच्चायणले ४१ र मोग्गलायनले ४३ ध्वनि भएको बताएका छन् । संस्कृतपछि पालिमा ह्रस्व ए र ओ विकसित भएका छन् । पालिमा श् ष् अघोष ह् र विसर्ग पाइँदैन । यसरी पालिमा एउटै स् मा र विसर्ग निग्गहितमा परिवर्तित हुन्छन् ळ्, ल्ह् ध्वनि पालिमा देखिन आउँछन् । ध्वनितत्त्वीय दृष्टिले विचार गर्दा पालि वैदिक संस्कृतको नजीक देखिन्छ । यस्तै समीभवन (सर्व>सब्ब, धर्म>धम्म, मार्ग>मग्ग), अल्पप्राणीभवन (भगिनी>बहिनी), घोषीकरण (कपित्थ>कबित्थ>कवित्थ), अघोषीभवन (कुसीद>कुसीत) आदि व्यंजन परिवर्तनका प्रक्रिया यसमा पाइन्छन् । पालिमा व्यंजनान्त शब्दहरू पनि कम भएका छन् । यो अन्त्य-व्यंजन लोप र स्वरागमले गर्दा भएको हो । लिंग तीन भए पनि पुं० र नपुं० लिंगका रूप एउटै प्रक्रियामा बन्दथे । वचन मुख्यतः दुई नै छन्, केही शब्दमा मात्र द्विवचनका अवशेष पाइन्छन् । क्रियाका रचनामा पनि सरलीकरण भएको छ । दशै गण भए तापनि रूप-रचना-सादृश्यका आधारमा सरलीकृत भएको छ । क्रियाका वचन, पद र लकारमा पनि सरलीकरण भएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०. अभिलेखी प्राकृत

अशोक राजाका अभिलेखहरूमा अङ्कित भाषालाई विद्वान्‌हरूले अशोकी प्राकृत, शिलालेखी प्राकृत, लाट र लेण प्राकृत पनि भनेका छन् । अशोकका अभिलेखहरू विभिन्न ठाउँमा ब्राह्मी र खरोष्ट्री लिपिमा खोपिएका छन् । अशोकका शिलालेखहरूको समय तेस्रो शताब्दी ई० पू० हो । यस समयका अरू अभिलेख पनि प्राप्त भएकाले ईसाको जन्मको समयसम्मका सामयिक जन-भाषाका अभिलेखहरूमा प्राप्त भाषालाई अभिलेखी प्राकृत भन्नु नै उचित छ । कपिलवस्तु नजीकैको पिप्रिहवा (ई० पू० ४८३) र लुम्बिनी (ई० पू० २४९) का अभिलेखहरू पनि यसैभित्र पर्छन् । अशोकको अभिलेख-हरू धेरै संख्यामा प्राप्त भएकाले यी अभिलेखहरूका भाषाको वैज्ञानिक महत्त्व छ । विभिन्न अभिलेखहरू स्थानीय भाषामा लेखिएका हुनाले भाषा-शास्त्रीहरू त्यस समयको मध्यकालीन आर्य भाषाका पूर्वी, दक्षिण-पश्चिमी, मध्यदेशीय, उत्तर-पश्चिमी र दक्षिणी भाषिकाहरू भएको अनुमान गर्छन् । अशोकभन्दा पछिका प्राकृत भाषाका केही अभिलेखहरू पनि भारतमा प्राप्त छन् । सोहगौरा ताम्रलेख, हातीगुम्फा गुफालेख आदि । यी अभिलेखहरूको भाषामा केही परिवर्तन देखिन्छ । गौतम बुद्ध र अशोकका समयको जनभाषा पिप्रहवा र लुम्बिनीको अभिलेख स्पष्ट गर्छन् । त्यसपछि ई० पछि पाँचौं शताब्दीसम्म दक्षिण भारतमा प्राकृत भाषाका अभिलेख पाइन्छन् । अभिलेखी प्राकृतको ध्वनि र रूपतत्त्व पालिको जस्तै भए पनि यसमा विविधता र विकास पाइन्छ । पालिमा झैं यसमा पनि प्रातिपदिक स्वान्त हुनु, संज्ञा र धातु रूपमा सरलीकरण आउनु जस्ता विशेष प्रक्रिया देखा पर्छन् ।

२१. सहित्यिका प्राकृत

मध्यकालीन आर्यभाषा-युगको दोस्रो चरणका भाषाहरूको सामूहिक नाम प्राकृत हो । यसको समय ईसामसीहको जन्मको समयदेखि ५०० ई० सम्म पर्छ । यस समयको प्राकृतलाई सोहित्यिक प्राकृत पनि भनिन्छ । ऐतिहासिक दृष्टिले हेर्दा यस समयका प्राकृत भाषाहरूलाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ :

(१) अश्वघोषका नाटकहरूको प्राकृत

(२) धम्मपदीय प्राकृत

(३) गाथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(४) निय प्राकृत
(५) साहित्यिक प्राकृत (शौरसेनी, महाराष्ट्री, मागधी, अर्द्धमागधी, पैशाची आदि)

२२. अश्वघोषका नाटकहरूको प्राकृत

अश्वघोषले लेखेका दुई अपूर्ण नाटकहरू मध्य-एशियामा पाइएका हुन् । जसको भाषा पालि र त्यसपछिको शिलालेखी प्राकृतसँग मिल्छ । अश्वघोषका नाटकमा भएका पात्रहरूले बोल्ने भाषामा एकरूपता छैन र तिनमा मागधी, (पूर्वी) अर्धमागधी (मध्यदेशीय) र शौरसेनी (पश्चिमी) का प्राचीन रूप देखिन्छन् । नाटकहरूमा पछि जसरी पात्रअनुसार प्राकृतमा विभिन्न भेदको प्रयोग हुन थाल्यो त्यसलाई हेर्दा अश्वघोषका नाटकहरूमा प्रयुक्त प्राकृतले त्यस परम्पराको श्रीगणेश देखाउँछन् । यी नाटकहरूको समय ई० को पहिलो शताब्दी मानिन्छ ।

२३. धम्मपदीय प्राकृत

धम्मपदीय प्राकृतका नमूना खोतानमा पाइएका थिए र खरोष्ट्री लिपिमा थिए । खरोष्ट्री लिपिमा पाइएकोले धम्मपदीय प्राकृतलाई 'खरोष्ट्री धम्मपद' पनि भनिन्छ र यसको समय ई० दोस्रो शताब्दी मानिएको छ । विद्वान्‌हरूले यसको भाषालाई संस्कृत-प्रभावित र भारतको पश्चिमोत्तर प्रदेशको मानेका छन् । यसको भाषामा तीनोटै सकार छन् र स्वरमध्यगत च् ज् को य् मा, ऋ को अ, उ, रु, रि मा, पदान्त ए को इ मा र उ को ओ मा परिवर्तन देखिन्छ । कर्ताको पुलिङ्ग एक वचनमा ओ र उ पनि भेटिन्छन् ।

२४. निय प्राकृत

निय प्राकृतका नमूना पनि चिनियाँतुर्कीस्तानको निय भन्ने ठाउँमा अरेल स्टेनले सन् १९००-१९१४ का बीच पाएका थिए । पछि सन् १९३७ मा टी० बरोले खरोष्ट्री लिपिमा भएको सामग्रीको अध्ययन प्रस्तुत गरी यस भाषालाई प्राकृत भने । यो तेस्रो शताब्दी ई० को भाषा भनिन्छ र यसमा इरानेली, मंगोली र तोखारेलीको प्रभाव देखिन्छ । निय प्राकृतको आधार पनि भारतको पश्चिमोत्तरी प्राकृत नै मानिएको छ । निय प्राकृतमा तीनोटै सकार भए पनि स् बढी छ । यसमा व् को म् भएको छ, ऋ को रि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा कहीं कहीं ए को इ र उ भएको पाइन्छ । पदान्त इ य र, ब को 'ह' मा परिवर्तन भएको छ । अकारान्त पुलिङ्ग प्रथमा एकवचन मा ओ, उ, अ, र ए पनि पाइन्छ। लिङ्ग र वचन दुई छन् र रूपरचनामा सरलीकरण भएको छ।

२५. गाथा

प्राकृतकालका केही यस्ता ग्रन्थहरू पनि छन् जसलाई विद्वान्हरूले गाथा भनेका छन् । यी गाथाहरू महायान बौद्धसम्प्रदायका हुन् र गद्य पद्य दुवैमा पाइन्छन् । 'ललित विस्तार', 'जातकमाला', 'सद्धर्म-पुण्डरीक', 'चन्द्र-प्रदीप सूत्र', 'विमल कीर्ति निर्देश' आदि केही ग्रन्थ गाथासाहित्यभित्र राखिएको छ । यता केही विद्वान्हरूले यसलाई मिश्रित बौद्ध-संस्कृत (Buddhist hybrid Sanskrit) पनि भनेका छन् । केही विद्वान्हरूले गाथालाई संस्कृत र पालिको बीचको भाषा भन्छन् भने केहीले यसलाई संस्कृत र प्राकृतको मिश्रणबाट बनेको कृत्रिम भाषा भनेका छन् । जेहोस्, गाथाको समय पनि प्राकृतकाल नै हो र यसलाई पालि भाषाको कालसम्म पुऱ्याउन सकिँदैन, किनभने यसको भाषामा प्राकृतका धेरै विशेषताहरू देखा पर्छन् ।

२६. साहित्यिक प्राकृत

प्राचीन वैयाकरण र काव्यशास्त्रीहरूको साहित्यिक प्राकृतसँग राम्रो परिचय थियो । उनीहरूले प्राकृतका अनेक भेद देखाएका छन् । काव्य-शास्त्रका गुरु भरतमुनिले नाटकका विभिन्न पात्रहरूको लागि छुट्टाछुट्टै किसिमका प्राकृतको उपयोग गर्ने कुरा बताएपछि अरू काव्यशास्त्रीहरूले पनि त्यसैको अनुसरण गरे र वैयाकरणहरूले पनि प्राकृत भाषाहरूको व्याकरण लेख्न आवश्यक ठानी प्राकृत भाषाहरूको व्याकरण पाणिनिकै ढाँचामा वा उनकोसँग मिल्दोजुल्दो शैलीमा लेखे । यिनीहरूले प्राकृतका विभिन्न भेद-हरूको चर्चा गर्दा भौगोलिक भेद देखाई त्यसैअनुसार वर्गीकरण गरेर शौरसेनी, मागधी, माहाराष्ट्री जस्ता नामहरू देशका नामका आधारमा दिएको स्पष्ट छ । यसरी प्राकृत भाषाका नामहरूमा शौरसेनी, माहाराष्ट्री, मागधी, अर्धमागधी, पैशाची, वाह्लिकी, ढक्की, शाबरी, शाकरी, चाण्डाली, आभीरकी, आवन्ती, दाक्षिणात्य आर्ष, व्राचड, कैकेय, टक्की, माद्री र पांचाली आदि देखापरेका छन् । प्राकृतका यी भौगोलिक भेदहरूलाई बताउँदा खस प्राकृतको पनि कल्पना गरियो र नेपाली, कुमाउनी गढवाली तथा पश्चिमी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहाडी भाषाहरू यसैबाट उत्पन्न भएको देखाइयो। तर प्राकृत भाषाहरू नाटकका पात्रका भाषाका रूपमा र सिङ्गै काव्यका रूपमा पनि देखा परेका शौरसेनी, माहाराष्ट्री, मागधी, अर्धमागधी, पैशाची आदि प्रमुख प्राकृतहरूको चर्चा वैयाकरणहरूले गरेसरह तिनको संक्षिप्त परिचय र विशेषता तल दिइन्छ।

२७. शौरसेनी

केही नेपाली र विदेशी विद्वान्हरूले नेपाली भाषाको सम्बन्ध शौरसेनीसँग देखाएका छन्। यो भाषा प्राचीन कालको मध्यदेशीय संस्कृतबाट विकसित भएको हो र शूरसेन प्रदेशका आधारमा यसको नाम शौरसेनी रह्यो। मध्यदेश संस्कृत भाषाको केन्द्र भएकोले यसको भाषा संस्कृत भाषासँग धेरै मिल्छ। संस्कृत र मध्यदेशीय संस्कृतिका साथै यो भाषा पनि यसको भौगोलिक परिधिदेखि बाहिर टाढासम्म फैलियो। यही दक्षिणमा जाँदा माहाराष्ट्री बन्यो र केही पूर्वतिर लागेपछि यसको भेट मागधीसँग भयो अनि अर्धमागधी जन्म्यो। यसै भाषालाई उत्तरका नवागन्तुकले बोल्न थालेपछि ब्राचड, पैशाची र टक्क तथा खस-प्राकृतहरू जन्मे। शौरसेनीको व्यापक प्रसारले गर्दा यो पनि संस्कृतपछिको साहित्यिक भाषा भएर आयो। साहित्यमा गद्यका लागि उपयोग गरेर अश्वघोष, भास, कालिदास, भवभूति, राजशेखर आदि विद्वान्हरूले यसलाई महत्त्वपूर्ण स्थान दिए। दिगम्बर जैन-हरूले पनि शौरसेनीलाई ग्रहण गरे, जसलाई हामी जैन-शौरसेनी अथवा दिगम्बर शौरसेनी भन्छौं।

शौरसेनीका विशेषता निम्नलिखित हुन्:

स्वरमध्यगत त् थ् क्रमशः द् ध् मा परिवर्तित हुन्छन्, जस्तै– गच्छति > गच्छदि, कथय > कधेहि। स्वरमध्यगत न्त कहीं कहीं न्द बन्छ जस्तै– हन्त > हन्द। स्वरमध्यगत द् एवं ध् सुरक्षित रहन्छन्। ऋ को इ मा परिवर्तन हुन्छ, जस्तै - गृध > गिद्ध। क्ष् साधारणतः ख् मा परिवर्तित हुन्छ, जस्तै– क्षेत्र > खेत। द्वित्व-व्यञ्जनहरूको सरलीकरण माहाराष्ट्री र अर्धमागधीमा भन्दा कम छ, जस्तै– कर्तुम् > कादुम् उत्सव > उस्सव > ऊसव।

शौरसेनी प्राकृतमा रूपरचना संस्कृतकै ढङ्गमा हुन्छ र यसै कारण यसको प्रकृति संस्कृत भनिएको हुन सक्छ। आज्ञा संस्कृतअनुसार बनाइन्छ। उदाहरणार्थ वर्तेत् > वट्टे, तर माहाराष्ट्री र अर्धमागधीमा यो वट्टेज्जा हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मवाच्य बनाउने प्रत्यय य महाराष्ट्रीमा सरह इज्ज नभएर इग्र हुन्छ, जस्तै– पुच्छिग्रदि, गमिग्रदि । यसमा पनि ग्ररू प्राकृतमा सरह परस्मैपदको मात्र प्रयोग पाइन्छ । ग्ररू साधारण कुरामा यसको विशेषता माहाराष्ट्रीसँग मिल्न ग्राउँछ ।

२८. माहाराष्ट्री

प्राकृत वैयाकरण र काव्यशास्त्रीहरूले माहाराष्ट्रीलाई ग्रादर्श प्राकृत मानेका छन् । यो संस्कृत नाटकहरूमा पद्यको भाषा भएको छ र हाल, प्रवरसेन; जयवल्लभ ग्रादि कविहरूले यसमा उत्कृष्ट काव्य लेखेका छन् । जैनहरूले भने माहाराष्ट्रीमा गद्य-पद्य रचना गरेका छन् र यिनीहरूको कृतिलाई हामी जैनमाहाराष्ट्री भन्छौं । चण्ड, त्रिविक्रम ग्रादि वैयाकरण-हरूले शौरसेनी र ग्रर्धमागधीको प्रसङ्गमा यसलाई प्राकृत मात्र भनेका छन् । ग्ररू वैयाकरणहरूले पनि माहाराष्ट्रीको सविस्तार वर्णन गरेर ग्ररूका छुट्टै विशेषता मात्र देखाएका छन् । यस प्राकृतको स्थान माहाराष्ट्री भनिन्छ । तर डा० मनमोहन घोषका ग्रनुसार यसको ग्राधारमा मध्यदेशको संस्कृत र त्यसपछिको मध्यदेशको भाषा थियो जुन दक्षिणमा धर्म र संस्कृतिको प्रसारका साथै फैलियो । दक्षिणमा काव्यभाषाका रूपमा यसको प्रयोग हुन थालेपछि ग्ररू क्षेत्रकाले पनि यसलाई ग्रहण गरेका हुन् ।

माहाराष्ट्रीका ग्रापना विशेषता निम्नलिखित हुन् :

यसमा स्वरमध्यगत ग्रल्पप्राण स्पर्श ध्वनिहरूको लोप हुन्छ । सबै स्वरमध्यगत महाप्राण स्पर्श ध्वनिहरूको हकार मात्र शेष रहन्छ, जस्तै– प्राकृत > पाहुद, कथं > कहं । श् र ष् पनि हकारमा परिणत हुन्छन्, जस्तै– तस्य > ताह, पाषाण > पाहाण, ग्रनुदिवसम् > ग्रणुदिग्रहं ।

ग्रपादान एकवचनमा ग्राहि जोडिन्छ, जस्तै– दूराही > दूरात् । र ग्रात् को प्रयोग पनि कहीं कहीं हुन्छ, जस्तै - गृहात् > घरा । सं० स्मिन् माहाराष्ट्रीमा म्मि हुन्छ । ग्रात्मन् शब्दको ग्रप्पा हुन्छ । कृ धातुको वर्तमान-काल सामान्यार्थमा कु बन्दछ, जस्तै– कृणोति > कुणइ । कर्मवाच्य बनाउने य प्रत्ययको इज्ज हुन्छ, जस्तै - गमिज्जइ । पूर्वकालिक क्रिया उण लगाएर बनाइन्छ, जस्तै– पृष्ट्वा > पुच्छिउण ।

२९. मागधी

मगधदेशका ग्राधारमा यस प्राकृतको नाम प्राचीन वैयाकरणहरूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मागधी राखेका हुन् । संस्कृत नाटकहरूमा तल्ला वर्गका पात्रले यो भाषा बोलेको देखिन्छ । अश्वघोषका रचनामा मागधीको पूर्वरूप भेटिन्छ तर पछि यस भाषाको प्रयोग साहित्य रचनामा कम भयो । केही विद्वान्हरू पालिलाई मागधी भन्छन् र लङ्कामा त पालिलाई त मागधी नै भनिन्छ । यसलाई 'प्राच्या' या 'गौडी' पनि भनिन्छ ।

मागधी प्राकृतमा खास विशेषता निम्नलिखित हुन् :

यसमा र् का ठाउँमा ल् को प्रयोग हुन्छ, जस्तै- राजा>लाजा । स् ष् का ठाउँमा श् मात्र प्रयोग हुन्छ, जस्तै- सप्त>शत; पदान्त विसर्गको ए हुन्छ, जस्तै-: >से ।' कहीं कहीं ज् का ठाउँमा य् हुन्छ, जस्तै- जानाति >याणादि । संयोगवस्थामा रहेको नकार द्वित्व हुन्छ, जस्तै- कन्यका> कन्नका । ऊष्म ध्वनिका साथमा आएको संयुक्त व्यंजनको समीकरण हुँदैन, जस्तै- हस्त >हश्त । च्छ् श्चमा परिवर्तित हुन्छ जस्तै- गच्छ>गश्च; क्ष को स्क मा परिवर्तन हुन्छ, जस्तै- पक्ष>पश्क ।

प्राकृत वैयाकरणहरूले मागधीका केही भेदहरूको पनि चर्चा गरेका छन् । ठूलो क्षेत्रमा फैलिएको भाषा भएकोले यसको भेद हुनु स्वाभाविक थियो । मागधीलाई प्राच्या पनि भनिन्छ र यसको पूर्वी रूपलाई गौडी भनिएको छ । मागधीका शकारी, चाण्डाली र शावरी नामक भेदहरूको चर्चा भएको छ ।

(क) शकारीमा तकारका ठाउँमा स्पष्ट तालव्य य्च आउँछ । यसमा अपभ्रंशमा झैं कारक चिह्नहरूको लोप र सम्बन्ध एकवचन अंह, आह को प्रयोग पाइन्छ । प्रत्यय पनि यसमा प्रायः देखिन्छन् ।

(ख) चाण्डालीलाई मागधीको विकृत रूप भनिएको छ । यसमा ग्रामीण शब्दहरूको धेरै मात्रामा प्रयोग हुन्छ ।

(ग) शावरी पनि मागधीकै भेद हो र यसको विशेषता सम्बोधनमा 'क' विभक्ति लाग्नु हो ।

३०. अर्धमागधी

अर्धमागधी श्वेताम्बर जैनहरूको भाषा हो । जैनहरूको धार्मिक साहित्य यसमा लेखिएकाले उनीहरूले यसलाई आर्ष, आर्षी र आदि प्राकृत भनेका छन् । पालिमा झैं यसमा पनि संस्कृतको बढी प्रभाव परेको छ । अर्धमागधीमा गद्य र पद्य दुवै लेखिएका छन् र धार्मिक साहित्यका साथै ललित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साहित्य पनि यसमा उपलब्ध छन् । अश्वघोषका नाटक, 'मुद्राराक्षस' र 'प्रबोध-चन्द्रोदय' मा यसको प्रयोग भएको छ । जैन-माहाराष्ट्री र जैन-शौरसेनीमा पनि यसको प्रभाव पर्नु स्वाभाविकै थियो किनभने जैनहरूको मुख्य भाषा नै अर्धमागधी हो ।

अर्धमागधीमा

स्वरमध्यगत व्यंजनका ठाउँमा य श्रुति देखिन्छ, जस्तै– स्थित > ठिप । स्वरमध्यगत सघोष स्पर्श रहिरहन्छन्, जस्तै– लोकस्मिन् > लोगसिं । क् ग् मा परिवर्तन भएको पनि कहीं कहीं पाइन्छ, जस्तै– एक > एग । चवर्गका ठाउँमा कहीं कहीं तवर्ग पाइन्छ (चिकित्सा > तेइच्छा), यसमा दन्त्य स् मात्र पाइन्छ, जस्तै - वर्ष > वास, श्रावक > सायग; संस्कृत त्व, त्य र वैदिक त्वाय पनि अर्धमागधीमा पाइन्छ । पदान्त विसर्ग या त शौरसेनीमा झैं श्रो हुन्छ या मागधीमा झैं ए । श्रो प्रायः गद्यमा हुन्छ । स्म को म्स हुन्छ, जस्तै– अस्मि > अम्सि ।

३१. पैशाची

पैशाची प्राकृतलाई 'भूत भाषा' वा 'ग्राम्य भाषा' पनि भनिएको छ । होर्नले पैशाचीलाई द्रविडहरूद्वारा प्रयुक्त भाषा मान्दछन् तर ग्रियर्सन भने दरद भाषालाई नै पैशाची मान्दछन् । यसका भेदहरूको चर्चा प्राकृत वैयाकरणहरूले गर्दा चूलिका, पाञ्चाल, कैकेय, शौरसेन आदि भेदहरू बताएका छन् । प्राकृत सर्वस्वमा यसका ११ भेद देखाइए तापनि ३ भेदलाई नै महत्त्व दिइएको छ, ती हुन् कैकेय, शौरसेन, पाञ्चाल । उनको विचारमा पैशाची निम्नवर्गले प्रयोग गर्ने भाषा थियो र स्थान अर्थात् देशअनुसार यसका अनेक भेद थिए । पिशाच-देशअन्तर्गत नेपाललाई पनि लिइएको छ । लक्ष्मीधरले चर्चा गरेको पिशाचदेश र त्यहाँ बोलिने भाषाहरूका विषयमा लेखेको कुरो लास्सानले पनि बताएका छन् । हुन पनि ग्रियर्सनले मानेसरह पैशाची प्राकृतको विशेषता पश्चिमोत्तरी प्राकृतको विशेषता हो र नेपालसँग यसको सम्बन्ध हुनु असम्भव होइन ।

पैशाचीमा अरूमा झैं स्वरमध्यगत वर्णको लोप यसमा भएको छैन, जस्तै मदन > मतन । (२) स्वरमध्यगत स्पर्श घोषव्यंजन पैशाचीमा अघोष बन्छन्, जस्तै गगन > गकन । (३) र् तथा ल् एक-अर्का ठाउँमा आउँछन्, जस्तै कुमार > कुमाल, फल > फर । (४) ष् का ठाउँमा स्, श् दुवै पाइन्छन्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै कुमार>कुमाल, फल>फर। (४) ष् का ठाउँमा स् श् दुवै पाइन्छन्, जस्तै विषय>विसमो, तिष्ठति>चिश्तदि। (५) ण् को न् मा परिवर्तन हुन्छ, जस्तै गण>गन।

पैशाचीका साथ चूलिका पैशाचीको पनि प्रायः नाम आउँछ। यस-बाहेक कैकेय, शौरसेनी र पाञ्चाल पैशाचीकाको चर्चा पनि प्राकृत-वैयाकरण-हरूले गरेका छन्।

(१) चूलिका पैशाचीमा र् को ल् मा परिवर्तन हुन्छ। अनि घोष ध्वनिको अघोषीकरण हुन्छ। जस्तै नगर <नकर, गिरि>किरि, जीमूत>चीमूत। यो सम्भवतः पैशाचीकै नाम हो, नभए पैशाचीको भाषिका हो।

(२) कैकेय पैशाची पनि पैशाचीकै भाषिका हो र कैकेय देशका आधारमा यसको नाम रहेको छ। यसलाई संस्कृतमिश्रित शौरसेनीको विकृत रूप भनिएको छ। यसमा ऋ को इ, ण् को न् भएको देखिन्छ।

(३) शौरसेन पैशाची शौरसेनीद्वारा प्रभावित पैशाचीको भाषिका हो। यसमा श्, ष् को स् मा परिवर्तन हुन्छ, पु० एकवचन कर्तामा ओ तथा म आउँछ; र् को ल् मा, क्ष को श्क मा र च्छ को श्च मा परिवर्तन हुन्छ।

(४) पाञ्चाल पैशाचीमा पैशाचीको भन्दा बेग्लै विशेषता देखिँदैन। यसमा 'ल भने 'र' मा परिवर्तित हुन्छ।

३२. अपभ्रंश

प्राकृतहरूसरह अपभ्रंशबारे पनि एउटा प्रश्न गरिन्छ त्यो के भने अपभ्रंश पनि लोकभाषा थियो वा केवल साहित्यकारहरूद्वारा बनाइएको नक्कली भाषा ? पालि र प्राकृतहरूसरह अपभ्रंशलाई पनि देशी भाषा मानिएको छ। स्वयम्भूले आफ्नो अपभ्रंश रामायणमा यसलाई 'गामेल्ल भास' अर्थात् गाउँले भाषा भनेका छन्। यस प्रसङ्गमा केही भाषाशास्त्रीहरू जस्तै भण्डारकर, ग्रीयर्सन, एस्० के० चटर्जी र अरू पनि यसलाई जनभाषा मान्दछन्। अर्कोतिर याकोवी, कीथ, जूलब्लाच आदि विद्वान् यसलाई जनभाषा मान्दैनन्। हुन पनि अपभ्रंश त्यस बेलाको जनभाषा नै थियो। तर पछि संस्कृतका पण्डितहरूले यसलाई बिग्रेको भाषा अर्थात् अपभ्रंश भने। भन्दाभन्दै यो शब्द जनभाषाविशेषका लागि रूढ हुन आयो। भगवान् बुद्धका विचार र शिक्षालाई जनतासम्म पुऱ्याउन बुद्धका चेलाहरूले पालि भाषाको सहारा लिएझैं तिर्थंकर महावीरका चेलाहरूले पछि यस भाषामा धेरै ग्रन्थहरू लेखे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिष्ठित भाषाका रूपमा आएपछि यसमा एकातिर साहित्य लेखियो भने अर्कोतिर जनताले बोल्ने भाषा भएकोले यसमा परिवर्तन पनि हुँदै गयो, अनि आधुनिक आर्यभाषाका प्राचीन रूप देखापर्न थाले।

मध्यकालीन आर्यभाषाको तेस्रो चरणको भाषालाई अपभ्रंश भनिन्छ। पाँचौंदेखि दशौं शताब्दीसम्म अपभ्रंश विभिन्न ठाउँमा जनताद्वारा बोलिने भाषा थियो। पन्ध्रौं शताब्दीसम्म अपभ्रंश र यसका केही विकसित रूपमा साहित्य लेखिंदै रह्यो। हेमचन्द्रले अपभ्रंशको व्याकरण विस्तारमा लेखे। बलभी नरेशको शिलालेख, काव्यशास्त्री र वैयाकरणहरूको चर्चा र त्यस युगमा रचित अपभ्रंश काव्यका, आधारमा हामी पाँचौंदेखि दशौं शताब्दीसम्मको युगलाई सहजै अपभ्रंशकाल भन्न सक्छौं।

भाष्यकार पतञ्जलिले एक ठाउँमा एउटै शब्दका धेरै अपभ्रंश हुन्छन् भनेका छन्। जस्तै, 'गो' शब्दको 'गावि', 'गोणि', 'गोता', 'गोपोतलिका' इत्यादि। तर पतञ्जलिको भनाइले कुनै भाषाविशेषतालाई संकेत गरेको जनाउँदैन। बरु यसबाट त्यस समयका जनभाषामा यी र यस्तै शब्द प्रचलित थिए होलान् भन्ने अनुमान गर्न सकिन्छ। भरत मुनिले नाटचशास्त्रमा 'आभीरोक्ति' या 'आभीर भाषा' को चर्चा गरेका छन् उनैले यसलाई 'उकार बहुला भाषा' भनेका छन्। दण्डीको भनाइमा पनि अपभ्रंश भाषा 'उकार बहुला' हो र आभीरहरूको भाषा हो। बाणले भाषाकविको चर्चा गरे। अपभ्रंश शब्द भाषाकै अर्थमा प्रयोग-चण्डले 'प्राकृत लक्षणम्' र भामटले 'काव्यालङ्कारसूत्र' मा गरे। जनताद्वारा बोलिने भाषाका रूपमा अपभ्रंशको अस्तित्व विभिन्न क्षेत्रमा आधुनिक आर्यभाषाको शुरु हुनुभन्दा अघिसम्म रह्यो। यस समयलाई भाषाशास्त्रीहरूले बाह्रौं शताब्दीसम्म ल्याएका छन्।

प्राकृत भाषाहरूको विकास अपभ्रंशका रूपमा भएकाले यसका अनेक भेदहरु देखिए जसको चर्चा वैयाकरण र काव्यशास्त्रीहरूले गरेका छन्। यसलाई अपभ्रंश, अपभ्रष्ट, अवहंश, अवहत्थ, आभीरोक्ति, ग्रामीण भाषा, देशी र देशी भाषा पनि भनेका छन्। यसमा अवहट्ठ शब्दको प्रयोग अपभ्रंशकालको अन्तिम र आधुनिक आर्यभाषाकालको शुरुको भाषाका रूपमा भएको छ। अपभ्रंशका अनेक भेद पनि देखाइएको छ। मार्कण्डेयले नागर, उपनागर, व्राचड, नमि साधुले उपनागर, आभीर र ग्राम्य, क्रमदीश्वरले नागर, व्राचड र उपनागर तथा पुरुषोत्तमले वैदर्भी, लाटी, ओड्री, कैकेयी, गौडी, र व्राचड भेद देखाए। केशवचन्द्रले व्राचड, लाट, वैदर्भ, उपनागर, नागर, बार्बर, आवन्त्य, पाञ्चाल, टक्क, मालव, कैकेय, गौड, ओड्र, पाण्ड्य,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कौन्तल, मागध, शौरसेन, सैहल, कलिग्य, वाह्लीक, कार्णाट, महाराष्ट्र, द्राविड, गौर्जर, आभीर, मध्यदेशीय र अर्धमागध गरी २७ भेद जनाएका छन्। आजका भाषाशास्त्रीहरूको विचारमा अपभ्रंशका यति कम र यति बढी भेद हुन सक्दैनन्। त्यस समयमा सबै क्षेत्रका भाषाहरूले विकास गर्दै थिए र स्थानअनुसारको भाषामा भेद हुनु स्वाभाविक पनि थियो। अतः भाषाशास्त्रीहरूले पनि अपभ्रंशका भेदहरूलाई पनि आफ्नै ढङ्गमा वर्गीकरण गर्न आवश्यक ठाने। डा० याकोबीले सनत्कुमार चरितम्को भूमिका यसका पूर्वी, पश्चिमी, दक्षिणी र उत्तरी गरी चार भेद देखाए। डा० तगारेले अपभ्रंश भाषाको ऐतिहासिक व्याकरणमा दक्षिणी, पश्चिमी र पूर्वी गरी यसका ३ भेद मात्र देखाए। अपभ्रंशका भाषाको काल उत्तर भारत र नेपालमा सांस्कृतिक, धार्मिक र जातीय सम्पर्कको काल थियो। यसै समय यस विशाल क्षेत्रका बासिन्दाहरूले उत्तर र दक्षिणका अरू भाषा-भाषीहरूसँग सम्पर्क बढाए। यसै क्षेत्रका भाषाहरू पनि एक-अर्कासँग नजीक आउँदै थिए र एक-अर्काबाट प्रभावित पनि हुँदै थिए। यस सन्दर्भमा अपभ्रंशलाई कुनै भेदहरूमा विभाजन गर्नुअघि यसको स्थितिबारे पनि विचार गर्नु आवश्यक छ। वास्तवमा अपभ्रंशका नामले जुन साहित्य हामीलाई प्राप्त छ त्यो जनता द्वारा बोलिने भाषा नभएर साहित्यिक भाषा भैसकेको थियो। त्यस भाषाको आधार मुख्यतया गुजरात, राजस्थान, अन्तर्वेद तथा पंजाबमा प्रचलित अपभ्रंश बोलीहरूमा आधारित एउटा मिश्रित साहित्यिक भाषा थियो। अचेलको गुजराती, मारवाडी तथा व्रजभाषासँग यसको साम्य बढी छ र यो खडी बोली र पञ्जाबीसँग पनि मिल्छ।

यस्तो स्थितिमा प्राकृत भाषाहरू र आधुनिक आर्यभाषाहरूको सहायताले प्राकृत भाषाहरूको संभावित भेद देखाउन सकिन्छ। ग्रियर्सनले आफ्नो भारतको भाषा-सर्वेक्षणको भूमिका [भाग १, खण्ड १] मा अपभ्रंश भाषाहरूलाई यसरी देखाएका छन्: [१] गुजरातका नागरहरूले बोल्ने नागर अपभ्रंश, [२] वैदिक युगमा सरस्वतीका किनारमा बस्ने आर्यहरूले बोल्ने भाषाको अपभ्रंश–शौरसेनी अपभ्रंश, [३] पञ्जाबका विभिन्न बोलीहरूलाई जन्माउने उपनागर अपभ्रंश, [४] गुजराती भाषालाई जन्माउने गौर्जर अपभ्रंश, [५] पञ्जाबदेखि उत्तरमा बोलिने टक्क अपभ्रंश, [६] नेपाली, कुमाउनी र गढवालीलाई जन्माउने आवन्त्य अपभ्रंश, [७] सिन्धी र लहन्दा जन्माउने व्राचड अपभ्रंश, [८] मराठीलाई जन्माउने विदर्भ अथवा दाक्षिणात्य अपभ्रंश, [९] उडिया जन्माउने उत्कल अपभ्रंश, [१०] मैथिली, मगही र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोजपुरी आदि भाषा जन्माउने मागध अपभ्रंश र [११] बङ्गला र असमिया जन्माउने गौड वा प्राच्य अपभ्रंश ।

प्राकृत भाषाहरू र आधुनिक आर्यभाषाहरूका सहायताले अपभ्रंश भाषाहरूको वर्गीकरण तल तालिका ४ मा प्रस्तुत गरिन्छ ।

तालिका ४ प्राकृत भाषाहरू अपभ्रंश भाषाहरू आधुनिक आर्य भाषाहरू

प्राकृत भाषाहरू	अपभ्रंश भाषाहरू	आधुनिक आर्य भाषाहरू
(१) मागधी	(१) प्राच्य	(१) बंगला
		(२) उडिया
	(२) मागध	(१) असमी
		(२) मैथिली
		(३) मगही
		(४) भोजपुरी
(२) अर्धमागधी	मागध	(१) अवधी
		(२) बघेली
		(३) छत्तीसगढी
(३) माहाराष्ट्री	महाराष्ट्र	(१) मराठी
		(२) कोंकणी
(४) शौरसेनी	(१) शौरसेनी	राजस्थानी भाषाहरू
	(२) नागर	(१) ब्रज
		(२) बुन्देली
		(३) कनौजी
		(४) हिन्दुस्थानी
	(३) गुर्जर	गुजराती
(५) पैशाची	(१) ब्राचड	सिन्धी
	(२) केकय	लहन्दा
	(३) टक्क	पंजाबी
(६) खस	खस	(१) पश्चिमी पहाडी भाषाहरू
		(२) गढवाली
		(३) कुमाउनी
		(४) नेपाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीय प्राकृतकाल अर्थात् अपभ्रंश-युगमा आएर पनि भाषाको विकास-क्रम चल्दै रह्यो । यस समयमा ध्वनितत्त्वीय र रूपतत्त्वीय विशेषता-लाई संक्षेपमा तल प्रस्तुत गरिन्छ ।

स्वरहरूमा अ, आ, इ, ई, उ, ऊ, ए, (ह्रस्व र दीर्घ) ओ (ह्रस्व र दीर्घ) थिए । व्यञ्जनहरूमा क्, ख्, ग्, घ्, ङ, च्, छ्, ज्, ट्, ठ्, ड्, ढ्, ण्, त्, थ्, द्, ध्, न्, ह्न्, ह्म्, ण्ह्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, व्, न्ह्, ल्ह्, ळ स्, ह्, थिए । यी ध्वनिहरूमध्ये कुनै ठाउँका अपभ्रंशका कुनै थिए र कुनैमा थिएनन् । यस कालका ध्वनिहरूमा निम्नलिखित परिवर्तन देखापर्न थाले:- [१] स्वर-परिवर्तनका प्रवृत्तिहरूले विकास गर्दै थिए [लोप, आगम इत्यादि], [२] स्वरहरूको अनुनासिकीकरण हुने प्रवृत्ति बढ्न लागेको थियो, [३] बलात्मक स्वराघातको प्रवृत्तिले विकास गर्दै थियो र यसको फलस्वरूप आद्यक्षरका स्वर धेरैजसो सुरक्षित रहन आए, [४] प्राकृतकालमा ह्रस्व भएका पदान्त स्वर झन् बलहीन भएर लोप हुने स्थितिमा पुगे । व् को ब् मा परिवर्तन र म् को व् मा परिवर्तन सामान्य प्रक्रिया भयो । य् को ज् मा र क्ष् को क्ख् मा [पश्चिममा] र च्छ् मा (पूर्वमा) परिवर्तन भयो ।

यस कालमा देखिएका विशेष परिवर्तन निम्नलिखित थिए:-[१] प्राकृत कालमा देखापरेका वियोगात्मकतामा लक्षण स्पष्ट हुँदै गए र विभक्ति र काल रचना अरू शब्दका सहायताले देखाउन थालियो । अपभ्रंशलाई उकार बहुला भाषा भनिएको छ तर अकार र ओकार पनि पु० कर्ता एकवचनमा देखिन्छ । [२] संज्ञा र काल-रचनामा सरलीकरण भयो र संयुक्त क्रियाको प्रयोग पनि देखापर्न थाल्यो । [३] नपुंसक लिंग रहेन । [४] स्वार्थे 'ड' प्रत्यय आदि देखापर्न थाले । [५] देशी शब्दहरूको संख्यामा वृद्धि हुन थाल्यो र केही विदेशी शब्दहरू पनि देखा पर्न थाले ।

६. आधुनिक आर्यभाषा र नेपाली

२३. आधुनिक आर्य भाषाकाल

मध्यकालीन आर्य-भाषाकालपछि आधुनिक आर्य-भाषाहरूको समय आउँछ । भाषाशास्त्रीहरूले यस कालको प्रारम्भ ११०० ई० पछि भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्छन् र उनीहरू यस समयलाई केही पर पनि सार्छन् । यी सबै भाषाहरूको सम्बन्ध अपभ्रंशबाट निस्केका विभिन्न भाषाहरूसँग छ भन्ने कुरो माथि नै देख इसकिएको छ । अपभ्रंशका पछि पनि साहित्य लेखिदै रहे तापनि विभिन्न आधुनिक आर्यभाषाहरूले आफ्नो रूप देखाउन थालिसकेका थिए । अपभ्रंश भाषाहरूको अन्तिम समय तथा आधुनिक आर्य-भाषाहरूको प्रारम्भिक कालको भाषालाई केही विद्वान्हरूले 'अवहट्ठ' भनेका छन् । आधुनिक आर्य भाषा-कालको प्रारम्भिक अवस्थाका भाषा नै 'अवहट्ठ' र 'डिंगल' हुन् । यस समयका केही साहित्य पनि उपलब्ध छन् जो आधुनिक भाषाहरूको निर्माण र विकास देखाउन सहयोग गर्छन् ।

३४. आधुनिक आर्य भाषाहरू र तिनको वर्गीकरण

आधुनिक आर्य भाषाहरूको वर्गीकरण गरी ती भाषालाई एक सूत्रमा बाँध्ने प्रयासमा पहिलो श्रेय होर्नलेलाई दिन सकिन्छ । उनले गौडीय भाषा-हरूको तुलनात्मक व्याकरणमा आर्य-परिवारका आधुनिक भारतीय आर्य-भाषाहरूलाई चार भागमा विभाजित गरे । उनको विभाजन यस प्रकारको छ:-

पूर्वी गौडी	पूर्वी हिन्दी [मैथिली, मगही, भोजपुरी] र बंगाली, असमिया, उडिया ।
पश्चिमी गौडी	-पश्चिमी हिन्दी [ब्रज, राजस्थानी आदि] र गुजराती, सिन्धी, पंजाबी ।
दक्षिणी गौडी	मराठी ।
उत्तरी गौडी	पहाडी भाषाहरू र गढवाली, कुमाउली, नेपाली ।

मोटामोटी रूपमा उनले उत्तरी र पश्चिमीको सम्बन्ध शौरसेनी प्राकृत र पूर्वीको सम्बन्ध मागधी प्राकृतसँग देखाएका छन् । त्यसपछि होर्नलेद्वारा प्रतिपादित भारतमा आर्यहरूको प्रदेशको सिद्धान्तका आधारमा ग्रियर्सन्‌ले आधुनिक आर्य भाषाहरूको अर्को वर्गीकरण प्रस्तुत गरे । होर्नलेले गौडीय भाषाहरूको तुल-नात्मक व्याकरणमा के भनेका थिए भने, आर्यहरू भारतमा आउँदा कम्तीमा पनि दुई हूलमा विभाजित भएर आएका थिए । पहिले आउने आर्यहरू पंजाबमा आएर बस्न थाले र पछि आउने आर्यहरूले पूर्वागत आर्यहरूलाई धपाएर उनीहरू अघिदेखि बसोबास गरिरहेकै ठाउँमा बस्न थाले । त्यसपछि ती धपिएका आर्यहरू पूर्व, दक्षिण र उत्तरतिर फिंजिए । यसकै आधारमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रियर्सनले आभ्यन्तर र बाह्यको भेद गरेका थिए। पूर्वाहत आर्यहरू बाह्य शाखाका भाषा बोल्ने भए र नवागत आर्यहरू आभ्यन्तर शाखाका। उनको यो वर्गीकरण दुईपल्ट निस्क्यो – भारतको भाषा सर्वेक्षणमा र 'इन्डियन एन्टिक्वेरी' मा। पहिलो वर्गीकरण यस प्रकार छः-

अ–बाह्य शाखा
- [क] उत्तर पश्चिमी समुदाय
  - १–लहंदा अथवा पश्चिमी पजावी
  - २–सिन्धी
- [ख] दक्षिणी समुदाय
  - ३–मराठी
- [ग] पूर्वी समुदाय
  - ४–उडिया
  - ५–बिहारी
  - ६–वंगाली
  - ७–असमिया
  - ८–पूर्वी हिन्दी

आ–मध्य शाखा
- [घ] मध्य समुदाय

इ–आभ्यन्तर शाखा
- [ङ] केन्द्रीय समुदाय
  - ९–पश्चिमी हिन्दी
  - १०–पंजाबी
  - ११–गुजराती
  - १२–भीली
  - १३–खानदेशी
  - १४–राजस्थानी
- [च] पहाडी समुदाय
  - १५–पूर्वी पहाडी अथवा नेपाली
  - १६–केन्द्रीय पहाडी
  - १७–पश्चिमी पहाडी भाषाहरू

ग्रियर्सनको दोस्रो वर्गीकरण यस प्रकार छः–

अ–मध्यदेशीय [पश्चिमी हिन्दी]

आ आभ्यान्तर [पंजाबी, राजस्थानी, गुजराती, पूर्वी हिन्दी र पहाडी भाषाहरू]

इ–बाह्य [लहन्दा, सिन्धी, मराठी, उडिया, असमिया, वंगाली र विहारी भाषाहरू]।

ग्रियर्सनको वर्गीकरणको आधार भाषाको ध्वनि, रूप र शब्दसमूहमा समानता हो। डा० चटर्जीले ग्रियर्सनद्वारा प्रस्तुत भाषा साम्यका आधारलाई आलोचना गरी आफ्नो वर्गीकरण प्रस्तुत गरेका छन्। उनको 'बंगाली भाषाको उत्पत्ति र विकास' मा प्रस्तुत गरिएको वर्गीकरण यस प्रकार छः–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. दाक्षिणात्य	३. मध्यदेशीय	५. प्रतीच्य [नागरी र नेपाली
मराठी	बुन्देली	पालि-प्रभावित]
कोंकणी	कनौजी	सिंहली
२. प्राच्य	ब्रज भाषा	मालदीवान
असमिया	हिन्दुस्थानी	६. उदीच्य
बंगाली	४. प्रतीच्य	पूर्वी पंजाबी
उडिया	मालवी	लहन्दा
मैथिली	नियाडी	सिन्धी
मगही	मेवाती	जिप्सी
भोजपुरी	गुजरी	७. उदीच्य [खस]
अवधी	जयपुरी र हतौडी	पश्चिमी-पहाडी-भाषाहरू
बघेली	पश्चिमी गुजराती	गढवाली
छत्तीसगढी	पश्चिमी मारवाडी	कुमाउनी

डा. चटर्जीको वर्गीकरणपछि पनि अरू वर्गीकरण देखापरे, तर आधार भने ऐतिहासिक, क्षेत्रीय र भाषाका विशेषता नै हुन्। ऐतिहासिक र भौगोलिक आधारमा एउटा अर्को वर्गीकरण यस प्रकार हुनसक्छः–

प्राच्य	मागधी वर्ग	मैथिली, मगही, भोजपुरी, बंगाली, असमिया, उडिया।
मध्य पूर्वी	अर्धमागधी वर्ग	अवधी, बघैली, छत्तीसगढी।
मध्यदेशीय	शौरसेनी वर्ग	ब्रज, बाँगरु, कनौजी, बुन्देली, राजस्थानी भाषाहरू, गुजराती।
दाक्षिणात्य	महाराष्ट्री वर्ग	मराठी, कोंकणी।
उदीच्य	पैशाची वर्ग	सिन्धी, लहन्दा, पंजाबी।
हिमाली	खस वर्ग	पश्चिमी पहाडी भाषाहरू, गढवाली, कुमाउनी, नेपाली।

माथि परेका आधुनिक आर्य भाषाहरू अहिलेका केही प्रमुख भाषा हुन्। सम्पूर्ण आधुनिक आर्यभाषा र भाषिकाहरूको गणना गर्ने हो भने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्यभाषाहरूको लामो सुची बनाउन सकिन्छ तर हाम्रो प्रयोजन नेपालीको उत्पत्ति र विकासक्रम देखाउने भएकोले अरू आधुनिक आर्यभाषाहरूलाई छोडी, हिमाली क्षेत्रका खस भाषाको संक्षिप्त रूपमा चर्चा गरेर नेपालीमा आउनु उपयुक्त देखिन्छ ।

३५. हिमाली भाषाहरू

ग्रियर्सनको भनाइअनुसार हिमाली भाषाहरूको क्षेत्र भारतको पंजाब राज्यको उत्तरभाग भद्रवाहदेखि नेपालको पूर्वी क्षेत्रसम्म फैलिएको छ तर यो क्षेत्र वास्तवमा अझै व्यापक छ । नेपालको पूर्वी क्षेत्रभन्दा पनि पूर्वको पश्चिम बंगाल, सिक्किम, भूटान अनि असम र नागा हिल्समा समेत यो भाषा बोलिन्छ, हिमाली भाषाको क्षेत्रमा अरू भाषाहरू पनि बोलिन्छन् । उच्च हिमाली प्रदेश र कहीं-कहीं महाभारत पर्वतमालामा पनि यो भाषा तिब्बत बर्मेली परिवारका भाषाहरूका हाराहारी बोलिन्छ र हिमाली तराई प्रदेशमा भने हिमाली भाषाका साथै कन्नौजी, पंजाबी, अवधी, भोजपुरी, मैथिली, राजवंशी आदि भाषाहरू बोलिन्छन् ।

हिमाली भाषाहरूको विभाजन ३ मुख्य समुदायमा गरिएको छ । तिनलाई विभाजित गर्ने खास आधार भाषाका विशेषता नै हुन् । पूर्वी पहाडी [नेपाली], केन्द्रीय पहाडी [कुमाउनी र गढवाली] र पश्चिमी पहाडी [जौनसारी, सिरमौरा, बघाती, किउन्थली, कुलुई, मण्डेआली, सुकेती, चमेआली, भद्रवाही, पडोरी आदि] हुन् ।

३६. पश्चिमी पहाडी भाषाहरू

हिमाली पश्चिमी भागमा बस्ने जातिहरूले बोल्ने अनेक भाषाहरूलाई पश्चिमी पहाडी नाम दिइएको छ । यो पंजाबको उत्तर पूर्वी पहाडमा भद्रवाह, चम्बा, मण्डी, सिमला, चकराता, लाहुल, स्पिति आदि ठाउँहरू र यसका छेउछाउमा बोलिन्छ । यसका प्रमुख भाषिकाहरू हुन्– सिरमौरी, बघाती, चमेआली, क्योठली र बाहिरिया सिराजी, सोदोची [सतलज वर्गका] कुलुई, भित्री सिराजी [कुल्लू वर्गका] भण्डेल्ली, मण्डेल्ली पहाडी, सुकेती [मण्डी वर्गका] भद्रवाही, पाडरी, भरेसी, [भद्रवाह वर्गका हुन्] लाइली र हमीरपुरी पनि यसै वर्गका हुन् । यो भाषा क्षेत्रमा टाकरी लिपिका अनेक रूपको उपयोग भएको पाइन्छ । तर नागरी लिपिको उपयोग अचेल हुन लागेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[केही मात्रामा उर्दू लिपिको प्रचार पनि भएको थियो, अब घटेको छ ।]

३७. गढवाली

गढवालको भाषा गढवाली हो । पुराणहरूमा यस क्षेत्रको नाम केदार खण्ड र उत्तराखण्ड पनि छ । यो टेहरी, अलमोडा र सहारनपुर, देहरादून, बिजनौर तथा मुरादाबादका केही भागमा बोलिन्छ । गढवालीका अनेक उपभाषिकाहरू छन् । श्रीनगरिया नै आदर्श गढवालीको रूपमा आउँछ । गढवाली लोकसाहित्य समृद्ध भाषा हो । यसको लिपि पनि नागरी नै हो ।

गढवालीसँग पनि कुमाउनीसित झैं नेपालीको घनिष्ठ सम्बन्ध छ । सिंजाली, गढवाली र कुमाउनी एकै भाषाका सन्तान हुन् । डोटचालीका उपभाषिकाहरूमा गढवालीका साझा बेहोरा देखापर्छन् ।

३८. कुमाउनी

कुमाउनी र सिंजालीको स्रोत एउटै हो । एकै साथ कुमाउनी, गढवाली र नेपालीले जन्मेर विकास गरेको हुनुपर्छ । यी तीनै भाषाहरू वि. सं. तेह्रौं शताब्दीसम्म एउटै हुनु सम्भव छ । तर त्यसपछि मात्र स्वतन्त्र रूपले विकास गर्न थाले । अहिले पनि पश्चिममा नेपाली र कुमाउनीको तुलना गर्दा ध्वनितात्त्विक र रूपतात्त्विक समानताहरू पाइन्छन् । भारतको १९६१ को जनगणनाअनुसार कुमाउनी भाषाभाषी १०,३०,२५४ छन् । कुमाऊँ [<कूर्माञ्चल]को भाषालाई कुमाउनी या कुमैयाँ भनिन्छ । कुमाउनी भाषा पहिले अलमोडा, नैनीताल, पिथौरागढ, चामोली र उत्तरकाशी जिल्लाहरूमा बोलिन्छ । कुमाउनीको पूर्वतिर नेपाली भाषा दक्षिणमा पांचाली हिन्दी, पश्चिममा गढवाली र उत्तरमा तिब्बती बोलिन्छ । कुमाउनी र नेपालीका साझा कवि गुमानी हुन् । यसमा अनेक भाषिका छन्– अस्कोटी, कुमैयाँ, खसपर्जिया, गंगोई, चौगखिया, चौभैंसिया, दनुपुरिया, नैनतालिया, जोहारी पछाँई, फल्दाकोटी, सिराली, सौर्याली वा सोराली । यी स्थानका आधारमा नामकरण गरिएका कुमाउनीका भाषिका हुन् । अस्कोटी, सिराली र सोरालीमा नेपाली भाषाको प्रभाव पनि देखिन्छ ।

३९. नेपाली

नेपालीलाई ग्रियर्सनले पूर्वी पहाडी भनेका छन् । यसका विभिन्न नाम, यसको क्षेत्र, विस्तार र यसका भौगोलिक र ऐतिहासिक भेदबारे पहिलो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्यायमा चर्चा भइसकेको छ । यहाँ नेपाली भाषाको ऐतिहासिक क्रमविकास-को संक्षेपमा चर्चा गरिन्छ । माथि भनेझैं नेपाली भाषाको इतिहासलाई मोटामोटी रूपमा तीनै कालमा छुट्याउन सकिन्छ ।

[क] प्राचीन नेपाली–प्रारम्भदेखि ई० को पन्ध्रौं शताब्दीसम्म ।

[ख] मध्यकालीन नेपाली–पन्ध्रौं शताब्दीदेखि ई० को उन्नाईसौं शताब्दीसम्म ।

[ग] आधुनिक नेपाली–बीसौं शताब्दीदेखि यता ।

४०. प्राचीन नेपाली

प्राचीनकालदेखि नै हिमाली क्षेत्रको पश्चिमी भागमा बद्री, केदार जस्ता पुण्यतीर्थ भएकाले भारतका विभिन्न क्षेत्रबाट आर्यभाषाभाषी जनहरू आउने गर्दथे । यसरी आउनेहरूमध्ये केही यतै बसे र पछि क्रमशः त्यहाँ बसोबास पर्ने र नयाँ आगन्तुकहरूको संख्या बढ्दै जाँदा त्यस क्षेत्रमा आर्य भाषाभाषीहरूको बसोबास बढ्यो । यस्तै किसिमले काश्मीरतिरबाट आउने-हरू पनि यसै क्षेत्रमा फिजिए र मिलेर बसे । गङ्गाको मैदानतिरबाट आउने-हरूको आगमन बन्द भएको थिएन र बाहिरबाट भारतमा प्रवेश गर्नेहरूमा पनि केही यतातिर लागे । पछि भारतमा मुस्लिम आक्रमण शुरु भएपछि पहाडी क्षेत्रमा आउनेहरूको संख्या बढ्यो । यी मुस्लिम आक्रमणद्वारा पीडित शरणार्थीहरूमा धेरैजसो कुमाउँ-गढवालमा आए तर नेपालका तराई हुँदै यिनीहरू पहाडी क्षेत्रमा पनि उक्ले । यसरी क्रमशः नेपालको कर्णाली, गण्डकी र बागमती क्षेत्रमा आर्यभाषाभाषी जनहरूको प्रसार भयो । कर्णाली क्षेत्रमा अघिदेखि आएर बसेका खसहरूका बीचमा केही कुमाउँ गढवालतिरबाट आउनेहरू र केही तराईबाट सोझैं पस्नेहरू मिसिएर बसे । तर शुरुमा विशेष प्रभुत्व चाहिं खसहरूको नै थियो । [हेर्नोस्: यसै ग्रन्थको परिशिष्टमा खस भाषा, जाति र संस्कृति] । पश्चिमी क्षेत्रमा जनसंख्याको घनत्व र आवादी जग्गा-जमीनको कमीले गर्दा पुराना र नवागन्तुक खस, ठकुरी र बाहुनहरू क्रमशः पूर्वतिर बढे अनि क्रमशः गण्डकी, बागमती र कोशी क्षेत्रमा फिंजिए । यसै बेला अलाउद्दीन खिलजीले १३०३ मा चित्तौरमाथि आक्रमण गर्दा रत्न-सिंहका भाइ छोरा यताउता लागे । उनका भाइ कुम्भकर्णका सन्तान कुमाऊँ आए र त्यसपछि पाल्पा गई आफ्नो राज्य विस्तार गर्न थाले । यिनको भाषा शौरसेनी अपभ्रंशबाट विकसित राजस्थानी थियो । [हेर्नोस्: सूर्यविक्रम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झँवाली: नेपाली भाषाका विकासको संक्षिप्त इतिहास]। पूर्वतिर लागेका यी खस बाहुनहरूको भाषालाई गुरुङ, मगर, तामाङ, नेवार, राई, लिम्बू आदि भाषाभाषीहरूले खस कुरा भने। नेपाली भाषाको यस युगमा हामी क्राचल्ल, अशोकचल्ल, जितारीमल्ल, रिपुमल्ल, आदित्यमल्ल, पुण्यमल्ल, पृथ्वीमल्ल, कर्णाली अञ्चलका राजाहरूले आफ्नो राज्यविस्तार गरेको पाउँछौं भने त्यो विशाल खस-राज्य पृथ्वीमल्लपछि टुक्रिएको पनि पाउँछौं। यसरी टुक्रिए तापनि नेपाली भाषाभाषीहरू पहाडी क्षेत्रमा जताततै फैलिन थाले र भाषाका माध्यमले अखण्ड हुने आधारशिला बनाए।

नेपाली भाषाको प्राचीनकाल यसको प्रथम प्रसारकाल हो, यसवेला यसको मूल स्थान पश्चिमी नेपालको खसान भए तापनि यो पूर्वी पहाडी क्षेत्रहरूमा पनि फैलन थालेको थियो। तेह्रौं शताब्दीको अन्ततिर काठमाडौं-मा आक्रमण गर्न आउने खस राजा जितारीमल्ल र त्यसपछि आउने रिपुमल्ल र आदित्य मल्लको साथमा आउने केही प्राचीन नेपाली भाषाभाषी यतै बसे। आदित्यमल्लको नेपालीमा लेखिएको ई० सं० १३२१ को अभिलेख गोर्खा जिल्लाको 'ताघवाइ' नामक एउटा गुम्बामा भेटियो र यही अहिलेसम्म प्राप्त नेपाली भाषाको सर्वप्राचीन नमूना हो। [हेर्नोस्: मोहनप्रसाद खनालको मध्यकालीन अभिलेख, पृ० १-८]। मोटामोटी रूपमा आधुनिक आर्य-भाषा-हरूको समय १००० ई० पछि शुरु हुन्छ। यसै समयका र यसपछिका नमूना हामी प्राचीन बङ्गाली, मैथिली, गुजराती, मराठी, राजस्थानी, भाषा-हरूका पाउँछौं भने प्राचीन नेपालीका लिखित नमूना पनि १३२१ ई० सम्मका पाउँछौं। यसरी आदित्यमल्लको ताम्रपत्र [१३२१], पुण्यमल्लका ताम्रपत्रहरू [१३२८, १३३६, १३३७ ई०], पृथ्वीमल्लको कनकपत्र [१३५६ ई०] र ताम्रपत्र [१३५८ ई०] अभयमल्लको ताम्रपत्र [१३४६ ई०], मेदिनी-वर्माको ताम्रपत्र [१३९३ ई०], संसारवर्माको ताम्रपत्र [१३९६ ई०], बलि-राजको ताम्रग्रन्थ [१३९८ ई०], मेदिनीवर्मा र आजितवर्माको ताम्रपत्र [१४३७ ई०], विवोषशाहीको ताम्रपत्र [१४९८ ई०] आदि ताम्रपत्रहरूमा प्राचीन नेपालीका नमूना पाइन्छन्।

पूर्वी नेपाली र केन्द्रीय नेपालीको ऐतिहासिक विभाजनबारे लेखकको 'कर्णाली लोक संस्कृति: खण्ड ४ भाषा' मा परेको 'नेपाली र सिंजालीको ऐतिहासिक सम्बन्ध' नामक लेखमा भाषावंश-विज्ञानका आधारमा स्पष्ट गरिएको छ। त्यस निष्कर्षअनुसार पूर्वी र केन्द्रीय भाषिकाहरूको विभाजन १२५५ ई० देखि १५३३ ई० का बीचमा भयो। पूर्वी र केन्द्रीय भाषिका-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूको विभाजनबारे यसले केही संकेत गरेको छ । यस अध्ययनको निष्कर्ष-लाई ऐतिहासिक तथ्यसँग मिलाएर हेर्दा पनि नेपाली भाषाको प्राचीन काल पन्ध्रौं शताब्दी ई० सम्म मान्नु उपयुक्त नै देखिन्छ ।

४१. मध्यकालीन नेपाली

मध्यकालीन नेपालीको समय ई० को सोह्रौं शताब्दीदेखि प्रारम्भ हुन्छ र ई० को उन्नाईसौं शताब्दीसम्म रहन्छ । सुविधाका लागि हामी यस काललाई पूर्वमध्यकाल र उत्तरमध्यकालमा विभाजित गर्न सक्छौं । नेपालको एकीकरणभन्दा अघिको समय नेपाली भाषाको पूर्वमध्यकाल हो भने त्यसपछिको उत्तरमध्यकाल हो ।

पूर्वमध्यकाल नेपाली भाषा-भाषीहरूको दोस्रो प्रसार युग हो । सोह्रौं शताब्दीसम्म पनि भारतमा छिमेकी राज्यहरूबाट पहाडी क्षेत्रमा उक्लने र पश्चिमतिरबाट पूर्वतिर बसाइ सर्ने क्रम छुटेको थिएन, मुसलमानहरूको आक्र-मणबाट बच्न अब कुमाऊँ पनि सुरक्षित ठाउँ रहेन । त्यसकारण कन्नौजका ब्राह्मणहरू राजस्थानका राजपूतहरू र कुमाऊँ तथा गढवालका खस-बाहुनहरू पनि नेपालमा पस्न थाले । १६२० ई० मा जहाँगीरले गढ-कुमाऊँमा आक्र-मण गरेपछि आफ्ना जन, धन र धर्मको रक्षाको लागि धेरै नेपाल पसे । यी नवागन्तुकका साथ आफ्नै ब्राह्मणहरू आफ्नो धार्मिक आचरणमा कट्टर भए तापनि अघिदेखि नै यहाँ आएर बसेकाहरू आफ्नो आचार-विचारमा केही उदार थिए । अतः पूर्वागत 'पूर्बिया' हरू र नवागत 'कुमैंयाँ' हरूका रीति-रिवाजमा केही भिन्नता भए तापनि (हेर्नोस्: कालिभक्त पन्त: हाम्रो सांस्कृतिक इतिहास पृ० ५–५३) यता आएपछि उनीहरूको भाषामा भने कुनै अन्तर बाँकी रहेको छैन ।

सोह्रौं शताब्दीमा नेपाली भाषाभाषीहरूको विस्तार अझ द्रुतगतिमा भयो । पाल्पाका सेनवंशी राजा मुकुन्दसेनको (१५१८–१५५३) राज्य विस्तार भएकाले नेपाली भाषाभाषीहरू पूर्वी क्षेत्रमा फैले र नेपाली भाषाले भोजपुरी र मैथिलीका साथै भोट-बर्मेली भाषाहरूबाट पनि प्रभाव ग्रहण गर्‍यो । पछि सत्रौं शताब्दीमा केही नेपाली भाषा-भाषीहरू बिहारको राम नगरमा आएर बसे । यस समयमा नेपाली भाषाले गण्डकीक्षेत्रमा मौलाउने मात्र होइन विकसित हुने मौका पनि पायो । तराईसँग गाँसिएका क्षेत्रहरूमा विशेषतः अन्य सवर्ण भाषाहरूको प्रभाव यसमा देखियो भने छिमेकी भाषाहरू-मार्फत अर्बेली-फार्सेलीका शब्दहरू पनि नेपालीमा देखिन थाले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस समयमा काठमाडौंमा मल्ल राजाका तीन राज्य थिए। यहाँको मुख्य भाषा नेवारी थियो तर मैथिली पनि मल्ल राजाहरूको समयको प्रमुख साहित्यिक भाषा थियो। यस वेलासम्म नेपालीको प्रसार यहाँसम्म भइसकेको थियो भन्ने कुरा लक्ष्मीनृसिंह मल्लको शिलालेख (१३४१) र प्रतापमल्लको शिलालेख (१६७०) बाट स्पष्ट हुन्छ।

सोह्रौं शताब्दीपछि कर्णाली अञ्चलमा स-साना बाईसे राज्यहरू थिए तापनि उनीहरूले प्रयोग गरेका नेपाली भाषाका नमूना प्रशस्त मात्रामा पाइन्छन्। भानशाही, मूर्तिशाही, संग्रामशाही, साइमलशाही, वीरभद्रशाही, जहाँगीरशाही, सुरथशाही, सुदर्शनशाहीका अभिलेखहरूले पूर्वमध्यकालीन नेपालीको केन्द्रीय भाषिकाका नमूना देखाउँछन्। पूर्वी भाषिकाका नमूना हामी लक्ष्मीनृसिंह मल्ल र प्रतापमल्लको शिलालेखमा तथा गंभाविष्णु द्विज र लीलाम्बरका 'अजीर्णमंजरी' मा पाउँछौं। यस्तै पश्चिमी भाषिकाका नमूना हामी वाणीविलासको 'ज्वरोत्पत्ति चिकित्सा' (१७१६) र प्रेमनिधि पन्तको 'प्रायश्चित्त प्रदीप' (१७२३) तथा 'नृपश्लोकी' मा पाउँछौं। सन् १६५० ई० तिर लेखिएको 'बाजपरीक्षा' मा ब्रजभाषाको प्रभाव देखिन्छ।

मुस्लिम धर्मावलम्बी चुरेटाहरू नेपालका पहाडी क्षेत्रहरूमा बाईसे-चौबीसे राज्यकालमा पूर्वी र पश्चिमी भागहरूमा फिंजिए भन्ने कालीभक्त पन्तको भनाइ छ। चुरा बनाएर स्थानीय जनताका बीच बेच्ने यी चुरेटाहरूले पहाडीक्षेत्रमा बस्ने आश्रय पाए। आफ्नै भाषा लिएर आएका यी पहाडी मुसलमानहरूको भाषामा नेपालीको प्रभाव पर्‍यो र बिस्तारै एउटा उर्दू मिश्रित नेपालीको जन्म भयो। यसैलाई बालकृष्ण पोखरेलले चुरेटी नेपाली भनेका छन्।

नेपाली भाषा-भाषीहरू यस अवधिमा पहाडी क्षेत्रमा व्यापक रूपमा फिंजिए। पश्चिमबाट पूर्वतिर आउने नेपाली भाषा-भाषीहरूको संख्या बढेकाले यहाँका भोट-बर्मेली भाषा-भाषीहरूका बीच आपसी सम्पर्कका लागि माध्यम भाषाका रूपमा नेपाली भाषा आयो। यो नेपाली भाषा घेरैजसो चौबीसे राज्यहरूमा प्रशासनको माध्यम थियो भने काठमाडौं उपत्यका र त्यसभन्दा पूर्वका क्षेत्रमा बस्नेहरूको पनि सम्पर्क-भाषा थियो। नेपाली भाषा यत्ति व्यापक भइसकेको हुनाले नै श्री ५ बडामहाराज पृथ्वी नारायण शाहबाट नेपालको एकीकरण गर्न सजिलो भयो।

उत्तरमध्यकाल नेपाली भाषाको तेस्रो प्रसार-युग हो। विशाल नेपालको निर्माणपछि स-साना राज्यहरू विशाल राष्ट्रमा मिसिएकाले बसाइ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्ने क्रमलाई यस एकीकरणले सजिलो बनायो । नेपालीहरू तराईमा झरे, पहाडका कुना-कुनामा फैले र नेपाली भाषा एकीकृत नेपालको प्रशासनको माध्यम भयो । राजेन्द्रलक्ष्मी र बहादुर शाहको नायबीमा नेपालको विस्तार पूर्व टिस्टादेखि पश्चिम काँगडासम्म हुँदा कुमाऊँ पनि नेपालभित्र पऱ्यो र त्यसमा नेपाली भाषाको प्रभाव पऱ्यो । नेपाली भाषा-भाषीहरू बसाइ सर्दै दार्जिलिङ्ग र भुटानमा मात्र फैलेनन् उनीहरू जङ्गलै-जङ्गल आसाममा पनि पुगे । सुगौली सन्धि (१८१५ ई०) पछि नेपालको राजनीतिक सीमारेखा तोकिए पनि नेपाली भाषाको विस्तार भने अवरुद्ध भएन । १८२० ई० मा नै कलकत्तास्थित फोर्ट विलियम कलेजका प्राध्यापक जे० ए० एटनले नेपाली भाषाको पहिलो व्याकरण लेखे । भीमसेन थापाको प्रधानमन्त्रित्व कालमा नेपाली सेनामा अंग्रेजीकरण हुँदा धेरै अंग्रेजी शब्द नेपालीमा आए । त्यसपछि अंग्रेजहरूसँग सम्बन्ध बढेकाले पनि अंग्रेजी शब्दहरूको आगमन बढ्यो । १८८५ ई० तिर ब्रिटिश फौजमा नेपाली जवानहरूको भर्ती गर्ने व्यवस्था भयो । त्यसपछि नेपालबाहिर जाने मगर, गुरुङ, राई, लिम्बू, नेवारी आदि भाषा-भाषीहरूले नेपाली भाषाको नै प्रयोग गरे ।

यसै समयमा छिमेकी भारतमा अघिदेखि नै ब्रज भाषा विशेषरूपमा कविताको स्वीकृत भाषा भएकाले, त्यसको प्रभाव लिखित नेपालीमा पाइन्छ तर मैथिली र भोजपुरीको प्रभाव पनि केही मात्रामा देखिन्छ । त्यस्तै नेपाली भाषा, मगर, गुरुङ, थकाली, तामाङ, चेपाङ, नेवारी, धामी, राई, लिम्बू, सुनुवार, लेप्चा, धिमाल आदि भोट-बर्मेली र थारू, दरै, दनुवार, कुमाले, आदि भारोपेली परिवारका तथा नेपालीकै केन्द्रीय तथा पश्चिमी भाषिका क्षेत्रमा पनि फैलेकाले यी भाषाहरूबाट विभिन्न ठाउँमा बोलिने नेपाली भाषा प्रभावित भयो भने नेपालीको प्रभाव यी भाषाहरूमा पनि पऱ्यो । भारतका छिमेकी भाषाहरूमार्फत नेपालीमा पुर्तगाली भाषाका शब्दहरू, आए र प्रशासनको स्तरीकरणको क्रममा अड्डाअदालतमा अर्बेली-फार्सेली शब्दहरू पनि आए । भारतमा ब्रिटिश-शासनपछि पनि अड्डाअदालतको स्वीकृत भाषा फार्सेली भएकाले नेपालीमा पनि अर्बेली-फार्सेली शब्दहरू आउनु स्वाभाविक थियो ।

उत्तरमध्यकालमा नेपाली भाषाले गण्डकी क्षेत्रलाई छोडेर बागमती क्षेत्रलाई आफ्नो केन्द्र बनाउन थालेको थियो तापनि त्यसबेला नेपाली भाषा र यसका वक्तालाई गोर्खाली नै भनियो । स्वयं आधुनिक नेपालका निर्माता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बडामहाराज पृथ्वीनारायण शाहका चिट्ठीहरू, उनको 'दिव्योपदेश', शक्तिवल्लभको हास्यकदम्ब' को नेपाली उल्था (१८७१ ई०) 'गोर्खा वंशावली' र 'पृथ्वीनारायण शाहको जीवनी', भानुदत्तको 'हितोपदेश, मित्रलाभ (१७७६ ई०) जस्ता कृतिका साथै 'औषधीग्रन्थ', 'लक्ष्मी-धर्म सम्वाद', 'बाजहोत्र'; 'तुलसीस्तव', 'वाग्मतीस्तम्भलेख', 'मुन्सीका तीन आहान', राजधर्म' 'गीत 'गोविन्द', 'मुद्राराक्षस', पुराण, महाभारत र रामायणका अनुवाद जस्ता प्रशस्त गद्य कृतिहरू पाइन्छन् ।

अहिलेसम्म उपलब्ध पद्यहरू पनि नेपालको निर्माणपछिका नै फेला-परेका छन् । सुवानन्दको पृथ्वीनारायण शाहको विषयमा लेखिएको कविता र 'साँड्याको कविता', उदयानन्द, शक्तिवल्लभ, दैवज्ञ केशरी र विद्यारण्य-केशरी अर्यालका पद्यहरू, इन्दिरस, वीरशालि पन्त, यदुनाथ पोखरेल र रघुनाथ पोखरेलका कविताहरू यसै समयका हुन् । भानुभक्त आचार्य नै यस युगका प्रतिनिधि कवि भए, जसको रामायण नेपाली भाषाको प्रसारमा विशेष रूपले सहायक भयो । उन्नाईसौं शताब्दीको अन्ततिर मोतीराम भट्टले नेपाली भाषाको उन्नतिका निम्ति विशेष रूपले सक्रियता देखाए । उनले भानुभक्तका रचनाहरू छपाए, सामूहिक रूपमा साहित्य सिर्जना गर्ने चलन चलाए, नेपालीमा नाटकहरूको अनुवाद गरेर उर्दू र हिन्दीका नाटक खेलिने दरबारमा नेपाली नाटकहरूको अभिनय गर्ने बाटो देखाए अनि पुस्तक र पत्रिकाहरूको प्रकाशनतिर ध्यान दिएर नेपाली भाषाको आधुनिक युगको जग हाले । उनका भाषामा नै हामी आधुनिक नेपाली भाषाको बीज पाउँछौं तापनि भानुभक्त-कालीन भाषाका लक्षण पनि उनका कृतिमा देखिन्छन् । अतः हामी 'गोरखा-पत्र' को प्रकाशन (१९०१ ई०) पछिको भाषालाई आधुनिक नेपाली भन्छौं ।

४२. आधुनिक नेपाली

मोटामोटी रूपमा १९०१ ई० पछि नेपाली भाषा आधुनिक युगमा प्रवेश गर्छ । गोरखापत्र' को प्रकाशनका साथ नेपाली लेखन शैलीले बोलचालको सरल र स्वाभाविक बाटो लिन्छ । नेपाली भाषाको वर्ण, व्याकरण र शब्द भण्डारमा परिवर्तन देखापर्छ । नेपाली भाषाको व्याकरण र शब्दकोषको निर्माण हुन्छ । पुस्तक पत्रिकाहरूको संस्थाहरूको स्थापना र प्रकाशनमा क्रमिक वृद्धि, पठन-पाठनको माध्यमका रूपमा नेपालीको प्रयोग भारतीय विश्वविद्यालयहरूमा नेपाली विषय परीक्षामा राखिनु आदि महत्त्वपूर्ण घटना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बीसौं शताब्दीका पूर्वार्धका (अर्थात् १९५० सम्मका) हुन् । सन् १९५१ को प्रजातन्त्रप्राप्तिपछि पत्रपत्रिका र संस्थाहरूको सङ्ख्या बढ्यो, नेपाली भाषामा हिन्दी र अंग्रेजीको प्रभाव देखियो भने त्यस्ता प्रभावलाई पन्छाउन झर्रोवादी आन्दोलन पनि थालियो । विभिन्न विषयका पुस्तकहरू प्रकाशित भए, देश-विदेशका रेडियोबाट नेपालीमा समाचार र विविध कार्यक्रम प्रसारित हुन थाले र देश-विदेशमा नेपाली भाषाको अध्ययन र अनुसन्धान हुन थाल्यो । विश्वविद्यालय र अन्य संस्थाहरूको स्थापना भयो, नेपाली भाषाले नेपालको संविधानमा राष्ट्रभाषाका रूपमा संवैधानिक मान्यता पायो र शिक्षा र प्रशासनका माध्यमका रूपमा नेपालीको व्यापक रूपमा प्रयोग गरियो । यातायात र सञ्चार, प्रशासनिक विकेन्द्रीकरण तथा पञ्चायतका माध्यमले स्थानीय नेतृत्वका लागि प्रेरणा मिलेकाले नेपाली भाषाको विशेषरूपले प्रचार भयो । नेपाली भाषाको आधुनिक युग नेपाली भाषाको चौथो प्रसार-युग हो । राजधानी भएकाले यस भाषाको केन्द्र अब काठमाडौं नै भयो, यद्यपि यो उत्तरमध्यकालमा गण्डकी क्षेत्रमा प्रचलित रूपमा आधारित थियो । नेपाली भाषाभाषीहरू पहिलो र दोस्रो महासागरमा संसारका कुनाकुनामा गएर लडे । यसरी बाहिर गएकाहरूमध्ये केही बर्मामा बसे र त्यहाँ नेपालीहरूको समाज बस्यो । त्यस्तै १९४७'मा ब्रिटिश फौजका नेपालीहरूको विभाजन हुँदा ४ रेजिमेन्ट ब्रिटेनको भागमा परेकाले यिनीहरूको मुख्य स्थान मलाया र सिंगापुर भयो र यी ठाउँहरूमा पनि नेपाली-भाषाहरूको समाज बन्यो । यता भारतीय फौजमा भर्ती भएका र अरू किसिमका काममा लागेका नेपालीहरू भारतका उत्तर प्रदेश, बिहार, बङ्गाल, आसाम र अरू राज्यहरूमा तथा सिक्किम र भूटानमा स्थायी रूपले बसे । नेपालभित्र पनि पहाडबाट तराईतिर झर्ने, तराईबाट पहाडमा उक्लने, पूर्वबाट पश्चिम र पश्चिमबाट पूर्वतिर बसाइँ सर्ने क्रम चलेकाले नेपाली भाषाका विभिन्न भाषिकाका वक्ताहरूमा पनि एक-अर्काको भाषिकाको प्रभाव पऱ्यो तर सर्वतिर पूर्वी भाषिकामा आधारित राष्ट्रभाषाको नै प्रसार-प्रचार भयो ।

७. नेपालीका भाषिका

४३. नेपाली भाषाका तीन भाषिका

नेपाली भाषाका भाषिकाहरूका सम्बन्धमा अहिलेसम्म पनि निश्चित रूपमा भन्न भाषाशास्त्रीहरू असमर्थ नै छन् । यस विषयमा ग्रियर्सनले आफ्नो भारतको भाषा-सर्वेक्षणमा नेपालीका विषयमा चर्चा गर्दा नेपालीका पाल्पा र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्इ भाषिका बताएका थिए। टर्नबुलको व्याकरण दोर्जिलिङ्गी भाषिकामा आधारित थियो। गङ्गाप्रसाद प्रधानले दोर्जिलिङ्गी भाषिकामा नै बाउबलको अनुवाद गरे र पत्रिका निकाले। सूर्यविक्रम ज्ञवालीको नेपाली भाषाका विकासको संक्षिप्त इतिहासमा पनि दोर्जिलिङ्गी भाषिकाको विशेषताहरूको संक्षेपमा चर्चा भएको छ। त्यसैमा जुम्ला र डोटीको नेपाली आदर्श नेपाली-भन्दा निकै भिन्न भएको कुराको पनि चर्चा छ। राहुल सांकृत्यायनको सम्पादनमा प्रकाशित भएको 'हिन्दी साहित्यको बृहत् इतिहास' को सोह्रौं भागमा नेपालीका चार उपभाषा भनिएको छ र पूर्वी नेपाली, मादी नेपाली (बूढी गण्डकी-क्षेत्रको), केन्द्रीय नेपाली (गोर्खा र उपत्यकाको), पश्चिमी नेपाली (जुम्ला, डोटी, अछामको) भनेर विभाजन गरी ६ नमूना दिइएका छन्। यस्तै दयानन्द श्री वास्तवले 'नेपाली भाषा, यसको इतिहास र विकास' (१९६२ ई०) मा नेपालीका चार भाषिका बताएका छन्– पूर्वी नेपाली (धनकुटा र इलामको), केन्द्रीय नेपाली (आदर्श नेपाली) मादी नेपाली र पश्चिमी नेपाली (डोटियाली र कर्णाली)। बालकृष्ण पोखरेलको 'नेपाली भाषाको कथा, (१९६२) मा नेपालीका तीन भाषिका देखाइएका छन्– जुम्ली, डोट्याली र पर्वते। उनको पश्चिमा नेपाली–एक वास्ता (रचना, ३।५) मा पनि खसानी (जुम्ली) अर्थात् माझाली डोट्याली (डोटेली) अर्थात् पश्चिमा र गोर्खाली (पर्वती) अर्थात् पूर्वेली भनेर ३ भाषिका नै देखाइएको छ। उनले राष्ट्रभाषा (१९६५) मा पनि नेपालीका मुख्य तीन भाषिका पश्चिमी केन्द्रीय र पूर्वी भनेर तिनका विशेषताको चर्चा गर्दै केही शब्द दिएका थिए। तर राष्ट्रभाषाका पछिका संस्करणमा पोखरेलले नेपालीका ५ भाषिकाको नाम दिएका छन्: पूर्वेली, माझाली, ओर पच्छिमा, मझ पच्छिमा र पर पच्छिमा। टी० डब्ल्यू० क्लार्कले आफ्नो नेपाली परिचय (१९६३) मा पनि नेपालीका तीन भाषिका अर्थात् पश्चिमी पूर्वी र केन्द्रीय नै दिएका छन्। नेपाली भाषाका भाषिकाहरू मुख्यतः तीन नै हुन्। यिनका स्थानीय भेदहरू पनि छन् तर स्थानीय भेदहरूको अध्ययन अझै राम्ररी हुन नसकेकोले कुनै भाषिका भित्र राखिएका उपभाषिकाहरूमा भिन्नता आउँदा अर्को भाषिका मान्ने अवस्था पनि आउन सक्छ। यसरी अहिलेलाई नेपाल-भित्र बोलिने नेपालीका तीन भाषिका नभनेर भाषिका-समूह भन्नु उचित देखिन्छ र यहा नेपाली भाषाका तीन भाषिका समूहको संक्षेपमा चर्चा गरिन्छ। ती तीन भाषिका-समूह हुन्– पश्चिमी, पूर्वी र केन्द्रीय।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४४. पश्चिमी नेपाली

पश्चिमी नेपाली महाकाली र सेती अञ्चलका बैतडी, डँडेल्धुरा, दार्चुला, डोटी, बाजुरा र बझाङको चिरबुङ्गलमा बोलिन्छ । नेपालमा सबभन्दा बढी प्रतिशत नेपाली भाषाभाषी यसै क्षेत्रमा छन् । यस क्षेत्रको पूर्वतिर सुर्खेत, डोटीको फुलोटी खोला र बझाङ पर्छ, जहाँ पूर्वी तथा केन्द्रीय नेपाली बोलिन्छन् । यसको दक्षिणतिर कैलाली र कञ्चनपुर पर्छ, जहाँ नेपालभित्र विशेषतः थरुवानी र अवधी बोलिन्छन् । पश्चिमपट्टि कुमाऊँको पिथौरागढ तथा सोर प्रगन्ना पर्छ जहाँ कुमाउनीको सोराली भाषिका बोलिन्छ र उत्तरतिर पश्चिमोत्तर भोट र पूर्वोत्तर बझाङ पर्छ जहाँ भोट-हिमाली परिवारका भाषा र केन्द्रीय नेपाली बोलिन्छन् ।

पश्चिमी नेपालीका खास आफ्ना विशेषतालाई संक्षेपमा यसरी देखाइन्छ । यसमा भूत कृदन्तको निर्माण बट, बटि, बरे का सहायताले हुन्छ; जस्तै- भुणिबट, भुणिबटि, भुणिबर, भूणिबरे । यसमा भविष्यत् कृदन्तको निर्माणमा या (केने० त्या, पूने० ने) आउँछ र समीभवन हुन्छ, जस्तै–गद्द्या, रस्स्या, छाड्या, हाँस्स्या, तर स्वरान्त धातुमा ना पनि हुन्छ जस्तै–झाना, खाना । यसमा व्यंजनान्त संज्ञार्थक कृदन्त पनि समीभूत रूपमा आउँछ, जस्तै– गद्दु, बस्सु, छाड्डु, झानु, हुनु, खानु । हेत्वर्थक कृदन्तमा अन् प्रत्यय लागेको हुन्छ, समीभवन हुँदैन, जस्तै- गरन् (गर्न) भणन्, औन् । समय र सातत्यबोधक कृदन्त रूपमा समीभवन हुन्छ, जस्तै गद्दा, बस्सा, छाड्डा । वर्तमान कृदन्तरूप पनि यसरी नै समीभूत भएर बन्छ जस्तै- गद्दो, बस्सो, छाड्डो । तर स्वरान्त धातुका झानो, खानो र स्त्रीलिंगमा झानी, खानी बन्छन् । यसका क्रियाको वर्तमान कालको रूप गरन्छ, गरन्छी, भणन्छ, भणन्छी यसरी चलाइन्छ । बहुवचनमा गद्दाहन्, गद्दान् (गर्छन्) बन्छन् । क्रियाको वर्तमान काल उत्तमपुरुष एकवचनमा गद्दौं र बहुवचनमा पनि त्यही हुन्छ । (तु. गद्दान्) । भविष्यत्-कालमा स्वरान्त धातुको रनान् (रहलान्) खानान्, झानान् र व्यंजनान्त धातुको गरन्ना, भणन्ना हुन्छन् । (तुल० केने० गर्नान्, हुनान् भानुभक्त हुनन्, गर्नन्) । अकरण क्रिया यसरी बन्छ– नाथी, आथिन (तुल० छियोन, छिएन, केने०; थिएन, पूने; ह्लाति, ह्लातन्, कुमा०; निछ, निछन्, गढ०) । यसमा पूने० मा झैं भूतकालको थ पाइन्छ जस्तै– मुइ थ्यु, हम थ्या (तर कुमाउनी मुइ छ्यु, हम् छ्या; मु छियाँ, हामी छियूँ, केने०) । मध्यम पुरुष सर्वनाम 'तिमी' यसमा छैन, तम् (तँ, तिमी) र तैं (तिमी) बाद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम लिइन्छ। उत्तमपुरुष सर्वनामको रूप यसमा मुइ छ (तुल० केने० मुं, पूने० म) यस्तै अन्य पुरुषमा तो छ। तुल० केने० तों पूने० त्यो)। सम्बन्ध बहुवचनमा सर्वनामले हमरान्को, तमरान्को, उनरान्को रूप लिन्छन्, साधारणतः सम्बन्ध बहुवचन हमरो र उनुन्कोले एकवचन आदरार्थीको काम गर्छन्। यसमा 'र' योजक छैन, लै (पनि)- ले काम गर्छ। निश्चयार्थक इ जोडेर पनि यसको काम लिइन्छ, जस्तै- बाबाई चेलाइ (बाबु र छोरा) तर सेती अञ्चलतिर भने रे तथा संभवतः र पनि प्रयोग हुन्छ, जस्तै- राम रे श्याम। यसमा कर्तरि बाहेक कर्मणि र भावे प्रयोग पनि पाइन्छ, जस्तै कर्मणी प्रयोग- रामले चेलो पायो, सीताले चेलो पायो, रामले चेली पाई, सीताले चेली पाई। भावे प्रयोग- रामले चेलीलाई धेक्यो, सीताले चेलीलाई धेक्यो।

पश्चिमी नेपालमा देखिने केही ध्वनिसम्बन्धी विशेषता निम्नलिखित हुन्:

(१) समीभवन गर्दो > गद्दी, पर्दो > पड्डो, सिस्नो > सिन्नो, खास्टो > खाट्टो। (२) अघोषीभवन- सिगान > शिकान, रगत > रकत, भगवान् > भकवान्। (३) महाप्राणीभवन- जान्या > झान्या, अर्को > अर्खो, देखी > धेकी। (४) र को ड मा परिवर्तन-पर्दो > पड्डो, राम्रो > रामडो। (५) स्वरलोप- कलेजो > कल्जो। (६) व्यंजन-लोप गर्नु > अर्नु घरको काम > घरो काम, घरकी स्वास्नी > घरै स्वास्नी।

रूपतत्त्व- पश्चिमी नेपालीमा व्याकरणात्मक लिंगको विशेषता पाइन्छ र कुरडी, नीत, पाली जस्ता शब्दका साथ स्त्रीलिंगी क्रियाको प्रयोग हुन्छ। यो प्राचीन नेपालीको विशेषता हो। यसमा नाम बिकारी र अविकारी दुवै प्रकारका छन्। विकारी ओकारान्त नाम बहुवचन र तिर्यक्‌मा अकारान्त बन्छन्।

पश्चिमी नेपालीका कारकीय चिह्नहरू यस प्रकार छन्-

कर्ता—ले
कर्म—लाई, खी
करण—ले, बठे, बटहे, बटि
सम्प्रदान—ल्याखा, कि, ल्या, ल्याइ, खी
अपादान—बठे, बटहे, बटि है
सम्बन्ध—को, का, की, रो, रा, री
अधिकरण—माइ, मैं, मि, इनो, उनी।

यसबाहेक मुखी ल्याखा (मेरा लागि) जस्ता रूपले र स्युँघोडाइ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्युचेलाई (घोडासँग, चेलासँग) जस्ता रूपले पनि कारक जनाउँछन् ।

सर्वनाम–पुरुषवाचक सर्वनामका रूपावली:-

उत्तम पुरुष–मुइ	हम्, हमुन् (कर्ता–सरल र तिर्यक्) ।
मेरो, मेरी, मेरा,	हमरो, हमरी, हमरा,
	हमरान्को-का-की (सम्बन्ध) ।
मध्यम पुरुष तँ	तम्, तमुन् (सरल र तिर्यक्)
तेरा, तेरो, तेरी,	तमरो, तमरी, तमरा, तमरान्को-का-की (सम्बन्ध) ।
अन्य पुरुष उ तो	ति, तिन्, तिनुन् (सरल र तिर्यक्)
उइको, तोइको, तँको,	उनुन्को, तिनुन्को तनुन्को
	तनरान्को-का-की, उनरान्को का-की ।

यसबाहेक निकटवर्ती सर्वनाम यो [तिर्यक् रूप यँ (ए) दूरवर्ती सर्वनाम ती (बहुवचन तन्, तिनुन्, तनुन्, तिर्यक् रूप–तोइ, तँ) सम्बन्धी सर्वनाममा प्राणिवाचक जो तिर्यक् रूप–जँ] अप्राणिवाचक क्रि (जुन सरल मात्र) प्रश्नवाचकमा प्राणिबोधक को र अप्राणिबोधक कि (सरल मात्र) र आत्मबोधक तथा आदरार्थी सर्वनाम अपु, आफु (सम्बन्धमा आपनो, आफ्नो) पश्चिमी नेपालीमा उल्लेखनीय छन् ।

पश्चिमी नेपालीमा देखा परेका पूर्वी नेपालीसँग मेल नखाने संख्यावाची विशेषण रूप हुन्– [१] गणनात्मक– छै, सोल, उन्नैश्, एकँस, त्याइस्, उनसट्टी, शाटी, बासट्टी, तिराशी, उनान्नब्बँ, नव्वँ, शो । [२] क्रमात्मक संख्यावाची–पँलो, दोसरो, तेसरो, चौथो, पाँचौं, छयौं, छँटौं, सातौं, आठौं इत्यादि । [३] अनुपातबोधक संख्यावाची एकोड, दोड, त्योड, चौड इत्यादि ।

यसमा सहायक क्रिया र क्रियाका रूप यसरी चल्छन् :

उत्तम पुरुष	छौं, हौं	छौं, हौं
मध्यम पुरुष	छै, है	छौ, हौ
अन्य पुरुष	छ, हो	छन्, हुन्

भूतकाल–

उत्तम पुरुष	थ्युँ, थ्यौं	थ्युँ, थ्यौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मध्यम पुरुष	थे, थी [स्त्री]	थ्या [पुं० स्त्री]
अन्य पुरुष	थ्या, थी [स्त्री]	थ्या [पुं० स्त्री]

भविष्यत् काल–

उत्तम पुरुष	हुँलो, हुँली [स्त्री]	हुँला [पुं० स्त्री]
मध्यम पुरुष	होलै, होली [स्त्री]	होला ["]
अन्य पुरुष	होलो, होली ['']	हुन्ना, हुन्नौ [स्त्री]।

आज्ञा र संकेतार्थ [गर् धातु]–

उत्तम पुरुष	गरूँ	गरूँ
मध्यम पुरुष	गरे, गऱ्या	गऱ्या
अन्य पुरुष	गरौ	गरून्

क्रियाको काल-निर्माणमा निम्नलिखित कृदन्तरूपको विशेष भूमिका रहने हुँदा तल तिनको रचना प्रक्रिया संक्षेपमा देखाइन्छ।

वर्तमान कृदन्त– हुँदो, हुँदी, हुँदा, गद्दो, गद्दी, गद्दा।

भूत कृदन्त– भयाको, भयाका, भयाकी. गऱ्याको, गऱ्याका, गऱ्याकी।

भविष्यत् कृदन्त– हुन्या, औन्या, झान्या, गद्द्या, बस्स्या।

पूर्व-कालिका कृदन्त– बसी, बसिबरे, बसिबटि।

हेत्वर्थक कृदन्त– गरन् [गर्न], बसन्, भणन्।

संज्ञार्थक कृदन्त– औनु, झानु, खानु; तर व्यंजनान्तको हाँस्स, बस्स लाग्ग। प्रेरणार्थक, नाम धातु र अकरणको निर्माण यसरी हुन्छ।

प्रेरणार्थक क्रिया– गरौनु, भणौनु र द्विप्रेरणार्थकको निर्माण लगौनुको सहायताले पूर्वी नेपालीमा झैं हुन्छ–गद्दलगौनु भणलगौनु।

नामधातु– कमौनु, कज्यौनु,

अकरण क्रिया– जिन् गर [न गर], नगऱ्या [नगरे], नाइँ गद्दो छु [गर्दिन]।

पश्चिमी नेपालीको कालरचना–

सामान्य वर्तमान– वर्तमान कृदन्तरूप र उत्तम पुरुष र अन्य पुरुष बहुवचनमा बाहेक अस्तित्ववाची 'छ'का वर्तमान-कालिक रूप: जस्तै–गरन्छुँ, गरस्छौ, गरन्छ तर गद्दौँ, गद्दान्।

सामान्य भूत– गऱ्यो, गरी, गऱ्या आदि।

सामान्य भविष्यत्– गरलो, गरली, गरलै, गरला आदि।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्ण [पूराघटित] वर्तमान-पूर्व-कालिक कृदन्त रूप + राखि + छु आदि, जस्तै- मुइले भणिराखिन्छ, उइले गरिराखिछ। पूर्ण वर्तमान काल- रचनाको अर्को प्रक्रिया हो- हेत्वर्थक कृदन्त रूपमा पसिन्यान् थपेर काम चलाउनु। जस्तै- गद्दपसिरैंछ, गद्दपसिन्युँ आदि। अर्को प्रक्रिया वर्तमान कृदन्तमा अस्तित्ववाची 'छौं' आदि थपेर, गद्दाछौं।

पूर्णभूत- पूर्ण वर्तमानकै ढङ्गमा भूत कालिक अस्तित्ववाची 'थ्युँ' आदि थपेर।

पूर्ण भविष्यत् वा संकेतार्थ- पूर्व-कालिक कृदन्त रूप राखि + हुँलो आदि जस्तै मुइ भणिराखि हुँलो।

अपूर्ण वर्तमान- वर्तमान कृदन्त रूप + सहायक क्रिया छौं आदि, जस्तै-गद्दा छौं। हेत्वर्थक कृदन्त रूप + पोसिन्यान् + अस्तित्ववाची क्रियाको वर्तमान रूप; जस्तै- गद्दपसिरैंछै, गद्दपसिरैंछौ।

अपूर्ण भूत- अपूर्ण वर्तमानमा झैं हुन्छ तर अस्तित्ववाची थ्यौं आदि आउँछ; जस्तै-

गद्दपसिथ्यौं, गद्द पसिथ्यौं।

गद्दो हुँ [गर्दो हुँ, गर्न थिएं] ज्ञानो हुँ आदि।

अज्ञात भूत- मुइले गरी छ, मुइले गऱ्यो रैछ।

पश्चिमी नेपालीका केही अव्यय तल दिइन्छन्- [१] समयवाची-आज भोल, इज्याँ [अहिले], कज्जाँ, जज्जाँ, उज्याँ, तज्याँ आब [अब], पोकि [पसि], निर्कि [निकोर्सि], अतिथनिर्कि [कानेकोर्सि], बेलि [हिजो], तादि [अस्ति], पोर, परार, आघु, पाछा [२] स्थानवाची काँ [कहाँ], याँ, ताँ, वाँ, जाँ, कथ [कता], इथ, उथ, जथ, तथ, टडा, नजिक, भाहिर, भितर, ऐतिर, पैतिर, [अघिल्तिर, पछिल्तिर], तलि, मथि। [३] व्यवहारवाची- इश्याँ [यसरी, यसै], उश्याँ [उसरी, उसै], कश्याँ [कसरी, कसै], जश्याँ [जसरी, जसै], इशरी [यसरी], कशेरी, तशेरी, उशेरी। यी क्रियायोगी अव्यय हुन्। [४] निम्नलिखित अव्ययहरू पनि पश्चिमी नेपालीमा पूर्वीमा भन्दा बेग्लै छन्- जाइँ [चाहिँ], जन्नि [झैं], जनीत [मानौं], ब [पो], लै [पनि], ल्या, ल्याखा [निम्ति], क्याइकि, क्याकि [किन], सद्दिले [बिस्तारै], आदि। पश्चिमा नेपालीमा विशेषरूप देखिने अव्यय हुन्- लै, लख, क्याइ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बयाइकि । निश्चयार्थ 'इ' ले पनि अव्ययको काम गर्छ, जस्तै- रामै मुए [राम र म] ।

४५. केन्द्रीय नेपाली

कर्णाली अञ्चलका जुम्ला, हुम्ला, तिब्रीकोट, मुगु, रास्कोट, बाजुरा, अछाम जिल्लाहरू र चिरबुङ्गल बाहेक बझाङमा बोलिने नेपालीका भाषिकाको नाम केन्द्रीय नेपाली हो । यस भाषिका–समूहलाई जुम्ली र खसानी पनि भनिएको छ । केन्द्रीय नेपालीको पश्चिमतिर पश्चिम नेपालीका डोटी र बझाङको चिरबुङ्गलमा बोलिने पश्चिमी नेपालीका भाषिकाहरू उत्तरतिर भोट-बर्मेली परिवारका भाषाहरू, दक्षिण-पूर्वको दैलेख र सुर्खेतमा अनि पूर्वमा पूर्वी नेपालीका उपभाषिकाहरू तथा दक्षिण-पश्चिमतिर थारू र अवधी भाषाहरू बोलिन्छन् । यसको स्थिति केन्द्रमा भएकोले यसमा पश्चिमी र पूर्वी भाषाका विशेषताहरू पनि देखिन्छन् । यसै कारण केन्द्रीय भाषिका वर्गमा बझाङ्गी, रास्कोटी, आसीदराली, सिंजाली, तिब्रीकोटी, बाजुराली, अछामी आदि भाषिकाहरू छन् ।

केन्द्रीय नेपालीमा विशेषता– पूर्वतिर (केन्द्रीय नेपाली भाषाको क्षेत्रभन्दा) पूर्वी नेपाली र पश्चिमतिर पश्चिमी नेपाली बोलिने भएकाले बीचमा परेको केन्द्रीय नेपालीमा दुवै भाषिका-समूहका विशेषताहरू देखिएका छन् । तैपनि यस भाषिकाका आफ्ना खास विशेषता छँदैछन् । केन्द्रीय नेपालीमा पदादिमा रहेको ध्वनि ह्र बन्छ जस्तै– ह्राख्नु (राख्नु) । यसमा एक किसिमको 'ह' ध्वनि छ, जुन पश्चिमी र पूर्वीमा पाइँदैन । यसमा 'ड' ध्वनि 'र' मा परिणत हुँदैन । यसमा ल्ह ध्वनि पनि पाइन्छ, जस्तै ल्हैया (ल्याएको) । समीभवनको प्रक्रिया पनि केन्द्रीय नेपालीमा ज्यूँदो छ, जस्तै- अर्को>अक्को, गर्नु>गन्नु, हाम्रो>हाम्मो, तिम्रो>तिम्मो, बोल्नु>बोल्लु । यस भाषिका वर्गमा स्क>इख, स्त>इथ, हुने आफ्नो विशेषता छ जस्तै- कस्तो>कैथो, कस्को>कैखो । केन्द्रीय नेपालीमा न अघिको च पनि इ मा परिणत हुन्छ, जस्तै– बाँच्नु>बाइँनु, भाँच्नु>भाइँनु । छ् र झ् का ठाउँमा ठ् भएको उदाहरण पनि पाइन्छ, जस्तै- मान्छे>मान्ठ, कान्छो>कान्ठो, बाँझी>बाँठ्या । भूतकालमा छियो पनि हुन्छ, जस्तै– छियो (थियो) । केन्द्रीय नेपालीमा अस्तित्ववाची क्रियाविना पनि क्रियाको अपूर्ण वर्तमानकाल-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूप बनाइन्छ, जस्तै–मु गद्दो, मु जाँदो। सामान्य वर्तमान र अपूर्ण वर्तमान-को एउटै रूप छ, जस्तै– मु गद्दो (छु), हामी गद्दा (छौं)। यसको सम्बोधनमा आफ्नो किसिमको अर्कै रूप छ।

केन्द्रीय नेपाली ध्वनि प्रक्रियाको रूप तलका उदाहरणद्वारा स्पष्ट गर्न सकिन्छ:

१) समीभवन- अर्को > अक्को, गर्नु > गन्नु, छाड्दो > छाड्डो, उन्ले > उन्ने; तिम्रो > तुम्मो।

२) स्वरागम- खास्टो > खाइस्टो, गुरांस > गुरांउस्। वर्णलोप-कर > अर; देखी > देइ, मानिस > माइस, मध्यवर्णलोप–कसो > कओ; यसो > यओ, तसो > तओ।

३) महाप्राणीभवन- जहान > झान, जानु > झानु, कण्ट > कँठ, दुहुनु > धुनु, देख्नु > घेख्नु, बाहिर > भाहिर, बहुत > भौती, कस्तो > कँथो।

४) अल्पप्राणीभवन- बूढो > बुडो, बाघ् > बाग्।

५) विपर्यय- एक्लै > एल्खै, पात्लो > पाल्तो।

६) घोषीभवन- डाक्नु > डाग्नु, एक्लो > एग्लो, बाक्रो > बाग्रो।

रूपतत्त्व- केन्द्रीय नेपालीका रूपतत्त्वीय विशेषताहरूको चर्चा तल गरिन्छ।

केन्द्रीय नेपालीका कारकीय परसर्ग निम्नलिखित हुन्—

कर्ता- ले, ने

कर्म- कि, कँ, कुन (खुन), कन (खन), न, अन

करण- ले, ने

सम्प्रदान- कि, कँ, कुन (खुन), कन (खन), न, अन, पथ, बिम, लाई

अपादान- है, बाटि, होइ, देइ, बाट

सम्बन्ध- को, का, कि, (खो, खा, खी), रो, रा, री

अधिकरण- मा, माइ, उँदो।

केन्द्रीय नेपालीका सर्वनामहरू-

पुरुषवाचक सर्वनाम:

उत्तम पुरुष सरल मु, मइ हामीहरू, हामीअरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	तिर्यक्	मुइ, मइ	हामी
	सम्बन्ध	मेरो, मेरा, मेरी	हाम्मा, हाम्मो, हाम्मी
मध्यम पुरुष	सरल	तो, तों	तुमीहरू, तुमीअरू
	तिर्यक्	तोइ	तुमीअरू
	सम्बन्ध	तेरा, तेरो, तेरी	तुम्मा, तुम्मो, तुम्मी

अन्य पुरुषको काम दर्शक सर्वनामहरूद्वारा लिइने हुँदा यो, त्यो, ऊ का तिर्यक् रूप पनि छन्- यों, यी (बहुव०), यँ, यिनु (क्रमशः तिर्यक् एकवचन र बहुवचन), त्यो, ती (बहुव०), ती, तिनु (क्रमशः एक र बहुवचन तिर्यक्), उ, उँ (बहुव०), उइ, उनु (क्रमशः एकवचन र बहुवचन तिर्यक्)। अविकारी सम्मानबोधक सर्वनामहरू हुन्- याँ (यहाँ), वाँ, ताँ, । सम्बन्धी सर्वनाम हुन्- ज्या (जो, तिर्यक् रूप जँ, जन)। प्रश्नवाची सर्वनाम हुन् क्या (के) को तिर्यक् रूप कँ। अनिश्चयवाचक सर्वनाम हुन्- कोइ, जो सुकी, ज्या सुकी। आत्मबोधक र आदरार्थी सर्वनाम हो- आपु, सम्बन्धमा आप्नो, आप्ना, आप्नी, (आम्नो, आम्ना, आम्नी)।

केन्द्रीय नेपालीमा संज्ञा दुई किसिमका नै छन्- विकारी र अविकारी। विकारी संज्ञा ओकारान्त छन् र अविकारी ओकारान्त बाहेक व्यंजनान्त र स्वरान्त छन्। ओकारान्त संज्ञाहरू कर्ता र कर्म एकवचनमा ओकारान्त हुन्छन् तथा बहुवचन तथा तिर्यक्मा आकारान्त। ओकारान्त शब्द हुन्- कँथुरो, चेलो आदि। केही अविकारी शब्द हुन् मान्ठ, बाजा, आमा, ढोली, परानी, छोट्टी भाउ, दँवू, आजू, भाउजु आदि। सम्बोधनमा यी विकारी र अविकारी नामहरूको एकवचन र रूप हुन्- कँथुरा!, कँथुरायो!, जाड!, जाडो!, मामँ!, छोट्टीय!, छोट्टियौ!, भाउअ!, भाउओ!, आज्जयँ!, आज्जुओ! इत्यादि।

विशेषण- विशेषणहरू पनि विकारी र अविकारी छन्। विकारी विशेषणहरू, जस्तै राम्मो (राम्मा, राम्मान्, राम्मादेइ इ०) का तिर्यक् रूप पनि छन् तर अधिकारी भौती जस्ता शब्दका तिर्यक् रूप छैनन्।

संख्यावोधक विशेषणमा- (१) गणनात्मक संख्यावाची शब्दहरू हुन्- एगार, चउद्द, होल (सोह्र), हत्त, (सत्र) इठिरी, उन्नेश्, त्याइस्, एकतिस्, चौतिस, पुइतिस्, पुइँतालिस्, उनसट्टी, साटी, एकसट्टी, बयसट्टी, तिसट्टी, छैसट्टी, तिरासी, पुन्चान्नब्बे आदि, (२) क्रमात्मक- दोहाँ, तेहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि, (३) गुणनात्मक एक्हरो, धोरो, तिनहरो, तेहरो, चौपुरो, दुन्या (दोब्बर), तिनखुट्ट्या वा तेब्बर, चौखुट्ट्या या चौबर आदि।

यसमा सहायक क्रियाको रूप निम्नलिखित ढङ्गले चल्छ। अस्तित्ववाची क्रिया 'छु' 'हो' वर्तमानकालः–

उत्तम पुरुष	छु, हो	छौं, हौं
मध्यम पुरुष	छइ, होइ	छौ, हउ
अन्य पुरुष	छ, हो	छन्, हुन्

अस्तित्ववाची भूतकालः–

उत्तम पुरुष	छियाँ	छियौं, छियूँ
मध्यम पुरुष	छिइस्, छिई	छियौ
अन्य पुरुष	छिया, छिई	छिया, छिइन् [स्त्री० आद०]

अस्तित्ववाची क्रिया भविष्यत् कालः–

उत्तम पुरुष	हुँला	हउँला
मध्यम पुरुष	होलाइ	हउला
अन्य पुरुष	होला, होली	हुनान्

आज्ञा र संकेतार्थमा यसरी रूप चल्छन्ः–

प्रथम पुरुष	जाउँ	जाउ
मध्यम पुरुष	जा [आज्ञा]	जाउ [आज्ञा]
	जायास् [संकेत]	जाया [संकेत]
अन्य पुरुष	जाओं	जान्

मिश्र क्रियाको रचनामा कृदन्त रूपहरूको महत्त्वपूर्ण भाग रहने हुँदा तिनको रचना-प्रक्रिया तल दिइन्छः

वर्तमान कृदन्त- हुँनो, जानो, छनो [हुँदो, जाँदो, छँदो] आदि।

भूत कृदन्त- गन्या, देख्या, गन्यैं, देख्यैं [स्त्री०], अन्या, अन्यैं [सेती अं०] आदि।

भविष्यत् कृदन्त– हुन्या, गन्न्या, जान्या, बइन्या [बस्ने] आदि।

हेत्वर्थक कृदन्त– खान, जान, बइन आदि।

संज्ञार्थक कृदन्त– हुनु, जानु, बइनु, बेइनु, [बेच्नु] आदि।

पूर्व-कालिक कृदन्त– होइ, होइकन, होइकुन, होइन, गरी, गरिकन, गरिकुन, गरिन, [तर बझाङतिर गरीवन, होइवन] आदि।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केन्द्रीय नेपालीमा नामधातु बनाउने प्रक्रिया पूर्वी र पश्चिमीमा सरह नै हुन्छ, जस्तै- कमौनु, कज्यौनु । प्रेरणार्थक रूप पनि यसरी नै बन्छन्, जस्तै- बसाउनु, गराउनु, भनाउनु । अकरण बनाउने प्रक्रियामा पनि विशेष भिन्नता छैन, जस्तै- मु छैन (तर नाइले मात्र पनि यो काम गर्छ, जस्तै- हामी नाइँ [हामी छैनौं] । अरू विशेष रूप हुन्- मु छियानु, तो छिइनइ, तुमि छियानउ, उ छियोन, उँ छियानुन्, न होला, न हुनान् ।

केन्द्रीय नेपालीको कालरचना-प्रक्रिया यस प्रकारको छ:-

सामान्य वर्तमान- वर्तमान कृदन्त रूप र सहायक क्रिया छु आदि, जस्तै- मु गद्दो [छु] ।

पूर्ण वर्तमान- भूत कृदन्त रूप+छु आदि, जस्तै; अन्या छु, खाया छु ।

अपूर्ण वर्तमान- वर्तमान कृदन्त रूप+इ+छु आदि, जस्तै; गद्दोइ छु, गद्दाइ छस् ।

सामान्य भूत- भूत कालको रूप जस्तै अन्यां, खायां ।

पूर्ण भूत- भूत कालको रूप र सहायक क्रियाको भूत काल रूप छियां, जस्तै- अन्या, छियां ।

अपूर्ण भूत- भूत कालको रूप सहायक क्रियाको र वर्तमान कृदन्त रूपका साथ इ पनि, जस्तै- गद्दोइ छियां ।

सामान्य भविष्यत्- भविष्यत्कालको रूप, जस्तै- गरूँला, गर्लै, गर्नान् ।

पूर्ण भविष्यत्- भविष्यत् कृदन्त-रूप र वर्तमान कालको सहायक क्रिया हुँ, जस्तै- जान्या हुँ, खान्या हुँ ।

अपूर्ण भविष्यत्- वर्तमान कृदन्त रूपका साथ इ, भविष्यत्कालको सहायक रहुँला, जस्तै- गद्दोइ रहुँला ।

स्थान र दिशावाची अव्यय हुन- न्या [यहां], यां, वां, तां, यँ, वँ, तँ, कां, जां, यता, उता, ओडो [वर], पुडो [पर], तलि, हुम्र [माथि] मुथि, हुप्रि, हुव, टाडा, नेडो, निगट्टो [नजीक] । कालवाची अव्यय हुन्- आज, भोलि, पर्हि, निरू [निकोर्सी], अठनिरू [कानेकोर्सी], ऐथि [अस्ति], निकोर्हि, कानेकोर्हि, तादि [अस्ति], तादिन [अस्ति नै], पोर [पोहोर), परार, आइसाल, आगू, आगु॑, पराइसाल, बेलि [हिजो], ऐल, अग्यार, पचछार ।

व्यवहारवाची अव्ययहरू हुन्- यअरी, कअरी, जअरी, तअरी, यैंथरी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कैथरी, जैथरी, तैथरी, यतिहम्म, उतिहम्म, यतिञ्जै, उतिञ्जै इत्यादि ।

संयोजकहरू हुन्– पन, र, वतु, पनि, पुनि ।

केही अरू अव्यय हुन्– जन, जुन [गऱ्या जन, गऱ्या जुन, गरेझैं], बादै, उकुरै [सधैं] जिक्कै [साह्रै], भौती [धेरै], आउ [हो], नाइ [होइन] ति [लौ] धौ [खोइ, तुल० वैतडी धैं] ।

४६. पूर्वी नेपाली

नेपालका रूकुम, डोल्पा, दैलेख जिल्लाहरूदेखि पूर्वमा इलाम तथा झापासम्म र पश्चिम बङ्गालको दार्जिलिङ क्षेत्र, असम, सिक्किम र भूटान तथा भारतका विभिन्न राज्य, वर्मा, मलाया आदि विभिन्न ठाउँमा छरिएका नेपालीहरूको मातृभाषा पूर्वी नेपाली-भाषिका समूहभित्र पर्ने नेपालीका भाषिकाहरू हुन् । अघिदेखि नै भाषाशास्त्रीहरूले पूर्वी नेपालीका उप-भाषिका-हरू भएको वताएका थिए । मध्यकालीन नेपालीका हस्तलिखित ग्रन्थहरूको अध्ययनवाट पनि पूर्वी नेपालीका उपभाषिकाहरूको अस्तित्वको प्रमाण पाइन्छ । नेपालभित्र नै विस्तृत क्षेत्रमा फैलेकाले र नेपालवाहिर जानेहरूले पनि यसैलाई लिएर गएकाले यसका भेदहरू देखिनु स्वाभाविक नै हो । यसरी रूकुम र डोल्पा, बाग्लुङ र गुल्मी, तनहूँ र गोर्खा, पाल्पा र स्याङ्जा, वाग्मती क्षेत्र, धनकुटा, चैनपुर-भोजपुर र इलाम, दार्जिलिङ, कालिम्पोङ, सिक्किम र भोटाङ, असम, भाक्सू, वर्मामा बोलिने पूर्वी नेपालीको रूपमा पनि केही भिन्नता छ । यो विभिन्नता ध्वनि, रूप र शब्दभण्डारमा स्पष्ट देखिन्छ । पूर्वी नेपालीलाई पर्वते र गोर्खाली पनि भनिएको छ ।

यसको आदर्श रूप नेपाली वैयाकरण-परम्पराद्वारा निर्मित नेपाली भाषा हो जुन नेपालको राष्ट्रभाषा बनेको छ र सम्पूर्ण नेपालीद्वारा लेख्ता, पढ्दा र सामाजिक सम्पर्कमा प्रयोग गरिन्छ । प्रस्तुत ग्रन्थमा यसै आदर्श रूपको विस्तृत चर्चा गरिएकोले यहाँ यसको छुट्टै विशेषता देखाउन आवश्यक ठानिएन ।

८. नेपाली भाषाको शब्द-ढुकुटी

४७. विभिन्न वर्गीकरण

संसारका धेरैजसो भाषाहरूमा आफ्ना भाषाका शब्दका साथै अन्य भाषाका शब्दहरू पनि आवश्यकताअनुसार ग्रहण गरिएका हुन्छन् । नेपाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषामा पनि परम्परानुगत शब्दहरू बाहेक अरू भाषाबाट आएका शब्दहरू पनि छन् जसलाई नेपाली विद्वान्हरूले आगन्तुक शब्द भनेका छन् । यस अध्यायमा नेपाली भाषाका शब्दहरू केलाएर ती वा त्यस्ता शब्दहरू कुन भाषाबाट कसरी आएर नेपाली भाषाको शब्द-ढुकुटी बढाएका छन् भन्ने कुरो देखाइनेछ ।

अपभ्रंश युगमा लेखिएका व्याकरणहरूमा शब्दहरूलाई केलाउने प्रयास भयो र उनीहरूले प्राकृत भाषाको व्याकरण लेख्ता तीन थरीका शब्द-हरू देखाए, ती थिए- तत्सम, तद्भव र देश्य । हेमराज गुरुज्यूले आफ्नो चन्द्रिका-गोरखा भाषा व्याकरणमा (४८७), आर० एल० टर्नरले आफ्नो नेपाली शब्दकोश (A Comparative and Etymological Dictionary of the Nepali Language) को भूमिकामा, गोपाल पाँडेले रचना केशरमा, दयानन्द श्रीवास्तवले नेपाली भाषा : यसको इतिहास र विकास (Nepali Languoge, its History and Development) मा तथा बालकृष्ण पोखरेलले हिमानी (१।१) मा नेपाली भाषाको शब्द-ढुकुटीबारे चर्चा गरेका छन् ।

पंडित हेमराज गुरुज्यू (चन्द्रिका) ले र गोपाल पाँडेले (रचना–केशर पृ० १–११) नेपाली भाषाका शब्दहरूलाई केलाउँदा ठेट शब्दहरूलाई छाडी आगन्तुक शब्दहरूलाई मात्र विचारको विषय बनाएका छन् । उक्त ग्रन्थहरूमा नेपाली भाषाका शब्दहरूलाई ठेट शब्द र आगन्तुक शब्दमा विभाजित गरी आगन्तुक शब्दहरूलाई पनि तत्सम र तद्भवमा छुट्टयाएको देखिन्छ ।

पंडितज्यूबाट संस्कृत, हिन्दी आदि भारतका विभिन्न भाषाबाट, उर्दूबाट फारसेली, अंग्रेजी र नेपालका अनेक प्रान्तीय भाषाहरू, मगर, गुरुङ, नेवारी, भोटे आदिबाट आएका तत्सम र तद्भव शब्दहरूको चर्चा भएको छ । कुरो के भने संस्कृतबाट प्राकृत हुँदै नेपालीमा आएका शब्दहरू मात्र तद्भव होइनन्, ती सबै शब्द तद्भव हुन् जो मूल भाषाबाट बिग्रेर बनेका छन् । जस्तै :

भाषा		**नेपाली रूप**	
अन्नम्	(संस्कृत)	अन्न	(तत्सम)
अंगार	(,,)	अंगार	(तद्भव)
कालो	(प्राकृत)	कालो	(तत्सम)
कम्म	(,,)	काम	(तद्भव)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीज	(हिन्दी)	तीज	(तत्सम)
ठोकर	(,,)	ठक्कर	(तद्भव)
इनाम	(उर्दू)	इनाम	(तत्सम)
जगह	(,,)	जग्गा	(तद्भव)
खर्च	(फार्सेली)	खर्च	(तत्सम)
अमीर	(अर्बेली)	अमीर	(तत्सम)
आइन	(,,)	ऐन	(तद्भव)
कोट	(अंग्रेजी)	कोट	(तत्सम)
क्याप्टेन	(अंग्रेजी)	कप्तान	(तद्भव)

सर टर्नरले नेपाली शब्द ढुकुटीका निम्नलिखित ६ स्रोत बताएका छन्।

१) संस्कृतबाट विकसित हुँदै आएका शब्दहरू अर्थात् संस्कृतबाट प्राकृत हुँदै आएका तद्भव शब्दहरू।

२) अरू भारतीय भाषाहरूमा समेत पाइने यस्ता शब्दहरू जसको स्रोत तथा व्युत्पत्ति ज्ञात छैन। यस्ता शब्दहरू आर्यहरू आउनुभन्दा अघि भारतमा बोलिने भाषाहरू जस्तै आग्नेय परिवारका, मुण्डा आदि र द्राविड भाषाबाट आएका पनि हुन सक्छन् र केही अनुकरणात्मक शब्द पनि यसैभित्र पर्छन्।

३) भारतका वा छिमेकी आर्यभाषाहरूबाट लिइएका शब्दहरू।

४) भोट बर्मेली परिवारका भाषाहरूबाट आएका शब्दहरू।

५) अंग्रेजी भाषाका शब्दहरू।

६) संस्कृतबाट लिइएका तत्सम र अर्धतत्सम शब्दहरू।

दयानन्द श्रीवास्तवले नेपाली शब्द-ढुकुटीलाई यसरी वर्गीकृत गरी देखाएका छन्:

(१) तद्भव शब्दहरू (२) अनार्य भाषाहरू (तिब्बती, नेवारी, मुण्डा, कोल, मलयालम आदि) बाट आएका र स्रोत थाहा नभएका ध्वन्यात्मक र अरू शब्दहरू, (३) अन्य आधुनिक आर्यभाषाबाट आएका शब्दहरू (४) युरोपेली भाषाबाट आएका शब्दहरू (अंग्रेजी, पुर्तगाली, डच, फ्रेञ्च, रसियाली आदि, (५) अर्बेली र फार्सेली भाषाहरूबाट आएका शब्दहरू तथा (६) तत्सम र अर्धतत्सम शब्दहरू।

बालकृष्ण पोखरेलले (हिमानी १।१) नेपाली शब्द-ढुकुटीको चर्चा गर्दा सर्वप्रथम मौलिक र आगन्तुकमा विभाजित गरी आगन्तुकमा भारोपेलीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(१) भारतेली शाखाभित्रका बङ्गाली, मैथिली, गुजराती, पंजाबी, मराठी भाषाबाट आएका, (२) इरानेली शाखाका हिन्दी, उर्दू मार्फत आएका र अंग्रेजी, पोर्तुगाली, फ्रन्सेली र रसियालीबाट आएका युरोपेली शाखाका आगन्तुक शब्दहरूलाई देखाउनुभएको छ।

आगन्तुकमध्ये अभारोपेली शाखाका स्वदेशी भाषाहरूमा नेवारी, मग्राती, गुरुङ्गी, तामाङ्गी, किरांती, भोटे आदि अर्बेली, तुर्केलीबाट आएका र अरू 'अन्य' भनी देखाइएका छन्।

मौलिक शब्दहरूका वर्गीकरणमा तत्सम, अर्धतत्सम र तद्भव भनी छुट्ट्याइएको छ। तद्भवमा (१) संस्कृतबाट प्राकृत हुँदै नेपालीमा आएका तद्भव शब्दहरू, (२) संस्कृतले द्रविड भाषाहरूबाट सापट लिएर प्राकृत हुँदै नेपालीमा आएका तद्भव शब्दहरू, (३) संस्कृतले आग्नेय भाषाबाट लिएर प्राकृत हुँदै नेपालीमा आएका शब्दहरू, (४) भारोपेली परिवारका ग्रीक अवेस्ताली आदि भाषाबाट संस्कृतमा आएर प्राकृत हुँदै नेपालीमा आएका शब्दहरू र, (५) तुर्क-मंगोल परिवारका भाषाबाट संस्कृतमा आई प्राकृत हुँदै नेपालीमा आएका शब्दहरू।

तत्समका दुई भेद छन् संस्कृतदेखि प्राकृतमा पनि तत्सम नै रहँदै आएका शब्दहरू र प्राकृतमा तद्भव भैसकेका तर फेरि संस्कृतबाट नै लिइएका शब्दहरू। अर्धतत्सममा ती शब्दहरूलाई राखिएका छन् जो प्राचीन र नवीन तत्सममा केही मात्र विकार ल्याएका देखिन्छन्।

४८. नेपाली शब्दभण्डारका स्रोत

अब स्वतन्त्ररूपले नेपाली भाषाको शब्द-ढुकुटीमा देखापरेका शब्दहरूलाई केलाउने चेष्टा गरिन्छ।

नेपाली शब्द ढुकुटी—
- मौलिक
  - तद्भव
  - तत्सम
  - देश्य
- आगन्तुक—
  - भोट-हिमाली हाँगाबाट आएका
  - आधुनिक आर्यभाषाबाट आएका
  - युरोपेली भाषाबाट आएका
  - आग्नेय भाषाबाट आएका र
  - अन्य स्रोतबाट आएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४६. तद्भव

तद्भव शब्द नै नेपाली भाषाका विकासक्रममा आएका शब्द हुन् । सर टर्नरले आफ्नो शब्दकोशमा देखाएका ५००० नेपाली शब्दहरूले ती शब्द कसरी संस्कृतबाट विकसित हुँदै नेपालीमा आए भन्ने कुरो स्पष्ट गर्छन् । यस्ता शब्दहरूलाई नेपालीले पैतृक सम्पत्तिका रूपमा प्राप्त गरेको हो । तद्भव शब्दहरूलाई प्राकृत वैयाकरणहरूले 'संस्कृतभव', 'संस्कृतयोनि' भनेका छन् भने अलङ्कार-शास्त्रीहरूले 'विभ्रष्ट' तथा 'तज्ज' पनि । वैयाकरणहरूका अनुसार तद्भव ती शब्द हुन् जो संस्कृतबाट भएका छन् । तर तद्भवको अर्थ 'त्यसबाट भएको' भन्ने हो, यसै कारण गुरु हेमराजले संस्कृतबाट बाहेक अरू भाषाबाट आएका शब्दहरूलाई पनि केही परिवर्तित भएको दशामा तद्भव भनेका छन् । संस्कृत, प्राकृत र अपभ्रंशको युग पार गर्दै आएको आजको हाम्रो भाषाको नाम नेपाली भएको छ । तद्भव भन्नाले प्राकृत वैयाकरणहरूको संकेत प्राकृतयुगीन भाषाहरूप्रति थियो ।

नेपाल र भारतको पश्चिमोत्तर प्रदेशमा बोलिने प्राकृतको खास आफ्नो विशेषता थियो जसले गढवाली, कुमाउनी, पश्चिम–पहाडी भाषाहरू र नेपालीलाई जन्म दियो । संस्कृतबाट विकसित भाषाहरूको भेदले गर्दा आज महाराष्ट्र र बङ्गाल अनि असम र नेपालको भाषामा अन्तर देखिएको छ । ध्वनिबारे चर्चा गरिएको अध्यायमा चुनिएका यस्ता शब्दहरूको इतिहास देखाउने चेष्टा भएको छ ।

ती मात्र नेपाली भाषाका तद्भव शब्द हुन् जो प्राचीन नेपालीमा परिवर्तित भएर आएका छन् र नेपाली भाषा बोल्नेका पुर्खाहरूले पनि प्रयोग गर्दै आएका छन् । संस्कृतका सन्तान मानिएका नेपालमै बोलिने मैथिली, भोजपुरी र भारतमा बोलिने मराठी, गुजराती, बंगला, असमियाका आफ्ना शब्द छन् र ती भाषाका लागि तद्भव मानिन्छन् तर नेपालीका लागि ती आगन्तुक ठहरिन्छन् । यी सबै भाषाका विशेषतासँग नेपालीका विशेषता मिल्न आउँछन् भने स्वाभाविक नै ठहरिन्छन् । तर कुनै भाषाविशेषका र नेपालीका शब्द भण्डारमा समानता देखिन्छ भने त्यसका सामान्यतः दुई कारण हुन सक्छन्: एक– यी या यिनमध्ये कुनै भाषाको ध्वनिसम्बन्धी विकासमा एउटै सामान्य प्रक्रियाले काम गरेको छ; दुई नेपालीले यी भाषाहरू शब्दहरू विभिन्न समयमा र परिस्थितिमा ग्रहण गऱ्यो । नेपाली भाषाले यस्ता आफ्ना भगिनी-भाषिकाहरूबाट विभिन्न समयमा केही न केही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्दहरू ग्रहण गरेको छ। नेपाली भाषामा अरू भाषाबाट लिइएका शब्द थुप्रै भेट्छौं र यता नेपाली भाषाको आफ्नो ध्वनि-विकासप्रक्रियासँग मेल नखाने उता गुजराती, मराठी, मैथिली आदि भाषामा अहिले पनि प्रयोग हुने शब्द हाम्रा दृष्टिमा आगन्तुक ठहरिन्छन्। तर ती भाषाका भने यस्ता मौलिक शब्द नै हुन्छन्।

५०. तत्सम

प्राकृत वैयाकरणहरूका अनुसार तत्सम शब्द ती हुन् जो संस्कृतकै समान छन्। प्राकृत कालमा केही शब्द संस्कृतकै समान अपरिवर्तित रहे र यस्ता शब्दलाई संस्कृत सम तत्तुल्य वा समान शब्द पनि भनियो। प्राकृत कालका यस्ता शब्द थिए– कर, कोमल, जल, सोम आदि। तर नेपाली भाषामा यस्ता अरू शब्द पनि संस्कृतबाट लिइए, जसले प्राकृतमा आफ्नो रूप साटिसकेका थिए। नेपाली भाषाका त्यस्ता शब्दहरू जो प्राकृतमा अर्कै रूपमा साटिएका थिए ती नेपालीमा आएनन् र नेपालीले तिनकै समान संस्कृत शब्दहरू नै ग्रहण गऱ्यो। यस्ता शब्दहरूलाई नवीन तत्सम भन्दछन्। यस्ता शब्द दुई थरीका छन्– (१) गृहीत (२) निर्मित। गृहीत शब्द त्यस्ता हुन् जो संस्कृतमा अहिलेकै अर्थमा प्रयोग गरिन्थे तर अघि यस्ता त्यस्ता हुन् जो संस्कृतमा अहिलेकै अर्थमा प्रयोग गरिन्थे तर अघि यस्ता शब्दहरूको प्रयोग नेपालीमा नभएकोले तद्भवका रूपमा देखापरेका थिएनन्। यस्ता शब्दहरू तत्सम रूपमै आउँदा केही परिवर्तित पनि भएका छन् र तिनलाई भाषाशास्त्रीहरूले अर्ध-तत्सम भन्ने गरेका छन्। जस्तै–विद्दे (विद्या), कन्ये (कन्या), क्रिस्ने (कृष्ण), मिर्ग (मृग) आदि। निर्मित शब्द त्यस्ता हुन् जो नेपाली भाषाको आवश्यकताअनुसार संस्कृतकै मूल रूपबाट संस्कृत रूप-रचनाअनुसार बनाइए। संस्कृतमा नवनिर्मित शब्दहरूको प्रवेश सन् १९५० को दशकदेखि बढी भएको छ जब भारतमा झैं नेपालमा पनि प्रचलित अर्बेली, फार्सेली र अंग्रेजी शब्दका ठाउँमा संस्कृत शब्द राख्ने प्रयास भयो।

५१. अर्ध तत्सम

तत्सम शब्दका किंचित् परिवर्तित रूप अर्धतत्सम हुन्। चटर्जी, ग्रियर्सन, पोखरेल आदि अर्धतत्समको पक्षमा छैनन्। हेमराजले अर्धतत्सम शब्द देखाएका छैनन् र केही भाषाशास्त्रीहरू पनि अर्धतत्सम भन्नु अनावश्यक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठान्छन्, किनभने शब्दहरू तत्सम नभएमा तद्भव नै भैहाल्छन् । तर अर्ध-तत्सम शब्दहरूलाई पनि लिएको खण्डमा तत्समका केही परिवर्तित रूपलाई अर्धतत्सम भन्न सकिन्छ ।

५२. देशी

प्राकृत वैयाकरणहरूले प्राकृत भाषाको शब्द-भण्डारलाई देश्य, तद्भव र तत्सम यी तीन स्रोतबाट आएका शब्दहरूले भरेको बताएका थिए । तर उनीहरूलाई देश्य अथवा देशी शब्दहरूको उस्तो राम्रो ज्ञान थिएन । एउटै शब्दलाई कुनैले देश्य भने कुनैले तद्भव । व्युत्पत्ति स्पष्ट नभएका र संस्कृतेतर भाषाहरूबाट आएका शब्दहरूलाई उनीहरू देशी भन्ने गर्थे । सम्भवतः यस्ता देशी शब्द बोलचालका भाषामा बढी थिए तर लिखित भाषामा भने कमै देखिएका छन् । वैदिक भाषाको समयदेखि नै यस्ता देशी शब्दहरू थिए तर प्राकृतकालमा यस्ता शब्दहरूको वृद्धि भयो जसमा संस्कृतेतर भाषा भाषीहरूको ठूलो भूमिका भएको कुरो स्पष्ट छ । यस्ता देशी शब्दहरूको संस्कृतीकरण पनि गरिएको छ । तर नेपालीमा धेरै संख्यामा देखापर्ने क्रियायोगीहरू पनि यस्तै हुन् । अहिले देशी शब्द भन्नाले नेपाली भाषाका विभिन्न भाषिकामा प्रयोग हुने त्यस्ता शब्द आउँछन् जसको मूल संस्कृतमा छैन र ती शब्दहरू कुनै भाषाबाट आएका भनेर पनि भन्न सकिन्न । टर्नरले त्यस्ता शब्दलाई मूल पत्ता नलागेका भने र श्री बालचन्द्र शर्माको नेपाली शब्दकोशमा त्यस्ता शब्दलाई नेपाली (ने.) भनिएको छ । यस्ता र कैयौं अनुकरणमूलक शब्द नेपालीका सहजात भाषाहरूमा पनि छन् तर निस्सन्देह नेपाली भाषामा भएका शब्दहरूको संख्या बढी छ । यस्ता शब्दहरू विभिन्न परिस्थितिमा विभिन्न भाषाबाट आएका हुन सक्छन् । त्यस्ता शब्द-हरूको स्रोत थाहा पाउन नसकिएकोले अहिलेलाई यी शब्द 'देश्य' भनिएका हुन् । प्राकृत वैयाकरणहरूले पनि त्यस्तै 'दुस्सन्दर्भा' र 'असाधितपूर्वा' शब्द-लाई देश्य भनेका थिए ।

५३. आगन्तुक शब्द

आगन्तुक शब्दहरूमा इरानेलीबाट आएका शब्दहरू नै सबभन्दा बढी छन् । इरानेलीका साथै यूरोपेली भाषाहरूबाट, आधुनिक आर्यभाषाहरूबाट आग्नेय परिवारका भाषाहरूबाट र तिब्बत-हिमाली भाषाहरूबाट आएका शब्दहरूको समेत तल चर्चा गरिन्छ ।

इरानेलीबाट आएका शब्दहरूको प्रचुरता हुनु कुनै अस्वाभाविक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होइन किनभने वैदिक युगभन्दा अघि आर्य र इरानेली एउटै भाषा थिए भनेर हामीले मानिसकेका छौं। त्यसपछि पनि इरानबाट आर्यहरूको आगमन हुँदै रह्यो र फलस्वरूप पछिसम्म पनि इरानेलीबाट आधुनिक आर्यभाषाहरूमा नयाँ नयाँ शब्द थपिदै गए। मध्यकालीन इरानेलीले अर्बेलीबाट धेरै शब्दहरू सापट लिएको थियो र ती अर्बेली शब्दहरू पनि फार्सेलीमार्फत नेपालीमा आएकाले भाषाशास्त्रीहरू तिनलाई पनि फार्सेली नै भन्छन्। फरक, अक्किल, इलम, हुकुम, जुलुम, कदम, तलब, माफ, सलाम, तारिफ, फिक्री, जिक्री जवाफ आदि अनेक शब्द अर्बेलीका हुन्। यस्ता अरू अर्बेली शब्द प्रशासन, धर्म, शिक्षा, चिकित्सासम्बन्धी देखिन्छन्। तर टर्नरले भने आफ्ना कोशमा अर्बेलीसँग मिल्ने १ शब्द मात्र राखेका छन्। नेपालीमा आएका अरू अर्बेली शब्दहरूलाई उनले हिन्दीबाट सापट लिएका शब्दभित्र राखे। फार्सेलीका आफ्नै शब्दहरू पनि नेपालीमा सोझै कमै आए। यस्ता शब्दहरू हिन्दुस्थानको छिमेकी भाषामार्फत नेपालीमा आए। टर्नरले आफ्नो कोशमा इरानेलीसँग मिल्ने जम्मा ९९ शब्द दिएका छन्। यिनमा फारसीका ३८, पस्तोका १७, पहलवीका १३ र अवेस्ताका ८ छन्, अरू भाषाका शब्दहरूको संख्या नगण्य छ। मुगलानमा मुगलहरूको शासनकालमा फार्सेली शब्दहरूको विशेष प्रयोग भयो। उता जनताले पनि आफ्ना भाषामा यस्ता शब्दहरूलाई मिसाउँदै प्रयोग गरेकाले उर्दू भाषा जन्म्यो। यसको प्रभाव नेपालका भाषाहरूमा पनि पर्‍यो खास गरेर दरबारी भाषामा र कामकाजको भाषामा। फार्सेली शब्द अर्थपरिवर्तन र ध्वनिपरिवर्तन सहित हिन्दुस्तानका छिमेकी भाषामार्फत नेपालीमा आएका छन्। यस कारण प्राचीन नेपालीमा फार्सेली शब्द अझै भेटिएका छैनन्। मध्यकालीन नेपालीमा फार्सेलीका केही शब्द पाइन्छन् र आधुनिक कालमा आएर यस्ता शब्दको संख्या झन् बढेको छ। नेपालीमा देखापरेका यस्ता शब्दहरू धर्म र दर्शनसम्बन्धी, लडाइँ र यसका सर-सामानसम्बन्धी, न्याय र प्रशासनसम्बन्धी, शरीर-विज्ञान र औषोधोपचारसम्बन्धी, शिक्षा, ज्ञान, पेशा र जातिसम्बन्धी, घर, सजावट र सौन्दर्य-प्रशासनसम्बन्धी छन्। यस्तै फल, मिठाई, खाद्य-पदार्थ, लुगा-भाँडा र व्यक्तिबोधक नामहरू पनि फार्सेलीबाट नेपालीमा आएका छन्। फारसीले हाम्रो भाषाको रूपतत्वमा पनि प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पारेको छ। परसर्ग र उपसर्ग, विशेषणीय र भावबोधक प्रत्ययहरू समेत फार्सेलीबाट नेपालीमा आएका छन्। नेपालीमा परेका यस्ता फार्सेली प्रभावको चर्चा यथास्थान भएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा फार्सेलीका साथै तुर्केली शब्दहरू पनि देखापरेका छन् । टर्नरले किरिच शब्दलाई मात्र तुर्किसँग मिल्ने देखाए । तर अन्दाजी ३५-४० तुर्केली शब्द नेपालीमा हुने सम्भावना छ । भारतका प्रथम आक्रामक् तुर्क थिए र यिनीहरूले भारतीय भाषालाई आफ्ना केही शब्द पनि दिए । यस्ता शब्द नेपालीमा छिमेकी भाषामार्फत आए । यसरी उर्दू, कैंची, गलैंचा, काकू बहादुर, तोप, कुर्ता, लाश, कात्रू, कुली, चकमक, सौगात, जेत्र, तमगा, वेगम आदि शब्द तुर्केलीबाट आएका हुन् ।

पोर्तुगाली शब्दहरू एशियाका विभिन्न भाषाहरूमा झैं नेपालीमा पनि देखापरेका छन् । यस विषयमा रूडोल्फ डेलगडाले आफ्नो महत्त्वपूर्ण पुस्तक 'एशियाली भाषाहरूमा पुर्तगाली शब्दहरू' मा विवेचन गरेका छन् । त्यसैमा के पनि भनिएको छ भने नेपाली भाषामा पोर्तुगाली शब्दहरू हिन्दीमार्फत आए । यो कुरा सत्य र स्वाभाविक पनि हो । पोर्तुगालहरू भारतमा व्यापारीका रूपमा पसे अनि आफ्ना मालताल बेच्न थाले । अतः नेपालीमा देखापरेका पोर्तुगाली शब्दहरू पनि धेरैजसो मालतालको नामसम्बन्धी नै छन् । र ती मालतालका साथ शब्द पनि नेपालीमा आएका छन् । उदाहरणार्थ कमीज, कनेस्टर, आलमारी, मेज, इस्पात, बोतल, तमाखु, इस्त्री, सुन्तला, साबून, बिस्कुट, बाल्टिन, अचार, परात, ताउलो आदि ।

अंग्रेजी भाषाका शब्द नेपालीमा सुगौली सन्धिको समयदेखि आउन थाले । काठमाडौं उपत्यकामा ईसाईहरू पहिलेदेखि बसेका भए तापनि तिनीहरूका भाषाको प्रभाव उत्ति परेको देखिएन । भारतमा अंग्रेजहरूले प्रभुत्व जमाउँदै रहेको समयमा लेखापडी गर्दा केही नाम मात्र देखा परे । अंग्रेज-नेपाल लडाइँको समयमा नेपालीहरूले केही अंग्रेजी शब्द लिए र त्यसपछि नेपाली फौजको आधुनिकीकरण गर्दा सेना र प्रशासन अनि हतियारका नामहरू आए । त्यसै समय अंग्रेजहरूले दिएका मालसामान र अरू आधुनिक उपकरण तथा विचारका नाम पनि नेपालीमा देखिन थाले । तैपनि त्यस बेलाका अंग्रेजी शब्दहरू रोग र औषधी, शिक्षा र व्यवस्था, यन्त्र र धातु, खेल र खानेकुराहरूमा सीमित थिए । नेपालीहरू अंग्रेजी फौजमा भर्ती हुन थालेपछि केही अंग्रेजी शब्द नेपाली जीवनमा साधारण भए । नेपालीहरूले धेरै अंग्रेजी शब्द १९५० सम्म जानिसकेका थिए र आवश्यक शब्दहरूको प्रयोग पनि गर्थे । गोरखापत्रको प्रारम्भिक कालमा अंग्रेजी शब्द प्रशस्त देखिन्छन् र त्यसभन्दा केही मात्र पछि भारतबाट प्रकाशित हुने नेपाली पत्र-पत्रिकाहरूमा पनि नेपालीका साथ अंग्रेजी शब्दहरूको प्रयोग भएको छ । यता १९५१ को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिवर्तनपछिको उन्मुक्त वातावरणमा नेपालीमा झन् बढी अंग्रेजी शब्दहरू देखापर्न थाले। यसपछि आएका शब्दहरूमा राजनीति र प्रशासनसम्बन्धी, शिक्षा र व्यवसायसम्बन्धी, ज्ञान र आविष्कारसम्बन्धी, यन्त्र र उपकरण-सम्बन्धी र अरू विभिन्न किसिमका छन्। अंग्रेजी भाषाबाट आएका शब्दहरूको ध्वनिसम्बन्धी विशेषता र अरू विशेषताहरूको चर्चा यथास्थान गरिनेछ। हाम्रो वाक्य-रचना र अभिव्यक्तिको ढङ्गमा पनि अंग्रेजी भाषाको प्रभाव परेको छ। भावाभिव्यक्तिको सिलसिलामा अंग्रेजी शिक्षापद्धतिमा हुर्केकाहरूको अंग्रेजी शब्दको बढी प्रयोग गरेको देखिन्छ। तर अहिले त्यस्ता शब्दका ठाउँमा नेपाली शब्दको प्रयोग गर्ने आग्रह बढ्दै छ।

नेपाली-भाषाभाषीहरूले फ्रान्सेली भाषाबाट पनि केही शब्द लिएका छन्। फ्रान्सेलीहरूसँग उनीहरूको भाषाका शब्द लिनुपर्ने गरी प्रत्यक्ष संसर्ग रहेन। यस्ता फ्रान्सेली शब्दहरू नेपालीमा अंग्रेजी र छिमेकी भाषाहरूमार्फत आए। उदाहरणार्थ कारतुस, कूपन, औंस, फराश, मार्शल, मेम, रेष्ट्राँ, लि-लक्स आदि फ्रान्सेलीबाट आएका शब्दहरू हुन्।

यसबाहेक डच (तुरुप), स्पेनिश (पिउन, सिगरेट), जर्मनेली, (ग्याकम, सेमिनार), रसियाली (जार, सोभियत, भोल्सेविक, स्पुतनिक) आदि विभिन्न युरोपेली भाषाहरूबाट पनि केही शब्द नेपालीमा आएका छन्।

भारतमा र नेपालमा बोलिने आधुनिक आर्यभाषाहरूको र नेपालीको मूलतः संस्कृतसँग सम्बन्ध भएकाले धेरै शब्द एकै किसिमका हुनु स्वाभाविक हो। सर टर्नरले यस्ता समान शब्दहरूको सूची आफ्नो कोषमा दिएका छन्। तर नेपाली भाषाले विभिन्न समय र परिस्थितिमा छिमेकी र दूरवर्ती भाषाबाट शब्दहरू लिएको छ। उदाहरणार्थ गुजराती (हड्ताल), बङ्गाली (गम्छा, कविराज), मैथिली (पैंनी), मराठी (चालू, लागू), पञ्जाबी (सिक्ख, छोला, फालशा), भाषाहरू बाहेक दार्दिक कश्मीरी, पश्चिमी पहाडी भाषाहरूबाट पनि नेपालीले केही शब्द लिएको छ।

आग्नेय परिवारका भाषाबाट आधुनिक कालमा नेपालीमा आएका शब्दहरूको संख्या प्रायः नगण्य छ। संस्कृतमा नै यस्ता शब्दहरू आएका भनेर माथि देखाइसकिएको छ। सर टर्नरले मुण्डा र मोनख्मेर वर्गका भाषाहरूसँग मिल्ने शब्द देखाएका छन्। कोरी, कोडी आदि आग्नेय भाषाका शब्द मानिन्छन्।

नेपालका भोट-हिमाली परिवारका भाषाहरूबाट नेपालीमा केही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द आएका छन् । यहाँ भोट-हिमालीबाट प्रभावित भाषाहरूलाई पनि भोट-हिमाली वर्गमा नै गाभिएको छ । आधुनिक कालमा आएर नेपालीमा भोट हिमाली भाषाका शब्द पनि देखा पर्न थाले । नेपाली भाषा यसै वर्गका भाषाभाषीहरूको माझ हुर्क्यो ।

नेवारी भाषाको शब्दहरूमा कुसले, को, क्वाँटी, गठेमङ्गल, गुभाजु, छिँडी, सिकर्मी, डकर्मी, बाँडा, साल्मी, हिटी, ज्यापू, हिसी, टिकिनबजी, पर्खाल, झ्याल, खापा, ढोका आदि प्रमुख हुन् । यस्तै नेवारीमा देखिएका पसल (पण्यशाला), पर्खाल (परिखाधार) जस्ता शब्दहरूका मूल संस्कृत हुनु बढी सम्भव छ ।

किराँती भाषाहरू अर्थात् लिम्बवानी र खम्बवानी समूहका भाषाहरू-बाट आएका नेपालीमा कमै देखिन्छन् । जातिवाचक शब्दहरू जस्तै- खम्बू, चामलिंग, याक्थुम्बा, लिम्बू आदि जस्ता केही शब्द मात्र हुन् नेपालीका केही भाषिकाहरूमा केही अरू शब्दहरू पनि प्रचलित छन् ।

गुरुङ भाषाको घले, रोदी आदि केही शब्द मात्र विशेष प्रचलित छन् । यस्तै तामाङका पनि डम्फू, च्याङ्बा आदि प्रचलित शब्दहरू हुन् ।

मगरहरूसँग बढी सम्पर्कमा बसेर पनि मगर भाषाका शब्द नेपालीमा कमै प्रचलित छन् । सर टर्नरले मगर भाषाका शब्दसँग मिल्ने पाखी भनेर देखाए; अनि पोखरेलले पनि मगर भाषाका शब्द नेपालीमा चाहिँदो मात्रामा नपाइएको चर्चा गरेका छन् । मगर, तामाङ, लाप्चे, मिझार आदि शब्द संभवतः मगर भाषाबाट आएका हुन् भन्ने पोखरेलको विचार छ । केही नदीका र केही ठाउँका नामहरू संभवतः मगर भाषा.ना हुन् । खासगरी केन्द्रीय नेपालको पहाडी प्रदेशका गाउँ-ठाउँका नामहरू ।

तिब्बती भाषाका केही शब्दहरू पनि नेपालीमा देखिन्छन् । त्यस्ता शब्दहरू हुन्- लामा, भोटे, डाँफे, च्याङ्ग्रो, खोल्मा, रक्सी, भाखा, लमी, सोवपा आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड २

६. नेपाली स्वर र व्यंजन वर्णहरूको परिचय

५४. नेपाली स्वर र तिनको वर्गीकरण

नेपाली भाषाका स्वर भन्नाले नेपाली भाषाको कथ्य रूपमा आधारित अर्थभेदक मूल स्वरलाई संकेत गरिएको हो । यस्ता स्वरहरू ६ छन् । ती हुन्– अ, आ, इ, उ, ए, ओ । यी अर्थभेदक हुन् भन्ने कुरा स्पष्ट गर्न जोडा शब्दहरूलाई प्रस्तुत गर्न सकिन्छ । जस्तै– कम र काम, किलो र कुलो, खेल र खोल । खर, खार, खीर,खुर, खेर र खोर जस्ता शब्दहरूले पनि अर्थ विभेदकता देखाउँछन् ।

स्वरहरूलाई विभिन्न आधारमा छुट्याई वर्गीकरण गरिन्छ । जिभ्राको सक्रियताका आधारमा स्वर ध्वनिहरू अग्र र पश्च हुन्छन् । जिब्राको अघिल्लो भाग सक्रिय हुँदा उच्चरित हुने स्वर ध्वनि अग्र र पछिल्लो भाग सक्रिय हुँदा उच्चरित हुने ध्वनि पश्च हुन् । जिब्राको बीचको भाग सक्रिय भई उच्चरित हुने ध्वनिलाई केन्द्रीय पनि भनिन्छ । नेपाली भाषाका इ, ए अग्र स्वर हुन् । उ, ओ र अ आ पश्च स्वर हुन् । यिनमा अ केही मात्रामा र आ बढी मात्रामा केन्द्रतिर ढल्केको भए पनि अग्र-पश्चको विभाजनमा दुवै पश्चतिर जान्छन् । अग्र–केन्द्रीय- पश्चको विभाजनमा भने आ लाई केन्द्रीय भन्ने चलन छ ।

ओठको अवस्थाका आधारमा स्वरहरू गोलित (rounded) र अगोलित (unrounded) हुन्छन् । ओठ गोलो पारेर उच्चारण गरिने स्वरहरू [नेपालीका उ, ओ] गोलित हुन् र ओठ गोलो नपारीकन उच्चरित हुने स्वरहरू अगोलित हुन् । नेपालीका इ, ए, अ र आ अगोलित स्वर हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जिब्राको उँचाइका आधारमा उच्च र निम्न स्थितिका साथै मध्य स्थिति पनि भन्ने गरिन्छ । नेपालीका इ र उ को उच्चारणमा जिब्रो उच्च स्थितिमा हुन्छ, अ र आ को उच्चारणमा निम्न स्थितिमा हुन्छ र ए र ओ को उच्चारणमा मध्य स्थितिमा हुन्छ । यसैलाई अर्को किसिमले पनि भन्ने गरिन्छ । जिब्रो उच्चतम स्थितिमा हुँदा स्वर-प्रवाहको वाटो साँघुरो हुन्छ र यस्तो अवस्थामा उच्चरित स्वरलाई संवृत (close) स्वर भनिन्छ । यसैलाई उच्चतम स्वर सीमा मानेर चार भाग गरिन्छ । निम्नतम सीमालाई खुला अर्थात् विवृत (open) भनिन्छ । बीचका तहहरूलाई संवृत भन्दा तलकोलाई अर्धसंवृत (half close) र त्यसभन्दा तल अनि विवृतभन्दा माथिकोलाई अर्ध विवृत (half open) भनिन्छ । यस आधारमा नेपालीका स्वरहरूमध्ये इ, उ संवृत, ए, ओ अर्धसंवृत, अ अर्धविवृत र आ विवृत मानिन्छन् ।

स्वरको उच्चारण गर्दा मुखको मांसपेशी दृढ (tense) हुनेलाई दृढ-स्वर र त्यसो नहुनेलाई शिथिल (lax) स्वर भनिएको छ । नेपालीका इ, उ र आ दृढस्वर हुन् भने ए, ओ र अ शिथिल स्वर हुन् ।

नेपाली भाषाका स्वरहरूलाई माथिका अघिल्ला तीन आधारमा मानस्वर त्रिकोणमा र चारै आधारमा स्वरहरूको परिच्छेदक अभिलक्षणको तालिकामा देखाउन सकिन्छ । [द्रष्टव्य : पृ ४] निम्नलिखित अन्य आधारमा पनि स्वरहरू छुट्टिन्छन् :

स्वरको उच्चारणका क्रममा स्वास प्रवाह हुँदा नाकबाट पनि सास निस्केर उच्चरित भएको स्वरलाई नासिक्य स्वर (nasal vowel) भनिन्छ । नेपालीका सबै शुद्ध स्वर नासिक्य स्वर भई अँ, आँ, इँ, उँ, एँ, ओं हुन सक्छन् ।

नेपालीका मूलस्वर जस्तै केही संयुक्त स्वर हुन्छन् जसलाई द्विस्वर (dipthong) भनिन्छ । नेपालीका ऐ, औ द्विस्वर हुन् ।

नेपालीमा ह्रस्व र दीर्घस्वरहरू अर्थभेदक छैनन् तर विभिन्न भाषामा ह्रस्व र दीर्घ स्वरले अर्थभेद गर्छन् । लिखित नेपालीमा पनि दीर्घताले अर्थ-भेद ल्याएका उदाहरण पाइन्छन् । जस्तै दिन र दीन, फुल र फूल, फेरि र फेरी आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तालिका ५ मानस्वरमा नेपाली स्वर



तालिका ६ नेपाली स्वरका विभेदक अभिलक्षण

	इ	उ	ए	ओ	अ	आ
आक्षरिक	+	+	+	+	+	+
निम्न	−	−	−	−	+	+
उच्च	+	+	−	−	−	−
पश्च	−	+	−	+	+	+
गोलित	−	+	−	+	−	−
दृढ	+	+	−	−	−	+

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा ह्रस्व र दीर्घ स्वरमा पनि व्यतिरेक नभएकाले इ र उ पनि एकै थरी मात्र छन् । ध्वनि-तात्त्विक दृष्टिले कुनै स्वरको उच्चारणमा कम र कुनै स्वरको उच्चारणमा बढी समय लाग्न सक्छ, अनि केही शब्दमा अर्थका दृष्टिले दुई रूप [अमिलो, अमीलो; सेतो, सेऽतो; कालो, काऽलो] हुन सक्छन् तर यिनै आधारमा दीर्घतालाई वर्णका स्तरमा स्वीकार गर्न सकिन्न । बरु सबैजसो नेपाली स्वर अनुनासिक हुन सक्छन्, बेग्लै अर्थमा; जस्तै– त, तँ; बास, बाँस; गाउ, गाऊँ इत्यादि । अर्को अनुनासिक स्वरका अघिपछि आउँदा वा नासिक्य वर्णका साथ उच्चारण गर्दा स्वरमा अनुनासिकत्व थपिन्छ । श्वसित व्यञ्जन-ध्वनिका साथ उच्चारित स्वर पनि श्वसित हुन्छन् । नेपाली स्वरहरूको यस संक्षिप्त वर्णनमा स्वरका ध्वनि-तात्त्विक भेदहरूको चर्चा गरिएको छैन ।

अ—यो पश्च, निम्न र अगोलित स्वर हो । नेपालीका केही भाषिकाक्षेत्रमा यो केही मात्रामा गोलित पाइन्छ । यो पदका आदि, मध्य र अन्तमा पाइन्छ ।

खल्, कर्, अमर्, त जन्म, खर्, घर्, तल ।

आ—यो पश्च, निम्न र अगोलित स्वर हो । कुनै स्थितिमा अर्को वर्णका साथ आउँदा यो अग्रतिर बढ्न सक्छ । यो पदका आदि, मध्य र अन्त सबै स्थितिमा पाइन्छ ।

आमा, खाल, खार, बाला, धान, मामा ।

इ— यो अग्र, उच्च र अगोलित स्वर हो । लिखित भाषामा इ, ई दुवैको प्रयोग पाइन्छ तापनि बोलचालमा त्यस्तो भेद छैन । इ शब्दका आदि, मध्य र अन्तमा पाइन्छ ।

इच्छा, ईश्वर, खीर, खील, दिदी, यही ।

उ— यो पश्च, उच्च र गोलित स्वर हो । 'इ' का झैं यसका पनि लिखित साहित्यमा 'उ', 'ऊ', दुई रूप प्रचलित छन् तापनि नेपालीमा उच्चारण भने सामान्यतः एउटै किसिमको 'उ' को मात्र हुन्छ । यो शब्दका सबै स्थितिमा आउँछ ।

उता, ठूलो, खुल, खुर, धुलो, ढुटो, कुरा ।

ए— यो अग्र, मध्य र अगोलित स्वर हो । यो शब्दका सबै स्थितिमा आउँछ ।

एक, देउता, खेल, खेर, पाले, जान्ने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ओ—यो पश्च, मध्य र केन्द्रीय गोलित स्वर हो। यो पदका आदि, मध्य र अन्तमा आउँछ।

ओखर, खोल, खोर, जाओ, कालो।

५५. संयुक्त स्वर

मूल स्वरहरूको मिश्रित रूपमा दुइटा स्वरको एकैसाथ उच्चारण हुनुलाई संयुक्त स्वर भनिन्छ। नेपाली स्वरहरूका साथमा 'ऐ' र 'औ' मूल स्वर सरह नै पढिन्छन् तर यिनलाई संयुक्त स्वर भन्नु नै उचित छ। हुन त यस्ता स्वरहरूको प्रवृत्ति मूलस्वरतिर छ। कैले [कहिले], ऐले [अहिले], हैन [होइन], द्यौता [देउता], यौटा [एउटा] कौन [कउन] आदि। तर यी सबै-संयुक्तस्वरका रूपमा नै धेरैजसो उच्चारित हुन्छन्।

[क] ऐ [अइ] यसमा अ र इ को मिश्रण छ। ऐसेलु, पैसा, जनै।

[ख] औ [अउ] मा अ र उ को सन्धि स्पष्ट छ। औलो, पौल, तौल, कौ।

यसबाहेक दुई स्वर एकै ठाउँमा आएको उदाहरण पनि नेपालीमा धेरै पाइन्छन्, अइ–गइ, चइत, भइलो।

अए–गए, भए, सए।

अउ-अउलो, मउलो, पउल, चउर।

आओ–आओ, जाओ, खाओ।

आइ–माइत, साइत।

आई–गराई, खाई, आई।

आउ–भाउ, राउत, आउलो।

आऊ–जाऊ, खाऊ, आऊ।

आए-धाए, गाए, कराए, सुनाए।

आओ–गाओ, जाओ।

इए-भनिए, गरिए, सुनिए, बसिए।

इउ–बिउ, जिउ।

उआ–गरुवा, हरुवा, जुआडी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उइ-उइले [उहिले], उइ [उही] ।

उए-कुएको, तुएको [कुहेको, तुहेको] ।

एइ-च्यँ- [चेइ], गरिनेइ [गरिन्यँ] छ ।

एउ-भेउ, एउटा ।

ओइ-ओइलिनु [वँलिनु], पोइ, खोइ ।

५६. अनुनासिक स्वर

अनुनासिक स्वरहरूको उच्चारणविधि निरनुनासिक-स्वरको जस्तै भए पनि केही भिन्नता हुन्छ । अनुनासिक उच्चारणमा उच्चारण गर्दा बाहिर निस्कने हावा केही मात्रामा नाकबाट पनि निस्कन्छ । नेपाली भाषाका सबै स्वर अनुनासिक बन्न सक्छन् ।

अँ-अँध्यारो, अँगार, अँगालो, तँ,

आँ-आँखा, आँसु, डाँडा,

इँ-भइँसी [भैँसी], यहीं, ईँट,

उँ-गाउँ, नाउँ, अउँठी [औँठी], जाऊँ,

एँ-गएँ, भएँ, गाएँ, पाएँ, वेँसी,

ओं-ओंठ, खोंच ।

५७. नेपाली व्यंजनवर्ण

नेपाली भाषाका व्यंजनवर्णलाई तालिका ७ मा देखाइएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तालिका ७ : नेपाली भाषाका व्यञ्जनवर्ण

प्रयत्न	स्थान	द्वयोष्ठ्य	दन्त्य	जिह्वाग्र–वर्त्स्य	उपाग्र–वर्त्स्य	तालव्य	कण्ठ्य	कण्ठमुखी
स्पर्श stops	अल्पप्राण	प् ब्	त् द्	ट् ड्			क् ग्	
	महाप्राण	फ् भ्	थ् ध्	ठ् ढ्			ख् घ्	
स्पर्श-सघर्षी Affricates	अल्पप्राण				च् ज्			
	महाप्राण				छ् झ्			
सघर्षी	अल्पप्राण				स्			
	महाप्राण							ह्
पार्श्विक (Lateral)	अल्पप्राण			ल्				
कम्पित (Trill)	अल्पप्राण			र्				
नासिक्य (Nasal)	अल्पप्राण	म्		न्			ङ	
अन्तस्थ (Semi-vowel)	अल्पप्राण	व्				य्		

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीका व्यञ्जनवर्ण र तिनको वर्गीकरण

नेपाली भाषाको कथ्य प्रयोगमा अर्थभेदक भई आउने वर्णलाई मात्र नेपाली व्यञ्जनवर्ण भनिन्छ। उच्चारण गर्दा मुख-विवरमा प्रवाहित भएको श्वासलाई प्रभवित गरी [अथवा बाधा दिई] उच्चारण गरिने ध्वनिलाई व्यञ्जन ध्वनि भनिन्छ। श्वास-प्रवाहमा चार किसिमले प्रभाव पारिन्छ :-

ध्वनिको उच्चारण गर्दा उच्चारण अङ्गहरूले विभिन्न स्थानमा स्पर्श गर्छन् जस्तै-

द्वयोष्ठ्य (Bilabial) प्, फ्, ब्, भ्, म्, व्
दन्त्य (Dental) त्, थ्, द्, ध्
उपाग्रवर्त्स्य (Lamino-alveolar) च्, छ्, ज्, झ्, स्
जिह्वाग्र-वर्त्स्य (Apico-alveolar) ट्, ठ्, ड्, ढ्, न्, र्, ल्
तालव्य (Palital) य्
कण्ठ्य (Velar) क्, ख्, ग्, घ्, ङ
कण्ठमुखी (glottal) ह्

श्वास-प्रवाहलाई मुख-विवर वा नासा-विवरमा विभिन्न किसिमले प्रभावित गरिन्छ। यसलाई प्रयत्न भनिन्छ र यस आधारमा नेपाली व्यञ्जन ध्वनिहरू निम्नलिखित अनुसार छुट्टिन्छन्-

स्पर्श (Stops) प्, फ्, ब्, भ्, त्, थ्, द्, ध्, ट्, ठ्, ड्, ढ्, क्, ख्, ग्, घ्
स्पर्श-संघर्षी (Affricates) च्, छ्, ज्, झ्
संघर्षी (Fricatives) स्, ह्
पार्श्विक (Lateral) ल्
कम्पित (Trill) र्
नासिक्य (Nasal) म्, न्, ङ्
अन्तस्थ / अर्धस्वर (Semi-Vowel) य्, व्

श्वास प्रवाह हुँदा स्वर यन्त्रमा रहेका स्वरतन्त्रीलाई धकेल्दै आएको सासले कम्पन गर्दै निस्कन्छ। यसरी कम्पनका साथ उच्चरित ध्वनि सघोष हुन् र कम्पनविना उच्चरित ध्वनिलाई अघोष भनिन्छ। नेपाली भाषाका प्, फ्, त्, थ्, ट्, ठ्, च्, छ्, क्, ख्, स् अघोष ध्वनि हुन् भने ब्, भ्, द्, ध्, ड्, ढ्, ज्, झ्, ग्, घ्, म्, न्, ङ, र्, ल्, ह्, य्, व् सघोष व्यञ्जन हुन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्वनिको उच्चारण गर्दा सासको मात्रा बढी भएमा महाप्राण ध्वनि उच्चरित हुन्छन् भने कम भएमा अल्पप्राण नेपाली भाषाका फ्, भ्, थ्, ध् ठ्, ढ्, छ्, झ्, ख्, घ्, ह् महाप्राण ध्वनि हुन् भने अरू अल्पप्राण ध्वनि हुन् ।

व्यञ्जनहरू पनि स्वरहरू जस्तै मूल र संयुक्त हुन्छन् । माथि दिइएका सबै मूल व्यञ्जन हुन् । दुई र दुईभन्दा बढी व्यञ्जनहरूको संयोग गरी उच्चरित वा लिखित व्यञ्जन नै संयुक्त व्यञ्जन हुन् :–

वर्णमालाका संयुक्त व्यञ्जन–क्ष्, त्र्, ज्ञ्

समान वर्ण संयुक्त [व्यञ्जन द्वित्व]–बट्टा, पक्का, सत्ता

असमान वर्ण संयुक्त–कार्य, विद्वान्, पद्य, गाग्रो, बाक्लो ।

नेपाली भाषाका सबै व्यञ्जनवर्णहरूको उच्चारण भित्रबाट वाहिर निस्कने सासका सहायताले हुन्छ । यहाँ नेपाली व्यञ्जनका स्थान, प्रयत्न, घोषता र प्राणत्ववारे सामान्य वर्णन गर्दै तिनको वितरणबारे छोटकरीमा चर्चा गरिएको छ । नेपालीका घोष महाप्राण वर्णहरूलाई ध्वनि-तात्त्विक दृष्टिले श्वसित व्यञ्जन पनि भन्न सकिन्छ र पदका सबै स्थितिमा तिनको वितरण देखाइए तापनि स्वरमध्यगत अवस्थामा र पदान्तमा ती अल्पप्राण वर्णका रूपमा उच्चारित हुन्छन् । यसरी बाघ, साझा, पढ्नु, बाँध्नु, गाभ्नुको उच्चारण बाग्, साजा, पड्नु, बाँद्नु, गाब्नु हुन्छ । तालिकामा परेका कतिपय वर्णहरूको चर्चा तल संक्षेपमा गरिएको छ ।

क् ख् ग् घ् । यी कण्ठ्य एवं स्पर्श व्यञ्जन हुन् । यी व्यञ्जनहरूको उच्चारण गर्दा जिभ्राका पछिल्ला हिस्साले कोमलतालुलाई स्पर्श गर्छ । यिनमा पहिलो र दोस्रो अघोष एवं तेस्रो र चौथो सघोष, अनि पहिलो र तेस्रो अल्पप्राण र दोस्रो र चौथो महाप्राण ध्वनि हुन् । यी सबै व्यञ्जनहरू पदका आदि मध्य र अन्तमा आउँछन् ।

क्–कदम, काँक्रो, नाक् ।

ख्–खन्ती, पर्खाल्, राख् [नु] ।

ग्–गाई, सगुन, गन् [नु] ।

घ्–घर, सँघार, बाघ् ।

च् छ् ज् झ् । यी उपोग-वर्त्स्य एवं स्पर्श-सङ्घर्षी ध्वनि हुन् । यी व्यञ्जनहरूको उच्चारण गर्दा जिभ्रोको अघिल्लो हिस्साले वर्त्सभागलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धक्का दिन्छ । यिनमा पहिलो र दोस्रो अघोष एवं तेस्रो र चौथो घोष ध्वनि हुन् अनि पहिलो र तेस्रो अल्पप्राण तथा दोस्रो र चौथो महाप्राण ध्वनि हुन् । यी व्यञ्जन ध्वनिहरू पदका आदि, मध्य र अन्तमा आउँछन् ।

च्-चिनो, विचारी, नाच् ।

छ्-छाता, कछुवा, ताछ् ।

ज् जात्, बिजुली, लाज् ।

झ्-झाङ, साझा, साँझ् ।

त् थ् द् ध् । यी दन्त्य र स्पर्श व्यञ्जन हुन् । यी व्यञ्जनहरूको उच्चारण गर्दा जिब्राले माथिल्ला दाँतलाई धक्का दिन्छ । यिनमा त् र थ् अघोष र द् ध् घोषध्वनि एवं त् द् अल्पप्राण अनि थ् ध् महाप्राण ध्वनि हुन् । यी सबै ध्वनि पदका आदि, मध्य तथा अन्तमा पाइन्छन् ।

त्-तार्, बतास्, बात् ।

थ्-थलो, पत्थर्, [पाथर], गाथ् ।

द्-दही, कदम, दूद् ।

ध्-धन्, पँधेरो, सोध् [नु]

ट् ठ् ड् ढ् । यी जिह्वाग्र-वर्त्स्य तथा स्पर्श व्यञ्जन हुन् । यी व्यञ्जनहरूको उच्चारण गर्दा जिब्राको अगिल्लो हिस्साले अलिकति घुमेर कठोर तालुलाई धक्का दिन पुग्छ । यिनमा ट् ठ् अघोष, ड् ढ् घोष, तथा ट् ड् अल्पप्राण अनि ठ् ढ्, महाप्राण व्यञ्जन हुन् । यी सबै पदका आदि, मध्य र अन्तमा पाइन्छन् । पदका मध्य र अन्तमा ड् ढ् ताडित हुन्छन् ।

ट्-कट्टू, काट् [नु]

ठ्-ठट्टा, बैठक, काठ ।

ड्-डर, डँडाल्नु, ढाड् ।

ढ् ढाक्नु, पढ्नु ।

प् फ् ब् भ् । यी द्वयोष्ठ्य स्पर्श व्यञ्जन हुन् । यी ध्वनिहरूको उच्चारण गर्दा दुवै ओठ जोडिन्छन् । यिनमा प् फ् अघोष र ब् भ् घोष, प् ब् अल्पप्राण र फ् भ् महाप्राण व्यञ्जन हुन् । पदका यी वर्णहरू आदि, मध्य र अन्तमा पाइन्छन् ।

प्-पानी, कपास, पाप् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फ्-फालो, काफल्, वाफ् ।

ब्-बाँस, गोबर, दाव् ।

भ्-भर, जिभ्रो, गाभ् [नु] ।

ङ-न्, म् ।

यी अनुनासिक व्यञ्जनहरूका साथै लेखनमा ञ् र ण् पनि छन् । ञ् र ण् को उच्चारण कथ्य नेपालीमा हुँदैन । लेख्दा यी वर्णहरूको प्रयोग हुन्छ । ञ् को अधि प्रयोग यँ का ठाउँमा हुन्थ्यो, जस्तै– ञाहाँ, आञाँ, रुपिञाँ । ण् को उच्चारण डँ का रूपमा कहीं कहीं गरिन्छ र यो तत्सम शब्दहरूमा आउँछ । यी सबै अनुनासिक व्यञ्जनहरूको उच्चारण गर्दा मुखका साथ नाकबाट पनि सास निस्कन्छ ।

ङ–कण्ठ्य अनुनासिक घोष व्यञ्जन हो । नेपालीमा यो ध्वनि पदादिमा केही शब्दमा मात्र पाइन्छ । तर मध्य र पदान्तमा भने विशेषरूपले पाइन्छ । ङ्यार्र, ङिच्च, कङ्गाल, आङ ।

न्–यो अल्पप्राण अघोष अनुनासिक व्यञ्जन हो । सबैभन्दा बढ्ता प्रयोग हुने यो व्यञ्जन पदको आदि, मध्य र अन्तमा देखिन्छ । नरम्, विन्ती, कान् ।

म–अल्पप्राण, घोष, द्वयोष्ठ्य अनुनासिक व्यञ्जन हो । यसको उच्चारण गर्दा दुवै ओठ मिल्न आउँछन् । यो पदको आदि, मध्य र अन्तमा पाइन्छ ।

माउ, काम्लो, काम् ।

र् ल् । र कम्पित, अग्र-वर्त्स्य, घोष अल्पप्राण ध्वनि हो । यो पदको सबै स्थलमा आउँछ । ह् ल् पार्श्विक जिह्वाग्र-वर्त्स्य घोष महाप्राण ध्वनि हो । उत्तरमध्यकालीन नेपालीमा ह् ध्वनि पाइन्थ्यो । आधुनिक नेपालीमा यो ध्वनि ढ् मा विकसित भयो । भानुभक्त पह्लीनस् भन्या [पढीनस् भने] । महाप्राण ल्ह् पनि लमा विकसित भएको छ ।

र्–रङ, करम्, गर् ।

रह्–पर्‌हनु [पढ्नु], कर्‌हाई [कढाई], कोर्‌ही [कोढी] ।

ल्–लाख, लाटो, पलङ, चेलो, दल् [नु], खोल् [नु] ।

ल्ह्–चुल्हो, ओल्हनु ।

स् ह् । उपाग्र–वर्त्स्य, अघोष संघर्षी व्यञ्जन हो । यसको उच्चारण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दा जिभ्रो माथि उठ्छ र हावा संघर्ष गर्दै निस्कन्छ । तालव्य श् र मूर्धन्य ष् को उच्चारण नेपालीमा हुँदैन तर तत्सम शब्दहरूको लेखाइमा पाइन्छ ।

स्–सानो, सिस्नो, गाँस्नु ।

ह् । स्वरयन्त्रमुखी, संघर्षी, घोष ध्वनि हो । यसको उच्चारण गर्दा जिभ्रो, तालु र ओठ निष्क्रिय रहन्छन् । यो पदादि र मध्यमा पाइन्छ ।

ह्–हलो, कह्नु ।

य् व् । यी अन्तस्थ अथवा अर्धस्वर ध्वनि हुन् । य् को उच्चारण जिभ्राको अघिल्लो हिस्सालाई कठोर तालुतिर लगेर गरिन्छ । तर यसको उच्चारण तालव्य ध्वनि र स्वरहरूको झैं हुँदैन । कथ्य नेपालीमा यसको उच्चारण प्रायः इ स्वरको झैं हुन्छ । इ र य् तथा उ र व् मा स्पष्ट व्यतिरेक पनि पाइन्न । त्यसो हुँदा नेपालीमा य् र व् को अस्तित्व वर्णका रूपमा विवादास्पद छ । यद्यपि ध्वनितात्त्विक दृष्टिले यसको अस्तित्व मान्न सकिन्छ । केही शब्दमा लिखित य् को उच्चारण ए स्वरको झैं हुन्छ । 'व्' द्वयोष्ठ्य अन्तस्थ हो र यसको उच्चारणमा जिभ्रो वर्तुलाकार हुन्छ । यो पदको आदि र मध्यमा पाइन्छ । यो ध्वनि नेपालीमा साह्रै कम छ र अन्तमा पाइन्न, किनभने पदान्तमा यो 'उ' हुन जान्छ । बोलचालमा व् को उच्चारण उ को झैं हुन्छ ।

य्–यी, यस्तो, खयर, कायर, समय ।

व्–वार, कवल्, हाव [हाउ] ।

५८. अक्षर प्रणाली

कुनै पनि भाषाका वक्ता आफ्नो भाषाका ध्वनिहरूलाई एक-अर्कासँग जोडेर प्रायः एकभन्दा बढी वर्णहरूलाई एक सासमा उच्चारण गर्दछन् । एक सासमा उच्चारित यस्ता ध्वनिसमूहलाई हामी अक्षर भन्दछौं । नेपाली भाषाको अक्षर-प्रणाली अथवा आक्षरिक ढाँचाको संक्षिप्त परिचय यहाँ आवश्यक देखिन्छ । किनभने भाषाको परिवर्तन हुँदा यसमा पनि परिवर्तन हुन्छ । नेपालीमा संस्कृतका तत्सम शब्द प्रशस्त छन् र नेपाली र संस्कृतको अक्षरप्रणाली फरक भएकाले तत्सम शब्दलाई छाडी सूत्र रूपमा देखाउँदा नेपालीको आक्षरिक ढाँचालाई यसरी देखाउन सकिन्छ ।

(व्य) [व्व / द्वि] (व्य)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ 'व्य' ले व्यञ्जन, 'स्व' ले स्वर, 'द्वि' ले द्विस्वरलाई जनाउँछन्। कोष्ठकभित्रका संकेतले वैकल्पिकता जनाउँछन्। यसरी हामी नेपालीमा निम्न प्रकारका अक्षर पाउँछौं-

स्व- आ !, इ !, ए !

द्वि- आउ ! आई।

व्यस्व- खा !, जा ! तँ, म ।

व्यद्वि- दही (दै), खै ?

द्विव्य- ऐन, औल ।

व्यस्वव्य- काम्, सात्, भान् ।

स्वव्य- ईंट, इख्, उँट्, आँप ।

व्यद्विव्य- स्याल्, प्वाल् ।

यहाँ य् र व् लाई 'द्वि' इ र उ का भेदका रूपमा मानेर द्विस्वरका घटकका रूपमा देखाइएको छ। तर य् र व् लाई व्यञ्जनका रूपमा स्वीकार गरेर पनि आक्षरिक ढाँचामा देखाउन सकिन्छ। फेरि जहाँ द्विस्वर आउँछन् त्यस्ता स्थितिहरूमा ढीलो उच्चारण गर्दा दुई अक्षर बन्छन् भने छिटो उच्चारण गर्दा एक अक्षर। जस्तै- आउ, ऐन र स्याललाई दुई अक्षरमा पनि बाँड्न सकिन्छ। यहाँ स्थानाभावले गर्दा नेपाली अक्षर-प्रणालीबारे विस्तृतमा चर्चा नगरेर केवल संकेत मात्र गरिएको हो। यी अक्षरहरूको वितरणबारे पनि यहाँ व्याख्या गरिएको छैन।

१०. नेपाली स्वर र व्यञ्जनहरूको उत्पत्ति

५९. नेपाली स्वरवर्णहरूको उत्पत्ति

नेपाली अ को उत्पत्ति भयो-

क) सं० अ>प्रा० अ>वाट, गभीर>गहिरो>गहिरो, भगिनी>बहिणि>बहिनी, बइनी।

ख) सं० अ>प्रा० आ>वाट, व्याख्यान>वक्खाण>बखान, कार्पास>कप्पास>कपास।

ग) सं० ए>प्रा० अ>वाट नारीकेल>णारिअल>नरिवल।

घ) सं० ऋ>प्रा० अ>वाट, गृह>घर>घर, दृढ>दड>

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दरो, वृषभ>बसह>बसाहा ।

ङ) आदि र मध्य स्वरागमबाट स्तुति>अस्तुति, यन्त्र>जन्तर्, यत्न>जतन् इत्यादि ।

नेपाली आको उत्पत्ति भयो–

क) सं० आ>प्रा० आ>बाट, राजपुत्र>राअउत्त>राउत, वार्ता>वात्ता>बात, सार्थ>सात्थ>साथ ।

ख) सं० अ>प्रा० आ>बाट, कर्म>कम्म>काम, भक्त> भत्त>भात, अष्ठ>अट्ठ>आठ, अग्नि>अग्गि>आगो, अर्द्धक>अद्धओ>आधो ।

ग) सं० ऋ>प्रा० अ>बाट, नृत्य>नच्च>नाच ।

घ) सम्पर्कस्वरको एकीभवनबाट, प्रसाद>पसाअ>पसा (प्राने.) माता>माआ, माअ>मा (प्राने०) ।

इ र ई को उत्पत्ति भयो[1]–

क) सं० इ>प्रा० इ>बाट, दीपक>दीओ>दीयो ।

ख) सं० इ>प्रा० इ>बाट, पति>पइ>पोइ, रिक्तक> रित्तओ>रित्तो ।

ग) सं० ऋ>प्रा० इ>बाट, शृगाल>सिआल>सियाल>स्याल, घृत>घिव>घिउ ।

घ) स्वरागमबाट, स्त्री>इस्त्री, व्यापारिन्>वियापारि (प्राने), उत्तम>उत्तिम (कने) ।

ङ) य श्रुतिको इ मा परिवर्तनबाट, राजा>राय>राई (प्राने) ।

च) सं० ई>प्रा० ई>बाट, कीटक>कीडओ>कीरो, क्षीर> खीर>खीर ।

छ) सं० ई>प्रा० ई>बाट, तीक्ष्ण>तिक्खो>तीखो ।

---

१. नेपाली उच्चारण र आलेखनमा समेत 'इ' र 'ई' अनि 'उ' र 'ऊ' को भेद स्पष्ट छैन । एउटै शब्द आवश्यकताअनुसार ह्रस्व र दीर्घ लेखिन्छ र बोलिन्छ पनि । कोशकार र वैयाकरणहरूले समेत यस्ता केही शब्द-हरूका दुवै रूप दिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज) सं० ऋ>प्रा० इ>बाट, तृतीय>तिइज्ज>तीज, घृणा>घिण्ण>घीन।

झ) संस्कृत इक, इका, इत प्रा० इअ>बाट–प्रा० इअ>बाट, त्रिपादिक>तिपाइअ>तिपाइ, प्रहेलिका>पहेलिका>पहेलिआ, पहेली, कृत>करिअ>गरी।

नेपाली उ र ऊ को उत्पत्ति भयो–

क) सं० उ>प्रा० उ>बाट, क्षुर>खुर, इक्षु>इक्खु>उखु, दुग्ध>दुद्ध>दुद्, दुत्।

ख) सं० ऊ>प्रा० उ>बाट, प्राघूर्ण>पाहुण>पाहुना, भूमि>भूईं।

ग) सं० ऋ>प्रा० उ>बाट, वृक्ष>रुक्क>रुख, वृद्धक>वुड्ढो>वुढो, बूढो, शृणोति>सुणइ>सुन्छ, पृष्ठ>पुट्ठ>पुठो।

घ) सं० ओ>प्रा० उ>बाट, गोष्ठिक>गुट्ठिआ>गुठी।

ङ) सं० औ>प्रा० उ>बाट, पौष>पुस्स>पूस।

च) सं० ऊ>प्रा० उ>बाट, स्थूलक>थुलओ>ठूलो।

छ) सं० ऊ>प्रा० ऊ>बाट, कर्पूर>कप्पूर>कपूर।

ज) सं० उ>प्रा० उ>बाट, उच्च>उच्च>ऊँचो।

ए को उत्पत्ति भयो–

क) सं० ए०>प्रा० ए>बाट, एक>एक्क>एक, चेलक>चेलओ>चेलो।

ख) सं० ऐ>प्रा० ए>बाट, गैरिक, गेरुअ>गेरू, तैल>तेल्ल>तेल।

ग) सं० इ>प्रा० ए>बाट, बिल्व>बेल्ल>बेल।

घ) सं० अय>प्रा० ए>बाट, त्रयोदश>तेरस, तेरह>तेह्र, त्रयस्त्रिंशत्>तेत्तीस>तेंतिस।

नेपाली ओ को उत्पत्ति भयो–

क) सं० ओ>प्रा० ओ>बाट, घोटक>घोडअ>घोडो, ओष्ठ>ओट्ठ>ओठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख) सं० औ>प्रा० ओ>बाट, गौर>गोरअ>गोरो, मौक्तिक>मोत्तिअ>मोती ।

ग) सं० उ ऊ>प्रा० ओ>बाट, मूल्य>मोल्ल>मोल, कुक्षि>कोक्ख>कोख, पुस्तिका>पोत्थिआ>पोथी (प्राने), चतुष्क>चउक्क>चोक ।

घ) सं० अप>प्रा>अब>बाट, अपसार>अवसार>ओसारो ।

नेपालीका संयुक्तस्वर ऐ औ को उत्पत्तिबारे तल चर्चा गरिन्छ ।

ऐ-(क) नेपाली तद्भव ऐ को उत्पत्ति प्राकृतकालमा व्यंजनलोपपछि शेष रहेका 'अइ' को एकै साथ उच्चारण हुँदा भएको हो । प्राकृतमा 'ऐ' छैन र नेपालीमा पनि यसको स्थिति 'अ' र 'इ' को एकै साथ छिटो उच्चारण गर्दा देखिन आएको छ । (ख) अर्धतत्सम र तत्सम शब्दहरूमा पनि कहीं 'अइ' र कहीं 'ऐं' उच्चारण हुन्छ ।

औ-नेपालीमा औ को उच्चारण पनि 'अ' र 'उ' को एकै साथ लघु उच्चारण हुँदा देखिन आएको हो । सं० 'औ' प्राकृतमा 'अइ', आ हुन्छ र नेपालीमा पनि त्यस्तै रहन आएको छ । चउथी, कउन, मउलो, गउर्लाई छिटो उच्चारण गर्दा चौथी, कौन, मौलो, गौर हुन्छ र तत्सम पनि अर्धतत्सम शब्दहरूलाई पनि त्यसरी नै ह्रस्व र दीर्घ उच्चारण गरिन्छ ।

६०. नेपाली व्यंजनवर्णहरूको उत्पत्ति

पदादि क् को उत्पत्ति भयो- (१) सं० क>प्रा० क बाट, जस्तै-कः>को>को, कर्म>कम्म>काम, काष्ठ>कट्ठ>काठ । (२) सं० क्र,>प्रा० क बाट, जस्तै क्रोश>कोश>कोस । (३) सं० क्व>प्रा० क बाट, जस्तै-क्वाथ>काढ>काढा । (४) सं० स्क>प्रा० क बाट, जस्तै स्कन्ध>कन्ध>काँध् ।

मध्य तथा पदान्त क को उत्पत्ति भयो- (१) सं० क>प्रा० क> बाट, जस्तै- एक>एक्क>एक् । एकविंशति>एक्कवीसअ>एक्काइस । (२) सं० ष्क>प्रा० क>बाट, जस्तै- चतुष्क>चउक्क>चोक, निस्-क्र>निक्क>निक्लनु । (३) सं० क्र>प्रा० क्क>बाट-चक्क>चक्कओ>चाकोर (४) सं क्व>प्रा० क्क>बाट-पक्व>पक्क पाको ।

पदादि ख् को उत्पत्ति भयो- (१) सं० ख>प्रा० ख>बाट,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खट्वा>खट्टा>खाट, खदिर>खइर>खयर। (२) सं स्क>प्रा० ख बाट, स्कम्भ>खम्भ>खाँबो, (३) सं० क्ष>प्रा० ख बाट, जस्तै- क्षेत्रीय> खत्तीय>खाती, क्षेत्र>खेत्त>खेत, (४) सं० क>प्रा० क्ख>बाट कर्पर> खप्पर>खप्पर।

मध्य तथा पदान्त ख् को उत्पत्ति भयो- (१) सं० क्ष>प्रा० क्ख> बाट, जस्तै- तीक्ष्ण>तिक्खो>तीखो, पक्षक>पक्खओ>पाखो, लक्ष>लक्ख >लाख, (२) सं० स्क>प्रा० क्ख>बाट, जस्तै-पुष्करिणी>पोक्खरी> पोखरी, शुष्क>सुक्ख>सुख् [नु], (३) सं० ख्य>प्रा० क्ख>बाट, व्याख्यान>बक्खाण>बखान।

पदादि ग् को उत्पत्ति भयो- (१) सं० ग>प्रा० ग>बाट, गर्दभ >गद्दह>गाध [प्राने.] गधा, गोष्ठी>गोठ्ठी>गुठी, (२) सं० ग्र>प्रा० ग्ग बाट, जस्तै-ग्रन्थक>गन्ठओ>गाँठो, ग्राम>गाम>गाउँ, (३) सं० क>प्रा० ग बाट, कज्जल>गज्जल>गाजल।

मध्य तथा पदान्त ग् को उत्पत्ति भयो- (१) सं० ग>प्रा० ग्ग बाट, जस्तै-अग्रे>अग्गे>आगे, अग्रेगु>अग्गुअ>अगुआ, अगुवा (२) सं० ग्न>प्रा० ग्ग बाट, जस्तै अग्नि>अग्गि>आगो, लग्न>लग्ग>लागो, (३) सं० द्ग>प्रा० ग्ग बाट, जस्तै-मुद्ग>मुग्ग>मूँग, (४) सं० ल्ग> प्रा० ग्ग बाट, जस्तै-फाल्गुण>फग्गुण>फागुन (५) सं० र्ग>प्रा० ग बाट, जस्तै-स्वर्ग>सरग>सगर, सरग। (६) सं० क को घोषीभवनबाट, शुक> सुगा, शकुन>सगुन। (७) सं० घ>प्रा० ग्ग बाट-महर्ग>महग्गो>महँगो, (८) सं० ज्न, ज्ञ बाट ज्ञान>यज्ञ>जग्यँ।

पदादि घ् को उत्पत्ति भयो- (१) सं० घ>प्रा० घ बाट, जस्त- घर्म>घम्म>घाम, घोटक>घोडओ>घोडो। (२) सं० ग पछिको ह को मेलबाट, जस्तै-गृह>घर>घर।

मध्य तथा पदान्त घ् को उत्पत्ति भयो- [१] सं० घ>प्रा० घ> बाट, [२] सं० घ्र>प्रा० ग्घ बाट, जस्तै-व्याघ्र>बग्घ>बाघ, [३] सं० क>प्रा० क्क बाट, जस्तै- एकादश>एग्गारह>एघार, [४] सं० र्घ>प्रा० >ग्घ>बाट, दीर्घ>दीग्घो>दिघो, दीघो।

पदादि च् को उत्पत्ति भयो- [१] सं० च>प्रा० च>बाट, जस्तै- चक्र>चक्कओ>चाको, चोर>चोर>चोर, [२] सं० त>प्रा० >त>

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अप० च बाट, जस्तै- तण्डुल>तंडुल>चाउल>चामल ।

मध्य तथा पदान्त च् को उत्पत्ति भयो- [१] सं० ञ्च>प्रा० च बाट, जस्तै- पञ्च>पाँच्>पाँच । [२] सं० च्च>प्रा० च बाट, जस्तै-उच्च>उँच>उँचो । [३] सं० त्य>प्रा० च्च बाट, जस्तै-सत्य>सच्च>साँचो । नृत्य>नच्च>नाच् ।

पदादि छ् को उत्पत्ति भयो- (१) सं० छ>प्रा० छ>बाट- छत्रक>छत्तओ>छातो, छाता । (२) सं० क्ष>प्रा० छ बाट, जस्तै क्षारक>छारो, क्षुरक>छुरअ>छुरा (३) सं० षष्>प्रा० छ बाट, जस्तै-षष्>छअ>छ ।

मध्य तथा पदान्त छ् को उत्पत्ति भयो । (१) सं० च्छ>प्रा० च्छ>बाट, कच्छप>कच्छव>कछुवा, पृच्छ>पुच्छ>पुछ् । (२) सं त्स>प्रा० च्छ>बाट, वत्स>वच्छ>बाछो, उत्सल>उच्छल>उछाल (३) सं० त्स्य>प्रा० च्छ>बाट, जस्तै-मत्स्य>मच्छो>माछो । (४) सं श्च>प्रा० च्छ>बाट, जस्तै—वृश्चिक>विच्छिअ>विच्छी ।

पदादि ज् को उत्पत्ति भयो- (१) सं० ज>प्रा० ज बाट, जस्तै-सं० जीरक: >जीरओ>जीरो । (२) सं० ज्य>प्रा० ज>बाट, जस्तै-ज्येष्ठ>जेठ्ठो>जेठो । (३) सं द्य>प्रा० ज>बाट, जस्तै- द्यूत>जुअ>जुआ, जुवा । (४) सं० य>प्रा० ज>बाट, जस्तै- यौवन>जोव्वण>जोवन ।

मध्य तथा पदान्त ज् को उत्पत्ति भयो - (१) सं० ज>प्रा० ज>बाट, जस्तै- भ्रातृजाया>भाउज्जाआ>भाउजू । (२) सं० ज्व>प्रा० ज्ज>बाट, उज्वल>उज्जल>उजेलो । (३) सं० ज्य>प्रा० ज्ज बाट, जस्तै-राज्य>रज्ज>राज (४) सं० द्य>प्रा० ज्ज>बाट, जस्तै- अद्य>अज्ज>आज, वाद्य>वज्ज>बाजा । (५) सं० ज्ज>प्रा० ज्ज>बाट, जस्तै-पिंजर>पिज्जर>पिंजरा । (६) सं० ज्ज>प्रा० ज्ज बाट, जस्तै- कज्जल>गज्जल>गाजल, लज्जा>लज्जा>लाज । (७) सं० र्य>प्रा० ज्ज>बाट, जस्तै- कार्य>कज्ज>काज । कार्जे, सुर्जे, धइर्जे, सन्जोग जस्ता शब्दहरूमा सं० य को उच्चारण ज हुन्छ ।

झ् ध्वनि संस्कृतमा साह्रै कम थियो तर प्राकृत युगमा आएर अनेक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देशी शब्दहरूमा झ् ध्वनि देखापर्न थाल्यो । झ् ध्वनियुक्त शब्द प्राय: अनुकरणात्मक एवं ध्वन्यात्मक छन् । यस्ता ध्वनिमा विदेशी प्रभावबारे पनि भाषाशास्त्रीहरूले शङ्का गरेका छन् । नेपाली भाषामा झ् ध्वनि प्राय: पाइन्छ । टर्नरले पनि झकारयुक्त शब्दहरूको पुनर्निर्मित रूप दिएका छन् ।

पदादि झ् केही शब्दमा देखिएका छन्, जस्तै- झर>झड>झड झर, झटिति>झडति>झट्टै, प्रा० झगड>झगडा, झणझणायते>झडझडइ>झनझनाउ [नु], उपाध्याय>उवज्झाअ>ओझा>झा ।

मध्य तथा पदान्त झ् को उत्पत्ति भयो- (१) सं० ध्य>प्रा० झ>बाट, जस्तै- वन्ध्या>वञ्झ>बाँझो, सन्ध्या>सन्झा>साँझ, संवुध्>समुज्झ>सम्झ [नु] ।

पदादि ट् को उत्पत्ति भयो- (१) सं० ट बाट, जस्तै- टीका>टीका, टङ्कशाल>टक्साल, टक्सार । (२) सं० त>प्रा० ट>बाट, जस्तै- तिर्यक्- अर्ध>टेअ्रट्ढअ>टेढ् अ>टेढो । (३) सं० त्र>प्रा० ट>बाट, जस्तै- त्रुट्>टुट्ट>टुट् [नु] संस्कृतमा पदादि ट कमै पाइन्छ ।

मध्य तथा पदान्त ट को उत्पत्ति भयो- (१) सं० ट>प्रा०>ट बाट, जस्तै- अट्टालिका>अट्टालिअ>अटाली, हट्ट>हट्ट>हाट । (२) सं० र्त>प्रा० ट्ट बाट, जस्तै- कर्त>कट्ट>काट, (३) सं त्म>प्रा० ट्ट बाट, जस्तै- वर्त्म>बट्ट>बाटो, (४) सं० ट्व>प्रा० ट्ट>बाट, जस्तै- खट्वा>खट्टा>खाट, (५) सं० ष्ट>प्रा० ट्ट>बाट, जस्तै- उष्ट्र>उन्ट>ऊँट । (६) सं० त्त>प्रा० ट्ट>बाट जस्तै- मृत्तिका>मट्टिआ>माटो (७) परवर्ती प्राकृतकालका देशज शब्दहरूबाट आए जस्तै- घट्ट>घाट मोट्ट>मोटो, पेट्ट>पेट ।

पदादि ठ् को उत्पत्ति भयो- (१) सं० स्थ>प्रा० ठ>बाट जस्तै- स्थग>ठग>ठग, (२) सं० स्थ>प्रा० थ बाट, जस्तै- स्थूल>थुल्लो>ठूलो (३) संस्कृत स्त>प्रा० स्थ बाट, जस्तै- स्तब्ध>ठड्ढ>ठाढो, ठाडो ।

मध्य तथा पदान्त ठ को उत्पत्ति भयो- (१) सं० ण्ट>प्रा० ण्ठ बाट, जस्तै- सुण्ठिका>सुण्ठिअ> सुंठी, सुंठो, (२) सं० न्थ>प्रा० ण्ठ बाट, जस्तै-ग्रन्थि>गण्ठि>गाँठो, (३) सं० ष्ट>प्रा० ट्ठ बाट, जस्तै- काष्ठ>कट्ट>काठ, ज्येष्ठक>जेठ्ठअ>जेठो । गोष्ठ>गोठ्ठ>गोठ (४) सं० त्थ>प्रा० ट्ठ बाट उत्थान>उट्ठाण>उठान ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदादि ड् को उत्पत्ति भयो- (१) सं० ड>प्रा० ड बाट, जस्तै- डाकिनी>डाइणि>डाइनी, (२) सं० द>प्रा० ड बाट, जस्तै- दोलिका> डोलिग्रा>डोली दाह>डाह ।

मध्य तथा पदान्त ड् को उत्पत्ति भयो- (१) सं० ड्य>प्रा० ड्ड बाट, जस्तै- जाड्यक>जड्डग्रो>जाडो, (२) सं० ट>प्रा० ड>बाट, जस्तै घोटक>घोड्ग्रो>घोडो कण्ठव>कण्डग्रो>काँढो । (३) सं० ण्ड> प्रा० ण्ड बाट, जस्तै- भाण्डागारिक>भण्डारिग्र>भँडारी, माण्ड>माड ।

पदादी ढ् को उत्पत्ति भयो- (१) सं ध>प्रा० ढ बाट, जस्तै- धृष्ट>ढिट्ठ>ढीठ, धार>ढाल [तुल० पानीढाल] (२) प्रा० ढ बाट, जस्तै- ढिल्ल>ढिलो, ढक्क>ढाक् ।

मध्य तथा पदान्त ढ् को उत्पत्ति भयो- (१) सं० ठ> प्रा० ढ> बाट, जस्तै- पठ[ति]>पढ [इ]>पढ् [छ], (२) सं० र्ध>प्रा० ड्ढ>बाट, जस्तै द्विग्रर्ध>डिग्रड्ढ>डेढ, ग्रर्धतृतीय>ग्रड्ढतीय> ग्रड्ढइ>ग्रढाई, (३) सं० द्ध>प्रा० ड्ढबाट, जस्तै-वृद्ध>बुड्ढो> बूढो (४) सं० ष्ट>प्रा० ड्ढ>बाट, जस्तै- कृष्ट [ति]>काड्ढ [इ]> काढ (छ) ।

पदादि त् को उत्पत्ति भयो- (१) सं० त> प्रा० त बाट, जस्तै- ताम्र>तम्म>तामा, (२) सं० त्र>प्रा० त्त>बाट, जस्तै- त्रयोदश> तेरस>तेरह, त्रिश>तिइस>तीस ।

मध्य तथा पदान्त त् को उत्पत्ति भयो- (१) सं० त्र>प्रा० त्त बाट, जस्तै- क्षेत्र>खेत्त>खेत, पत्र>पत्त>पात्, राजपुत्र>राग्रउत्त> राउत, श्रोत्रिय>सोत्तीय>सोती । (२) सं० र्त>प्रा० त्त बाट, जस्तै- वार्ता>बत्ता>बात्, वर्तिका>वत्तिग्रा>बाती । (३) सं० क्त >प्रा० त्त बाट, जस्तै- भक्त भत्त>भात्, सक्तुक>सत्तुग्र>सातु, (४) सं० त्त प्रा० त्त बाट, जस्तै- पित्तल>पित्तल>पीतल, मत्त>मत्त मात (५) सं० प्त>प्रा० त्त बाट, जस्तै - तप्तः>तत्तो>तातो, सप्त> सत्त>सात, नप्तृक>नत्तिग्र>नाती, (६) सं० त्न>प्रा त्त बाट, जस्तै- सपत्नी>सवत्ती>सौती (७) सं० त्य>प्रा० त्त बाट, जस्तै- ग्रादित्य> ग्राइत्त, ग्राइत ।

पदादि थ् को उत्पत्ति भयो- (१) सं० स्त>प्रा थ बाट, जस्तै-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्तन>थण, थन, थुन ! स्तोकड>थोग्रड>थोर, (२) सं० स्थ>प्रा० थ बाट, जस्तै- स्थल>थल>थलो, स्थान>थाण>थान् । संस्कृतमा पदादिमा थ् पाइँदैन । परवर्ती प्राकृतकालका देशी शब्दहरूमा पदादि थ् पाइन्छ र केही नेपाली शब्दहरूको सम्बन्ध यिनसँग देखाउन सकिन्छ ।

स्वरमध्यगत तथा पदान्त थ् को उत्पत्ति भयो- (१) सं० स्थ> प्रा० थ् बाट, जस्तै पुस्तिका>पोत्थीम्रा>रोथी (प्राने), प्रस्तर>पत्थर> पाथर, (प्राने) (२) सं० र्थ>प्रा० त्थ बाट, जस्तै चतुर्थी>चउत्थी> चौथी, सार्थ>सात्थ>साथ (३) सं० स्थ>प्रा० त्थ बाट- प्रस्थिका> पत्थिग्रा>पार्थी ।

पदादि द् को उत्पत्ति भयो- (१) सं० द>प्रा० द>बाट, जस्तै- दन्त>दन्त>दाँत्, दुग्ध>दुद्ध>दूध, दीर्घ>दिग्वो>दीघो । (२) सं० द्र>प्रा० द> बाट, जस्तै- द्रम्म>दम्म>दाम, द्रोणक>दोणग्रो, दुनो (३) सं० द्व प्रा० द बाट, जस्तै- द्वै>दुवे>दुई, द्विगुणक> दुउणग्रो>दुन्ना ।

मध्य तथा पदादि द् को उत्पत्ति भयो- (१) सं० द्र>प्रा० द्द बाट, जस्तै- भाद्रपद>भद्दवग्र>भदौ, दद्रु> दद्दु>दाद् (२) सं० र्द> प्रा० द्द बाट, जस्तै- छर्द>छद्द>छाद् ।

पदादि ध् को उत्पत्ति भयो- सं० ध>प्रा० ध>बाट, जस्तै- धान्य>धण्ण>धान्, धरित्री>धरत्तिग्र>धरती, धर्ती, धर्मिक>धम्मिग्र धामी ।

मध्य तथा पदान्त ध् को उत्पत्ति भयो- (१) सं० ग्ध्>प्रा० द्ध्>बाट, जस्तै-दुग्ध>दुद्ध>दूध्, (२) सं० र्ध>प्रा० द्ध>बाट, जस्तै- अर्धक>अद्धग्र>आधा, (३) सं० र्द>प्रा० द्ह बाट, जस्तै- गर्दभ>गद्दह, गाध, गधा (४) सं० ध्र>प्रा० द्ध्>बाट, जस्तै-गृध्र> गिद्ध>गिद्ध ।

पदादि प् को उत्पत्ति भयो- (१) सं० प>प्रा० प्>बाट, जस्तै- पुत्र>पुत्त>पूत् (प्राने), पत्र>पत्त>पात्, पानीय>पाणिग्र> पानी, (२) सं० प्र>प्रा० प>बाट, जस्तै-प्रहर>पहर>पहर, प्राघूर्णक> पाहुणग्र>पाहुना (३) सं० पृ>प्रा० पु>बाट, जस्तै- पृच्छ>पुच्छ> पुछ् (सोधपुछ्), पृष्ठ>पुट्ठ>पुठो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मध्य तथा पदान्त प् को उत्पत्ति भयो- (१) सं० प्प>प्रा० प्प>बाट, जस्तै-पिप्पल>पिप्पल>पीपल, (२) सं म्प्>प्रा० म्प्>बाट, जस्तै- कम्प्>कम्प्>काँप्, (३) सं० र्प>प्रा० प्प>बाट, जस्तै-कर्पूर>कप्पूर>कपूर, र (४) कहीं कहीं सं० र्व बाट पनि, जस्तै-सर्व>सप्पं, सबं।

पदादि फ् को उत्पत्ति भयो- (१) सं० फ्>प्रा० फ्>बाट जस्तै- फाल्गुन>फग्गुण>फागुन्, फलक>फलग्रो>फालो, (२) सं० स्फ>प्रा० फ>बाट, जस्तै- स्फोट>फोड्>फोर्, स्फुट>फुट्ट>फुट्. (३) सं० प् बाट, जस्तै- पाश>फाँसी।

मध्य तथा पदान्त फ् को उत्पत्ति भयो- (१) सं० फ् बाट, जस्तै-सुफल>सुफल, (२) सं० त्म>प्रा० प्प>बाट, जस्तै आत्मनक>अप्पणग्रो>आपनो, (३) सं० ष्फ>प्रा० प्फ बाट, जस्तै वाष्प>वाप्फ>वाफ।

पदादि ब् को उत्पत्ति भयो- (१) सं० ब>प्रा० ब>बाट, जस्तै-बधिरक>बहिरग्रो>बहिरो, वधूआर्या>वहुआरिआ>व्वारी, बुहारी (२) सं० ब्र०>प्रा० व>बाट, जस्तै- ब्राह्मण>ब्रह्मण>बाहुन्, (३) सं० द्व०>प्रा० ब्र>बाट, जस्तै- द्वादश>बारस, बारह, बार, बाह्र, (४) सं० व>प्रा० व०>बाट, जस्तै- विंशत्>वीस्>वीस, (५) सं० व्य>प्रा० व बाट, जस्तै- व्याघ्र > वग्घ > बाघ, व्याख्यान>वाक्खाण>वखान। (६) सं० भ>प्रा० व बाट, जस्तै- भगिनि>बहिणि>बहिनी, बैनी, (७) सं० प्र०>प्रा० व>बाट, जस्तै- प्रभूत>बहुत्त>बहुत्।

मध्य तथा पदान्त व् को उत्पत्ति भयो- (१) सं० र्व>प्रा० व्व>बाट, जस्तै- दुर्बल>दुब्बल>दुब्लो, (२) सं० ड्व>प्रा० भ>बाट, जस्तै-षड्विंशति>छब्बीस>छब्बीस्, (३) सं० म्र>प्रा० म्ब>बाट, जस्तै-ताम्र>तम्ब>ताँबो, (४) सं० म्ब>प्रा० म्ब>बाट, जस्तै- निम्बुक>निम्बुग्र>निबुग्रा।

पदादि भ् को उत्पत्ति भयो- (१) सं० भ>प्रा० भ>बाट, जस्तै-भिक्षा>भिक्खा>भीख्, भक्त>भत्त>भात, (२) सं० भ्य>प्रा० भ>बाट, जस्तै- अभ्यन्तर>भितर>भित्र, अभ्यज्ज्>भिज>भिज्नु, (३) भ्रमर>भँवरो>भौंरो, भ्रातृ>भाइ>भाइ, (४) हकारअधिको संस्कृत र प्राकृत म् बाट, जस्तै- महिषी>महिसि>भैंसी, (५) ब् को महाप्राणी-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भवनबाट; जस्तै- बुस>भुस>भुस्, बुभुक्षा>बुहुक्खा>भोक, (६) सं० व बाट जस्तै- वेश>भेस् ।

मध्य तथा पदान्त भ् को उत्पत्ति भयो- (१) सं० ह्व>प्रा० व्भ्> बाट, जस्तै- जिह्वा>जिब्भडो>जिभ्रो, (२) सं० र्भ>प्रा० ब्भ>बाट, जस्तै- गर्भ>गब्भ>गाभ् ।

ङ ञ् ण् न् म् यी पाँच अनुनासिक व्यञ्जन ध्वनि हुन् ।

संस्कृतमा पदादि 'ङ' पाइँदैन । पदको मध्यमा कवर्गी ध्वनिभन्दा अघि यो पाइन्छ । नेपालमा केही शब्दका आदिमा 'ङ' ध्वनि पाइन्छ । जस्तै ङ्यार्र, ङ्याङ, ङिच्याउनु, ङ्याक्नु आदि । मध्य अनुनासिक ध्वनि क्, ख्, ग्, घ्, व्यञ्जनभन्दा अगाडि भएमा संस्कृतमा 'ङ' मा परिवर्तित हुन्थे । यस्ता केही 'ङ' नेपालीमा पनि उस्तै रहन आएका छन् । जस्तै- कङ्काल, चङ्ख, नाङ्गो, बाङ्गो, शङ्ख, पङ्खा । संस्कृतका ङ नेपालीमा अनुनासिक ध्वनिमा परिवर्तित भएका थिए । जस्तै- अङ्गुलिका>औंली, अङ्गुष्ठिका>औंठी ।

पदान्त ङ संस्कृतबाट विकसित शब्दहरूमा देखा पर्छ । जस्तै- अङ्ग>आङ, भङ्ग>भाङ, सङ्ग>सङ । पदान्त ख् पनि ङ भएको पाइन्छ, जस्तै- नख>नङ । तर यहाँ 'ख्' 'ह्' भएर फेरि 'न्' का प्रभावले अनुनासिक 'ङ' आएको हो ।

लिखित नेपालीमा 'ञ्' को प्रचलन केही अघिसम्म थियो । जस्तै- याँहाँ>यहाँ, तपाञी>तपाईं, रुपैंञाँ>रुपैयाँ, मैञाँ>मैयाँ, पैञाँ>पैयाँ । तर अब ञ् का ठाउँमा यँ को प्रयोग गरिन्छ र चवर्गीय ध्वनिभन्दा अघि आउने 'ण्' को उच्चारण 'न्' नै हुन्छ । जस्तै- चञ्चल>चन्चल, पञ्चक> पञ्जअ>पन्जा, झञ्झा>झन्झा । कथ्य नेपालीमा 'ञ्' छैन ।

'ण्' टवर्गीय अनुनासिक ध्वनि हो । यो पनि तद्भव शब्दहरूमा मात्र सुरक्षित रहन गएको छ । अरू अवस्थामा यो 'न्' भएको छ । कहीं कहीं यो 'डँ' भएको छ । लिखित नेपालीमा यो सुरक्षित भए पनि कहीं यसको उच्चारण र कहीं 'डँ' हुन्छ जस्तै- चण्डी>चन्डी, पण्डित>पन्डित, भण्डार>भन्डार; तर विष्णु, बिस्नु; कृष्ण, क्रिस्न; ऋण, रिन ।

न् तवर्गीय अनुनासिक ध्वनि हो । पदादि न् को उत्पत्ति भयो- (१) सं० न>प्रा० ण>बाट, जस्तै- नृत्यति>णच्छइ>नाच्छ, (२) नप्तृकः >णत्तिअ>नाती, (३) सं० स्न>प्रा० ण्ह, न्ह बाट, जस्तै- स्नाति>

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न्हावेइ>नुहाउँछ, (४) सं० ल>वाट, प्रा० णं वाट, जस्तै- ललाट>णलाट, *णिलाट>निधार, (५) सं० ल>वाट, जस्तै- लवण>लौण>नून; मध्य तथा पदान्त न् को उत्पत्ति भयो- (१) सं० न>प्रा० ण>वाट, जस्तै- पानीय>पाणीय>पानी, स्तन>थण>थन, (२) सं० ज्ञ>प्रा० ण्ण>वाट, जस्तै- विज्ञप्तिका>विण्णतिग्र>विन्ती, (३) सं० र्ण>प्रा० ण्ण>वाट, जस्तै- कर्ण>कण्ण>कान्, (४) सं० ण>प्रा० ण वाट, गण्>गण् गन्, (५) सं० न्य>प्रा० ण्ण>वाट, जस्तै>धान्य>धण्ण>धान (६) सं० न्ह, ञ र ण वाट, जस्तै- चिन्हः>चिनो, पञ्चक>पञ्जा, कर्ण>कन् ।

म पवर्गीय द्वयोष्ठ्य अनुनासिक ध्वनि हो- पदादि म् को उत्पत्ति भयो- (१) सं० म>प्रा० म>वाट, जस्तै- मक्षकः>मक्खओ>माखो, मत्स्यकः>मच्छओ>माछो, (२) सं० मृ>प्रा० म>वाट, जस्तै- मृत्तिका>मट्टिआ>माटो, (३) सं० श्म प्रा० म वाट, जस्तै श्मशान>मसाण>मसान (४) सं० म्र>प्रा० म>वाट- म्रक्षण>मक्खन>मखन ।

मध्य तथा पदान्त म् को उत्पत्ति भयो- (१) सं० म्ब>प्रा० म्म>वाट, जस्तै निम्ब>णिम्म>नीम् कदम्ब>कदम्म>कदम् (२) सं० म्र>प्रा० म्ब>वाट, जस्तै- आम्र>अम्ब>आम् । ताम्र>तम्म>तामो (३) सं० र्म>प्रा० म्म>वाट, जस्तै- कर्म>कम्म>काम, घर्म>घम्म>घाम् ।

संस्कृत य् प्राकृतकालमा ज् मा परिवर्तित भयो अथवा लोप नै भयो, अनि नेपालीमा य् का ठाउँमा ए, ए का ठाउँमा य् पनि लेखिन्छ । प्राचीन नेपालीमा नै यस्ता उदाहरण पाइन्छन् । मध्यकालीन नेपालीमा श्रुतिरूप य् को प्रयोग बढी देखिन्छ र आधुनिक कालका यस्ता य् इ मा परिणत भएका छन् । उता संस्कृत ए नेपालीमा य् मा विकसित भएका उदाहरण पाइन्छन् । जस्तै एषः>एसो>एहो>यो, एते>एए>एइ>यी ।

संस्कृत व्, प्राकृत युगमा नै व् मा परिवर्तित भयो या त लोप भयो, अथवा उ श्रुतिमा परिणत भएको थियो । यसकारण नेपालीमा पनि 'व' को प्रयोग केही पदका आदिका मात्र हुन्छ । जस्तै- वर, वारि, वार, वरी । यस्ता व् को उच्चारण पनि धेरैजसो ओ समान हुन्छ । अबेली, फार्सेली, बाट लिइएका शब्दहरूमा पनि व् पाइन्छ, जस्तै- वादा, वजन, वकील । तर यस्ता शब्दमा रहेका आदि व् पनि ओ समान नै छन् ।

मध्य तथा पदान्त व् को उत्पत्ति (१) सं० म् बाट भयो, जस्तै-भ्रमर>

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भमरो, कोमल>कवँलो, (२) कहीं यो सं० उ>प्रा० उ>बाट पनि आएको छ, जस्तै- राजकुलक>राअउलओ>रावलो, राउला र कहीं (३) सं० प> प्रा० व>बाट आएको छ, जस्तै- कच्छपक>कच्छवअ>कछुवा ।

पदादि र् को उत्पत्ति भयो- (१) सं० र>प्रा०>र बाट, जस्तै- रात्रि>रत्ति>रात् । राजपुत्र>राजउत्त>राउत, रिक्तक>रित्तओ>रित्तो (२) सं० ऋ>प्रा० र>बाट, जस्तै- ऋण>रिण>रिन् (३) सं० ल् बाट, जस्तै- लाला>राल ।

मध्य तथा पदान्त र् को उत्पत्ति भयो- (१) सं र>प्रा० र>बाट जस्तै- गौर>गोरओ>गोरो, गभीरः>गहिरो>गहीरो, (२) सं० ऋ> प्रा० र>बाट, जस्तै- कृ>कर>गर्, मृ>मर>मर्, (३) सं०'द>प्रा० र बाट, जस्तै- द्वादश>बारस>बारह, बाह्र, बार (४) सं० ट>प्रा० ड> बाट, जस्तै- बाटिका>वाडिका>वाडिअ>बारी, (५) सं० त>प्रा० ट बाट, जस्तै- सप्तति, सत्तडि>सत्तरि, सत्तरी, (६) सं० ल् बाट, जस्तै- अबेला>अबेर, वेला>वेर ।

पदादि ल् को उत्पत्ति भयो- (१) सं० ल>प्रा० ल>बाट, जस्तै- लज्जा>लज्जा>लाज्, लक्ष>लक्ख>लाख् (२) प्रा० ल् बाट, जस्तै- लट्ठिआ [यष्टिका, लष्टिका]>लट्ठी, लाठी ।

मध्य र पदान्त ल् को उत्पत्ति भयो- (१) सं० ल>प्रा० ल> बाट, जस्तै- आमलग्र>आमलक>अमला, कज्जल>कज्जल>गाजल, (२) सं० र>प्रा० ल>बाट, चत्वारिंशत्>चालिस>चालीस, (३) सं० द्र >प्रा० द्द>बाट, जस्तै-हरिद्रा>हलिद्दा>हलेदो, भद्रक>भल्लओ>भलो, (४) सं० त>प्रा० ल>बाट, जस्तै-अतसी>अलसी>आलस्, विद्युतिका> विज्जुलिआ>बिजुली, (५) सं० ल्य, ल्व, ल्ल>र्य, प्रा० ल्ल>बाट, जस्तै- पर्यङ्क>पल्लंग>पलङ, बिल्व>बेल्ल>बेल्, भल्लूक>भल्लुअ>भालू, मूल्य>मोल्ल>मोल।

संस्कृतमा तीन किसिमका स् ध्वनि थिए- स, ष, श । प्राकृत युगमा आएर दुई [श स] मात्र देखिए । यी दुईमध्ये पनि शौरसेनीमा स र मागधी- मा श मात्र देखापरे । संस्कृत ष नेपालीमा स र ख मा विकसित भयो । यजुर्वेदमा नै ष को उच्चारण ख समान गर्ने पद्धति थियो र समस्त उत्तर भारत तथा कश्मीरमा समेत ख का लागि ष लेख्ने चलन देखिन्छ । नेपालीमा प्राचीन प्रणालीअनुसार लेख्नेले षको प्रयोग गर्दछन् । नेपालीमा देखापरेका हर्ख, बर्ख, खडानन्द जस्ता केही शब्दहरूमा रहेका ख 'ष' बाट आएका हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा तालव्य श तत्सम शब्दमा मात्र देखिन्छन् । तद्भव शब्दहरूमा यो स मा विकसित भएको छ ।

पदादि स् को उत्पत्ति भयो- (१) सं० स>प्रा० स बाट, जस्तै- सप्त>सत्त>सात्, (२) सं० श>प्रा० स>बाट, जस्तै- शाक>साग>साग् (३) सं० श्य, श्व, श्र>प्रा० स>बाट, जस्तै - श्यामलक>सांवलओ>सांवलो, श्रावण>सावण>साउन, श्वश्रू>सस्सु>सासू, गोस्वामी>गोसावीं>गोसाइँ [प्राने] । श्यालकः>सिआलओ>स्याल ।

मध्य तथा पदान्त स् को उत्पत्ति भयो- (१) सं० स, ष, श>प्रा० स>बाट, जस्तै- लशुण>लसुण>लसुन, मांसक>मांसओ>मासु, आषाढ>आंसाढ>असार, (२) सं० श्व, श्र, श्य, श्म>प्रा० स>बाट, जस्तै-अश्रु>अस्सू>आँसू, पार्श्व>पस्स>पास्, कांश्य>कंस्स>काँस, श्वश्रू>सस्सु>सासू ।

पदादि ह् को उत्पत्ति भयो- (१) सं० ह>प्रा० ह>बाट, जस्तै- हरितक>हरिअओ>हरिओ, हरियो, हस्त>हत्थ>हात्, (२) सं० अस्मे बाट जस्तै- अस्मे>अम्हे>हामी (३) सं० भू बाट, जस्तै- भू>हु>हो ।

मध्य र पदान्त ह् को उत्पत्ति भयो- (१) सं० ह>प्रा० ह>बाट, जस्तै-प्रहर>पहर>पहर, (२) सं० ध, भ, थ, श>प्रा० ह>बाट, जस्तै- बधिरः>बहिरो>बहिरो, दधि>दहि>दहि, गभीरः>गहिरो, प्रभूत>बहुत्त>बहुत, गर्दभ>गद्दह>गदहा, कथ्>कह्>कह्, षोडस>सोडह>सोह्र ।

११. नेपाली ध्वनि-परिवर्तनका सामान्य प्रक्रिया

६१. अनुनासिकीभवन

संस्कृत पदान्त अनुनासिक व्यञ्जन न् र म् प्राकृतमा आएर अनुस्वारका रूपमा मात्र रहने भए । अपभ्रंशमा यस्ता स्वर अनुनासिक स्वरका रूपमा देखिन थाले । गुजराती मराठीमा झैं प्राचीन नेपालीमा पनि पदान्त अनुनासिक स्वरका उदाहरण पाइन्छन् । जस्तै- जोइसीं, सभौं, पण्डितं, वैस्वानरं, वृत्तिकं, देवं, निमित्तं ।

संस्कृतकै पदादि र आभ्यन्तर स्वरहरूको सन्धिप्रक्रियामा हामी के

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाउँदछौं भने कवर्गभन्दा पहिले रहेको अनुस्वार ङ अनुनासिकमा, चवर्गभन्दा अघिको अनुस्वार ञ् अनुनासिकमा, टवर्गभन्दा अघिका अनुस्वार ण् का रूपमा र तवर्गभन्दा अघिका अनुस्वार न् का रूपमा परिवर्तित हुन्थे । पवर्ग अघिका अनुस्वार भने म् का रूपमा नै रहन्छन् । यसरी परिवर्तित भएर पनि त्यस समय यी ध्वनि नासिक्य व्यञ्जनका रूपमा रहेकाले स्वतन्त्र रूपमा उच्चारित हुन्थे, तर प्राकृतमा भने यी ध्वनिहरूको उच्चारण स्वरहरूका साथ हुन थाल्यो । त्यस्ता नासिक्य व्यंजनहरूको ठाउँ अनुनासिक स्वरहरूले लिए ।

नेपालीमा लेख्दा शिरविन्दुको प्रयोग सबै अनुनासिक ध्वनिका ठाउँमा गर्ने गरिएको छ तापनि उच्चारण भने चाहिँदो अनुनासिक ध्वनिको नै हुन्छ । उदाहरणार्थ कंगाल, चंद्रमा, पंफा मा क्रमशः ङ, न र म को उच्चारण हुन्छ । साधारण पठित जनहरूमा कां [काम], हुंछ [हुन्छ], जांदैन [जान्दैन], भने [भन्ने], मंसीर [मङ्सीर] आदि लेख्ने चलन केही मात्रामा देखिन्छ । तर अहिलेको वर्ण विन्यासको नियमअनुसार यो स्वीकार्य छैन ।

तर पदान्त अनुनासिक ध्वनिको 'म' ध्वनिमा परिवर्तन हुने प्रवृत्ति कथ्य नेपालीको आफ्नो विशेषता हो । गोर्खालीमा [गोर्खादेखि गुल्मीसम्म] अनुनासिक स्वरका ठाउँमा म ध्वनि पाइन्छ । जस्तै: नाम् [नाउँ], ठाम् [ठाउँ], गाम् [गाउँ], म जाम् [म जाउँ], हामी जाम् [हामी जाऔं], म बसम् [म बसूँ], हामी बसम् [हामी बसौं] ।

अनुनासिक ध्वनिको म् ध्वनिमा परिवर्तन, पदको मध्यमा पनि पाइन्छ । म जाम्ला [म जाउँला], हामी जाम्ला [हामी जाऔंला], म खाम्ला [म खाउँला[, हामी खाम्ला [हामी खाऔंला] ।

सबै नासिकास्थानीय व्यंजनहरू [ङ ञ् ण् न् म्] को लोप र पूर्वस्वर दीर्घपछि अनुनासिकीकरण भएको उदाहरण नेपालीमा धेरै पाइन्छन् ।

(क) कवर्गीय नासिक्य ध्वनिको लोप पूर्वस्वर दीर्घ र अनुनासिकीभवन–अङ्कुसिक > आकुसिअ > आँकुसी, शृङ्ग > सिग > सिङ, अङ्गुलिका > अँगुलिआ > अँउलिआ > आँली ।

(ख). चवर्गीय नासिक्य ध्वनिको लोप, पूर्वस्वर दीर्घ र अनुनासिकीभवन–गृञ्जक > गञ्जअ > गाँजा, पिञ्जर > पिजरो > पिँजरो प्रा० सञ्झा > साँझ, प्रा० बञ्झा > बाँझो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ग) टवर्गीय नासिक्य ध्वनिको लोप, पूर्वस्वर दीर्घ र अनुनासिकीभवन-पाण्डेय>पाँडे, रण्ड>राँड, मण्ड>माँड, कण्टक>काँडो।

(घ) तवर्गीय ध्वनिको लोप, पूर्वस्वर दीर्घ र अनुनासिकीभवन-दन्त>दाँत्, स्कन्ध>काँध्, स्फन्द>फाँद।

(ङ) पवर्गीय ध्वनिको लोप, पूर्वस्वर दीर्घ र अनुनासिकीभवन-कम्प्>काँप् [नु]।

य र ल व भन्दा अघिको नासिक्य ध्वनि अनुनासिकतामा परिवर्तित हुन्छ। अपभ्रंशमा स्वरमध्यगत म व मा परिवर्तित हुन्छ र व भन्दा अगाडिको स्वरलाई अनुनासिक बनाइन्छ। जस्तै- श्यामलक>साँवल्लो>साँवलो>ग्राम>गाँव>गाउँ।

प्राकृतले संस्कृतका सबै अनुस्वार ध्वनिलाई सुरक्षित राखेको छैन। नेपालीमा पनि यसको उदाहरण पाइन्छ। जस्तै– अभ्यन्तर>भित्र, विंसति>बिसइ>बीस, द्वाविंसति>वाविसइ>बाईस।

नेपालीमा प्राकृत र संस्कृतका सबै ध्वनिहरूको अनुनासिकीभवन भएको छैन। उदाहरणार्थ कम्वल>काम्लो, घुण्टि>घुंटी, कर्ण>कण्ण>कान, कर्म>कम्म>काम।

स्वतानुनासिकीभवन : आदि स्वरहरूको अनुनासिकीभवन प्रायः स्वतः अनुनासिकीकरणको सिद्धान्तअनुसार भएको छ। स्वतानुनासिकीभवन भन्नाले स्वर र व्यंजनहरूको त्यस प्रवृत्तितिर संकेत गरिएको हो जसमा –अनुनासिकतारहित संस्कृतध्वनिहरू आधुनिक भाषाहरूमा आफैं अनुनासिक भएर आउँछन्। प्राकृतमा पनि यो प्रवृत्ति पाइन्थ्यो र अपभ्रंशमा गएर यसले झन् विकास गरेको हो। सबैजसो आधुनिक आर्यभाषाहरूमा यो स्वतानुनासिकीभवन प्रवृत्ति पाइन्छ। यसको कारणबारे विचार गर्दै (१) डा० ब्लाच र प्रो. टर्नरले के भनेका छन् भने स्वरको मात्रामा परिवर्तन हुने सिलसिलामा 'न' स्वतानुनासिकीभवनको विकास भएको हो। (२) तर सर ग्रियर्सनले यसको खण्डन गर्दै के भनेका छन् भने स्वतानुनासिकीभवन त्यस समयको प्रवृत्ति हो जुन बेला समीभवनपछि स्वर दीर्घ हुने गर्छन्। (३) अर्कोतिर स्वतानुनासिकताको कारणको चर्चा गर्दै डा. चटर्जीले यसलाई भाषासम्बन्धी विभिन्नता हो भनेका छन्। केही भाषामा केही स्वर अनुनासिक भएका छन् भने अर्को भाषामा त्यस्ता स्वर अनुनासिक भएका छैनन्। उदाहरणार्थ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा संस्कृत श्वास>सास, संस्कृत सर्प>सर्पो; हिन्दीमा झैँ साँस र साँप हुँदैनन् ।

स्वतःनुनासिकीभवनको प्रवृत्ति आधुनिक आर्यभाषाहरूको साझा-बेहोरा हो । यसमा अनेक उदाहरण नेपालीमा पाइन्छन् ।

अश्रु>अंसु, आंसु, अक्षि>अक्खि>*अङ्खि>आंखो, इष्ट>इट्ठ, *इन्ट>ईंट्, उच्च>उच्च>ऊँच्, उष्ट्र>उट्ठ>ऊँट्, सत्य>सच्च>सांचो ।

नेपालीमा ङ, ण, न, म, र यी ध्वनिभन्दा अघिका स्वर पनि कहिले-काहीं स्वतः अनुनासिक उच्चारित हुन्छन् ।

६२. आदिस्वर

संस्कृतका आदिस्वर प्राकृत हुँदै (१) नेपालीमा पनि जस्ताको तस्तै सुरक्षित छन्, (२) ह्रस्व भएका छन्, (३) अथवा आदि अक्षरमा स्वराघात नहुँदा लोप नै भएका छन् । शब्दको पहिलो अक्षर (Syllable) मा व्यंजन पछि आउने स्वर प्रायः सुरक्षित रहन आएका छन् ।

कह् (नु), वयनु, कमल>कंवल>कंवल्, आलुक>आलुअ>आलु, श्रावण>सावण>साउन, पानीय>पाणिअ>पानी, क्षीर>खीर>खीर, दुर्बल>दुब्बल>दुब्लो, पुराण>पुराण>पुरानो, पूरकः>पुरओ>पूरो, स्थूलकः>थुल्लओ>ठूलो, चेलकः>चेलओ>चेलो, घोटकः>घोडओ>घोडो ।

अरबेली फार्सेली भाषाहरूबाट आएका यस्ता शब्दहरूमा आद्यक्षरका स्वर प्रायः सुरक्षित छन् । जस्तै- खबर, महल ।

संस्कृतका आदि र आद्यक्षरका आ स्वर स्वराघातका अभावमा प्राकृतमा अ हुन पुगेका थिए र नेपालीमा पनि ती स्वर ह्रस्व नै रहन गएका छन् अथवा लोप नै भएका छन् । जस्तै- आषाढ>आसाड>असार, भाण्डागारिक>भण्डाआरिअ>भंडारी, व्याख्यान>वक्खान ।

संस्कृतका केही आद्यक्षरका दीर्घस्वर प्राकृतमा ह्रस्व भएका थिए तर अरू आधुनिक आर्यभाषाहरूमा सरह नेपालीमा पनि यस्ता स्वर दीर्घ हुन पुगे । समीभवनपछि संयुक्त व्यंजनको सरलीभवनको सिलसिलामा यस्तो भएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्याघ्र>वग्घ>वाघ, वार्ता>वात्त>बात, काष्ठ>कट्ठ>काठ, जीर्ण>जिण्ण>झीनो, शून्य>सुण्ण>सूनो ।

संस्कृतका आद्यक्षरका स्वर प्रायः परिवर्तित भएका छन् । यो परिवर्तन प्राकृतकालमा समीभवन हुँदा व्यञ्जनको द्वित्वीभवन र आधुनिककालमा व्यञ्जनको सरलीभवनको परिणामस्वरूप भएको हो ।

[क] अ को आ- भक्त>भत्त>भात, कर्म>कम्म>काम, अक्षर>अक्खर>आखर ।

[ख] अ को आँ- दन्त>दन्त>दाँत ।

[ग] इ को ई- भिक्षा>भिक्खा>भीख ।

[घ] उ को ऊ- उच्च>उच्च>ऊँच्, ऊँचो, पुत्र>पुत्त>पूत ।

[ङ] सं. ऋ>प्रा. उ>को उ- वृद्ध>वुड्ढ>बुढो, बुडो, पृच्छति>पुक्छइ>पुछ (सोधपुछ) ।

[च] सं. औ>प्रा. ओ को ओ- चौर>चोर>चोर, गौर>गोर>गोरो, कौशिकी>कोसिअ>कोसी ।

[छ] उ को ओ पुष्कर>पोक्खरा>पोखो, पुस्तिका>पोत्थिआ>पोथी । स्वराघातका अभावमा आदिस्वर लोपको उदाहरण पाइन्छ ।

अभ्यन्तर>भिन्तर>भित्र, अरिष्ट>रिट्ठो>रिट्ठो, रिठो, अभ्यञ्ज>भिञ्ज>भिज (नु), उपाध्याय>पाध्या (अत) ।

दुई वा दुईभन्दा बढी अक्षर भएका पदमा दोस्रो अक्षरमा स्वराघात भएकाले आद्यक्षरको स्वर दीर्घ भएको छैन, जस्तैः-

स्वर्णकार>सुन्नआर>सुन्नार>सुनार, कार्पास>कप्पास>कपास ।

६३. मध्यस्वर

मध्य स्वरहरू दुई थरीका छन्- [१] असम्पर्कित स्वर । [२] सम्पर्कित स्वर ।

असम्पर्कित स्वर भनेका त्यस्ता स्वर हुन् जो व्यंजनहरूका बीचमा रहन्छन् र यिनीहरूको प्रत्यक्ष सम्पर्क स्वरसँग नभएर व्यंजनसँग हुन्छ । तर सम्पर्कित स्वर भनेका त्यस्ता स्वर हुन् जसको स्वरहरूकै साथ सम्पर्क हुन्छ । वैदिक भाषामा पनि सम्पर्क नभएका अवस्थामा रहेका स्वरहरू छन् । पाणिनि आदि वैयाकरणहरूको अनुसार यस्ता स्वरहरूको सन्धि भैहाल्छ र संस्कृतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्ता स्वर कम देखिन्छन् । तर प्राकृतमा यस्ता स्वरहरू बढी देखिए किनभने स्वरमध्यगत व्यंजनको लोप हुँदा स्वरध्वनि मात्र शेष रहन्थे र वृद्धि नभएका स्वरहरू जस्तै:– हृदयं > हिग्रग्र, विवाह > विग्राग्रो, खादित्वा > खाइग्र ग्रादि प्राकृतमा पाइन्छन् । यस्ता स्वरहरू नेपालीमा कसरी परिवर्तित भए भन्ने कुरो माथि देखाइएको छ ।

मध्य ग्रसम्पर्कित स्वरहरूको लोप भएको उदाहरण वेदमा पनि पाइन्छ । इन्दर > इन्द्र, सुवर्ण > स्वर्ण, सुन्दर > सुन्द्र । यी दुवै रूपका उच्चारण गरिने कारण यी शब्दहरूमाथि स्वराघातको ग्रभाव थियो । प्राकृतमा स्वराघातको प्रवृत्ति प्रबल हुँदै ग्रायो र मध्य स्वरको लोप देखिन थाल्यो । जस्तै– पञ्चदश > पण्णरह > पन्र, ग्रष्टादश > ग्रट्ठारह > ग्रठार, सरिसप > सरिसव > सर्स्यूं, तित्तिरी > तित्रो, खनित्रिका > खन्ती, शनिश्चर > सन्चर ।

मध्य ग्रसम्पर्कित स्वरहरू धेरै मात्रामा सुरक्षित छन् । ग्र ग्रा इ को लोप, निर्बल र परिवर्तन हुने प्रवृत्ति पाइए पनि उ, ए ग्रो प्राय: सुरक्षित नै देखिन्छन् ।

प्राकृत कालका भाषामा ग्रान्तरिक र पदान्त व्यञ्जनका लोपले गर्दा दुई तीन स्वर एकैसाथ रहन ग्राउँथे र यस्ता स्वरलाई उद्वृत्तस्वर ग्रथवा शेषस्वर भनिन्थ्यो । यी स्वरहरू प्राकृतकालको ग्रन्तिम चरणमा र ग्राधुनिक ग्रार्यभाषाकालको प्रारम्भिक ग्रवस्थामा निम्नलिखित ढङ्गले परिवर्तित भए [हेर्नोस्: चटर्जी, १९२६] ।

[१] शेष-स्वरहरूको सन्धि भएर सन्ध्यक्षरमा परिवर्तन भयो ।

[२] शेष-स्वरहरूको एकीकरण भयो ।

[३] शेष-स्वरहरूमध्ये कुनै एक य व श्रुतिमा परिणत भयो ।

शेष-स्वरहरूको सन्ध्यक्षरमा परिवर्तन हुनु संस्कृतव्याकरण परम्पराको वृद्धि तथा सवर्णदीर्घको विकास हो । यो प्राकृत र ग्रपभ्रंश भाषाहरूमा तथा ग्रशोकका शिलालेखहरूमा पनि देखिन्छ ।

माता > माग्रा > माग्र > मा, लकुटक > लगुडग्रो > लउरो, लौरो, महिषी > मइसी > भैंसी, चतुर्थक > चउत्थग्रो > चउथो, चौथो, चतुष्क > चउक्क > चोक, ग्रपर > ग्रवर > ग्रउर > ग्रोर > ग्री, पादोन > पाग्रउन > पोन [पौनेएक] ग्रवतार > ग्रउतार > ग्रोतार, कपिलक: > कइलग्रो > कैलो,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दधि>दहि>दइ, दैं, प्रमुञ्च>पहुञ्च>पउँच, पाँच, सार्थ-इक>सात्थइअ >साथी ।

शेष-स्वरहरूको एकीकरण समीभवनद्वारा हुनु प्राकृतको सामान्य प्रक्रिया हो र यो संस्कृतको भन्दा बेग्लै खालको प्रकृतिको आफ्नो विशेषता हो । पिलेशका अनुसार यस्तो प्रवृत्ति प्राकृतकालको दोस्रो र तेस्रो चरणमा पाइन्छ । जस्तै– राजपुत्र>राअउत्त>राउत, ततः>तअः>त, राजकुल> राअउत>राउल, प्रसाद>पसाअ>पसा । किराततिक्त>चिराइतो, भाण्डा-गारिक>भण्डार, कर्मकारक>कम्मारओ>कमारो ।

यस्ता एकीभवनका विशेषताहरू क्रियाका विभिन्न रूपमा पनि पाइन्छन् । शेष-स्वरहरूको य् व् श्रुतिमा परिवर्तन पनि प्राकृतकालकै भाषाको विशेषता हो । प्राकृतकालमा व्यञ्जनध्वनिहरूको उष्मीभवन हुन्थ्यो अनि त्यसपछि लोप हुने अवस्थामा पुग्थ्यो । आधुनिक आर्यभाषाकालमा आउँदा यी ध्वनिहरु स्वरमा परिवर्तित भएका देखिन्छन् । तर कहीं-कहीं यी ध्वनि य् व् श्रुतिमा नै रहेका पनि देखिन्छन् ।

दीप>दिवो>दियो, राजा>राअ>राव>राइ, कूप>कुवाँ> कुआँ, मातुली>मावली ।

द्यूत>जुआ>जुवा, नारीकेल>णारिअल>नरिवल, शृगाल> सियाल>स्याल ।

६४. अन्त्यस्वर

पिशेलका भनाइमा केही वैदिक पदान्तस्वरहरू संस्कृतमा नै ह्रस्व भएका थिए । संस्कृतका दीर्घ स्वरहरूको उच्चारण प्राकृत युगमा आएर ह्रस्व भएको उदाहरण अपभ्रंशमा प्रशस्त पाइन्छ ।

आशा>अप० आस, निद्रा अप० निद्द, वार्ता>अप० वत्त, लज्जा> अप० लज्ज, घृणा>घीण, घीन, भगिनी>अप० बहिनी, रात्रि>अप० रत्ति, श्वश्रू>सस्सू । यसरी नै यो क्रम चल्दै रह्यो र नेपालीलगायत आधुनिक आर्यभाषाहरूको युगमा पुग्दासम्म अन्त्य स्वरको ह्रस्व उच्चारण, निर्बल उच्चारण र लोपसमेत देखिन थाल्यो ।

अ– कार्य>कज्ज>काज्, ओष्ठ>ओट्ठ>ओंठ्, पत्र>पत्त>पात्, क्षेत्र> खेत्त>खेत्, पञ्च>पंच>पांच् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आ- बुभुक्षा > बुहुक्खा > भुक्ख > भोक्, आशा > आस > आस्, निद्रा > निद्द निद ।

इ- चत्वारि > चारि > चार, राशि > रासि > रास् ।

इ- रात्रि > रत्ति > रात् ।

उ- हिंगु > हिंगु > हीङ ।

ए- पार्श्वे > पास्से > पास् ।

ओ- काल: > कालो > काल्, पुत्र: > पुत्तो > पुत्त > पूत् ।

नेपाली पदान्त स्वरमा पाइने अर्को प्रवृत्ति पदान्त स्वरको दीर्घीभवन हो। पदान्त ह्रस्व स्वर त्यसभन्दा अघिको स्वरसँग मिलेर दीर्घ बन्दछ। पदान्तमा लागेका प्रत्ययहरू पनि पदान्त स्वरहरूलाई दीर्घ बनाउँछन्। भिक्षाकारिक > भिक्खारिअ > भिखारी, गोरूप > गोरुअ > गोरु, अपुत्तालिक > अपुत्तालिअ > अपुताली ।

नेपाली भाषाको कर्ताकारक एकवचनको रूप केही शब्दहरूमा 'ओ' हुन्छ। यो संस्कृत प्रथमा एकवचन 'सु'- को रूप हो जुन शौरसेनीमा 'ओ' र अपभ्रंशमा 'उ' मा परिणत भयो। तर नेपाली भाषामा भने प्राकृतको 'ओ' नै रहन्छ। यही ओ को सादृश्यमा केही विदेशी शब्दका पनि पदान्त प्रातिपादिक 'ओ' जोडिएको छ।

नेपाली भाषाका पदान्त स्वरहरू यस्ता पनि छन् जो पदान्त व्यञ्जनहरूको एकीभवन र लोपले गर्दा रहन गएका दुई र दुईभन्दा बढी स्वरहरूको संयोगले बनेका छन्, जस्तै:-

[क]

संस्कृत		प्राकृत		अपभ्रंश		नेपाली
चेलक:	>	चेलअ	>	चेलओ	>	चेलो
घोटक:	>	घोडअ	>	घोडओ	>	घोडो
विवाह	>	विआओ	>	विआ	>	व्या

[ख] सामान्यत: [सं. इत्व, इत्वर] प्रा. आइअ नेपालीमा आई मा विकसित भएको छ; जस्तै - खादित्वा > खाइअ > खाई, यात्वा > जाइअ > जाई, गात्वा* > गाइअ > गाई ।

[ग] प्रा. इअअ नेपालीमा इअओ > इओ मा विकसित भएको पाइन्छ, जस्तै- हरीतक: > हरिअओ > हरियो, बलीयक: > बलीअओ > बलियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[घ] प्रा. इग्र, सं. इक अग्र इग्र को नेपालीमा ई मा विकसित भएको छ, जस्तै - वृश्चिक > विच्छिग्र > बिच्छी :

[ङ] प्रा. उग्र [सं. उक] नेपाली ऊ मा परिवर्तित भएको छ, जस्तै - भल्लूक > भल्लुग्र > भालू, तालुक > तालुग्र > तालू ।

६५. स्वरागम र स्वरलोप

त्यस ध्वनि-प्रक्रियालाई स्वरागम भनिन्छ जब कुनै संयुक्त ध्वनिको माझमा उच्चारण सुविधाका लागि अथवा अरु कुनै कारणले नयाँ स्वर थपिन्छ । प्रतिशाख्यकारहरूले यसको नाम स्वरभक्ति राखेका थिए र प्राकृत वैयाकरणहरूले यसलाई विप्रकर्ष भने । स्वरागमका अनेक उदाहरण हामी वेद, प्राचीन संस्कृत, प्राकृत, अपभ्रंश, सबै आर्यभाषाहरूमा पाउँछौं ।

संस्कृतका संयुक्त व्यञ्जन प्राकृतमा द्वित्व भएर आधुनिक आर्यभाषा-कालमा सरल भएकाले सबै तद्भव शब्दहरूको उच्चारण सजिलो भयो । तर तत्सम शब्दहरूको उच्चारण अप्ठ्यारो भएकाले त्यसमा सरलता ल्याउँदा धेरै तत्सम शब्दहरूमा स्वरागम भएका छन् । यसरी स्वरागम भएपछि पदका अक्षरमा वृद्धि भएको छ ।

स्वरलोपको प्रवृत्तिले पनि भाषाको आक्षरिक पद्धतिअनुसार उच्चारणमा सरलता ल्याउने सिलसिलामा नै विकास गरेको हो । आदि स्वरलोप कम देखिन्छन् । मध्य तथा अन्त्य स्वरलोपका कारणहरूको चर्चा माथि पनि भएको छ ।

आदिस्वरागम- पदका आदिमा नयाँ स्वर थपिदा आदिस्वरागम [Prothesis] भनिन्छ । स्नान > अस्नान, स्तुति > अस्तुति, स्त्री > इस्त्री, इत्थी [पालि], पुरोहित > उप्रेत । प्राचीन नेपालीमा आदि स्वरागमका उदाहरणहरु हुन्– अक्र्याँ, अक्र्याछु, अंक्र, अक्रि ।

मध्यस्वरागम- उच्चारणमा सुविधाका लागि व्यञ्जनहरूका माझ केही स्वरहरू आएर बसेमा मध्यस्वरागम भनिन्छ ।

अ- जन्म > जनम्, यन्त्र > जन्तर, प्रीति > पिरति ।

इ- क्रिया > किरिया, व्यापारिन > बियापारी ।

उ- शुक्ल > सुकिलो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फ़ार्सेली र अंग्रेजी शब्दमा स्वरागम बारे प्रकरण ६८ मा चर्चा गरिने छ ।

अन्त्यस्वरागम– पदका अन्तमा स्वर आएमा अन्त्य-स्वरागम भनिन्छ । जस्तै– सभँ, सभौ र सबँ । नेपाली शब्दका व्यक्तिवाचक पदहरूमा प्रायः उ थपिन्छ । जस्तै– रामु, सेतु, देवु । यो प्राचीन नेपालीमा र आधुनिक कथ्य नेपालीमा पनि पाइन्छ ।

अपनिहिति– अपनिहित पनि एक किसिमको स्वरागमको प्रक्रिया हो । यदि कुनै शब्दको इकार वा उकारको साथ इकार वा उकार नै उच्चारित हुन आउँछ भने त्यस प्रक्रियालाई अपनिहित भनिन्छ । जस्तै– सं, पानीय >पाइनी >पाइत, वेश्या >वेइश्या [क०ने०], हँसिया >हैइस्या [क०ने०] ।

आदि-स्वरलोप– पदका आदिको स्वरको लोप हुने प्रक्रियालाई आदि-स्वरलोप भनिन्छ । जस्तै– अभ्यञ्जन >भिज्नु, अरिष्ट >रिट्ठो, अपर >अअर >र, *अच्छइण >आछिन >छइन, छैन ।

मध्यस्वरलोप– पदको माझबाट अर्थात् दुई हल् वर्णको माझबाट कुनै स्वरको लोप हुँदा मध्यस्वरलोप हुन्छ । तद्भव शब्दहरूमा यो प्राकृत-कालदेखि नै विकास भैरहेको प्रवृत्ति हो र तत्सम शब्दहरूको उच्चारणमा> पनि नेपालीमा मध्यस्वरलोप देखिन्छ, जस्तै– मार्गशीर्ष >मग्सिर, सुकरी> सुगरी >सुग्री, उदुम्बरी >डुम्बरी >डुम्री ।

अन्त्यस्वरलोप– अन्त्यस्वरलोपमा पदान्त स्वरको लोप हुन्छ र यो प्रवृत्ति सबै आधुनिक आर्यभाषाहरूमा पाइन्छ । प्राचीन नेपालीमा पनि यसका उदाहरण भेटिन्छन् । आदेश >आदेश, सहित >सहित, भिक्षा >भिक्खा >भीख्, बुभुक्षा >भूक्षा >भुक्खा >भोक्, जाति-पाति >जात्-पात्, रात्रि >रात् ।

स्वरसंगति– कुनै शब्दका सँगै रहेका दुई असमान स्वरध्वनि जब एक-अर्काबाट प्रभावित भएर एकै थरीका स्वरमा परिवर्तित भएर आउँछन्, स्वरसंगति भनिन्छ ।

तुमि >तिमी, ढिकुटी >ढिकुटी, ढेकी > ढेइकी >ढिकी ।

६६. व्यंजनपरिवर्तनका सामान्य प्रक्रिया

नेपाली व्यञ्जनवर्णहरू ध्वनि-परिवर्तनका प्रक्रिया र अरू के-कति कारणले गर्दा आजको स्थितिमा आएका छन् त्यसको चर्चा तल गरिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यञ्जनपरिवर्तनको इतिहासलाई हेर्दा निम्नलिखित प्रक्रिया टड्कारो देखिन आउँछन् :

(१) पदान्त-व्यञ्जनको लोप

(२) समीकरण र पूर्वस्वर दीर्घ

(३) स्वरमध्यगत स्पर्श व्यञ्जनहरूको लोप र

(४) महाप्राणवर्णहरूको हकार मात्र शेष रहनु ।

पदान्त-व्यञ्जनहरूको लोप र संयुक्त व्यञ्जनहरूको समीभवन हुने चलन अशोकका अभिलेखहरूमा पाइन्छ । यो प्रवृत्ति बढ्दै रह्यो र प्राकृत-कालको यो खास विशेषता थियो । यस्तै स्वरमध्यगत व्यञ्जनहरूको लोप हुनु पनि प्राकृतकालका भाषाको जिउँदो प्रक्रिया थियो । लोप भएर बचेका दुई वा तीन स्वरहरूलाई शेषवृत्त स्वर भनिन्छ र यस्ता स्वरहरूको परिवर्तन-प्रक्रिया बारे माथि चर्चा भइसकेको छ ।

पदमा रहेका संयुक्त व्यञ्जनहरूको परिवर्तन र विकासप्रक्रिया तल देखाइन्छ—

(क) पदादिमा रहेका एक्ला व्यञ्जनहरू सुरक्षित छन् । तर य, व, र, ल, श, ष, मा परिवर्तन देखिन्छ । यात्रा>जात्रा, विवाह>विहे, लवण>लूण>नून ।

(ख) पदादिमा अर्का व्यञ्जनभन्दा अगाडि रहेको स् को लोप भयो । स्कन्ध>काँध्, स्तन>थन्, स्थान>ठाउँ ।

(ग) स्वरमध्यगत व्यञ्जनहरूको लोप भयो । यिनमा खास ध्वनि थिए—क, ग, त, द, च, ज, प, ब, ट, ड ।

(घ) तीन किसिमका उष्म ध्वनिमा दन्त्य स मात्र रह्यो ।

(ङ) म को अनुनासिकीकरण भयो ।

(च) य को ज मा र व को ब तथा उ मा परिवर्तन भयो । यमला>जुमला यव>जौ, जउ, सूर्य>सूर्ज, धैर्य>धइर्ज, वन>बन, सर्व>सब, वानर>बानर, बाँदर, नाव>नाउ ।

पदमा रहेका संयुक्त व्यञ्जनहरूको परिवर्तन र विकासप्रक्रिया तल देखाइन्छ—

(क) पदादिमा रहेका संयुक्त व्यञ्जनहरूको पछिल्लामा समीकरण भयो । व्याघ्र>वग्घ>बाघ, भ्रातृ>भाइ>भाइ ।

(ख) दुइ स्पर्श-व्यञ्जनहरूमा एउटा मात्र रह्यो । भक्त>भत्त>भात, सप्त>सत्त>सात ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ग) स्पर्श-व्यञ्जनपछिको अनुनासिक ध्वनिको लोप भयो। लग्न>लग्ग>लागो, अग्नि>अग्गि>आगो, सपत्नी>सवत्ती>सौती।

(घ) कण्ठ्य, मूर्धन्य तथा तालव्य ध्वनिपछि आएको य को पूर्वस्वरमा समीभवन भयो। व्याख्यान>बक्खाण>बखान, जाड्य>जाडो, धान्य>धण्ण>धान।

(ङ) दन्त्य वर्णपछि आएको य ले दन्त्य वर्णलाई तालव्य बनाएर समीभूत भयो। सत्य>सच्च>साँचो, अद्य>अज्ज>आज, सन्ध्या>सञ्झा>साँझ, वत्स>वच्छ>बाछो।

(च) अल्पप्राण र महाप्राण स्पर्श-ध्वनिपछि आएको 'र' पूर्ववर्णमा समीभूत भयो। चक्र>चक्क>चाको, पुत्र>पुत्त>पूत (प्राने), व्याघ्र>वग्घ>बाघ, ताम्र>तम्म>तामो।

(छ) दन्त्य वर्णपछि आएका ध्वनिहरूको ओष्ठीभवन पनि कहीं-कहीं भएको छ। उर्ध्व>उब्भ>उभो, सर्व>सभो (प्राने)।

(ज) क्ष को सबै ठाउँमा ख भयो। अक्षर>अक्खर>आखर, क्षत्रिय>खत्तिअ>खाती, क्षेत्र>खेत्त>खेत, क्षार>खार।

(झ) प्राकृतकालमा समीभवनले गर्दा विकसित भएका दुई अनुनासिक ध्वनिहरू ण्, न्न्, म्म् एउटै मात्र देखिए। कर्ण>कण्ण>कान>कान, चूर्ण>चुन्न>चून। कर्म>कम्म>काम।

(ञ) र पछि स्पर्श व्यञ्जन आउँदा 'र' को लोप र स्पर्श व्यञ्जनको द्वित्व भयो। कर्पर>खप्पर, तर कर्पूर>कपूर।

(ट) र पछि आएको य ल व को विकास क्रमश: यसरी भयो– कार्य>कज्ज>काज, दुर्लभ>दुल्लहो>दुल्हो। सर्व>सव्व>सब।

(ठ) ल पछि स्पर्श व्यञ्जन आउँदा 'ल' को पछिल्लोमा समीभवन र स्पर्श व्यञ्जनको द्वित्व भयो।

(ड) ल पछि य व आउँदा ल को द्वित्व भयो र सरलीभूत भयो। मूल्य>मोल्ल>मोल, बिल्व>वेल्ल>बेल।

(ढ) उष्म-ध्वनिपछि स्पर्श व्यञ्जन आउँदा उष्म-ध्वनिको लोप भयो। स्त-स्तन>थन, स्क-स्कन्ध>काँध, स्थ-स्थान>ठाउँ।

(ण) मध्यमा आएका अल्पप्राण स्पर्शध्वनि महाप्राणमा परिवर्तित भए। वाष्प>बप्फ>बाफ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(त) उष्म-ध्वनिपछि य व र ल आउँदा उष्म-ध्वनिको द्वित्व भयो र नेपालीमा एउटा मात्र रहन आयो। कस्य>कस्स>कस्, अश्रु> अस्सु>आँसु, गोस्वामी>गोस्साइँ>गोसाइँ (प्राने)।

६७. व्यञ्जनपरिवर्तनका विशेष प्रक्रिया

तल नेपाली व्यञ्जन ध्वनिहरूको परिवर्तनलाई ध्वनि-परिवर्तनका विशेष नियमका आधारमा देखाइन्छ।

महाप्राणीभवन– अल्पप्राण ध्वनिहरू महाप्राण ध्वनिमा परिवर्तन भएको स्थितिलाई महाप्राणीभवन भनिन्छ। प्राकृतकालमै हामी आदि अघोष स्पर्श अल्पप्राण व्यञ्जन महाप्राण ध्वनिमा परिवर्तन भएको पाउँछौं। कर्पर >खप्पर, कुब्ज>खुज्ज, पणस>फणस। आधुनिक कालमा आर्यभाषाहरूमा यस प्रवृत्तिले विकास गर्दै आयो।

अल्पप्राण-ध्वनि महाप्राण-ध्वनिमा किन र कसरी परिवर्तित हुन्छन् भन्ने प्रश्नको जवाफ भाषाशास्त्रीहरूले आ-आफ्नै ढङ्गमा प्रस्तुत गरेका छन्। डा. रामकृष्ण भण्डारकरको विचारमा कुनै स्वर व्यञ्जन आफ्नो छिमेकी महाप्राण-ध्वनिले गर्दा महाप्राण-ध्वनिमा साटिन्छ। हार्मन जाकोबीको सिद्धान्तको आधारमा डा. ब्लाचले के भनेका छन् भने व्यञ्जनमा महाप्राणत्व 'स' र 'र' ध्वनिको संयोगले आउँछ। डा. चटर्जीको भनाइमा महाप्राणी भवनको कारण नजीकका महाप्राण-ध्वनिले गर्दा होइन, अरू छिमेकी भाषाका ध्वनिहरूको प्रभाव र अनुकरणमूलक ध्वनिहरूको– मनमा उपस्थिति हो।

अरू आधुनिक आर्यभाषाहरूमा सरह नेपालीमा पनि अल्पप्राण ध्वनिको महाप्राणीभवन भएको उदाहरण पाइन्छ। कील>खीलो, पाश> पाँसो, तुष>भूस, वाष्प>बाफ, विहान>भ्यान, वहुत>भौती। गर्दभ> गधा [प्रा. ने.]।

अल्पप्राणीभवन- प्राकृतयुगमा नै केही अल्पप्राण-ध्वनिहरू महाप्राण बनेको उदाहरण पाइन्छ। जस्तै– दुहिता>धुहिता। संस्कृतमै पनि महाप्राण ध्वनिहरूको द्वित्व हुँदा एउटा अल्पप्राण भएको उदाहरण बभौ, दधौ, बभूव इत्यादि शब्दहरूमा पाइन्छन्। सर टर्नरले पदान्त व्यञ्जनको प्राणको लोप भएको चर्चा गर्नुभएको छ। नेपालीमा यसका उदाहरण हुन् : उष्ट्र>उठ्ठ> उण्ठ>ऊँट्, इष्ट>इण्ट>इट्ठ>ईंट, दुग्ध>दुद्ध>दूध्, स्कन्ध>काँध, काँद्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घोषीभवन– अघोषध्वनि घोषध्वनिमा परिवर्तन हुने प्रक्रियालाई घोषीभवन भनिन्छ । यो प्रक्रिया प्राकृतकालको त्यस संक्रातिकालमा देखिन्छ जब पदका माझमा व्यञ्जन लोप हुने अवस्थामा जान्छन् । घोषीभवनका उदाहरण हुन्ः– सकुन>सगुन्, शाक>साग्, काक>काग्, सकल>सगोल, ठक्कुर>ठगुर (प्राने), शूकरी>सुगरी (प्र'ने), पञ्चक>पञ्जा ।

अघोषीभवन– घोषध्वनि अघोषध्वनिमा परिवर्तन हुने प्रक्रियालाई अघोषीभवन भन्दछन् । यो प्रक्रिया पनि प्राकृत युगमै थालिएको थियो र सरलीकरणको सिलसिलामा अघोषध्वनि घोषध्वनिमा परिवर्तन भएको पाइन्छ । भगिनी>बहिनी, बुभुक्षा>बुभुक्खा>भोक ।

हकारीभवन– व्यंजनवर्णहरू निर्बल भएर हकारमा बस्न आउने स्थितिलाई हकारीभवन भनिन्छ । यस्तो प्रवृत्ति पनि नेपालीमा पाइन्छ, तर हिन्दी आदिमा भन्दा कम । भाण्डिका>हाँडी, द्वादश>बाह्र, बधिर> बहिरो, गभीर>गहिरो, दधि>दहि, दुर्लभ>दुल्लह>दुह्लो, भवति>होइ, हो ।

वर्णविपर्यय– वर्णविपर्ययमा कुनै शब्दका वर्ण आफ्नो स्थान छोडेर अघि-पछि बस्न पुगेका हुन्छन् । यो प्रवृत्ति सबै भाषामा धेर-थोर पाइन्छ । ह्रद>दह, लघुक>हलुक्क>हलुको, मलिनम्>मइल्लो>मैलो, पिशाच> पिचास्, गरुड>गडुर (कने), व्रत>वर्त ।

ध्वनिलोप– एकै थरीका दुई ध्वनि भएका ठाउँमा, अथवा दुई अक्षरमा एउटा ध्वनिको लोप हुँदा ध्वनिलोप भनिन्छ, जस्तैः नाक-कटो> नकटो, खरिददार>खरीदार, खर्दार । चार-चार>चचार ।

मुर्धन्यीभवन– जब छिमेकी मूर्धन्यध्वनिको प्रभावले अथवा अरू कुनै कारणले गर्दा अरू ध्वनि मूर्धन्यध्वनिका रूपमा परिवर्तित हुन्छन्– मूर्धन्यीभवन भनिन्छ जस्तैः– वृद्ध>वुड्ढो>वुढो, वुडो, दाह>डाह, दण्ड>डण्ड, मृत्तिका>मट्टिआ, माटि, पत्तन>पट्टन>पाटन ।

उष्मीभवन– जब कुनै अनुष्मध्वनि उष्मध्वनिमा परिवर्तित हुन्छन्– उष्मीभवन भनिन्छ । नेपालीमा माथितिरको मास्तिर हुनु यस्तै उष्मीभवनको हो । संस्कृतका श ष ध्वनि नेपालीमा स मा परिवर्तित भएका छन् । श्वास >सास, श्वाश्रू>सासू, श्रावण>साउन ।

तालव्यीभवन– जब अरू ध्वनि तालव्य ध्वनिका रूपमा परिवर्तित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छन् - तालव्यीभवन भनिन्छ । अद्य > अज्ज > आज, मध्य > मज्झ > माझ, सत्य > सच्च > साँच ।

रकारीभवन - अरू कुनै ध्वनिको 'र' ध्वनिमा परिवर्तन हुनुलाई रकारीभवन भनिन्छ । विभिन्न व्यंजनहरूको रकारमा परिवर्तनबारे यथास्थान चर्चा गरिनेछ । निकट > निअड > नेर, निर, घोटक > घोडओ > घोडो, घोरो ।

समीभवन - संयुक्त व्यंजनहरू एक-अर्काबाट प्रभावित हुने प्रक्रियालाई समीभवन भनिन्छ । समीभवन ३ प्रकारका छन् [१] प्रगत, पुरोगामी अथवा अग्रगामी समीभवन, प्रगत समीभवनमा अघिल्लो व्यंजनबाट प्रभावित भएर पछिल्लो व्यंजन बदलिन्छ । उदाहरणार्थ- चक्र > चक्क > चाको, लग्न > लग्ग > लागो [२] परागत वा पश्चगामी समीभवनमा पछिल्लो व्यंजनको प्रभावमा आएर अघिल्लो व्यंजन बदलिई पछिल्लो समान हुन्छ । उदाहरणार्थ: भक्त > भत्त > भात, रक्तक: > रत्तओ > रातो । यस्य > जस्स् > जस । नेपाली मा कसले > कल्ले, कसलाई > कल्लाई, उसले > उल्ले इत्यादिमा र डोटचाली र जुम्लीमा पनि यो पाइन्छ । पर्दछ-पद्दो छ, गर्दछ-गद्दो छ । [३] पारस्परिक समीभवनमा संयुक्त व्यंजनका दुई असमान ध्वनिहरू एक-अर्काबाट प्रभावित भएर अर्के व्यंजनमा परिणत हुन्छन् । सत्य > सच्च > साँचो, अद्य > अज्ज > आज, कार्य > कज्ज > काज, वत्स > वच्छ > बाछो, मध्य > मज्झ > माझ ।

विषमीभवन - समीभवनको उल्टो विषमीभवन हुन्छ । यस प्रक्रियामा दुई समान ध्वनिहरू असमान ध्वनिमा परिणत हुन्छन् । यो प्रगत र परागत गरी दुई किसिमको हुन्छ । प्रगत विषमीभवनमा पहिलो व्यंजन जस्ताको तस्तै रहन्छ र दोस्रो मात्र बदलिन्छ । परागत विषमीभवनमा दोस्रो व्यंजन बदलिन्छ र पहिलो जस्ताको तस्तै रहन्छ ।

द्वित्वीभवन - प्राकृतकालमा समीभवनले गर्दा संस्कृतका संयुक्त व्यंजनहरू द्वित्व हुन्थे, र नेपालीमा यस प्रवृत्तिको अवशेष अझै पाइन्छ । उदाहरणार्थ गृद्ध > गिद्ध, चक्र > चक्का ।

यसबाहेक आगन्तुक शब्दहरूको द्वित्वीभवन भएको उदाहरण पनि नेपालीमा पाइन्छ । मद्त > मदद, इत्ला > इतला, जग्गा > जगह, खबीस > खप्पिस ।

सादृश्य - सादृश्य कुनै पनि भाषाको क्रियाशील ध्वनिप्रक्रिया हो । नेपाली भाषामा पनि यो पाइन्छ । आफूले छानेको शब्दको ध्वनिका आकार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नयाँ शब्द बनाउनु अथवा आगन्तुक शब्दको ध्वनिलाई परिवर्तन गर्नु सादृश्य-को प्रक्रिया हो। उदाहरणार्थ– 'गएछ' को सादृश्यमा दार्जिलिङमा 'थिएछ', 'जान्छ' को सादृश्यमा भाक्सूमा 'आन्छ', पूर्वी नेपाली र प्रवासमा 'गइन' को सादृश्यमा 'छुइन' आदि।

प्रतिध्वनित शब्द-नेपालीमा प्रतिध्वन्यात्मक शब्दहरूको निर्माण एक जिउँदो प्रक्रिया हो। प्रतिध्वन्यात्मक शब्दहरू भारतका आधुनिक आर्यभाषामा र द्राबिड भाषाहरूमा पनि पाइन्छ। यी भाषाहरूमा प्रतिध्वन्यात्मक शब्द-हरूको निर्माण प्रवृत्ति द्राविड भाषाहरूको प्रभाव मानिन्छ (हेर्नोस्: राज-स्थानी भाषा, पृ. ५४)। यस्ता शब्दमा हामीले कुनै ओडारको मुखमा आवाज निकाल्दा आफूले बोलेको शब्दको प्रतिध्वनि सुनिएझैं कुनै शब्दको प्रतिध्वनि पनि वक्ताकै मुखबाट निस्कन्छ। यसरी बोलेको प्रतिध्वनिको विशेष अर्थ हुँदैन तर मुख्य शब्दका साथ बोल्दा यसको अर्थ 'इत्यादि' हुन्छ। शब्दको अर्थापकर्ष पनि यसले जनाउँछ, जस्तै: पानीसानी, भातसात, कमल-समल। प्रतिध्वन्यात्मक शब्द बनाउँदा अरू भाषाहरूमा पनि यस्तै किसिमले प्रतिध्वनित शब्दहरू आउँछन्। तर यस्ता प्रतिध्वनित शब्दहरूको पहिलो वर्णमा नेपालीमा सकार आए झैं पंजाबी, सिन्धी, मारवाडी र गुजरातीमा 'व' ध्वनि, हिन्दीमा 'व' र कहिले 'फ' पनि, द्राविडियन भाषाहरूमा 'कि' र 'गि', वङ्गलामा 'ट' र मैथिलीमा 'त' ध्वनि आउँछन्। [उही पृ. ४५]।

६८. आगन्तुक शब्दहरूको ध्वनितत्त्व

नेपाली भाषाको शब्द ढुकुटीको चर्चा माथि भैसकेको छ। तल संक्षिप्तरूपले आगन्तुक शब्दहरू कसरी नेपालीमा परिवर्तित भएका छन् भन्ने कुरो देखाइन्छ।

फार्सेली-आगन्तुक शब्दहरूमा ठूलो संख्या फार्सेली भाषाबाट आएका शब्दको छ भन्ने कुरो माथि बताइसकिएको छ। यहाँनेर के भन्नु पनि आव-श्यक छ भने– नेपाली भाषामा पाइने अर्वेली शब्दहरू पनि पहिले फार्सेली भाषामा नै रत्तिएर आएका हुन्। त्यसो हुँदा ती सबै शब्दहरूलाई पनि भाषाशास्त्रीहरू फार्सेली नै भन्छन्।

फार्सेलीबाट आएका शब्दहरूमा स्वरागमका उदाहरण पाइन्छन्। मध्यस्वरागम– अक्ल > अक्कल, अक्किल, उज्र > उजुर, कद्र > कदर, खस्म > खसम, नर्म > नरम, बर्फ > बरफ, जिन्स > जिनिस, जुल्म > जुलुम, हुक्म >

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुकुम, उम्र>उमेर। अन्त्यस्वरागम- पोख्त्>पोख्त, तख्त्>तख्ता, राह्>राहा, रैयत्>रैती, फिक्>फिक्री, जुल्फ>जुल्फी।

फार्सेलीभाषाबाट आएका शब्दहरूमा मध्यस्वरलोपका उदाहरण केही पाइन्छन्। नमकीन>निम्की, फव्वारा>फुहारा, जियादा>ज्यादा, पियाज>प्याज।

वर्णपरिवर्तनका अनेक प्रवृत्ति फार्सेलीबाट आएका शब्दहरूमा पाइन्छन्। विपर्यय [तुर्की] तमगा>तक्मा, बुजुर्ग>बुज्रुक, नजदीक>नगीच, मूकल्चा>मुचुल्का, वर्णलोप- मजदूरी>मजूरी, तमस्सुक>तमसुक, दल्लाल>दलाल। व्यञ्जनको द्वित्वीभवन- अकल>अक्कल, इतला>इत्ताला मदत>मद्दत, कीमत>किम्मत।

फार्सेली पदान्त 'द' कहीं कहीं 'त' हुन्छ। कागद>कागत, मदद>मददत। अघोषीभवन भएर फार्सेली ब 'प' हुन्छ। गुलाब>गुलाप, गुलाफ, हिसाब>हिसाप, किताब>किताप, तलब>तलप। कहीं-कहीं यसको महाप्राणीभवन हुन्छ। जवाब>जवाप>जवाफ, ज्वाफ। अभ्यन्तर र पदान्त र>ल भएको पनि पाइन्छ- मरहम>मलम, दीवार>दिवाल। आदि-वकार अ, उ, अ, मा परिवर्तित हुन्छ भने अन्तिम व व भएको देखिएको छ। वकालत>ओकालत, वजन>ओजन, वस्ताद>उस्ताद, वसूल>असूल, हवा>हावा, मेवा>मेवा। फार्सेली फ को अल्पप्राणीभवन भएर प भएको केही उदाहरण पाइन्छ- जुल्फ>जुल्पी, गुल्फ>गुलुप। स्वरमध्यगत ह को लोप भएको कहीं-कहीं पाइन्छ- खवाहिस>खायस, आहिस्ते>आस्ते। फार्सेलीमा पदान्त ह जो लघु-उच्चारण हुन्छ। तर नेपालीमा आएर त्यस्तो ह को उच्चारण हुँदैन। फतेह>फत्ते, सहीह>सही, ताजाह>ताजा, अल्लाह>अल्ला।

पोर्तुगाली- पोर्तुगाली शब्दहरू नेपालीमा भारतका छिमेकी भाषामार्फत आए। तल नेपालीमा रतिएका पोर्तुगाली शब्दहरूमा भएका ध्वनिपरिवर्तन संक्षेपमा प्रस्तुत गरिन्छः

पोर्तुगाली अ नेपालीमा आ हुन आएको छ- फर्मा (Forma), बेला (voila), साया (saia)। पोर्तुगाली ए नेपालीमा इ भएको छ- कोभी (couve), पाद्री (padre), बाल्डी (baldé), इस्त्री (esrirar), इस्पात (espada), कहीं-कहीं यसको अ हुन्छ- गमला (gamelha), बोतल (botelha)। पोर्तुगाली पदादि ओ अ हुन्छ- फर्मा (forma),

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बम (bomb), । पदान्त ओ उ हुन्छ- तमाखु (tobacco) । कहीं-कहीं यसको उच्चारण हुँदैन- अलकत्रा (alkatrao), मार्तोल (martello), आलमारी (Almmario), बिस्कुट (biscoito) । ओइ को उ हुन्छ । बिस्कुट biscoito । ओउ को ओ हुन्छ- गोभी (couve) र ऊ को पनि उ हुन्छ- गोदाम (gudao) । पोर्तुगाली ड 'द' मा परिवर्तित हुन्छ- वर्दी (verde) । कहीं-कहीं यो ट र त मा पनि परिवर्तित हुन्छ- बाल्टी (balde), इस्पात (espada) । भ ब मा परिवर्तित हुन्छ- बर्दी (verde) । स, ज मा परिवर्तित हुन्छ- अंग्रेज (angles) कमीज (camisa), मेज (mesa) । ल्ह ल मा साटिन्छ- बोतल (botelha), गमला (gamelha), तौलिया (toalha) ।

स्वरागम र स्वरलोपका उदाहरण पनि पोर्तुगालीबाट आएका शब्दमा पाइन्छन् । स्वरागम- सुन्तला, सन्तरा (citra), परात (prato), किरीच (cris) । स्वरलोप- गिर्जा (egerja), गमला (gamelha) बेला (voila), मार्तोल (martello), अलकत्रा (alkatrao), बिस्कुट (biscoito), कनस्टर (canestra), आलमारी (almario) ।

अंग्रेजी- अंग्रेजीबाट आएका शब्दहरूमा एकरूपता छैन। कुनै ध्वनिलाई अपठितहरू सादृश्यका आधारमा आफ्नै ढङ्गमा बोल्दछन्, तर अंग्रेजी पढेकाहरू अंग्रेजी ध्वनिलाई सुधारेर बोल्दछन् । जस्तो लेखिन्छ उस्तै नपढिने हुनाले अंग्रेजी ध्वनि नेपालीमा विभिन्न ढङ्गमा देखापरेका छन् । तल अंग्रेजीबाट आएका शब्दहरूको ध्वनिपरिवर्तन संक्षेपमा देखाइन्छ ।

अंग्रेजीबाट आएका शब्दहरूमा स्वरागम पाइन्छ । आदि स्वरागम- अस्तबल (stable), इस्कूल (school), इस्टूल (stool), इस्टेशन (station), इस्प्रिग (spring) । मध्यस्वरागम- बाकस (box) फाराम (farm), गारद् (guard), फयल (fail) बुरुस, (brush) गिलास (glass) । अन्त्य स्वरागम (box), डबल (double), लम्फा (lamp), लालटिनी (Lantern) ।

स्वरलोपका उदाहरण केही मात्र पाइन्छन् । मध्यस्वरलोप- लप्टन (lieutenant), कप्तान (captain), सिग्रेट (cigarette), अम्रिका (America), जर्नेल (General), । अन्त्यस्वरलोप- (earring), गारद् (guard) ।

अंग्रेजी व्यञ्जनहरू नेपालीमा आउँदा धेरै परिवर्तित भएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्णलोप, वर्णविपर्यय, अघोषीभवन र घोषीभवन आदि व्यञ्जनपरिवर्तनका सामान्य नियमहरूले यहाँ पनि काम गरेका छन् ।

वर्णलोप- जर [general], क्प्तान [captain], पतलून [pantaloon], सितम्बर [September] । वर्णविपर्यय- जर्नेल [general], तरकोल [coaltar] । वर्णागम- दरजन [dozen], टायम [time], ठेट्टर [theatre] । घोषीभवन- काग [cork], रंगरूट [recruit] । यस बाहेक र को ल मा- यालिङ [ear-ring], न को ल मा- लम्बर [number], प को फ लम्फा [lamp], फ को प हाप [half], अपिस [office] अनि र को ड जस्ता एकड [acre], रबड [rubber] आदि परिवर्तन पनि देखिन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड ३

१२. शब्दनिर्माण: उपसर्ग र परसर्गहरू

नेपाली भाषाका धेरै शब्दहरू उपसर्ग र परसर्गहरूका सहायताले बनाइन्छन् । यस्ता धेरै उपसर्ग र परसर्गहरूलाई नेपाली भाषाले पैतृक सम्पत्तिका रूपमा प्राप्त गरेको छ भन्ने कुरा संस्कृत र नेपाली उपसर्ग तथा परसर्गहरूको तुलनात्मक अध्ययनबाट हामी सहजै अनुमान गर्न सक्छौं । तल उपसर्ग तथा परसर्गहरूको उत्पत्ति देखाइन्छ ।

६९. उपसर्ग

उपसर्गहरूको चर्चा संस्कृत वैयाकरणहरूले अघिदेखि नै गर्दै आएका छन् । उपसर्गहरू प्राय: क्रियाका साथ आउने गर्छन् र एउटै क्रियाको अर्थ उपसर्गले गर्दा बेग्लाबेग्लै हुनसक्छ । जस्तै- प्रहार, आहार, संहार, विहार इत्यादि । संस्कृतमा प्र, आ, सं, नि आदि उपसर्गहरू एक्लै नआएर क्रियाका साथ आउँथे, तर वैदिक संस्कृतमा यस्ता उपसर्गहरू छुट्टै पनि देखिन आएका छन् । यस आधारमा भाषाशास्त्रीहरूले उपसर्गहरूको अघि स्वतन्त्र अस्तित्व र अर्थ भएको सम्भावना देखाएका छन् । नेपाली उपसर्गहरूलाई तीन भागमा विभाजित गर्न सकिन्छ- तत्सम, तद्भव र आगन्तुक ।

नेपालीमा देखा परेका प्रमुख तत्सम उपसर्गहरू निम्नलिखित छन्-

अति- [धेरै] अतिकाल,

अनु- [पछि, हाराहारी] अनुसरण, अनुवाद,

अप- [तुच्छ, हीन] अपमान, अपयश,

अभि- [बढी, तिर] अभिमान, अभियान,

अव- [खराब आदि] अवगुण, अवनति,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आ- [आफूतिर, सम्म] आकर्षण, आमरण,

उप- [सहायक, नजिकको, तल्लो] उपमन्त्री, उपभेद, उपस्थ,

कु- [अधम, नीच] कुकर्म, कुमार्ग कुमति,

दुस्- [नराम्रो, तुच्छ] दुस्साहस, दुष्कर्म,

दुर्- [खराब, गाह्रारो] दुर्गुण, दुर्व्यवहार,

निस्- [रहित] निष्कलङ्क, निश्छल,

नि- [रहित] निर्बल, निराश, निर्धक्क,

निर्- [सहित] निबन्ध,

परि- [चारैतिरबाट] परिपूर्ण, परिश्रम,

परा- [उल्टो] पराजय, पराभव,

वि- [बढी, विशेष आदि] विज्ञान, विवाह, विकेन्द्रींकरण, विनाश,

सु- [असल, राम्रो] सुशिक्षित, सुकर्म, सुफल,

नेपालीमा संस्कृतबाट विकसित भएर आएका केही तद्भव उपसर्ग-हरूको उत्पत्ति तल दिइन्छ–

औ- [हीन, तुच्छ] यसको उत्पत्ति सं० अप, अव [> ओ अउ] बाट भयो। अवगुण > औगुन, अउगुन्।

उन- [कम] उन नेपालीमा उनन्, उन र उन् का रूपमा संख्यावाची शब्दहरूका साथ पाइन्छ। यसको उत्पत्ति सं० एकोन प्रा० उनबाट भयो। जस्तै– उनन्तीस, उनतीस, उन्तिस।

नि- [विना, रहित आदि] यो संस्कृत निस्, निर् बाट विकसित उपसर्ग हो। निरोग, निडर।

पर्, पर- [धेरै, बलियो] पर्ताप, परताप। यो संस्कृत प्र बाट विकसित भएको छ।

वि- [अभाव] यो संस्कृत वि को नेपाली रूप हो। विसन्तोकी।

क- सं० कु बाट [कपूत]

स- सं० सु बाट सपूत।

नेपालीमा देखा परेका आगन्तुक उपसर्गहरूमा फार्सेलीबाट आएका उपसर्गहरूको संख्या धेरै छ। केही अंग्रेजी शब्दहरू नेपालीमा उपसर्ग समान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवहृत भएका छन् ।

दर्– [भित्र] दरबार, दरकार ।

ना– [अभाव] नालायक, नाबालक ।

बद– [खराब] बदमाश, बदनाम ।

बे– [बिना] बेकसूर, बेईमान, बेढंग, बेकार ।

ला– [अभाव] लापरवाही, लाचार ।

हम्– [बराबर] हमदर्दी ।

हर– [प्रत्येक] हरघडी, हररोज, हरेक ।

७०. परसर्ग अथवा प्रत्यय

कुनै धातु या शब्दको अन्तमा जोडिएर आउने प्रत्ययहरूलाई परसर्ग पनि भन्न सकिन्छ । यस्ता प्रत्ययहरू अघि स्वतन्त्र शब्द नै थिए । तर भाषाको विकासक्रममा यिनीहरू घसिएर अस्पष्ट हुँदै गए र आफ्नो स्वतन्त्र सत्ता हराए । नेपाली प्रत्ययहरूको इतिहास मूल भारोपेलीसम्म पुग्छ । संस्कृतका प्रत्ययहरूलाई यिनको रचनाका आधारमा संस्कृत वैयाकरणहरूले दुई वर्गमा विभाजित गरे र त्यो विभाजन नेपाली व्याकरण-परम्पराले पनि मान्दै आएको छ । त्यस विभाजनअनुसार मूल धातुबाट कृत् आदि प्रत्यय लागेर बनेका शब्द कृदन्त (Plimary derivatives) र धातुबाट बनेका शब्दमा पुनः प्रत्यय लागेर बनेका शब्दलाई तद्धितान्त (Secondary derivatives) भनियो तर यो विभाजन वैयाकरणहरूले आफ्नो सुविधालाई ध्यानमा राखेर गरेका थिए र यो मोटामोटी विभाजन थियो । यहाँ नेपाली भाषामा देखा परेका प्रत्ययहरूको बाह्य रूपका आधारमा चर्चा गरिन्छ । नेपाली प्रत्ययहरूको उत्पत्तिका विषयमा सर टर्नरले आफ्नो शब्दकोशमा र श्रीवास्तवले आफ्ना पुस्तकमा चर्चा गरेका छन् भने नेपाली प्रत्ययहरूको लामो सूची श्री बालचन्द्र शर्माले आफ्नो शब्दकोशमा दिएका छन् ।

नेपाली प्रत्ययहरूलाई तत्सम, तद्भव र आगन्तुक गरी तीन वर्गमा विभाजित गर्न सकिन्छ । देशी अथवा व्युत्पत्ति स्पष्ट नभएका प्रत्ययहरूलाई समेत लिएमा यी भेद चार हुन्छ । तल नेपालीमा देखा परेका तत्सम, तद्भव र आगन्तुक प्रत्ययहरूको चर्चा गरिन्छ ।

तत्सम (र अर्धतत्सम) परसर्गहरू– साहित्यिक र केही मात्रामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोलचालको नेपालीमा पनि तत्सम परसर्गहरूको प्रयोग हुँदै आएको छ। उच्चारणभेदले यस्ता प्रत्ययहरू अर्धतत्सम पनि हुन पुगेका छन्। अतः यहाँ तत्सम प्रत्ययभित्र अर्धतत्सम प्रत्ययहरूलाई पनि राखिएको छ।

आ- यो तत्सम शब्दका साथ आउने स्त्री प्रत्यय हो। जस्तै. बाला, आदरणीय।

इक- यो संस्कृत इक प्रत्यय हो, जस्तैः दैनिक, प्रामाणिक, सामाजिक।

इत- यो संस्कृत इत प्रत्यय हो, जस्तै- हर्षित, दुःखित।

इम- यो सं० इम प्रत्यय हो, जस्तै- स्वर्णिम, अग्रिम, पश्चिम।

इमा- यो सं० इमन् > प्रा० इमाबाट आएको हो र यो प्रायः लिखित र साहित्यिक नेपालीमा मात्र आउँछ, जस्तै- कालिमा, नीलिमा, महिमा।

इय- यो सं० इय प्रत्यय हो, जस्तै- राष्ट्रिय।

ईय- यसको सम्बन्ध सं० इयसँग छ। जस्तै- पूर्वीय, यूरोपीय, भारतीय।

क- यो सं० क प्रत्यय हो। जस्तै- बालक, पंचक।

तः- यस प्रत्ययले नाम र क्रियालाई अव्यय बनाउँछ। जस्तै- मूलतः, अंशतः, प्रथमतः, अग्रतः।

तम- प्रियतम, लघुतम, सुन्दरतम। यो सं० तम हो।

ता- कविता, जनता, सहायता, आवश्यकता। यो सं० 'त' र 'आ' हो।

तव्य- कर्तव्य, भवितव्य।

थ (ठ)- चतुर्थ, षष्ठ।

था- अन्यथा, तथा, वृथा।

दा- सर्वदा, एकदा, यदा, कदा।

धा- नवधा, शतधा, द्विधा, बहुधा।

पूर्वक- विधिपूर्वक, न्यायपूर्वक, शान्तिपूर्वक। यो सं० पूर्व शब्द र 'क' को मिश्रणबाट बनेको शब्द हो।

मय- जलमय, किरणमयी, ज्योतिर्मयी। मयीमा मय र ई को संयोग छ।

वर्ती- पूर्ववर्ती, दक्षिणवर्ती। वर्तीमा वत् (वृत्) + ई को संयोग छ।

वान्- धनवान्, गुणवान्, आशावान्।

शः- अल्पशः, शतशः, बहुशः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शाली– शक्तिशाली, भाग्यशाली। यो सं० शाल र ईको संयोगबाट बनेको छ।

तद्भव परसर्ग एवं प्रत्ययहरू-तद्भव शब्दहरू झैं नेपाली तद्भव प्रत्ययहरू पनि संस्कृतबाट प्राकृत हुँदै आएका छन्। संस्कृतबाट प्राकृत हुँदै नेपालीमा आएका प्रत्ययहरूका साथै प्राकृतकालदेखि आएका अरू थप प्रत्यय-हरू पनि नेपालीमा छन्। तिनमध्ये केहीलाई यहाँ संस्कृतसँग सम्बन्धित देखा-इएको छ तर त्यस्ता प्रत्ययहरूको निर्माणमा संस्कृतेतर प्राकृतकालीन अरू भाषाहरूको योग पनि हुन सक्छ। तल नेपाली तद्भव प्रत्ययहरूको उत्पत्ति देखाउने चेष्टा गरिन्छ।

अ- लिखित नेपालीमा राम, बात, घर आदि शब्द स्वरान्त देखिन्छन् तर यस्ता धेरै शब्दको उच्चारण भने स्वरान्त छैन। यसरी सं० पु० स्त्री० र नपुं० लिंगी प्रत्ययहरू (रामः>राम, वार्ता>बात, गृहम्>घर) केही शब्दमा नेपाली भाषामा आउँदा अकारान्त भएर लोप हुने स्थितिमा पुगे। क्रियाबाट नाम बनाउने अ प्रत्ययको उत्पत्ति सं० स्वार्थे प्रत्यय अक् बाट भयो। माप् अक>माप, मृग्-अक्>मार्ग।

अक्- चमक, चुक् आदि शब्दमा यो प्रत्यय देखिन्छ। प्राकृत युगमा यो अक्क थियो। जस्तै- टणक्क>टनक, झलक्क>झलक, चमक्क>चमक। यिनै शब्दका आधारमा यो सं० कृतबाट विकसित भएको मानिन्छ। उदाहरणार्थ- चमत्कृत>चमक्किअ>चमक्कअ>चमक्। ब्लच यसको संबन्ध क्य र होर्नले अक्सँग मान्दछन्। ब्लचले द्राविड भाषाहरूमा अति-प्रचलित क, क्क र ग प्रत्ययतिर पनि संकेत गरेका छन्।

अक्क, इक्क, उक्क– प्राकृतमा अक्क प्रत्यय पाइन्छ। पश्चिमोत्तरी अपभ्रंशको यो आफ्नो खास विशेषता हो। माथि अक्को प्रसंगमा भनिए झैं यो सं० कृतबाट विकसित भएको हुनु संभव छ। द्रविढ प्रभाव पनि उत्तिकै संभव छ तर नेपालीमा क्रियाविशेषणको रूपमा देखा परेका कँयौं ध्वन्यात्मक शब्दहरूका साथ यसको प्रयोग हुन्छ र मूल शब्दको ध्वनिका आधारमा यसले अक्क, आक्क, इक्क, उक्क, एक्क, याक्क, वाक्क रूप लिन्छ। साथै नाम, क्रिया र क्रियाविशेषणमा पनि प्रत्ययहरू लागेर अनेक रूप बनाइन्छन्।

अक्कड– यो प्रा० अक्क-ड बाट विकसित भएको हो र यसका सहायताले धातुबाट विशेषण बनाइन्छ। जस्तै– बोलक्कड, बुझक्कड।

अट– यो सं० अट बाट विकसित भएको देखिन्छ। झंझट, झपट।

अड- यो अ र ड को संयोगबाट (अ+ड—अड) बनेको प्रत्यय हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अडी– यो अड् र ई को संयोगबाट बनेको प्रत्यय हो । गँजडी, गफडी ।

अत– धातुबाट भाववाचक नाम बनाउने यस प्रत्ययको उत्पत्ति सं० अन्त र त्व बाट देखाइएको छ तर सं० त्व > प्रा० त्त > बाट यसको विकास हुनु बढी संभव छ । जस्तै- लिखत, लागत ।

अन, अना, अनी, अनो– यसका सहायताले धातुबाट नाम बनाइन्छ । यसको उत्पत्ति सं० अन् > प्रा० अण > अन > बाट भयो । चलन, ढाकन, बाँधन । अना, अनी, अनो यसैमा प्रत्यय लागेर बनेका रूप हुन् ।

अन्त– अन्तको उत्पत्ति सं० अन्त (शतृ) बाट भयो । जस्तै– लडन्त, भिडन्त । यसैमा आ, इ र ए जोडिएर क्रमश: अन्ता, अन्ती र अन्ते विकसित भएका हुन् । अन्तक > अन्तअ > अन्त, अन्ता, अन्तिका > अन्तिआ > अन्ती, अन्तिक > अन्तिअ > अन्ते । घोकन्त, घोकन्ता, घोकन्ती, घोकन्ते ।

अरी– यो आधुनिक नेपालीमा कस्, जस्, यस् आदि सर्वनामको साथ गरी जोडिएर आउँदा घसिएर रहनआएको रूप हो । अरीको उत्पत्ति यसकारण यसरी देखाउन सकिन्छ- सं० कृत्वा > करिअ > करी > गरी > अरी ।

अल्– यो मागधी प्रसूत भाषाहरूमा देखिने अतीतवाची ल प्रत्यय हो र नेपालीमा पनि यो केही मात्रामा अतीतलाई बुझाउँदै क्रियाहरूलाई नाम र विशेषण बनाउँछ । जस्तै– गडल, झारल, परल ।

आ– यस प्रत्ययले विभिन्न अर्थमा काम गर्छ र विभिन्न अर्थका आ प्रत्यय-हरूको उत्पत्ति पनि छुट्टाछुट्टै किसिमले भएको छ । (१) केही एकवचन र धेरै बहुवचन बनाउने आ को उत्पत्ति सं० स्वार्थे प्रत्यय अक बाट भयो । जस्तै-मामक > मामअ > मामा, चणक > चणअ > चना । घोटका > घोडआ > घोडा । (२) धातुबाट नाम बनाउँदा पनि आ प्रत्यय आउँछ । जस्तै– पुज्-आ, पूजा, झगड्-आ, झगडा । (३) प्रेरणार्थक आ को उत्पत्ति सं० आप् > आव् > आ यसरी भयो ।यही आप् नेपालीमा प्रेरणार्थक धातु बनाउँदा पनि आउँछ । जस्तै– गराउ, गरायो, गराइनु, गराउने, गराएको, गराउँदो ।

आइ– यस प्रत्ययका सहायताले धातुबाट नाम र विशेषणबाट संज्ञा बनाइन्छ । धातुबाट आप्-इका प्रत्ययको संयोगबाट यी रूप बनेका छन् । आप् इकाबाट आइ यसरी विकसित भयो, आपिका > आविआ > आवी > आई, आइ । जस्तै– याचापिका > जचाइ । योक्त्रापिका > जोत्ताइआ > जोताइ । विशेषण-बाट संज्ञा बनाउने आइ प्रत्ययको उत्पत्ति पनि केही विद्वान्हरू आपिकाबाट नै मान्दछन् । तर यसको उत्पत्ति वैदिक ताति प्राकृतमा आइ बाट भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली लगायत केही आर्य भाषाहरूमा पनि आइ देखिन्छ । जस्तै- वर्धताति >वढाइ, भद्रताति>भल्लताइ>भलाइ।

अइत- यसको उत्पत्ति सं० आप्-अन्त>प्रा० आवन्त>आइत यसरी भयो । जस्तै- डकैत। यसमा इक>इअ>ई मिलेर डकैती भएको छ ।

आउ- यसका सहायताले धातुबाट प्रेरणार्थक क्रियारूपहरू बनाइन्छन् । यसको सम्बन्ध आप्- उकसँग छ । गराउ, सुनाउ, बसाउ, हराउ ।

आउ- यो प्रत्यय धातुबाट विशेषण वा संज्ञा बनाउन उपयोग गरिन्छ। चटर्जीले यसको विकास सं० आप्-उक-बाट भएको मानेका छन् । तर होर्नले यसलाई तृकबाट विकसित मान्दछन् । जस्तै- खादितृक>खाइउ>खाऊ। उक र ऊक प्रत्यय संस्कृतमा पनि देखा पर्छन् र तिनैबाट खाऊको अन्तिम ऊ आयो ।

आउटी- यसको सहायताले धातुबाट नाम बनाइन्छ । यसको उत्पत्ति, आप-वृत्त (वर्त, वृत)- इकाबाट भयो । यसको विकास यसरी भयो-आपवर्तिक >आवट्टीअ>आवटी, आउटी ! टर्नरका विचारमा पनि यसको उत्पत्ति आवट्-इ को संयोगबाट नै भयो ।

आउँदो- यसको प्रयोग धातुबाट विशेषण बनाउनका लागि हुन्छ । यसको उत्पत्ति आप्-अन्त-क बाट भयो । जस्तै- आपन्तक>आवन्तक>आउँदो । भनाउँदो, गराउँदो । यो प्रत्यय ध्वन्यात्मक शब्दहरूमा पनि लाग्छ । कल-कलाउँदो, भनभनाउँदो ।

आउनी- यो प्रत्यय सं० आप-अन्-इका को संयोगबाट बनेको हो । जस्तै-आपनिका>आवनिआ>आउनी ।

आउनु- यो प्रत्यय आव-णु (>सं० आप-नु) बाट आयो भन्ने डा० चटर्जीको विचार छ: जस्तै गराउनु, सुनाउनु, बनाउनु ।

आउने- यसको उत्पत्ति आप-अन्-अक बाट भयो । जस्तै- डराउने, गराउने, सुनाउने ।

आउरी (अउरी, अउरो, अउरे) यी प्रत्ययहरूका सहायताले नामबाट विशेषण बनाइन्छ । यी प्रत्ययहरू अपर का साथ अक र इक मिलेर आएका हुन् । जस्तै- अपर-इका>अअरिआ>अवरिआ>आउरी । अपरक:>अवरओ> अउरो, आउरो । जिताउरी, घुमाउरो ।

आक्- यसको उत्पत्ति सं० आपक>आवक>आअक>आक यसरी भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लडाक, तँराक ।

आडी, आरी– यस प्रत्ययको सहायताले कर्तृवाचक संज्ञा बनाइन्छ । यसको उत्पत्ति सं० कारी>आरी बाट भयो । द्यूतकारी>जुवाडी, जुवारी ।

आन– यसको सहायताले धातुबाट संज्ञा पद बनाइन्छ । यसको उत्पत्ति आपनक>आवणअ>आण>आन यसरी भयो । जस्तै– चलान, उठान ।

आनी– सम्बन्धबोधक शब्दका स्त्रीलिंगी रूपमा आनी पाइन्छ । जस्तै– देउरानी, जेठानी । यो भवानी, इन्द्राणी जस्ता संस्कृत शब्दमा पनि पाइन्छ । संस्कृत व्याकरणमा यो आनुक्ङीस्–प्रत्ययबाट बनेको थियो ।

आपा– यस प्रत्ययको उत्पत्ति सं० त्वक प्रा० अप्प बाट भयो । जस्तै– वृद्धत्वक>बुड्ढप्प>बुढापा ।

आर– यस प्रत्ययको उत्पत्ति विभिन्न स्रोतबाट देखाउन सकिन्छ: (१) सुनार आदि शब्दहरूमा यो आर सं० कार बाट आयो, जस्तै– स्वर्णकार>सुन्नआर >सुनार, पूजाकारिक>पूजाहारी>पूजारी । (२) भण्डार, कोठार आदि शब्दहरूको आर सं० आगारबाट आया, जस्तै: भण्डागार>भण्डाआर> भँडार, कोष्ठागारिक>कोट्ठारिअ>कोठारी ।

(३) दँतार जस्ता शब्दहरूमा यो सं० कार, कारिक बाट आयो, जस्तै: दन्तकार>दँतार ।

आरू– यसको उत्पत्ति टर्नरका विचारमा आ र उ बाट भयो, तर यो संस्कृत अर्थकबाट आएको पनि देखाइएको छ । शिक्षार्थक>शिकारु ।

आरो– यो आर–उक बाट आयो । तर यो पनि सं० कारकबाट आएको पनि मानिएको छ । जोतारो, भसारो ।

आल– यसको उत्पत्ति सं० पाल>वाल>आल यसरी भयो । जस्तै–डोट्याल, धिताल, पौड्याल । यी शब्दहरूमा रहेका आल को उत्पत्ति सं० आलय बाट पनि देखाइएको छ ।

आली, याली - यसको उत्पत्ति सं० आलिक प्रा० आलिअ, आली यसरी भयो । यही आली को विकास भएर याली भयो । खुशियाली, हरियाली, लेकाली, थकाली ।

आलु, आलो– यसको उत्पत्ति सं० आलुक>आलुअ>आलु, यसरी भयो । संस्कृत वैयाकरणहरूले आलुच् प्रत्यय देखाएका छन् । दयालु, निद्रालु, मयालु भिरालो, उकालो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आवट, ओट– यस प्रत्ययको उत्पत्ति सं० आपवृत्त'>प्राअवर्त>आअवट्ट> आवट, ओट- यसरी भयो । यसका सहायताले धातुबाट नाम बनाइन्छ । यो प्रेरणार्थक आ (आप) र वृत्त को संयोगबाट बनेको आवृत्त को विकास पनि हुनसक्छ । जस्तै– आवृत्त>आवट्ट>आवट, ओट । नेपालीमा लेखावट, लेखोट; बनावट, बनोट; दुवै रूप देखिन्छन् ।

आवत– यसको उत्पत्ति पनि माथि भनेझैंरह नै आपवृत्त या आवृत्तबाट भयो, जस्तै: कहावत ।

आस, आसे- यसको उत्पत्तिका विषयमा विद्वान्हरूको मतभेद छ । यसको उत्पत्ति होर्नलेले सदृशबाट, प्लात्स् वाञ्छाबाट, चटर्जी सं० श बाट र डा० तिवारी आपस बाट देखाउँछन् । चटर्जीले लोमश, कपिश आदि शब्दहरूको उदाहरण दिएर आसको उत्पत्ति यसै श बाट देखाएका छन् । तर यो आप- वस बाट आउनु बढी संभव छ । निदास, घिचास । यसैमा क: जोडिएर बनेको आसो प्रत्यय पनि देखा पर्छ । हतासो, गुनासो, तकासो ।

आहट– यस प्रत्ययको उत्पत्ति टर्नरका विचारमा आहा - आवट बाट भयो । डा० तिवारीका विचारमा यो तथ्यकत्वं>अव्वट्टटं>आहट हुँदै विकसित भयो ।

आहा- यस प्रत्ययको उपयोग क्रियाबाट विशेषण र नामबाट विशेषण बनाउनका लागि गरिन्छ । यो धाबाट विकसित भयो भन्ने डा० चटर्जीको विचार छ । डा० सुकुमार सेनका विचारमा यो षष्ठी विभक्तिको प्रत्यय स्व>प्रा० आहाबाट विकसित भयो । महानन्द सापकोटाको विचारमा यो सं० आह बाट आयो (चानचुन, पृ० ८४) । जोताहा, टोकाहा, पिराहा भुसाहा ।

आहार- यसको उत्पत्ति सं० आधार (धृ) बाट भएको हो । टर्नरले धारबाट यसको उत्पत्ति भएको देखाएका छन् । यसैमा इक>ई जोडिएर आउँदा आहारी बनेको छ । जस्तै– लुटाहार, रोपाहार, जोताहार ।

इ– यसका लागि हेर्नोस् ई ।

इनी– यस प्रत्ययको उत्पत्ति सं० इनीबाट भयो । यसका सहायताले पुलिंग शब्दलाई स्त्रीलिंगी बनाइन्छ । एनी पनि यसै इनीबाट विकसित प्रत्यय हो- सुब्बेनी, सुब्बिनी ।

इयल, इयल- यसको उत्पत्ति इक- अल्ल को संयोगबाट भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो अल्ल मागधी प्रसूत भाषाहरूमा पाइने अतीतवाची प्रत्यय हो। मटियल गडियल।

इआ– यसको उत्पत्ति सं० इक>इअ>इआ यसरी भयो, जस्तै– पूर्विक>पूर्विअ, पूर्विआ, पूर्विया। वढिया आदिमा यो इतक बाट आयो। जस्तै– वर्धितक>वड्ढितअ>वढिआ, बढिया।

इयार– यसको उत्पत्ति सं० इक–कारबाट भयो। जस्तै– इककार>इअआर>इयार। अधिककार>पधियार, अंशिककार>अंशियार।

इल्ला, इल्ली, इल्लो– यसको उत्पत्ति सं० इल>प्रा० इल्लाबाट भयो। तुल० सं० फेनिल। यसको सहायताले विशेषणबाट नाम र नामबाट भाववाचक नाम तथा क्रियाबाट विशेषण बनाइन्छ। रसिला, रसिली, रसिलो। फुर्तिला, फुर्तिली, फुर्तिलो, अडिलो, खँदिलो।

ई– विभिन्न किसिमका शब्दहरूको निर्माणमा सहयोग गर्ने यस प्रत्ययको उत्पत्ति विभिन्न स्रोतबाट भयो– (१) धातुबाट मूल कृदन्त बनाउँदा यो सं० त्वा>प्रा० इअ>ई यसरी विकसित भयो। (२) स्त्रीलिंगी केही शब्दहरू र विशेषण बनाउने ई को उत्पत्ति सं० इका>इआ>ई यसरी भयो। (३) विशेषण र नाम बनाउने ई को उत्पत्ति फारसी ई बाट आयो। किताबी, खेती, दामी। (४) लघुतावाची ई प्रत्यय पनि सं० इका बाट नै आयो। वाटिका>वाडिआ>बारी, लकुटिआ>लौरी। (५) देशवाची ई को उत्पत्ति सं० इय>इअ>ई यसरी भयो। देशी, पूर्वी पश्चिमी।

उ– नेपालीमा यो स्वार्थे प्रत्यय जस्तो देखिन्छ। अपभ्रंश भाषालाई उकार–बहुला भनिएको छ। प्राचीन नेपालीमा चाडु, बोधु जस्ता शब्दहरूमा यो उ देखिन्छ। वर्तमान नेपालीमा पनि कालु, सेतु, रामु जस्ता केही शब्दमा यो उकार पाइन्छ।

उ– प्रेरणार्थक उ यो उत्पत्ति आप>आव>आउ>उ यसरी भयो। खाऊ जस्ता शब्दहरूमा उ ऊ को उत्पत्ति सं तृकबाट भयो भन्ने होर्नलेको विचार छ। ह्विटनी र चटर्जी यसको उत्पत्ति उका>उआ>उ, ऊ यसरी मान्दछन्।

उला, उली, उलो– यी रूपहरूको उत्पत्ति पिशेलका आधारमा महानन्द सापकोटाले प्रा० ओलीबाट भएको मानेका छन्।

उवा– यस प्रत्ययको सहायताले क्रियाबाट नाम र विशेषण बनाइन्छ। यसको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्पत्ति सं० उक-अक बाट भएको हो । जस्तै- टहलुवा, हरुवा, बटुवा ।

ए- पुंलिंग नाम शब्दमा देखिने ए मागधी प्राकृतको ए मानिन्छ । जस्तै- रामे, सेते । तर नामबाट विशेषण र विशेषणबाट नाम बनाउन सहयोग गर्ने प्रत्यय ए को उत्पत्ति सं० इक, ईय बाट भयो । जस्तै- मध्यदेशीय, मध्य-देशीय>मधिसे, पर्वतीय, पर्वते ।

एउरा, एउरी, एउरो- यी शब्दहरूमा इ+अउरो को संयोग भएको छ ।
एउला, एउली, एउलो- यी शब्दहरूमा ए+उलो को संयोग भएको छ ।

एको- यो प्रत्यय धातुबाट भूत कृदन्त बनाउन उपयोग गरिन्छ ।

एक्रो, एग्रो, एङ्ग्रो, याङग्रो- यी सबै इङगरका विकसित रूप हुन् ।

एटी, एटो- यी रूपहरूको उत्पत्ति सम्भवतः पीटकबाट भयो । खुर्पेटो, गग्रेटो, चिप्लेटी ।

एत्रो- यो इतरक बाट आएको हुनसक्छ । यसको उत्पत्ति इतर बाट भयो भन्ने महानन्द सापकोटाको विचार छ, जस्तै खसेत्रो ।

एरो- केही शब्दमा यसको सम्बन्ध (अ+तरः>अअरो>एरो) सँग देखिन्छ । जस्तै- वत्सतर>वच्छअअर>वचेरो>वछेरो । केही शब्दहरूमा यसको सम्बन्ध कृतक वा कार्यसँग देखिन्छ । जस्तै- कार्यक>केरओ>एरो, कृतक>केरओ>एरो । केही शब्दमा यो इलको ल को रकारीकरणबाट भएको पनि देखिन्छ ।

एल्, एला, एली, एलो- यसको उत्पत्ति सं० इल>इल्ल>एल यसरी देखिन्छ । एल सँग इका आउँदा एली र पू० एकवचनमा ओ आउँदा एलो र यसको बहुवचनमा एला पाइन्छ । अधेला, अधेली, अधेलो । कहीं कहीं यो एलको विकास पाल>याल बाट पनि देखिन्छ । डोटचाल, (>डोटी पाल) डोटेल ।

एलु, एलो- यसको उत्पत्ति इल्ल- सँग उक तथा अक को सम्पर्कबाट भयो । घरेलु, डढेलो ।

एस्, एसो, एसँ- यसको उत्पत्तिका सम्बन्धमा विद्वान्हरूको मतभेद छ भन्ने कुरा माथि चर्चा भैसकेको (हेर्नोस्: आस्, आसे) छ । यसको उत्पत्ति होर्नलेले भने क्षैं सदृशबाट भएको हुनु बढी संभव छ ।

ऐया- टर्नरको विचारमा यो आ, इयाको योगबाट विकसित भयो । गरैया, भनैया ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐत- यसको उत्पत्तिका विषयमा मतभेद छ। बीम्स र होर्नलेको विचारमा यो आयातबाट विकसित भयो। तर यसको उत्पत्ति आवृतबाट पनि उत्तिकै सम्भव छ।

ओ- यसको विकास अक: > अओ > ओ यसरी देखाइएको छ। पु० एकवचन सु को विकास प्राकृतमा ओका रूपमा भयो र नेपालीमा केही शब्दहरूको एकवचन ओ पाइन्छ।

औं यसको उत्पत्ति अक: > अओ > अउ > औं यसरी भयो। दशमक > दशमउ > दशौं।

औंट, औटा, औंटी, औंटो, औटे- आवट कै विकास औट हो र यसैमा विभिन्न प्रत्यय लागेर अरू रूप बनेका हुन्। धातुबाट नाम बनाउने औंट आपवृत्त या आवृत्त लाट आएको देखिन्छ तर आधारबोधक औट पट्ट > वट्ट > औट, औट यसरी विकसित भएको देखिन्छ। जस्तै- कष-पट्टिका > कसवट्टिआ > कसउटिअ > कसौटी; कज्जलपट्ट > कजरौटो।

औत, औता, औती, औतो- यी रूपहरूको सम्बन्ध पनि आपवृत्तक: या आवृत्तकसँग नै देखिन्छ। अन्य रूपहरू अक, इक र उकका संयोगबाट विकसित भए।

औना, औनी- यी प्रत्यय आपनक > आवणअ > आउन > औनसंग अकको संयोग भएर विकसित भएका देखिन्छन्, जस्तै- खेलौना, बिसौनी।

और्, औरा, औरी, और, औंरो- यी विभिन्न रूपको विकास अपरक: > अवरओ > अउरो > औंरो यसरी भयो। यसको विकास विभिन्न शब्दमा देखा परेका पूरक: (तिलपूरक: > तिलौरो, पत्रपूरक: > पतौरो) बाट पनि हुनसक्छ।

औल्, औला, औलो, औले- औल् प्रत्ययका यी विभिन्न रूप इल् प्रत्ययकै विभिन्न रूप हुन्।

औवा- यसको उत्पत्ति पनि उक-अकबाट नै भएको देखिन्छ। जस्तै देखौवा।

ती- यसका सहायताले भाववाचक संज्ञा बनाइन्छ। यसको उत्पत्ति अन्त-इ बाट भयो भन्ने डा० चटर्जीको विचार छ। तर होर्नलेको अनुसार यो अप्तिका बाट आयो। विज्ञप्तिका > बिन्ती।

न- यसका सहायताले क्रियार्थक संज्ञा बनाइन्छ। यो सं० अनीय > णीय णअ > ण > यसरी विकसित भयो। जस्तै- गर्न, जान, सुन्न।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ता, ती, तो, दा, दी, दो- यसका सहायताले धातुबाट वर्तमान कृदन्त बनाइन्छ। यसको उत्पत्ति अन्त (शतृ) सँग आएका अक, इक बाट भयो। जस्तै- हुँदो, पाक्तो, सक्ता, सक्ती।

ट, टा, टी, टो- ट प्रत्ययका यी विभिन्न रूपको उत्पत्ति विभिन्न शब्दमा छुट्टाछुट्टै किसिमले देखाउन सकिन्छ- (१) एउटा, एउटो आदि शब्दहरूमा यो सं० त>ड बाट आयो। एकत, द्वित, त्रित आदिमा रहेका त ट भयो। (२) चिम्टा, चिम्टी, खस्टा, चकटी आदि शब्दमा रहेका ट को विभिन्न रूप सं वृत्ताबाट विकसित भएका हुन्। नकटा, नकटी आदि शब्दमा रहेको टकार कर्त्>कट्ट>काट को विकास हो।

डा, डी, डो, रा, री, रो- यी प्रत्ययहरू प्राकृतकालीन ड प्रत्ययबाट विकसित भए। संस्कृतबाट यसको विकास यसरी देखाइएको छ। त>ट>ड। यसको विकास सं० वृत्ताबाट पनि देखाइन्छ- वृत्त>वट्ट>ट>ड। केही शब्दमा यो ड नै छ र केहीमा यो र भयो। जस्तै- थोर, थोरै, लङ्गडो, लङ्गडी, जिब्रो, टुक्रो, लौरो, लौरी।

डि, डी- यो प्रत्यय सं० वृत्त या वर्त सँग इकको संयोगबाट विकसित भयो। केही शब्दमा डी को विकास अपभ्रंश डी (तुल गोरडी) हुन सक्छ तर अगाडि पछाडि जस्ता शब्दहरूमा यो वृत्त या वर्त कै विकास जस्तो देखिन्छ।

यथा- अग्रवृत्तइक>अग्रवट्टइक>अग्गवाटइअ>अग्गआडइअ>अगाडी, अगाडि।

था, थी, थो- क्रमबोधक संख्यावाची शब्दहरूका साथ यी प्रत्ययहरू आउँछन्। यो सं० थ बाट आयो- चतुर्थक>चउत्थओ>चौथो। यो षष्‌का साथ सं० मा नै ठ भयो र नेपालीमा पनि त्यही आयो- षष्ठमक>छैठौं।

पा- यस प्रत्ययको उत्पत्ति सं० त्व>प्रा० प्प बाट भयो। यसको काम भावनाम बनाई अवस्था बताउनु हो। जस्तै- वृद्धत्व>वुड्ढप्प>बुढापा।

पन, पना- यी दुवै रूप वै० सं० त्वन>प्रा० पणबाट विकसित छन्। यी प्रत्यय पनि नामलाई भावनाम बनाई अवस्था बोधगर्न सहयोग गर्छन्। जस्तै- वृद्धत्वण>वुड्ढप्पण>बूढोपन, बूढोपना।

याइँ- यस प्रत्ययको उत्पत्ति डा० वनिकान्त ककतिले भनेझैं वै० ताति> ताइ, आइ>याइ यसरी हुनु सम्भव छ। यता श्रीवास्तवले यसको सम्बन्ध सं० एभिम्>एहि>एइ याइसँग पनि देखाएका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यान- टर्नरका विचारमा यो धानबाट विकसित भयो । अग्निधान>अग्यानँ, अध्यान ।

यानी, इनी, एनी- पुंलिगी शब्दको स्त्रीलिंगी रूप बनाउँदा आउने यी रूपहरू सं० इनी कै विकास हुन् । मस्यानी जस्ता शब्दहरूमा रहेको यानी सं० धानक बाट विकसित भएको हो ।

रू, रो- केही शब्दका अन्तमा देखिने रू, रो प्रत्यय सं० रूप>रूव>रू यसरी विकसित छन् । जस्तै- गोरूप>गोरू, पक्षरूपक>पखेरो ।

वार, वारी, वारे- वारको सम्बन्ध फार्सेली वारसँग देखिन्छ । तर यो सं० पाल>वाल>वार>वार यसरी विकसित भएको पनि हुन सक्छ । वारी, वारे यसकै विकसित रूप हुन् । यथा- रक्षपाल>रखवार ।

वाल, वाला- यो सं० पाल बाट विकसित रूप हो । क्षेत्रपाल>खेत्तवाल> खेतवाल । यसै पालमा क जोडिएको पालकबाट वाल आयो । घोडावाला, घडीवाल, घडीवाला ।

सर्, सरा, सरी- सर्को उत्पत्ति सं सर् (सृ) बाट भयो । होर्नलेको विचारमा यसको उत्पत्ति सं० सृत बाट भयो । यसको प्रयोग संख्यावाचक शब्दहरूका साथ हुन्छ । एकसरो, एकसरा, एकसरी ।

हरो, होरो यसको उत्पत्ति सं० धार या धारकबाट भयो । सं० हारसँग पनि यसको सम्बन्ध देखाइएको छ । यस्तै एकधा- आकार, द्विधा-आकारबाट पनि यसको उत्पत्ति देखाइएको छ । एकोहोरो, दोहोरो ।

नेपाली भाषामा केही यस्ता प्रत्ययहरू पनि देखिन्छन् जसको व्युत्पत्ति सुस्पष्ट छैन । पछि हुने अनुसन्धानहरूमा यस विषयमा विचार गरिने सम्भावना छ ।

आगन्तुक प्रत्ययहरू

नेपाली भाषामा धेरै परसर्गहरू फार्सेली भाषाबाट आएका छन् । तल यस्ता आगन्तुक परसर्गहरूको परिचयका साथै उत्पत्ति प्रस्तुत गरिन्छ ।

आना- यो फा० आन:बाट आयो । जस्तै सालाना, घराना, नजराना । यसैको विस्तार भएर आनियाँ भयो । घरानियाँ, ज़हानियाँ ।

खाना- यो फा० खान: हो; जस्तै- पागलखाना, छापाखाना ।

ई- यो ई बाट आएको विशेषण र भाववाचक प्रत्यय हो । फारसी, खुशी, दोस्ती ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ईश्– यो फा० ईश् बाट आयो । जस्तै– मल्-ईश>मालिस् ।

ईन्– यो नामबाट विशेषण बनाउने प्रत्यय हो । जस्तै– रंगीन, शौखीन ।

खोर– यो फा० खोरबाट आयो । जस्तै– घुसखोर, नाफाखोर ।

गर– यो फा० गर प्रत्यय हो । प्रा० फार्सेलीमा यो कर थियो । जस्तै– जादूगर, कारीगर ।

गरी– यो फा० गर-ई बाट विकास भएको प्रत्यय हो ।

गार– यो फा० गार प्रत्यय हो । संस्कृत र अवेस्तामा यो कार थियो । जस्तै– रोजगार, मदतगार ।

गिरी– यो फारसी गिरी (व्यवसाय, कला, व्यवहार) बाट आयो । जस्तै– नेतागिरी, (तुल० अवे० गेरव् सं० ग्रह) ।

गी– यो पनि फा० गी हो । जस्तै– जिन्दगी, गन्दगी ।

चा– यो तुर्की चा प्रत्यय हो । जस्तै– बगैंचा ।

ची– यो तुर्की ची बाट आयो । जस्तै– तबल्ची, अफीमची ।

दान्– यो प्रत्यय फा० दान बाट आयो । (तुल० पहलवीदान, अवे० दान, सं० धान) । जस्तै– कमलदान, धूपदान ।

दानी– यो पनि दान झैं सं० बाट नै विकसित भएको रूप हो । कलमदानी, धूपदानी ।

दार– यो फा० दार प्रत्यय हो । (तुल० अवे० दार सं० धर) । जस्तै– ईमानदार, ईमान्दारी, चौकीदार, चौकीदारी, जिम्दार, जिम्दारी ।

बन्द, बन्दी– यो फार्सेली बन्दीबाट विकसित भएको छ । खामबन्द, खामबन्दी, पत्रबन्द, पत्रबन्दी ।

बाज, बाजी– यो फा० बाज्बाट आयो । तुल० सं० भज्, अवे, वज् । धोखाबाज, रण्डीबाज, धोखाबाजी, रण्डीबाजी ।

वान्, वानी– यो फा० वान् हो । तुल० सं० वान् । दरवान, दरवानी ।

वर्– यो फा० प्रत्यय केही शब्दमा मात्र पाइन्छ । जस्तै मातबर तुल० अवे० बर्, सं० वर ।

वारी– यो पनि फा० प्रत्यय हो । जस्तै गोलावारी, बमवारी ।

वार– यो फा० वार प्रत्यय हो । जस्तै सिलसिलेवार, माहवार ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३. नाम, सर्वनाम र विशेषण

७१. नाम

संस्कृत वैयाकरणहरूका विचारमा धातु र प्रत्ययका अतिरिक्त संज्ञाका मूलरूप प्रातिपदिक हुन्थे । संस्कृतमा प्रातिपदिक दुई थरीका थिए– स्वरान्त र व्यञ्जनान्त । प्राकृत-कालमा प्रातिपदिकहरू स्वरान्त बढी देखिन थाले । व्यञ्जनान्त शब्दका अवशेष त् न् स् म् अन्तमा हुने शब्दमा मात्र देखिन थाले । यसको कारण के थियो भने मूल व्यंजनान्त शब्दमा व्यञ्जनहरूको लोपले गर्दा स्वर मात्र शेष रहन आए र केही शब्दमा अन्त्य स्वरागम पनि भयो । प्राकृतको यस प्रवृत्तिको अवशेष प्राचीन नेपालीमा पनि देखा पर्छ तर अपभ्रंशकालमा अन्तिम स्वरहरूको लोप हुन थाल्यो जुन प्रवृत्तिको विकास पछि पाइन्छ । यसरी आधुनिक नेपालीमा स्वरान्त र व्यञ्जनान्त दुवै किसिमका प्रातिपदिक छन् । स्वरान्त प्रातिपदिकमा ओ स्वर नेपालीको आफ्नो विशेषता हो । हुन त यो प्रवृत्ति सिन्धी, राजस्थानी, पंजाबी आदि भाषाहरूमा पनि पाइन्छ ।

संस्कृतका धातुवादी वैयाकरणहरूको विचारमा सबै शब्द धातुबाट नै बनेका छन् । यस्ता शब्द कृदन्त र तद्धितान्तभित्र पर्छन् । बीम्सले यस्ता शब्दहरूलाई देखाएका थिए र संस्कृत नामहरू आधुनिक आर्यभाषामा कसरी परिवर्तित भएका छन् भन्ने कुरो पनि स्पष्ट गरेका थिए । यसरी संस्कृतमा अन् प्रत्ययान्त शब्द नेपालीमा उस्तै रहेका छन् । (आँगन, कारण, जीवन), अच् घञ् प्रत्ययान्त शब्दहरू नेपालीमा ओकारान्त भएका छन् (कीरो, चूरो, दियो, सालो, चेलो, खाँबो, मुसो आदि) र गुजराती र सिन्धीमा पनि यही स्थिति छ । संस्कृत रकारान्त शब्दहरू नेपालीमा र, ओ, अ अन्त्यका भए (देवर, चँवर, धतुरो, बोक्रो, ससुरो, ताँबो, आम, बाघ); क प्रत्ययान्त शब्दहरू कहीं उस्तै देखिन आएका छन् (सडक, बैठक, पुस्तक); कहीं ओकारान्त भएका छन् (काँढो, घोडो) र कहीं आकारान्त (अँवला) । अच्, अज्, घज् प्रत्यय लागेर भनेका शब्दहरू प्रायः व्यञ्जनान्त छन् (काख्, कान्, ओठ्, कोस्, छिन्, तेल्, गाम्) वर्तमान नेपाली हिज्जेअनुसार लेख्ता यिनलाई अजन्त लेखिन्छ । संस्कृतमा आकारान्त शब्द नेपालीमा आएर व्यञ्जनान्त देखिन्छन् (खाट्, पिर्, निद्, राड्, उन्) ।

तल नेपाली स्वरान्त र व्यञ्जनान्त प्रातिपदिकहरूको सानो सूची दिइन्छ । दिइएका व्यञ्जनान्त शब्दहरूलाई वर्तमान नेपाली हिज्जेअनुसार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेख्ता अजन्त लेखिन्छ ।

अ– अङग, अर्थ, भिन्न । आ– आमा, काका, मामा, दाना, माला, हावा, तसला, चितुवा आइ– गाइ, भाइ, माइ । आउ– घाउ, धाउ, पाउ । इ– जाति, कवि, शनि । इउ– घिउ, जीउ । ई– पानी, कुर्सी, नानी, छोरी, बारी, बही । उ– पशु, जन्तु, वस्तु, धनु, बाबु । उँ, ऊँ– गाउँ, ठाउँ, गहूँ । ऊ– आलू, उल्लू, साहू, गोरु । ए– लोग्ने, भाले । ऐ– (अइ) मकै । ओ– छोरो, चरो, माखो, आँखो, टाउको । औ (अउ)– कौ, जौ ।

क्– छाक्, चाक्, ताक्, डाक्, भोक् ।

ख्– दुख्, सुख्, मुख्, कोख्, ईख्, शीख्, रूख् ।

ग्– साग्, रोग्, भाग्, नाग्, संजोग् ।

घ्– बाघ्, माघ् ।

ङ– आङ, गुरुङ, नङ, माङ, रङ ।

च्– नाच्, आँच्, पेच्, खोँच् ।

ज्– भतिज्, तिज्, जहाज्, गाज्, ब्याज्, मेज् ।

झ्– साँझ्, बोझ्, बाँझ् ।

ट्– आँट्, टाट्, नोट्, बुट्, सीट्, ईँट्, खाट्, काट् ।

ठ्– काठ्, मठ्, पाठ्, सेँठ्, झूठ्, पीठ्, गोठ् ।

ड्– आड्, पहाड्, हाड्, नाँड्, राँड् ।

ण्– कारण्, गुण्, चरण्, शरण्, प्राण्, ऋण् ।

त्– खेत्, वेत्, दाँत्, लात्, बात्, रात्, रगत्, आँत्, आदत् ।

थ्– रथ्, नथ्, पथ्, साथ्, गाथ् ।

द्– खेद्, दाद्, दुद्, गूँद् ।

ध्– बुध्, काँध्, साँध् ।

न्– कान्, दिन्, सुन्, सान्, दान्, जवान् ।

प्– चाँप्, टाप्, हिसाप्, किताप्, जप्, तप्, नाप्, धूप् ।

फ्– वाफ्, गफ्, कफ् ।

ब्– तलब्, रिकाब् ।

भ्– लाभ्, लोभ् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म्- काम्, धाम्, लगाम्, सर्जाम्, चाम्, नाम्, बदाम् ।

र्- उमेर्, कुकुर्, अनार्, नोकर्, हार्, तार्, शहर्, नहर्, लहर् ।

ल्- फल्, फुल्, स्याल्, बादल्, चामल्, दिल्, चिल्, नाल्, सामल् ।

स्- आस्, उडुस्, रस्, रास्, घाँस्, बास्, भुस्, रिस्, बहस्, सास्, रास् ।

७२. लिंग

नेपाली भाषाको प्रवृत्ति प्राकृतिक लिंगतिर छ । नन्द, आमा, बहिनी, फुपू आदि शब्दलाई स्त्रीलिंगी शब्द मान्नु प्राकृतिक लिंग हो तर भाषा, पोथी (पुस्तक-प्राने) आदि शब्दलाई स्त्रीलिंगमा राख्नु व्याकरणिक लिंग हो । संस्कृतमा व्याकरणिक लिंगको व्यवस्था थियो । संस्कृतमा तीन लिंग थिए । प्राकृतमा शब्दहरूको लिंगीय परिवर्तन देखा पर्न थाल्यो र अपभ्रंशमा दुई लिंग देखा परे । हेमचन्द्रले अपभ्रंश भाषामा लिंगको चर्चा गर्दा 'लिंग-मतन्त्रम्' भनेका छन् । आधुनिक आर्य भाषाहरूमध्ये मराठी र गुजरातीमा ३ लिंग छँदै छन् । सबैजसो मागधी-प्रसूत भाषाहरूमा दुई लिंग छन् । यसको कारण भोट-हिमाली भाषाहरूको प्रभाव मानिन्छ । नेपालीको लिंगप्रक्रिया मागधीप्रसूत भाषाहरूसँग बढी खाने किसिमको छ । तर केन्द्रीय र पश्चिमी नेपालीमा यो प्रभाव कम छ । नेपालीमा पुलिंग र स्त्रीलिंग मात्र छन् र नेपालीमा नाम, सर्वनाम, विशेषण र क्रियाले लिंग जनाउँछन् । तर स्त्रीलिंग-का आधार भने मनुष्यबोधक नाम नै हुन् ।

यहाँ नेपालीमा पुलिंग र स्त्रीलिंग बनाउने प्रत्ययहरूको परिचय दिइन्छ । ओ- घोड़ो, चेलो आदि ओकारान्त पु० एकवचनान्त शब्दहरूमा ओकार सं० अकबाट विकसित भयो । घोटकः>घोडओ>घोडो, चेलकः> चेलओ>चेलो । नेपालीका यस विशेषतासँग कुमाउनी, गढवाली, सिन्धी गुजराती र राजस्थानीले साम्य राख्छन् । पश्चिमी प्राकृतको यो खास विशे-षता थियो । आ- ओकारान्त एकवचनले अचेल आकारान्त रूप लिंदै छ । 'मैले एउटा घोडा किनें' मा एकवचन स्पष्ट छ तर रूप भने बहुवचनको देखा पर्छ । आकारान्त एकवचनरूप आधुनिक हिन्दीमा देखिन्छ र नेपालीले पनि सरलीकरण गर्दै आकारान्त रूप चलाएको छ । निम्नलिखित विशेष ठाउँहरूमा पनि आकारान्त रूप एक वचनमा देखिन्छ । (१) सं० अक् प्रत्ययान्त शब्दहरूमा सत्ता (सप्तक), अमला (आमलक) । सं अन् प्रत्ययान्त शब्द-बाट विकसित शब्दहरूमा राजा (राजन्), ब्रह्मन्, ब्रह्मा, शर्मा (शर्मन्) । (२) सं० तृ प्रत्ययान्त शब्दबाट आएका शब्दहरूमा नेतृ>नेता ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आ– नेपालीमा बहुवचन ओकारान्त शब्दको आकारान्तले जनाइन्छ । घोटका: >घोडा, चेलका: >चेला । अरू सबै स्वरान्त र व्यंजनान्त शब्द संस्कृतबाट नै विकसित भएका छन् ।

नेपालीमा स्त्रीलिंगी प्रत्यय निम्नलिखित छन् । जस्तै:—

ई– चेलो-चेली; नी– पण्डितनी; इनी, एनी– बघेनी, बघिनी; आनी– देवरानी । तल यी प्रत्ययहरूको उत्पत्ति देखाइन्छ ।

ई– यसको उत्पत्ति सं० ई बाट भयो । (देव, देवी) । यसको उत्पत्ति स० इका बाट पनि भयो, उदाहरणार्थ– चेलिका >चेलिआ >चेली, स्थूलिका > थुल्लिआ >ठूली ।

नी– यो सं० नी प्रत्यय हो । पण्डितनी, चाकर्नी ।

इनी, एनी– यी प्रत्ययहरू सं० इनिबाट विकसित भएका हुन् । इनि नै एनी र इनी भएको हो । बघिनी, बघेनी ।

आनी– यो पनि सं० आनी प्रत्यय हो । देवरानी, देउरानी, जेठानी । यस बाहेक अरू प्रत्ययरहित प्राणिबोधक स्त्रीलिंगी शब्दहरू पनि सं० आनी बाट विकसित भएका बढी छन् । उदाहरणार्थ– भगिनी >बहिनी, स्वश्रू >सासू आदि । नेपालीमा पाइने स्त्रीलिंगी शब्दहरूमा अ, आ, ई, उ, ऊ अन्त्यमा भएका पाइन्छन् ।

७३. वचन

संस्कृतमा तीन वचन थिए- एक, द्वि, बहु; प्राकृतमा केही अपवाद बाहेक (द्वे, उभे) दुई भए र नेपाली र अरू केही आआभामा समेत एक-वचन मात्र रहने प्रवृत्ति देखिन्छ । नेपालीमा बहुवचन बनाउने प्रत्यय 'हरू' हो । यो प्रत्यय नाम र सर्वनामका साथमा मात्र प्रयोग हुन्छ । विशेषण र क्रियाहरू भने आफ्नै शब्दमा परिवर्तन देखाई वचन बताउँछन् ।

बहुवचन बनाउँदा हरू, हेरू जोडिन्छ । जस्तै– काकाहरू बहिनीहरू, सासूहरू, कलमहरू । कनौजीमा यो ह्लारूका रूपमा पाइन्छ । अरू आधुनिक आर्यभाषाहरूमा यसको प्रयोग देखिएको छैन । फार्सेली हम्व को अर्थ सबै हुन्छ (हेर्नोस्: नेभासा, पृ० ११३) । यसको उत्पत्तिका सम्बन्धमा निश्चित रूपमा केही भन्न सकिदैन । प्राचीन नेपालीमा हरू पाइएको छैन । केलगको भनाइमा यसको उत्पत्ति स्व–रू >केरको >केरओ >केरू >हेरू >हरू यसरी भयो । श्रीवास्तवले यसको उत्पत्ति सर्वरूपबाट सम्भव छ भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुझाउ दिएका छन् । सर्वनाम, ओकारान्त शब्द र बहुवचन क्रियासँगै रहँदा 'हरू'को आवश्यकता उत्ति पर्दैन । यसै कारण जयपृथ्वीबहादुरले 'हरू'को प्रयोग आफ्नो इच्छाको अधीनमा छ भनेका थिए ।

नेपालीमा ओकारान्त शब्दलाई आकारान्त बनाएर बहुवचन तुल्याइन्छ । यो प्रवृत्ति ओकारान्त शब्द हुने अरू भाषाहरूमा पनि पाइन्छ । प्राकृतमा पनि ओकारान्त शब्दहरूको बहुवचनरूप आकारान्त हुन्छ । प्राचीन नेपालीमा पनि यो पाइन्छ । ओकारान्त एकवचन रूप अक सँग सम्बन्धित रहेको कुरो धेरै ठाउँमा उदाहरण दिदा स्पष्ट गरिएको छ । बहुवचन रूप पनि यसैको बहुवचन हो ।

साहित्यिक नेपालीमा गण, वर्ग, जन, पनि बहुवचनबाहेक प्रत्ययका रूपमा देखिएका छन् । जस्तै-- छात्रगण, विद्वद्वर्ग, मित्रजन । शब्दलाई दोहोऱ्याएर पनि बहुवचन जनाउने चलन छ । घरघर, गाउँगाउँ, डांडाडांडा ।

७४. कारक

संस्कृतमा कारक जनाउनका लागि विभक्तिहरूको प्रयोग गरिन्छ । यी विभक्ति-चिह्नहरूलाई कारकचिह्न, परसर्ग तथा अनुसर्ग पनि भनिन्छ । यी संस्कृतमा आठ छन् । यी विभक्तिहरूको इतिहास मूल भारोपेली भाषासम्म पुग्छ । प्राकृतमा आएपछि विभक्तिरूपहरूको सरलीकरण भयो । संस्कृतमा आठ विभक्तिका ३ वचनमा जम्मा २४ रूप बन्थे तर केही रूप उस्तै थिए । वैदिकमा रूप झन् बढी थिए । तर २४ नभएर यस्ता रूप सरदर १७ थिए अनि प्राकृतकालमा आएपछि सरदर १० भए । आधुनिक नेपालीमा आउँदासम्म सस्कृत विभक्ति-चिह्नहरू १-२ मात्र शेष रहे । यसरी आधुनिक युगमा दुई रूप मात्र देखिन्छन्: सरल र तिर्यक् । सरल रूप ती हुन् जसमा विभक्ति चिह्न हुँदैनन्, उदाहरणार्थ प्रथमा विभक्तिको कर्तरि प्रयोगमा । तिर्यक् या विकारी रूप ती हुन् जो विभक्तिचिह्न पनि लिन्छन् र आफ्नो रूपमा केही फेर बदल गर्छन् ।

	एकवचन	बहुवचन
सरल	चेलो	चेला
तिर्यक्	चेला (लाई, ले, बाट, को, मा)	चेलाहरूलाई, (ले, बाट, को, मा)

बोपले बताएका थिए भने, कारक चिह्नहरू अघि पूरा शब्द

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए र नाम र सर्वनामका साथ प्रयोग हुँदाहुँदा घसिएर यी अस्पष्ट हुँदै गएका हुन् । संस्कृत-युगमा नै जनताका बीच यी अस्पष्ट हुँदै गएका रहेछन् भन्ने कुराको प्रमाण 'तस्मै दत्तम्'का ठाउँमा 'तस्यार्थे दत्तम्', 'पर्वते'का ठाउँमा 'पर्वतस्योपरि' जस्ता प्रयोगलाई अघि सार्न सकिन्छ । प्राकृत युगमा यस प्रवृत्तिको विकास पाइन्छ । तैपनि प्राचीन नेपालीमा कारकचिह्नहरू आधुनिक नेपालीमा झैं स्पष्ट छैनन् र प्राकृतकालीन विशेषताहरूको अवशेष देखन पाइन्छ । तल कारक-चिह्नहरूको उत्पत्ति देखाइन्छ । कारक चिह्नहरूमा तिनै प्रत्ययहरूलाई लिइएको छ जो नेपाली वैयाकरणहरूको परम्परामा मान्य छन् । अरू कारक-चिह्न अथवा कारकीय परसर्गलाई छुट्टै देखाएर विवेचना गरिनेछ ।

कर्ता– कर्ता कारकको कुनै विभक्ति चिह्न छैन । हरेक शब्दको कर्तामा सरल रूप आउँछ । ऐतिहासिक आधारमा हेर्दा कर्ताको अविकारी रूप संस्कृतबाट प्राकृत हुँदै विकसित भएको छ । यसको कुनै चिह्न नभए पनि सकर्मक क्रियाका साथ यो लिंग र वचन मिलेर आउँछ । भूत र भूत-कृदन्तीय क्रियाका साथमा भने यो 'ले' का साथ आउँछ । चेलाले भन्यो, चेलाले भनेको छ ।

कर्म र सम्प्रदान– नेपालीमा कर्म र सम्प्रदान एउटै किसिमका चिह्नले जनाउँछन् । कर्म र सम्प्रदानका लागि अरू आआभामा पनि एउटै किसिमका कारकीय परसर्ग पाइन्छन् । कर्म र सम्प्रदान जनाउन–लाई, कन, के, कै, को थाई आदि चिह्नहरूको प्रयोग हुन्छ ।

लाई– यसको उत्पत्तिका धेरै स्रोत देखाइएका छन् । (१) यो सं० लग्नेबाट यसरी आयो । लग्ने > लगिग > लागि > लाई । (२) लग्नस्मिन् बाट यसरी आयो– लग्नस्मिन् > लग्गहि > लगइ > लगे, लए > लाई । (३) यो लग्गतिबाट यसरी आउन सम्भव छ– लग्गति > लगइ > लअइ > लाई । मराठीमा ला हुन्छ र प्राचीन मराठीमा लागि, लागुनि । प्राचीन नेपालीमा 'लाय' पनि भेट्टिएको छ । भोजपुरी, मैथिली र मगहीमा 'लागि'को प्रयोग हुन्छ । नेपालीमा लागि आउँदा सम्बन्ध विभक्ति पनि साथै आउँछ, जस्तै मेरा लागि ।

कन को उत्पत्ति सं० कर्ण > कण्ण > कन यसरी भएको मानिन्छ ।

नेपाली पत्राचार र अड्डाका कागतहरूमा अझै प्रचलित के, कै र को यी तीन कारक-चिह्नहरू अरू आआभामा पनि पाइन्छन् । के, कै को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयोग कर्म र सम्प्रदानमा ब्रज भाषामा, कर्ममा 'कै' को प्रयोग भोजपुरी, मैथिली र मगहीमा, कर्म र सम्प्रदानमा को को प्रयोग हिन्दी, कनौजी र बुन्देलीमा पनि पाइन्छ ।

'थाइँ'को प्रयोग कर्म, सम्प्रदान र अधिकरणमा प्राचीन नेपालीमा पाइन्छ । यसको उत्पत्ति सं० स्थामेन >थमेअ >थइँ, थाइँ यसरी बताइएको छ । यसको उत्पत्ति* इथ्यकति (भारोपेली) एभिम् बाट भयो भन्ने श्रीवास्तवको विचार छ । तर यसको उत्पत्ति* सं स्थामेन >*थाणि >थाइँ >थइँ यसरी पनि देखाउन सकिन्छ ।

करण– करण जनाउनाको लागि 'ले' विभक्तिको प्रयोग गरिन्छ । बीम्स र केलग यसको उत्पत्ति लग्य बाट भएको मान्दछन् । यसको उत्पत्ति लगित: या लगितम् बाट पनि उत्तिकै सम्भव छ । ल र न को आपसी परिवर्तन सम्भव थियो । करणमा 'ले' छत्तीसगढी र मगहीमा पनि पाइन्छ ।

सम्बन्ध– सम्बन्धका चिह्न को, का, की (र सर्वनाममा रो, रा, री) हुन् । यो वास्तवमा विशेषणात्मक परसर्ग हो र कुनै न कुनै रूपमा धेरै आआभामा पाइन्छ । भाषाशास्त्रीहरुले यस चिह्नका विषयमा जति चर्चा गरे; सम्भवत: अरू कुनै कारक चिह्नका विषयमा गरेनन् । बेबर, लास्सन र पिशेलले यसको उत्पत्ति सं० कार्यम्बाट माने । यसको विकास यसरी सम्भव छ– कृत >कअो >को । बीम्स, होर्नले र तेसितोरीको पनि यही विचार छ । ट्रम्पले सिन्धी 'खे' र हिन्दी 'को' सं० कृते बाट आएको भनेका थिए । प्राकृतमा केर पाइन्छ र यो पनि कृत: या कृतक बाट नै विकसित रूप हो । सम्बन्धबोधक चिह्न सिन्धीमा सन्दो, कश्मिरीमा सन्द र पंजाबीमा दा हुन्छ । (तुल० छँदो, प्राने० छन्दो) ।

अपादान– अपादानका लागि देखि र बाटको प्रयोग हुन्छ । यी विभक्तिभन्दा परसर्ग जस्ता बढी छन् । देखिको उत्पत्ति देख् धातुबाट भयो । उदाहरणार्थ - द्रक्ष्यति >देक्खइ >देखि । बाट को उत्पत्ति यसरी भयो– वृत्त >बट्ट >बाट ।

अधिकरण– अधिकरणका लागि नेपालीमा मा को प्रयोग हुन्छ । मा को प्रयोग कनौजी, राजस्थानी र गुजराती भाषाहरूमा पनि हुन्छ र हिन्दी, सिन्धी तथा बिहारी भाषाहरूमा म युक्त विभिन्न रूप देखिन्छन् । यसको उत्पत्ति सं० मध्ये >मज्झे >मज्झि, महि >माइँ, मा यसरी भयो । श्रीवास्तव यसको उत्पत्ति सं० मध्यक >मज्झअ >माझ >माहाँमा, यसरी मान्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बीम्सले नेपालीको 'मा' लाई अनुनासिकतारहित मानेका थिए । साथै माथि पनि कहीं कहीं आउँछ । यसको उत्पत्ति मस्तके>मात्थिअ>माथि यसरी भएको देखिन्छ ।

नामयोगी र कारकीय परसर्गहरू- नेपाली भाषामा पनि अरू आआभासा झैं केही परसर्गहरूका सहायताले कारकको बोध गराइन्छ । माथि भनेसरह यस प्रवृत्तिको पूर्वरूप परवर्ती संस्कृतमा नै भेटिन्छ । प्राकृतमा आएर यस प्रवृत्तिको विकास भयो । केही अव्ययहरू पनि परसर्ग समान व्यवहृत हुन्छन् । तल केही परसर्गहरूको चर्चा गरिन्छ ।—

पख- सांझपख (पक्ष>पक्ख>पख) । तिर- वनतिर (सं० तिरस्> तिर) । तर्फ-घरतर्फ (फार्सेली तरफ्) । हुँदो- दिन हुँदो (भवन्तक> हुवन्दअ>हुँदो) । भर, भरि- दिनभर, दिनभरि (सं० भर सं>प्रा० भर) । सम्म घरसम्म (यो सं० सक्रिम्>साअम्>सम्म अथवा सम बाट आएको हुन सक्छ) । पछि (सं० पच्छे>प्रा० पच्छे>पछि; टर्नरको भनाइमा यो सं० पृष्ठ र पश्चात्को संयोगबाट बनेको देखिन्छ) । भित्र- (सं० अभ्यन्तर) । बीच- तुल० सं० व्यचस्) । खातिर- तिम्रा खातिर (अर्बेली खातिर:) । वास्ते (अर्बेली वास्तह) । पास- रामका पास (सं० पार्श्वे>पस्से>पासे) । साथ- त्यसका साथ (सं० सार्थे>सथ्थे>साथ) । अगि, अघि, आगे- (सं० अग्रे>अग्गे>आगे, अगि, अघि) ।

निम्नलिखित केही तत्सम र अर्धतत्सम कारकीय परसर्गहरूको व्यवहार पनि नेपालीमा हुन्छ । उदाहरणका रूपमा अनुसार, उपरि, उपर्, प्रति, निमित्त, निम्ति, विषे, विना, सहित जस्ता शब्दलाई अघि सार्न सकिन्छ ।

७५. सर्वनाम

नेपालीमा सर्वनाम दुई प्रकारका देखिन्छः लिंगअनुसार परिवर्तन हुने र नहुने । संस्कृतमा यो विशेषता भारोपेलीबाट विकसित हुँदै आएको थियो र पछि प्राकृतबाट आधुनिक आर्यभाषाकालसम्म यो आइपुगेको छ । तर धेरै आआभासा र नेपालीमा पनि सर्वनामको लिंगात्मक भेद सम्बन्धमा मात्र देखिन्छ र यसको कारण सम्बन्धलाई विशेषणसरह लिइनु हो । सर्वनामका रूप सरल, तिर्यक् र सम्बन्धमा मात्र विचारणीय छन् । अरू कारक सामान्य चिह्नद्वारा स्पष्ट गरिन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीका उत्तमपुरुषबोधक सर्वनामको रूपावली तल दिइन्छ–

	एकवचन	बहुवचन
कर्ता	म	हामी
कर्म	मलाई	हामीलाई
करण	मैले	हामीहरूले
सम्प्रदान	मलाई	हामीलाई
अपादान	मदेखिन्, मबाट	हामीदेखिन्, हामीबाट
सम्बन्ध	मेरो	हाम्रो, हामीहरूको
अधिकरण	ममा	हामीमा

यहाँ यी रूपहरूको उत्पत्ति र विकासको चर्चा गरिन्छ ।

'म' को उत्पत्तिको प्रश्न विवादास्पद छ । यसको उत्पत्ति सं० अहम् >अम्ह>म बाट भएको देखिन्छ । 'मो' को प्रयोग नेपालीमा हुन्छ र यो 'उक्ति–व्यक्ति प्रकरण' र 'कीर्तिलता'मा पनि पाइन्छ । केही विद्वान् यसको उत्पत्ति मया>मइ>मैं>म बाट मान्दछन् । कर्म, सम्प्रदान, अपादान र अधिकरणमा यही पाइन्छ र आवश्यक विभक्तिहरू मात्र थपिन्छन् ।

करणमा प्रयोग हुने मैं को उत्पत्ति सं० मया>प्रा० मइ>अप० मैं बाट विकसित भएको छ । डा० चटर्जी मैं मा अनुनासिकता एन को प्रभावले आएको मान्दछन् ।

मेरो उत्पत्ति सं० मम कृतक>ममकेरक>ममकेरओ>मेरो बाट भयो । यस विषयमा धेरै विद्वान्हरूले आ-आफ्ना विचार दिएका छन् तर धेरैंजसो विद्वान् केर वा केरो को अस्तित्व मान्छन् । स्त्रीलिंगी विशेष पदका साथ आउँदा यो स्त्रीलिंगी ई प्रत्यय लिएर मेरी बन्दछ ।

हामीको उत्पत्तिबारे दुई स्रोत देखाउन सकिन्छः (१) वैदिक बोलचालको भाषाको अस्मे>अम्हे>अम्मी>हामी, (२) अस्माभिः>अम्हहि> अम्हइ>हामी ।

हाम्रोको उत्पत्ति पनि सं० अस्मैकार्यक>अम्हकरओ>अम्हअरओ> अम्हारो>हाम्रो बाट भएको छ ।

मध्यम पुरुष व्यक्तिबोधक सर्वनामको रूप तल दिइन्छ–

	एकवचन	बहुवचन
कर्ता	तँ	तिमीहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म	तँलाई	तिमीहरूलाई
करण	तँले	तिमीहरूले
सम्प्रदान	तँलाई	तिमीहरूलाई
अपादान	तँबाट	तिमीहरूबाट
सम्बन्ध	तेरो, तेरी	तिम्रा, तिमीहरूका
अधिकरण	तँमा	तिमीमा

तल यी रूपहरूको उत्पत्ति र विकास देखाइन्छ-

तँ को उत्पत्ति सं० त्वम् > प्रा० त्वम्, तुवम् > अप० तुअम्, तुम् > तँ बाट भयो। यसको उत्पत्ति त्वया बाट हुन पनि सम्भव छ। तँ र 'तिमी' रूप नेपालीका हुन्। अरू आधुनिक आर्य भाषाहरूमा उकारान्त तु रूप पाइन्छन्।

तैं को उत्पत्ति तव्यएन > तएअ > तैं यसरी भयो। यो त्वया > प्रा० तइ, तुइ > अप० तई, तुइँ बाट विकसित भएको पनि हुन सक्छ। तैं को प्रयोग हेमचन्द्र र दामोदरले गरेका छन्। तुइँ नेपालीका पश्चिमी भाषिकामा पाइन्छन्।

तिमी को विकास यसरी देखाउन सकिन्छ- सं० तुस्माभिः > तुह्मही > तुह्मइ > तुमी, तिमी अथवा तुष्मँ > तुह्म > तुमी, तिमी।

सम्बन्ध 'तेरो' को उत्पत्ति यसरी भयो- तवकृतक > तवकेर > तअएरओ > तेरो। स्त्रीलिंगी विशेष्य पदका साथ आउँदा ई थपिएर यो तेरो बन्दछ।

तिम्रो को उत्पत्ति तेसितोरीको अनुसार युष्मकारक > अप० तुह्मारऊ > बाट भयो। तर यो युष्मत् वा युष्मँकार्यक > तुह्मकारको > तुह्मारओ > तुमारो बाट आउन बढी सम्भव छ- ब्लीम्सले तिम्रो तेरोको उत्पत्ति त्वम्-कर बाट मानेको छ। स्त्रीलिंगमा यो तिम्री बन्दछ।

नेपालीमा उत्तम पुरुष र मध्यम पुरुष अथवा आत्मवाची र आदरार्थी सर्वनामहरू पनि छन्। आत्मवाची र आदरार्थी सर्वनाम आफू को बहुवचन र तिर्यक् र रूप छुट्टै छैन। आफूको उत्पत्ति सं० आत्म प्रा० > अप्प बाट भयो। अशोकका शिलालेखमा अफेसु रूप उपलब्ध छ र यसको उत्पत्ति अप्मेसु > अह्मेसु बाट भएको हो। यसको सम्बन्धकारकमा आफ्नो हुन्छ। यसको उत्पत्ति सं० आत्मनः वा आत्मनस्य > आपनस्स > आपनओ > आफ्नो यसरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भयो। पिशेलले आत्मनक (अप्पणओ>आफ्नो) बाट यसको उत्पत्ति देखाएका छन्।

अर्को आदरबोधक मध्यम पुरुष सर्वनाम तपाईं हो। यसको उत्पत्ति सं० त्वम्प्रति>तुअपइ>तपाईं बाट भयो। आदरार्थी सर्वनामका रूपमा यहाँ, उहाँ, त्यहाँ को पनि प्रयोग हुन्छ। यी शब्दहरूको व्युत्पत्ति अव्ययहरूका प्रसङ्गमा देखाइएको छ।

'त्यो', 'उ', 'यो' आदि अन्यपुरुष सर्वनाम हुन्। यिनमा यो निकटवर्ती सर्वनाम, त्यो दूरवर्ती सर्वनाम र ऊ सुदूरवर्ती सर्वनाम हुन्। जो, सो सम्बन्धवाची सर्वनाम हुन्।

निकटवाची सर्वनाम यो को उत्पत्ति सं० एष>प्रा० एसो>अप० एहो यो यसरी भयो।

'यस' को तिर्यक् रूप एस्, यस् येस् को उत्पत्ति यसरी देखाउन सकिन्छ एतस्य>एअस्स>एस्, यस्, येस्। यी तीनै रूप नेपालीमा पाइन्छन्।

वहुवचन यिन, यिनी को उत्पत्ति षष्ठी वहुवचन एतानाम् (एतेषाम्) बाट भयो। यसको तिर्यक् रूप तृतीया एकवचन एतेन>एदिन> एइन यिन बाट आयो। केही विद्वान् यसको उत्पत्ति यसरी देखाउँछन्— एषाम्>एआण>एण>इन, यिन। यी र यहाँ पनि निकटवाचक सर्वनामका रूपमा प्रयोग हुन्छन्।

सुदूरवाचक सर्वनाम उ को उत्पत्ति अव>वै० अक> प्रा० वो०> अप० ओ बाट भयो। आभा का पुराना नमूनामा ओइ, उ को प्रयोग पाइन्छ।

वहुवचन उन्, उन, उनी को उत्पत्ति यसरी भयो- सं० अवेषाम्>प्रा० अवाणम्>ओणम्>उन्, उन, उनी। उनीको स्रोत अर्को पनि देखाउन सकिन्छ- सं० अमूनाम्-हि>अउणई>उनइ>उनी। यसको उत्पत्ति सं० अमूमि>प्रा० अमूणि>अप० अउणि>उनि, उनी बाट पनि सम्भव छ।

उको तिर्यक् रूप 'उस'को उत्पत्ति यसरी भयो- सं० अमुष्य> अमुस्स>अउस्स>उस, उस। वहुबचन तिर्यक् रूपको उत्पत्ति यसरी देखाइएको छ, अमूनाम्>अमुणम्>अउण, उन, उन्।

दूरवाचक र सम्बन्धी सर्वनाम त्यो को उत्पत्ति सं० तत्-कः>तओ>

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तयो>त्यो, तो बाट भयो। अप० तेह, तेग्र बाट पनि यसको विकास हुन सक्छ। बहुवचन सरलरूप तिनी को उत्पत्ति सं० तानि>प्रा० ताणि> तिनि, तिनी यसरी भयो। ती को उत्पत्ति सं० तें>तेइ>तेहि बाट भयो।

एकवचन तिर्यक् रूप त्यस् र तेस् को उत्पत्ति यसरी भयो– तस्य> तिस्स>त्यस्, तेस्। यसको विकास यसरी पनि देखाउन सकिन्छ: तस्य> तस्स >तास्, तस् (प्राने)। बहुवचन तिर्यक्रूप भने सरलरूप सरह तानि बाट नै विकसित भएको हो।

सम्बन्धबोधक सर्वनाम जो, सो बहुवचनमा प्रयोग हुँदैनन्। तल यिनका एकवचन सरल र तिर्यक् रूप दिइन्छ र स्रोत पनि देखाइन्छ।

जो र त्यसको तिर्यक् रूप जुन्को विकास यसरी भयो– सं० य: >प्रा० जो>जो। य पुन:, युपुण>जउण>जुन्। यसको विकास क: पुन: को सादृश्यमा भयो। तिर्यक्रूपमा जस् पनि प्रयोग हुन्छ। यसको उत्पत्ति यसरी भयो:– यस्य>जस्स>जस्।

सरल सो को उत्पत्ति डा० चटर्जीले सं० सक:>सगो>सग्रो>सो यसरी मान्दछन्। तर टर्नरले भने झैं यसको उत्पत्ति सं० स:>प्रा० सो> सो बाट नै भयो।

प्रश्नबोधक प्राणिवाचक सर्वनाम सरल 'को' को उत्पत्ति सं० क:> को>को बाट भयो। यसको तिर्यक्रूप कसको को उत्पत्ति सं० कस्य>कस्स >कस्बाट भयो। प्रश्नबोधक प्राणि र अप्राणि-वाचक कुन को उत्पत्ति भाषा-शास्त्रीहरूले क:पुन:>कोपण>कोअण>कवण>कवन्, कौन, कुन यसरी देखाएका छन्। अपभ्रंशमा 'कवण' रूप पाइन्छ।

प्रश्नवाचक अप्राणिवाचक सर्वनाम के को उत्पत्ति सं० कस्य>प्रा० किंस्स>कोस (मृच्छकटिक)>किश्र>के यसरी देखाइएको छ। तर यसको उत्पत्ति सं० किम् बाट हुनु बढी संभव छ।

अनिश्चित प्राणिवाचक सर्वनाम 'कोइ', 'कोही'को उत्पत्ति यसरी भयो–कोपि (क:अपि)>प्रा० कवि>अप० कोइ>कोइ, कोही।

अनिश्चित प्राणिवाचक र अप्राणिवाचक सर्वनाम केइ, केहीको उत्पत्ति निम्नलिखित क्रमले भयो। किमअपि>प्रा० केवि>अप० केइ, केही।

साकल्यबोधक सर्वनाम सब, सबै को उत्पत्ति सर्व>सव्व>सभ> सब यसरी भयो। सभ रूप प्राचीन नेपालीमा पाइन्छ र सिन्धी र पंजाबीमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि सभ हुन्छ ।

परिमाणवाचक सर्वनाम र विशेषणका चार रूप यत्ति, कत्ति, जत्ति, त्यत्ति र उत्ति हुन् । यी रूप सर्वनाम यो, को, जो, त्यो र उ बाट विकसित भएका हुन् । यिनको परिचय र स्रोत तल देखाइन्छ ।

यत्ति- सं० इयत्तक > एत्तिक > एत्तिअ > यत्तिअ > एति, यति ।

कत्ति- सं० कियत्तक > केत्तिक > केत्तिअ > कत्ति ।

जत्ति- सं० यत्तक > जेत्तिअ > जत्ति ।

त्यत्ति- सं० त्यत्तक > तेत्तिअ > तेत्ति, त्यत्ति ।

उत्ति- सं० अवत्यक > सउत्तिअ > उत्ति ।

यिनका विशेषणीय प्रत्ययान्त रूप यत्तिको, कत्तिको, जत्तिको, उत्तिको त्यत्तिको (मागधी प्रसूत भाषामा झैं) र यत्नो, कत्नो, जत्नो, त्यत्नो, उत्नो तथा यस्तो, कस्तो, जस्तो, त्यस्तो, उस्तो (शौरसेनी-प्रसूत र अरू पश्चिमी भाषाहरूमा झैं) पनि नेपालीमा पाइन्छन् ।

७६. विशेषण

प्राचीन र मध्यकालीन आर्य-भाषाहरूमा विशेषणहरू विशेष्यपदअनुसार परिवर्तित हुन्थे अर्थात् नामका जुन वचन र लिंग हुन्थे । विशेषणका पनि उही वचन र लिंग हुन्थे । त्यसपछि सबै आर्यभाषाहरूमा यो क्रम रहेन । तर नेपालीमा भने यो केही मात्रामा सुरक्षित छ र व्यक्तिबोधक स्त्रीलिंगी पदका साथ स्त्रीलिंगी विशेषणको प्रयोग हुन्छ । जस्तै- कान्छो छोरो, कान्छी छोरी, ठूलो केटो, ठूली केटी ।

प्राचीन नेपालीमा भने प्राणीवाचक शब्द बाहेक अरू किसिमका शब्दका साथ आउने विशेषणको पनि स्त्रीलिंगमा देखिन्छ । आधुनिक नेपालीमा स्त्रीलिंगी विशेषण व्यक्तिबोधक पदका साथ सामान्यतः आउँछन् । धेरै भाषिकाहरूमा स्त्रीलिंग विशेष्यपदका साथ स्त्रीलिंग विशेषण राख्ने चलन कम हुँदैछ ।

तद्भव नेपाली पुंलिग एकवचन विशेष्यपदका साथ आउने ओकारान्त तथा उकारान्त विशेषण स्त्रीलिंगको एकवचन र आदरार्थीमा इकारान्त हुन्छन् ।

राम्रो केटो, राम्री केटी; कालो पोइ, काली जोई ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर स्त्रीलिंगी बहुवचन विशेष्यपदका साथ भने पुलिंग बहुवचनका साथ झैं आकारान्त विशेषण रूपको नै प्रयोग हुन्छ ।

राम्रा केटा आए । राम्रा केटी आए ।

यी केटा साना छन् । यी केटी साना छन् ।

आहा, उवा आदि प्रत्यय लागेर बनेका विशेषणहरू पनि माथि बताएसरह नै स्त्रीलिंगी विशेष्यपदका साथ स्त्रीलिंग बन्छन् ।

बौलाहा केटो बौलाही केटी

खञ्चुवा लोग्ने खञ्चुवी स्वास्नी

यी सबै स्त्रीलिंगी विशेषण बनाउने ई प्रत्यय सं० इका>प्रा० इआ बाट आयो ।

अरू अ ई ए या अन्तमा हुने विशेषणहरू व्यक्तिबोधक स्त्रीलिंग शब्दमा साथ आउँदा इनी अथवा एनी प्रत्यय जोडिन्छ; तर प्रत्यय नलगाईकन लेख्ने चलन पनि छ । भक्तिनी स्वास्नी, भक्तेनी स्वास्नी, भक्त स्वास्नी । अभागिनी छोरी, अभागी छोरी । पखिनी केटी, पाखे केटी । पूर्वेली आइमाई, पूर्विया आइमाई ।

इनी, एनी प्रत्यय एक किसिमको तत्सम प्रत्यय हो । अभागी-इनी> अभागिनी, अभागिनी । इका प्रत्ययका सहायताले पूर्विया, पहाडिया आदि विशेषण बनेका छन् ।

अरू केही तत्सम तथा आगन्तुक विशेषणका पु० र स्त्री० मा समान-रूप देखिन्छन् । असल छोरो, असल छोरी । सुन्दर बालक, सुन्दर बालिका ।

विशेषण बनाउन सहयोग गर्ने विभिन्न प्रत्ययहरूको चर्चा माथि भैसकेको छ ।

तुलना– संस्कृतमा विशेषणहरूको तरवन्त र तमवन्त श्रेणी बनाइन्थ्यो । जस्तै प्रिय, प्रियतर, प्रियतम; सुन्दर, सुन्दरतर, सुन्दरतम । मध्य-कालीन नेपालीमा तरवन्तश्रेणी बुझाउनका लागि चाहिंको प्रयोग पाइन्छ । जस्तै— 'छोरो आफ्नु मर्नुचाहिं त बरु मीतैको छोरो मरोस्' – गुमानी । अब यस 'चाहिं'को अर्थ परिवर्तन भएको छ । अहिले 'भन्दा' का सहायताले तरवन्त श्रेणी बुझाइन्छ । जस्तै– दिदीभन्दा बहिनी राम्री । यो सामान्यतः तरवन्त श्रेणी बुझाउने शब्द भए तापनि तमवन्त श्रेणीलाई जनाउन पनि

Jayatu Sanskritam, Kathmandu; Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसको प्रयोग गरिन्छ । जस्तै– सबैभन्दा राम्रो । अर्को तमवन्त श्रेणी मा को सहायताले बनाइन्छ । सबैमा राम्रो, कविहरूमा श्रेष्ठ देवकोटा । भन्दाको उत्पत्ति सं० भवन्तक (>भवन्दग्र>भन्दा) बाट भएको मानिन्छ । तमवन्त 'मा' अधिकरणबोधक प्रत्यय 'मा' नै हो र यो संस्कृत प्रणालीको प्रयोग हो ।

समानता वा सादृश्य देखाउनका लागि जस्तो, जस्तै, जत्तिकै आदि शब्दको प्रयोग हुन्छ । उदाहरणार्थ– पहाड जस्तो अग्लो, पहाड जत्तिकै अग्लो, पहाड जस्तै अग्लो ।

७७. संख्यावाची विशेषण

अरू सहजात आर्यभाषाहरूमा झैं नेपाली भाषाको गणनात्मक संख्यावाची विशेषणको पहिलो शब्द एक नै रहेको छ । ध्वनिपरिवर्तनको स्वाभाविक प्रवृत्तिअनुसार सं० 'एक' प्राकृतमा 'एअ' भएर नेपालीमा आउनुपर्ने हो । नेपाली एउटोमा यस ककारको लोप भएको देखिन्छ । एक को उत्पत्ति यसरी भयो– सं० एक्क>प्रा० एक्क>ने० एक यक, येक ।

एघार बाहेक अगाडि एक रहने सबै संख्यावाची शब्दहरूमा एक अपरिवर्तित रहेको छ । एकाउन्न, एकानब्बे र एकासीमा सन्धि तथा सादृश्यले गर्दा एका भएको छ । सादृश्यले गर्दा एका भएको उदाहरण संस्कृतमा पनि पाइन्छ । जस्तै एकदशको एकादश । एक रूप प्राकृतकालदेखि नै विकसित भएको छ । जस्तै– एकविंशति>एक्कावीसअ>एक्काईस, एकाइस, ककैश् (प्रेमनिधि) । एकोनपञ्चाशत्>एकावण्णं>एकाउन्न, एकनवति>एक्काणउइ >एकानब्बे, एकाशीति>एक्कासीइ>एकासी ।

'दुई' प्राच्य शाखाको मागधी अपभ्रंशबाट आएको हो भन्ने डा० चटर्जीको विचार छ । हुन पनि बंगाली, उडिसा र बिहारी भाषाहरूमा सरह नेपालीमा दुई हुन्छ भने गुजराती र सिंधीमा बे र पंजाबी तथा हिन्दीमा दो हुन्छ । नेपालीमा दुईको उत्पत्ति द्वे>दुबे>दुई यसरी भयो । मागधीप्रसूत-भाषाहरूमा पनि ब ध्वनि पाइन्छ । भाषाशास्त्रीहरू प्राकृत युगमा पर्याप्त भाषिक मिश्रण भएको थियो भन्छन् र त्यसको पुष्टिका लागि संख्यावाची शब्दहरूलाई प्रस्तुत गर्छन् । केही यस्ता संख्यावाची शब्द निम्नलिखित छन्– द्वादश>बारस>बारह>बाह्र, बार, द्वाविंशति>बाविंशइ>बाईस, द्वात्रिंशत्>बत्तिसा>बत्तीस । द्वाचत्वारिंशत्>बयालिसम्>बयालीस, द्वापंचाशत् >बावण्णं>बाउन्न, द्वाषष्ठी>बासट्ठी>बासट्ठी>बैसट्ठी, द्वासप्तति>बाव-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्तरी>बहत्तर, द्व्यशीति>बासीइँ>बग्रसीइँ>बयासी, द्वानवति>बाणउइँ>बयान्नब्बे।

दुईसँग जोडिएर आउने अरू समस्तपदहरूमा दो र दुई रूप देखिन्छ। जस्तै- दोहोली (प्राने०)। दोहोरो, दुइसरो, दुगुना। प्राकृतमा पनि यस्ता समस्तशब्दहरूमा दो र दु पाइन्छ।

तीन को उत्पत्ति यसरी भएको छ- तृणि>तिरणी>तिण्णि>तिन्नि>तिनि>तीन। तीन को विकास पनि प्राच्यशाखाका भाषाहरूमा झैं भएको छ। पश्चिमी भाषाहरूमा यो तृ, त्रे, ट्रे, त्रण भएको छ। यी भाषाहरूमा त का साथ र को अस्तित्व पैशाची प्रभावले गर्दा रहेको हो भन्ने डा० चटर्जीको विचार छ। मागधीप्रसूत भाषाहरूमा तिनी या तीन हुन्छ र अशोकको खालसी र धौली शिलालेखमा तिनि पाइन्छ।

निम्नलिखित नेपाली संख्यावाची शब्दहरूमा रकार पाइँदैन र यी शब्दहरूलाई नेपाली भाषाले अर्धमागधीबाट लिएको देखिन्छ। त्रयोविंशति>तेवीसं>तेईस, त्याइस्, त्रयस्त्रिंशत्>तेत्तीसा>तेत्तीस। तर निम्नलिखित संख्यावाची शब्दहरूमा रकार छँदैछ र यो पश्चिमोत्तरी आग्राभाको विशेषता हो। यथा- त्रिचालीस, त्रिपन्न, त्रिसट्ठी, त्रिहत्तर, त्रियासी, त्रियान्नब्बे। त्रि संगै मिलेर आएका समस्तपदहरू पनि नेपाली भाषामा पाइन्छन्। यथा- त्रिपाइ, त्रिवेणी, त्रिखट। धेरैजसो शब्द तीनसँग जोडिएर आएका देखिन्छन्। तीनकुने, तीनतले, तीनपाते, तीनहाते, तीनमहीने।

चार को उत्पत्ति र विकास चत्वारि (नपुंसक लिंग कर्ता कारक)>चात्वारि>चातारि>चाआरी>चार यसरी भयो। चार को उत्पत्ति र विकास चत्वारिबाट यसरी पनि संभव छ- चत्वारि>चत्तारि>चारि>चार। अरू संख्यावाची शब्दहरूमा अनुनासिकीकृत चौ को पनि प्रयोग पाइन्छ। यसको उत्पत्ति सं० चतुः>चउ>चौ यसरी भयो। चौध, चौबीस, चौवन्न, चौहत्तर, चौरासी, चौरान्नब्बे। व्युत्पत्ति एउटै भए पनि चवालिस सादृश्यले गर्दा बनेको रूप हो। अरू समस्तशब्दहरूमा पनि चौ पाइन्छ। चौपाया, चौदिशा, चौक। चार शब्दसँग मिलेर पनि समस्तशब्दहरू बनेका छन्। चारतले, चारपाटे, चारचुच्चे।

पाँच को उत्पत्ति पञ्च>पञ्ज>पाँच यसरी भयो। धेरै आग्राभाहरूमा यो यस्तै पाइन्छ। पाँछ्, पँजा, पाँजो आदिमा छकार र जकार पाइन्छ र भाषाशास्त्रीहरू पँच पछि यो पञ्जमा विकसित भयो होला भन्ने अनुमान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्छन् । पञ्ज प्राकृतमा पनि कहीं कहीं पाइन्छ । अरू संख्यावाचक शब्दहरूका साथ आउँदा पाँच को पच्, पैं, पन्, पन्न, उन्न आदि रूप देखिन्छ । पाँच का ठाउँमा पच् आदि आकाररहित रूपहरूको अस्तित्व स्वराघातको अभावले गर्दा हो । यो परिवर्तन प्राकृतकालमै भएको देखिन्छ । प्रा० पचवीसं > पच्चीस, प्रा० पच्चासीइँ > पचासी, प्रा० पन्नहत्तरि, पंजहत्तरि > पचहत्तर, पणतीसं > पन्नतीसं > पैंतीस, पन्नचत्तालीसा > पैंतालीस, प्रा० पइसट्ठि > पैंसट्ठि, प्रा० पणरह > पन्ध्र, पंचाणउइँ > पञ्चानब्बे । समस्तशब्दहरूका साथ पाँच नै आउँछ । पाँचदिने, पाँचकोसे । सं० पंच को पनि प्रयोग हुन्छ । पञ्चायत, पञ्चपात्र ।

नेपाली र अरू केही आग्राभाहरूको संख्यावाची 'छ' संस्कृतको षष् या षष्ठ बाट आएको भनिन्छ तापनि यसका विभिन्न अन्य स्रोतहरूको संभावना चटर्जीले दिएका छन् । उनले आयु* क्षस् या क्षक् आर्यइरानेलीबाट विकसित हुँदै पालीमा छ का रूपमा देखा पऱ्यो भनेका छन् । सर टर्नरको विचारमा पनि स० षट्को विकास *क्षयट् या *क्षयट् बाट भएको छ । तर यता डा० तिवारीले संस्कृत शष्को प्राकृतमा छ भएको उदाहरण दिदै सं० षष् बाट नै छ को उत्पत्ति भएको छ भनी प्रमाणहरू उपस्थित गरेका छन् । यसको आयु रूप *स्वेक्स थियो । छ को उत्पत्ति आयु *स्वेक्स > षष् > छ > छ यसरी भयो । सोह्र बाहेक अरू सबै छ अघि आउने समस्त शब्दहरूमा छ नै पाइन्छ । छ-पछि य को आगम केही शब्दहरूमा भएको छ । प्रा० छव्वीस > छब्बीस, प्रा० छत्तीस, छत्तीसा > छत्तीस । छयालीस, छयसट्ठि, छयासी, छयान्नब्बे मा यकारको आगम स्पष्ट छ । सोह्र को विकास सं० षोडश बाट भयो । षोडश सोरह > सोरह, सोर, सोह्र । तर नेपालीमा यहाँ राजस्थानी, गुजराती र हिन्दी आदिमा सरह सोल (ह) नभएर सोर (ह) भएको छ । प्राचीन नेपालीमा षोड दुवै रूप सोल पनि देखिन्छन् ।

सात को उत्पत्ति आयु सप्तम > सं० सप्तम् > प्रा० सत्त > सात यसरी भयो । केही शब्दमा प्रा० सत्त सुरक्षित छ । जस्तै– सत्र, सत्ताईस, सत्ताउन्न; सत्तासी । पैंतीसको सादृश्यमा सैंतीस, अन्ठाउन्नको सादृश्यमा सन्ताउन्न र पञ्चानब्बेको सादृश्यमा सन्तान्नब्बे बनेका छन् । छतिउन को उत्पत्ति पिशेल-द्वारा प्रा० छिावण्ण सं० सप्तपर्णबाट देखाइएको छ ।

आठको उत्पत्ति सं० अष्ट > प्रा० अट्ट बाट भयो । सबैजसो समस्त शब्दहरूमा आठ रूप पाइन्छ । पछिल्लो स्वरमा बलाघात पर्दा यो आठ भएको छ । जस्तै:– अठार, अट्ठाईस, अठतीस, अठचालीस, अठसट्ठि, अठहत्तर,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अठाउन्न, अन्ठान्नव्वे। प्राचीन नेपालीमा अठाँग पाइन्छ र यो अठाँग सं० अष्टांगको विकसित रूप हो।

नौ को उत्पत्ति यसरी भयो- सं० नव > प्रा० णव > नउ, नौ। मनेमा नौ पनि पाइन्छ। आआभाहरू र नेपालीमा समेत नौ शब्द कम हुनुको कारण नौ को प्रयोग हुने ठाउँहरूमा उनको प्रयोग हुनु हो। राजस्थानी र गुजरातीको एगुणवीस र ओगणीस (अप० एगुणवीस, अपगुणविंशति) पाइन्छ। म्याक्स म्यूलर र लायमानका विचारमा प्रा० अउण, अउणा सं० एकोन बाट आएको हो। तर उ को सम्बन्ध सं० उन सँग नै छ।

दस को उत्पत्ति भारोपेली *देकम > सं० दश > प्रा० दस बाट भयो। एघारदेखि अठारसम्मका संख्यावाची शब्दहरूमा दश को दह, रह अनि कहीं वर्णविपर्ययद्वारा ह्र भैं हकार निर्बल भएर लुप्तसमेत भएको पाइन्छ- एकदश > एकादश > एक्कारह > एग्गारह > एगार, एघार द्वादश > बारह > बाह्र, बार। त्रयोदश > तेरह > तेह्र, तेर। चतुर्दश > चोद्दह > चौध > चौद। पञ्चदक > पण्णरह > पन्ध्र। षोडश > सोरस > सोरह, सोह्र, सोर या षोडश सोलस > सोलह > सोल, सोर। सप्तदश > सत्तरह > सत्र। अष्टदश अष्टादश > अट्ठारह > अठार।

उन्नाईसदेखि अट्ठाईससम्मका शब्दहरूमा बीस र इस रूप पाइन्छ। वकार निम्नलिखित शब्दहरूमा मात्र देखापर्छ। बीसको उत्पत्ति सं० विंशति > विसति > विसइ > विस, वीस यसरी भयो। चटर्जीका भनाइमा पालि वीस, वीसा त्रिंशत्को सादृश्यमा बनेको विंशत् बाट आएको रूप हो। चतुर्विंशत् > चउवीसह > चौबीस, षट्विंशत् > छव्वीसं, छव्वीसा > छब्बीस।

निम्नलिखित शब्दहरूमा वकार पाइँदैन। अपगुणविंशति > अउणवीसइ, अउणवीस > उन्नीस, उन्नाईस। एकविंशत् > एक्कवीसं > एक्काईस। द्वाविंशप् > वाइस् > बाईस्। त्रयोविंशत् > तेइस् > तेईस, त्याइस्। पञ्चविंशत् > पञ्चविशं > पच्चीस। सप्तविंशत् > सत्ताइसा, सत्तवीसा > सत्ताईस।

उनन्तीसदेखि अठतीससम्मका शब्दहरूमा सर्वत्र तीस सुरक्षित छ। मध्यकालीन नेपालीमा सं० त्रिंशत् को त्र सुरक्षित रहेको केहीं उदाहरण पाइन्छ। यो चाहिं चटर्जीले भने झैं पैशाची प्रभाव हुन सक्छ। उनत्रिंशत् > अउणतीसं > उनतीस, उनन्तीस। त्रिंशत् > तीस > तीस। एकत्रिंशत् > एक्कतीसअ > एकतीस। द्वात्रिंशत् > बत्तीसं > बत्तीस। त्रयस्त्रिंशत् > तेत्तीसं > तेत्तीस। चतुस्त्रिंशत् > चौंतीसं > चौंतीस। पञ्चत्रिंशत् > पणत्तीसं > पैंतीस।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षट्त्रिंशत् > छत्तिसा > छत्तीस; मध्यकालीन नेपालीमा छविसी, छतेस रूप पनि उपलब्ध छन् : सप्तत्रिंशत् > सत्ततीसं > सैंतीस् । अष्टत्रिंशत् > अट्ठतीसं > अठतीस, अडतीस ।

उनञ्चालीसदेखि अठचालीससम्मका शब्दहरूमा ४२, ४४, ४५, ४६ बाहेक अरू सबै ठाउँमा चालीस शब्द सुरक्षित छ । चालीस शब्द मागधी प्राकृतबाट अरू भाषामा आएको देखिन्छ । उनचत्वारिंशत् > उनचत्तालीसा > उनञ्चालीस । चत्वारिंशत् > चत्तारींसा > चालीस । एकचत्वारिंशत् > एकचत्तालींसा > एकचालीस । द्विचत्वारिंशत > बायालिस > बयालीस । त्रिचत्वारिंशत् > तिचालींसा (पश्चिमी प्राकृतको प्रभाव) > त्रिचालीस । चतश्चत्वारिंशत् > चउआलीसं > चवालीस । पञ्चचत्वारिंशत् > पन्नचतालीसा > पचतालीसह (अप०) > पैंतालीस । षट्चत्वारिंशत् > छच्चतालीसा > चयालीसं > छयालीस । सप्तचत्वारिंशत > सत्तालीसा > सैंतालीस र सत्ता-चालीसा > सैंचालीस । अष्टचत्वारिंशत् > अट्ठचत्तालीसा > अठचालीस ।

उञ्चास्, उनञ्चास, उनपचास र पचास मा बाहेक सं० पञ्च ५१ देखि ५८ सम्मका संख्यावाची शब्दहरूमा यो पन्न र उन्न बनेको देखिन्छ । यी पन्न र उन्न रूप संस्कृतबाट प्राकृत हुँदै आएका हुन् । एकोनपञ्चाशत् > उनपचास्, उन्चास, उनपचास । पंचाशत् > पंचासा > पंचास > पचास । एकपञ्चाशत् > एक्कावण्णं > एकाउन्न । द्विपंचाशत् > बावण > बाउन्न । त्रिपञ्चाशत् > त्रिप्पण > त्रिपन्न । चतुःपंचाशत् > चउप्पण > चौवन्न । पंचपंचाशत् > पंचावणं > पंचाउन्न, तर छपन्न को सादृश्यमा पचपन्न भयो । षट्पञ्चाशत् > छप्पण > छपन्न । सप्तपञ्चाशत् > सत्तावणं > सताउन्न । अष्टपञ्चाशत् > अट्ठावण्णं > अठाउन्न ।

नेपालीमा सं० षष्ठि > सट्ठि > साठी यसरी विकसित भएर इकार सुरक्षित रहन आएको छ तर अर्कोतिर केही आआभाहरूमा यो सुरक्षित छैन । यसरी ५९ देखि ६८ सम्मका शब्दहरूमा प्रा० सट्ठि रूप सुरक्षित छ । ऊन० षष्ठि > अउणट्ठि > उनसट्ठि, उनन्साठी । षष्ठि > सट्ठि > साठी । एकषष्ठि > > एकसट्ठि > एकसट्ठी । द्वाषष्ठि > वासट्ठी > बासट्ठि, बयसट्ठी । त्रिषष्ठि > > तिंरसट्ठि, तेसट्ठि > त्रिसट्ठी । चतुःषष्ठि > चउषट्ठि, चोसट्ठि > चौंसट्ठी । पञ्चषष्ठि > पणषट्ठि > पइसट्ठि > पैंसट्ठी । सप्तषष्ठि > सत्तषट्ठि > सतसट्ठी । अष्टषष्ठि > अट्ठसट्ठि > अठसट्ठी ।

नेपाली सत्तरी को उत्पत्ति सं. सप्तति बाट भयो र पालि र प्राकृतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि सत्तरी पाइन्छ । डा० चटर्जीको विचारमा सप्तति को तकार सत्तरी को रकारका रूपमा एक्कासि परिवर्तित भएन । उहाँले यस परिवर्तनको प्रक्रियालाई यसरी देखाउनुभएको छ- सप्तति > सप्तटि > सत्तटि > सत्तडि > सत्तरि, सत्तरी । उहाँको के विचार पनि छ भने सत्तरी अरू शब्दमा दुई तकार हुनु पश्चिमी भाषाको विशेषता हो र केन्द्रीय र पूर्वी आआभाहरूले पनि यस विशेषतालाई ग्रहण गरे । उनान्सत्तरी मा इकार सुरक्षित छ र यो सत्तरीको प्रभावमा हुन गएको हो । एकहत्तर आदिको सादृश्यमा उनहत्तर पनि देखिन्छ । उनसप्तति > अउणत्तरि > उनहत्तर । सप्तति > सत्तरि > सत्तरी । एकसप्तति > एक्कसत्तरि > एकहत्तरि > एकहत्तर । द्वासप्तति > बावत्तरि > बहत्तर । त्रिसप्तति > तेवत्तरि > त्रिहत्तर । चतुस्सप्तति > चउहत्तरि > चौहत्तर । पञ्चसप्तति > पचहत्तारिए > पचहत्तर । षट्सप्तति > छावत्तरि > छावत्तरि > छेहत्तरी > छयहत्तर । सप्तसप्तति > सत्तहत्तरि > सत्तहत्तर । अष्टसप्तति > अट्ठहत्तरि > अठहत्तर ।

उनासीदेखि अठासीसम्मका संख्यावाची शब्दहरूमा सं० अशीति > असी सर्वत्र सुरक्षित छ । यस असीको विकास सं० अशीति > प्रा० असीइ > अप० असी यसरी भयो । एकोनविंशति, उनविंशति > एगुणसीइँ, उणास्सी > उनासी । अशीति > असीइ > असी > असी । एकाशीति > एक्कासीइं > एकासी । द्वयशीति > बेयासीइं > बयासी । त्र्यशीति > तिरसीइं > तिरासी त्रियासी, त्र्यासी । चतुरशीति > चोरासीइं > चउरासिइं > चौरासी । पञ्चाशीति > पच्चासीइं > पचासी । षडशीति > छड्सीइं > छयासी । अष्टाशीति > अट्ठासीइं > अट्ठासी > अठासी ।

उनान्नब्बेदेखि अन्ठान्नब्बेसम्मका शब्दहरूमा सं० नवतिको नब्बे रूप सुरक्षित छ । यसको विकास यसरी भयो– नवति > नब्बइ > नब्बए > नब्बे । उननवति > उननउइं > उनान्नब्बे । एकनवति > एकाणउइं > एकान्नब्बे । द्वानवति > बाणव्वइ > बाणब्बए > बयान्नब्बे । त्रिनवति > तिणव्बइ > तिरान्नब्बे, त्रियान्नब्बे । चतुर्नवति > चउणब्बइ > चउणब्बए > चौरान्नब्बे । पञ्चनवति > पञ्चाणब्बइ > पञ्चाणब्बे > पञ्चानब्बे । षण्णवति > छण्णब्बइ > छण्णब्बए > छयान्नब्बे । सप्तनवति > सत्ताणब्बइ > सत्ताणब्बए > सन्तान्नब्बे । अष्टानवति > अट्ठाणव्वइ > अट्ठाणब्बए > अठान्नब्बे, अन्ठान्नब्बे ।

नेपालीमा देखिने सय, शय शब्दहरूको उत्पत्ति सं० शत > सद > सय > सय यसरी भयो । शौरसेनी प्राकृतको सदबाट नआएर महाराष्ट्रीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अप्र बाट नै सयको विकास पनि संभव छ । अर्धमागधी र जैन महाराष्ट्रीमा सय पाइन्छ । उनासी, उनान्नब्बेमा झैं उनशत या एकोनशतको उनान्सय वा उनान्सए भएको छ । शतपछिका संख्यावाची शब्दहरूमा यही संख्यावाची शब्दहरु दोहोरिन्छन् । जस्तै - एक शय एक, पांच शय पचास, नौ शय उनान्शय ।

दश शय संख्या जनाउने हजार शब्द नेपाली भाषामा फार्सेलीबाट आयो । अरु आआभाहरूमा पनि हजार शब्द नै प्रचलित छ । यस शब्दको प्रयोग मध्यकालीन नेपालीमा भेटिएको छ । सं० सहस्र नेपालीमा अनिश्चित संख्यावाचक शब्द बनेर आउँछन्, जस्तै— जात्रामा सहस्र मान्छे भेला हुन्छन् ।

नेपालीमा प्रयोग हुने लाख शब्द सं० लक्ष>प्रा० लक्ख>लाख यसरी आयो । करोड शब्दलाई सं० कोटिबाट विकसित भएको बताइन्छ तर ध्वनिविकासको सामान्य प्रक्रियाले यो अलि मान्दैन । तत्सम कोटि शब्दको प्रयोग पनि नेपालीमा हुन्छ ।

क्रमात्मक संख्यावाची विशेषण– नेपाली क्रमात्मक संख्यावाची शब्दहरूमा एकदेखि चारसम्मका शब्दहरु केही अनियमित रूपमा बनेका भए पनि त्यसपछिका सबै एकै ढङ्गमा बनाइन्छन् । तल यी रूपहरुको उत्पत्ति बारे चर्चा गरिन्छ ।

नेपालीमा पहिलो, दोस्रो र तेस्रो तथा चौथो शब्द अनियमित रूपले बनेका छन् । पहिलो अपभ्रंशमा पाइन्छ र यसको उत्पत्ति निम्नलिखित ढङ्ग-बाट भयो– सं० प्रथ-इल्ल-क>प्रा० पढिल्लओ>अप० पहिलउ>पहिलो । होर्नलेका विचारमा दोस्रो र तेस्रोमा रहेका स्रो सं० सृत>सरबाट आएको हो । यसरी द्विसरकः>दोस्रो, त्रिसरकः>तेस्रो भयो । चौथो सं० चतुर्थकः >प्रा० चउत्थओ>चौथो यसरी विकसित भयो । यी क्रमात्मक संख्यावाची शब्दका स्त्रीलिंगी रूप पनि छन्, जस्तै— चौथो, चौथी । तर यसपछिका क्रमात्मक संख्यावाची शब्दहरूका स्त्रीलिंगी रूप तिनका आनुनासिक ओका-रान्ती रूपले गर्दा स्पष्ट छैनन् । जस्तै— पांचौं, छैटौं, सातौं, आठौं । छैटी, छैठी र दशौं यस्ता शब्दका स्त्रीलिंगी रूप हुन् । जस्तैः- षष्ठमिकः> छट्ठइअ>छैठी, छैटी । दशमिक>दसइअ>दसैं । पांच र त्यसपछिका सबै संख्यावाची शब्दहरूका क्रमबोधी विशेषण एकै किसिमले बनाइन्छन् पञ्चमक >पांचौं, षष्ठमिक>छैठौं, सप्तमक>सातौं, अष्टमक>आठौं । तेरवाँ, तेरहौं, तीसौं, विसौं, साठिऔं, साठिउँ जस्ता क्रमात्मक विशेषणहरूको प्रयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रेमनिधिले गरेका छन् । तेरवाँ जस्ता रूपहरूको उत्पत्ति पनि त्रयोदशमकः >तेरसम>तेरहउ>तेरहवाँ>तेरवाँ यसरी नै भयो ।

गुणनात्मक संख्यावाची विशेषण- नेपाली भाषामा गुणनात्मक संख्याबोधक शब्दहरू निम्नलिखित अव्ययहरूका सहायताले बनाइन्छन् । ती हुन्- पल्ट, पालि, तालि, बाजि । जस्तै एकपल्ट, दुइपालि, तीनतालि, दशबाजि । यस बाहेक दुन्नामा प्रयोग गरिने निम्नलिखित शब्दहरूले पनि गुणात्मकता देखाउँछन् । जस्तै: दुन्ना (द्विगुणक), तियाँ (तृतीयक>तिआ >तियाँ), चौको (चतुष्क>चउक्कउ>चौको), पंचे (पंचक>पंचअ> पंचे), छक्के (षट्क), सत्ता (सप्तक>सत्तअ>सत्ता), आठा (अष्टक> अट्ठअ>आठा), नवाँ (नवम्), दसान् (दशम्) ।

प्रयोगअनुसार गुना जोडेर बनाइएका संख्यावाची शब्दले समानुपात र गुणात्मकता दुवै जनाउँछन् । गुणा या गुना को उत्पत्ति यसरी भयो- गुणक >गुणअ>गुणा, गुना । जस्तै दुगुना, चारगुना, दशगुना ।

भिन्न-संख्यावाची विशेषण- भिन्नात्मक संख्या जनाउने नेपाली शब्दहरू अरू आआभामा झैं संस्कृतबाट प्राकृत हुँदै विकसित भएका हुन् । केही त्यस्ता शब्दहरूको उत्पत्ति तल दिइन्छ ।

पाउ-यसको उत्पत्ति सं पाद>पाअ, पाव>पाउ (१/४) यसरी भयो ।

पौने-यसको उत्पत्ति सं० पादून, पादोन>पाउण>पौने (३/४) यसरी भयो ।

सवा-यसको उत्पत्ति सं० सपाद>सवाअ>सवा (१¼) यसरी भयो । यसको अर्को रूप सवाइ (सं० सपादिक>सवाइअ>सवाइ) यसरी आयो ।

आधा- आधा र आधो सं० अर्द्धक>अद्धओ>आधो, आधा यसरी आएको छ ।

डेढ- यो सं० द्वयर्ध>दिअड्ढअ>डेढ यसरी विकसित देखिन्छ । पिशेलको अनुसार यो द्विकार्धबाट आयो । द्विकार्ध>दिवड्ढ>डेढ ।

साडे, साढे- यी रूप सं० सार्ध>प्रा० सड्ढ बाट विकसित भएका हुन् । प्रेमनिधिले साडि सात, साडि एघारको प्रयोग गरेका छन् ।

अडाइ- यसको उत्पत्ति सं० अर्धतृतीय>प्रा० अड्ढतीय>अड्ढाइज्ज>अढाइ यसरी भयो ।

समूह संख्या-बोधक विशेषण- नेपालीमा केही समूह संख्या-बोधक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषणहरू पनि छन्, जस्तै- जोडा, कुडी या कोरी, गंडा, चौक आदि। जोडा- यसको उत्पत्ति सं० (परवर्ती संस्कृत) युटक>जुड्अो>जोडो, जोडा, यसरी भयो। कुडि, कोडी र कोरी शब्दले बीस को समूहलाई जनाउँछन्। यो आग्नेशियाली भाषाको शब्द हो र अरू आआभामा पनि प्रचलित छ। कुडी शब्द प्रानेमा पाइन्छ। चार अंकको समूहलाई जनाउने गण्डा पनि आग्नेशियाली कुलको सन्ताली भाषाको शब्द हो। धेरै आआभाहरूमा पनि यो शब्द पाइन्छ। चौक- यसले पनि चारको समूहलाई जनाउँछ। यसको उत्पत्ति चतुष्क>चउक्क>चौक यसरी भयो।

संख्या गुणात्मक तथा समूह जनाउने शब्दहरूले पनि प्रयोगअनुसार समूह जनाउँछन्। जस्तै-चार बीस, पाँच बीस।

समानुपाती संख्यावाचक विशेषण- संख्यावाची शब्दहरूमा गुणा या गुना, सरो तथा होरो जोडेर पनि समानुपाती संख्यावाचक विशेषण बनाइन्छ। गुनाको उत्पत्ति गुणक>गुणअ>गुणा, गुना र सरोको उत्पत्ति सृतक:>सरओ सरो यसरी भयो। जस्तै द्विगुणक>दुगुणअ>दुगुणा, दुगुना। एक-सृतक> एक-सरओ>एकसरो। होरो र होलो नेपालीमा पाइन्छन्। दोहोली शब्दको प्रयोग प्राचीन नेपालीमा भएको छ। यसको उत्पत्ति श्रीवास्तवले द्विधालिक >दोहोलिअ>दोहोली यसरी देखाएका छन्। होरोको उत्पत्ति सं० धा+ आकारबाट भएको जस्तो देखिन्छ। द्विधाकार>दोहोरो, त्रिधाकार>तेहरो।

प्रत्येक-बोधक संख्यावाची विशेषण- प्रत्येकबोधक संख्यावाची विशेषण नेपाली भाषामा गणनात्मक संख्याहरूलाई दुईपल्ट भनेर बनाइन्छ। यसरी दोहोर्‍याउँदा पहिलो शब्दको केही अंश लोप पनि हुन्छ। जस्तै- एकेक (एक-एक), तितीन (तीन-तीन), चचार (चार-चार), ददश (दश-दश), बीबीस (बीस-बीस)। दशभन्दा माथिका संख्या यसरी दोहोरिएर आउँदैनन्।

निश्चित संख्याको विशेषण- सबै किसिमका संख्यावाची विशेषणहरूका साथ इ प्रत्यय जोडेर प्रयोग गर्दा निश्चित संख्यावाची विशेषण बन्छन्। इ प्रत्यय अरू शब्दहरूका साथमा आउँदा निश्चित जनाउँछ। यस प्रत्ययको प्रयोग प्राचीन नेपालीमा पाइन्छ र आआभाका मध्य तथा पश्चिमी भाषाहरूका प्राचीन नमूनाहरूमा पनि उपलब्ध छ। नेपालीमा गणनात्मक (एकै सै वर्ष, छत्तीसै कर), क्रमात्मक (अहिल्यै, चौथै), भिन्नात्मक (आधै, डेढै समूहात्मक (जोरै, गण्डै), समानुपातिक (दुगुनै, दोहोरै) र गुणात्मक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(दर्श पल्ट, चार त्राजि) संख्यावाची शब्दहरूलाई इ ले निश्चयवाचक बनाउँछ ।

अनिश्चित संख्यावाची विशेषण– अनिश्चित संख्यावाची शब्दहरू या त दुई भिन्नार्थक संख्यावाची शब्दको प्रयोग गरेर, गोडा अथवा गोटा शब्द संख्यावाची शब्दका अघिल्तिर जोडेर अथवा दशात्मक संख्यावाची शब्दहरूमा अन् जोडेर बनाइन्छ । जस्तै– दुई-चार, दश-बीस, बाह्र-चौध, गोडा दुई, गोडा चारेक, गोडा बीसेक, पचासन्, हजारन् । होर्नलेको अनुसार गोटा शब्द गोष्ठिक या गोष्ठकबाट आयो । डा० चटर्जीको विचारअनुसार यो सं. गृत्त > गुर्त > गुट्टा > गोट्टा > गोटा यसरी आयो ।

१४. क्रिया

७८. धातु

धातु क्रियाको त्यस अंशलाई भन्दछन् जो समय र अर्थ जनाउने क्रियाको मूल आधार हुन्छ । एउटै धातुका तीन काल, तीन पुरुष, दुई वचन, दुई वाच्य र तीन भावमा छुट्टाछुट्टै रूप हुन्छन् । बस्नु, जानु, रुनु आदिमा रहेका नु लाई झिक्दा बचेका बस्, जा, रु, लाई धातु भन्न सकिन्छ ।

धातुका विषयमा संस्कृत वैयाकरणहरूले अध्ययन गरेका थिए । यास्क, पाणिनी, चन्द्रगोमिन्, गर्ववर्मन्, शाकटायन, हेमचन्द्र र केही अरू वैयाकरणहरूले पनि संस्कृत धातुहरूको विशेष अध्ययन गरे । उनीहरूले धातुका दश गण (भ्वादि, अदादि, जुहोत्यादि, दिवादि, स्वादि, तुदादि, रुधादि, तनादि, क्र्यादि र चुरादि), दुई पद (आत्मनेपद र परस्मै.), दश लकार (लट्, लङ, लोट्, लिट्, लुङ, लृट्, लृङ, लुट् आशीर्लिङ, विधिलिङ, र वैदिकमा लेट् समेत ११), तीन वाच्य (कर्तृ, कर्म र भाव), तीन पुरुष (प्रथम, मध्यम र उत्तम) र पाँच प्रयोग (शुद्ध, णिजन्त, सन्नन्त, यङन्त र लुङन्त) बताएका थिए । त्यसपछि पालि र प्राकृतका यी रूपहरू सरल भए । पालिमा छ गण, दुई पद, दुई वाच्य, आठ लकार, चार प्रयोग र दुई वचन देखिएका थिए तर प्राकृतमा एक गण, दुई वाच्य, दुई पद, दुई प्रयोग र चार लकार मात्र देखिए । आधुनिक कालमा आउँदा यी रूपहरू झन् कम हुँदै गएका छन् । तर लिंग भने थपिएका छन् ।

आर्य भाषाका जम्मा धातुहरूको संख्या तीन हजार भनिएको छ । संस्कृतमा दुई हजार धातु छन् जसमा आठ सय धातुहरूको प्रयोग संस्कृत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साहित्यमा भएको छ भने ह्विट्नीको भनाइ छ । पालि र प्राकृतमा पनि आठ सय धातुहरूको प्रयोग भएको छ । आधुनिक कालमा आआभाहरूमा कति धातु छन् त्यो स्पष्ट छैन । होर्नलेले हिन्दीका धातुहरूको संख्या पाँच सय बयासी दिएका छन् । महानन्द सापकोटाको भनाइअनुसार नेपाली धातुहरूको संख्या दुई हजार छ । नेपाली भाषामा रहेका केही धातुहरूको इतिहास मूल आयु-सम्म पुग्छ । टर्नरले यस्ता केही धातुहरूको सूची आफ्नो कोषमा दिएका छन् । संस्कृतमा नदेखिएका धातुहरू पनि नेपालीमा धेरै छन् जसको व्युत्पत्ति देखाउन सम्भव छैन । हुनत प्रो० लुइस एच० ग्रेले प्राकृतमा पाइएका पन्ध्र धातुहरू देखाएका थिए जो मूल आरोपेलीबाट विकसित थिए तर संस्कृतमा देखिएका थिएनन् । धातुहरूको विभाजन संस्कृत वैयाकरणहरूले गण अर्थात् विकरणका आधारमा गरेका थिए । आधुनिक युगमा व्युत्पत्तिका दृष्टिले आआभाका धातुहरूको विभाजन मूल या सिद्ध (radical) र साधित या यौगिक (Compound) भनी दुई मुख्य भेद बनाएर तिनका उपभेदहरूको चर्चा भाषाशास्त्रीहरूले गरेका छन् । नेपाली धातुहरूलाई तलको तालिका-अनुसार वर्गीकरण गर्न सकिन्छ ।

- धातु—
  - मूल—
    - तद्भव (साधारण र उपसर्गसहित)
    - तत्सम, अर्धतत्सम,
    - प्रेरणार्थक तद्भव
    - व्युत्पत्ति स्पष्ट नभएका धातुहरू ।
  - यौगिक-
    - प्रेरणार्थक आऊ प्रत्ययान्त,
    - नाम धातु,
    - संयुक्त धातु,
    - ध्वन्यात्मक धातु,
    - व्युत्पत्ति स्पष्ट नभएका धातुहरू ।

मूल धातुहरू - नेपालीमा तत्सम, तद्भव र अर्धतत्सम मूल धातुहरूको संख्या निश्चित छैन । आधुनिक कालमा केही तत्सम धातुहरू पनि छड्न गएका छन् । केही तत्सम जस्ता देखिने धातुहरू प्राकृत कालमा पनि उस्तै थिए र केहीले भने परिवर्तन पनि देखाएका थिए । वास्तवमा धातुको परिवर्तन ढीलो हुने हुँदा तत्सम नहुनुपर्ने धातुहरू पनि तत्सम जस्ता देखिन गएका हुन् । तल केही तत्सम र तद्भव धातुहरू दिइन्छन्- कर, गर (कृ),

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कस् (कृष्); काढ् (प्रा. कड्ढ), काँप् (कम्प्) काट् (कृत), कह् (कथ्)। ख खा (खाद्), खन् (खन्)। ग–गर्ज (गर्ज्) गल् (गल्), ग्रन्थ् (गुथ्), गुँज् (गुञ्ज्)। घ–घट् (घट्ट) प्रा.), घस् घृष। च–चढ् (प्रा. चड्ढ), चर् (चर्), चल् (चल्), चुम् (चुम्ब्) चून् (चिन्)। छ–छाड् (छड्ड), छाद् (छर्द्)। ज–जान् (ज्ञा), जाग् (जागृ)। झ–झर् (झर्)। ट–टुट् (त्रूट्)। ठ–ठग् (स्थग्)। ड-बुड्, डुब् (प्रा. बुड्ड), डस् (दंस)। ढ-ढाक् (प्रा. ढक्क), ढुक् (प्रा. ढुक्क)। त-तेज् (त्यज्), तर (तॄ)। थ-थाक् (थक्), थाम् (स्तंभ) द–देक्ख (प्रा. देक्ख), दि (दा), दुहु, (दुह्)। ध–धर् (धृ), धस् (ध्वस्)। न–नहा (स्ना, नुहु (नम्)। प-पि (पिब्), पढ् (पठ्) पाक्, (पच्), पिट् (पिट्ट), पर (पर्), पिस् (पृष्)। फ-फाट् (स्फाट्), फुट (स्फुट्), फुल् (प्रा. फुल्)। ब-बाँध् (बन्ध्), बोल् (प्रा. बोल्ल), बढ् (प्रा. बड्ढ), बुझ् (सं. बुध् > प्रा. बुज्झ्), विध् > विझ्। भ–भज् (भज्), भिर् (भृ): भूल् (भुल्ल)। म-माझ–ज् (मज्ज), मल् (मर्द), मिल् (मिल्), मर् (मृ), मृग (मृग्)। र–राख् (रक्ष्), रच् (रच्), रु (रुद्)। ल–लि (लभ्), लुट् (लुन्ठ), (लिप्)। स–सुन् (श्रु) सह (सह), सर् (सृ)। ह–हर् (हृ)।

उपसर्गयुक्त मूल (तत्सम तथा तद्भव) धातुहरू हुन्–उत्र (अव-तृ), आउ (आ या), बस (उप-विस्), उब्ज (उत्-पद), उड् (उत् डी), पस् (प्र-विश्), पुछ् (प्र-उच्छ्), पसार् (प्र सृ) पखाल् (प्र-क्षाल्)। पाउँ (प्र-आप्)भिज् (अभि-अज्झ्)। बेच् (वि-क्र), बिगार् (वि-घट), निस्क (निस्-क्र)।

मूल प्रेरणार्थक तद्भव संस्कृतका धातुहरू दश गणमा विभाजित थिए र तिनमा केही प्रेरणार्थक धातु पनि थिए। यी धातुहरू अकर्मक हुन्थे तर अब यिनका सरल रूप पनि बन्छन्। उदाहरणार्थ– उघार (उद्घाट), चाल् (चाल्), छाउ (छाद्), काट् (कर्तृ), झार (झाट्), तार (तार), हार (हार्), साध् (साध्)।

अस्पष्ट व्युत्पत्तिको धातु– नेपालीमा केही यस्ता धातुहरू पनि छन् जसको मूल संस्कृत या प्राकृतमा पनि पाइन्न। संस्कृतमा मूल फेला नपरेका धातुहरूलाई प्राकृत वैयाकरणहरूले देशी भनेका थिए। सर टर्नरले पनि यस्ता व्युत्पत्ति स्पष्ट नभएका धातुहरूको चर्चा गरेका छन्। नेपालीमा देखा पर्ने अस्पष्ट व्युत्पत्तिका केही सरल धातुहरू अरू आर्यभाषामा पनि पाइन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदाहरणार्थ - अटाउ, ओर्ल्, छाड्, झान्, झुण्ड्, टिप्, ठोक् ठेल्, डाक्; वट्ल्, वाँड्, लोट्, लड् ।

यौगिक धातुहरू– यौगिक अर्थात् साधित धातुहरूमा प्रेरणार्थक धातु, नामधातु, संयुक्त धातु, ध्वन्यात्मक धातुहरू र व्युत्पत्ति स्पष्ट नभएका धातुहरू छन् ।

नेपालीमा यौगिक प्रेरणार्थक धातुहरू आउ प्रत्ययका सहायताले बनाइन्छन् । यसको उत्पत्ति सं. आपय > प्रा. आप > अप > आव > आउ यसरी भयो । प्राचीन नेपालीमा आवको प्रयोग पाइन्छ, जस्तै, खोस खोसाव, घाल-घलाव । यसरी आउ का सहायताले नेपालीमा प्रेरणार्थक धातु बन्दछन् । गराउ, बसाउ, सुनाउ, चराउ, पढाउ । केही नाम र विशेषणमा आउ जोडेर प्रेरणार्थक नामधातु बन्दछन् । उठाउनुबाट नेपालीमा द्विप्रेरणार्थक बनाउँदा उठ्न लाउनु यसरी प्रयोग गरिन्छ ।

नामधातु– संस्कृतमा नामधातु बनाउँदा इय र आय प्रत्ययहरू आउँथे [पुत्रीयति, कृष्णायते, र प्राकृतमा यी प्रत्ययहरू आ र इअ भए । नेपालीमा आउका सहायताले नामधातु बनाइन्छ । यो णिजन्त अर्थात् प्रेरणार्थक आपय > आप > आव > आउ को विकास हो । संस्कृतका नामधातु नेपालीमा आएर सिद्ध धातु बनेका पनि देखिन्छन् । तर नेपालीमा नामधातुहरूको निर्माण आउ प्रत्ययकै सहायताले हुन्छ । उदाहरणार्थ कमाउनु, शर्माउनु, चोराउनु, चिन्हाउनु, दुखाउनु । यही प्रत्यय याउ पनि बन्छ–हत्याउनु, लत्याउनु, गोत्याउनु ।

संयुक्त धातुहरूमा केही दुई मूल धातुहरूको योग भएर बनेका छन् भने केही धातु र प्रत्यय नाम अथवा धातु र अव्ययका योगले बनेका छन् । उदाहरणार्थ– पछुताउ [पश्चात्-तापः], उकास् [उत्-कर्ष], रोक् [रुध्-कृ], अडक [अट्ट क], चुक् [च्युत् कृ], फुक् [फुत् कृ], बक् [बद् कृ], पकड् [पक्क-ड], झगड् [झंग-ड], हकार् [हक्क-ड], दपेट् [दर्प-वृत्ता], घसिट् [वर्ष-वृत्ता], ठहर् [स्त-भिर्], पछार् [पश्चा-ड] ।

अनुकरणात्मक र व्युत्पत्ति स्पष्ट नभएका धातुहरू– अनुकरणात्मक धातुहरू संस्कृत र प्राकृत दुवैमा पाइन्छन् । संस्कृतमा खटखटायमान, फरफरायते जस्ता शब्दहरू पाइन्छन् र प्राकृतमा यस्ता अनुकरणात्मक शब्दहरूको संख्या प्राकृतमा वढेको देखिन्छ र यस्ता शब्दहरूलाई उनीहरूले देशी भने । देशी भन्नाले उनीहरूको संकेत व्युत्पत्ति स्पष्ट नभएका शब्दहरूतिर थियो । यस्ता शब्दहरू प्रायः नामधातु झैं देखिन्छन् । कटकटाउ, खडखडाउ, खन-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनाउ, गनगनाउ, चरचराउ, टकटकाउ, भनभनाउ, फनफनाउ, थरथराउ [थरथरायते], झनझनाउ [झणझणायते], गडगडाउ, घरघराउ, झरझराउ।

७९. सहायक क्रिया

सिद्ध र साधित धातुहरूबाट काल, भाव, अर्थ, वाच्य, पुरुष, लिंग, वचन जनाउने प्रत्यय लागेर प्रयोगमा ल्याइएका शब्दहरूलाई क्रिया भनिन्छ। कालरचनाको आधारलाई हेर्दा क्रिया दुई प्रकारका छन्– [१] सहायक र [२] मुख्य। सहायक क्रियाहरूले कालरचना र वक्तव्यको अर्थ बदल्ने संयुक्त क्रियाहरूको निर्माणमा महत्त्वपूर्ण भाग लिन्छन्। नेपालीमा प्रयोग हुने मुख्य सहायक क्रिया बनाउने धातुहरू हुन् आ, उठ्, गर्, चाह, छ, जा, थाल्, दि, पर, पा, बन्, बस्, लग्, रह्, ले, सक्, हाल्, हो आदि। यिनमा छ र हो अस्तित्ववाची धातुहरु हुन्। तल यी धातुहरूको उत्पत्ति देखाइन्छः–

आ– यसको उत्पत्ति सं० या बाट भयो।

चल्– यसको उत्पत्ति सं० चल् > प्रा० चल् बाट भयो।

गर्– यसको उत्पत्ति सं० कृ > कर > गर यसरी भयो।

चाह– यसको उत्पत्ति सं० उत्साह > प्रा० उच्छाइ > अप० उछाह, छाह, चाह यसरी भएको देखाइएको छ।

छ– छ को उत्पत्ति प्राकृत वैयाकरण अस, आस् बाट [अस्तेरच्छ १२।१९, वररुचि], म्याक्समूलर, अच्छति र पिशेल ऋच्छति बाट मान्दछन्। यता भाषाशास्त्रीहरू यसको जरोसम्म पुगेका छन्। अब छ को उत्पत्ति यसरी देखाइन्छ– भारोपेली एस्केति > अश्चति > अच्छति > अच्छइ > छइ छ। यो छइ अकरणमा छैंदैछ। गढवाली, कुमाउनी, गुजराती, अवधी, दक्षिणी, जयपुरी, भोजपुरी, उडिया, मैथिली, बंगला, कश्मिरी भाषाहरूमा पाइन्छ।

जा– यसको उत्पत्ति सं० या बाट भयो।

पर्– यसको उत्पत्ति सं० पत् > प्रा० पड् बाट भयो।

पाउ– यसको उत्पत्ति प्रा० आप् बाट भयो।

बन्– यसको उत्पत्ति संभवतः वन् बाट भयो।

बस्– यसको उत्पत्ति सं० उप-विष बाट भयो।

रह्– यसको उत्पत्ति सं० रह् बाट भयो। यो रक्ष बाट आउन पनि संभव छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्- यसको उत्पत्ति सं० शक् > प्रा० सक्क बाट भयो ।

लाग्- यो सं० लग् > प्रा० लगबाट आयो ।

हो- यसको उत्पत्ति सं० भू धातुको अन्यपुरुष एकवचनरूप भवति बाट यसरी भयो- भवति > होति > होइ > हो ।

नेपाली अस्तित्ववाची क्रियाहरू छ र हो का सहायताले नेपालीमा यौगिक काल जनाइने हुँदा यी धातुका वर्तमान र भूतकालका रूपको उत्पत्ति तल देखाइन्छ-

सामान्य वर्तमानकाल (हुँ)

हुँ- यसको उत्पत्ति सं० भवामि > प्रा० होमि, होवि > होइ, हुइ > हुँ यसरी भयो। तर यसको उत्पत्ति भवाम् > हआम् > हअम् > हुँ यसरी भएको सुझाउ पनि दिइएको छ ।

हौँ- यसको उत्पत्ति सं० भवाम > होव > होवं > हउँ, हौँ यसरी भयो ।

होस्- यसको उत्पत्ति भयो सं० भवसि > होसि > होस् बाट भयो ।

हौ- हौ को उत्पत्ति स० भवथ > हउव > हउअ > हौ यसरी भयो ।

हो- यसको उत्पत्ति सं० भवति > होइ > हो यसरी भयो ।

हुन्- यो सं० भवन्ति > हुन्ति > हुन् यसरी आयो ।

सामान्य वर्तमानकाल (छु)

छु छुँ- यसको उत्पत्ति अच्छःअहकम् > अछम् > छउँ, छुँ, छु यसरी भयो ।

छौँ- यसको उत्पत्ति पनि माथि झैं अच्छः-अहकम् बाट नै भयो ।

छस्, छेस् - अच्छसि बाट यो यसरी विकसित भयो- अच्छसि > छसि > छस्, छेस् ।

छौ- यसको विकास अच्छथ > छथ > छह > छअ > छव > छउ, छौ यसरी भयो ।

छ- यो अच्छति बाट यसरी आयो- अच्छति > अछइ > छइ छ । अकरणमा अच्छतिन > आछिन, छैन ।

छन्- यो अच्छन्ति बाट यसरी आयो- अच्छन्ति > छन्ति > छन्; छिन् ।

सामान्य भूतकाल (थियो)

थिएँ- यसको उत्पत्ति सं० स्था वा स्थितबाट भयो भन्ने बीम्सको विचार छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर तेसितोरी कसको उत्पत्ति भवन्तबाट मान्दछन् । स्थितक बाट यसको विकास यसरी संभव छ – स्थितम् > थिअ > थिए, थ्यें ।

थियौं– स्थित-अहकम् > थिअहउँ > थिअउँ, थियौं ।

थिइस्– स्थित-असि > थिअसि > थिइस् ।

थियो– यसको उत्पत्ति सम्भवतः स्थितक बाट नै भयो ।

थियो– यसको उत्पत्ति सं० स्थितकः > थिअओ > थियो यसरी भयो ।

थिए– यो पनि सं० स्थितक > थिअओ > थिए यसरी नै विकसित भयो ।

८०. कृदन्त

नेपाली काल-रचनामा धातुबाट बनेका कृदन्तरूपहरूको महत्त्वपूर्ण स्थान छ । यी रूपहरूको रचनाप्रक्रिया जानेर मात्र नेपाली क्रियाहरूलाई बुझ्न सजिलो पर्ने हुँदा तल नेपाली कृदन्तरूपहरूको परिचय र तिनको उत्पत्ति देखाइन्छ ।

नाम-कृदन्त– धातुहरूमा नु थपेर नेपाली भाषामा कृदन्त बनाइन्छ। उदाहरणार्थ– गर्नु, दिनु, भन्नु, खानु इत्यादि । यसको विकारी रूप ना हुन्छः– गर्नाले, खानाले । नाम कृदन्त बनाउने यस नु को उत्पत्ति सं० आपणक [> आवणक > आवनु > नु] बाट भयो । यो सं० अनम् [गमनम्, कथनम्] बाट पनि हुन सक्छ । नेपाली नाम-कृदन्त बनाउने ढङ्ग सिन्धीसँग मिल्छ, जस्तै– पिअणु-पिउनु, रूअणु-रुनु ।

भविष्यत्-कृदन्त संस्कृतमा तृच्-अक् आदि प्रत्ययका सहायताले हर्ता, हारक, हर्तव्यम्, हरणीयम्, हार्यम् आदि रूपहरू बन्छन् । नेपाली भाषामा भने धातुमा नु थपेर सामान्य कृदन्त बनाइन्छ । यसको अर्को रूप न्या पनि हो । यो कहीं-कहीं ने पनि बन्छ र अवधारणार्थमा न्यै, नै हुन्छ । बीम्स यसलाई अनम् बाट विकसित मान्दछन् तर होर्नले अनीयम् बाट । यसको विकास होर्नलेले भनेझैं अनीयम् बाट नै संभव देखिन्छ । जस्तै–हरणीय > हरणिअ > हर्ने ।

वर्तमान-कृदन्त– धातुमा दो थपेर वर्तमान-कृदन्त बनाइन्छ । स्वरान्त धातुपछि दो आउँदा धातुको नासिकीकरण हुन्छ, यथा जाँदो, खाँदो, धुँदो । अघोषवर्ण अन्तमा भएका धातुपछि आउँदा यो तो हुन्छ । तर दो को प्रयोग सर्वत्र हुन्छ । स्त्रीलिंगमा यो दी हुन्छ र बहुवचनमा दा । नेपालीको यो विशेषता सिन्धी, पंजाबी, गुजरातीसँग पनि मेल खान्छ । अरू भाषाहरूमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि यो केही भिन्नताका साथ पाइन्छ। यसको उत्पत्ति भारोपेली न्त>सं० [शतृ], >अन्तक>अन्दओ>अँदो, दो यसरी भयो। सं० अन् [पचन्] को प्राकृतमा अन्तो [पचन्तो] भएको देखिन्छ।

भूत-कृदन्त– संस्कृत कृदन्तीय रूप नेपालीमा भूतकाल जनाउनाको लागि प्रयोग गरिन्छ। जस्तै- कृतकः>करिओ>गऱ्यो, मृतक>मरियो> मऱ्यो। यस्तै कर्मवाच्यरूप भुतकाल पनि सं० कृदन्तीय रूपबाट नै विकसित भएको छ– मारितः>मारिदो>मारिओ>मारियो। नेपालीमा भूत-कृदन्त प्रत्यय 'एको' छ– गरेको, मारेको, भएको इत्यादि। यस रूपको विकास कृतकः बाट [कृतकः>करिअक>करिअको>गरेको] भयो।

पूर्व-कालिक-कृदन्त– नेपाली भाषामा पूर्व-कालिक कृदन्त निम्नलिखित प्रत्ययहरूका सहायताले बनाइन्छन्–

[१] ई– गरी, खाई, वसी।

[२] एर– गरेर, खाएर, वसेर।

[३] इ वरी, वेर, कन– गरीवरी, गरीवेर, गरीकन।

ई को उत्पत्ति सं० यक>इअ>ई यसरी भएको देखिन्छ। यो प्राकृतमा पनि पाइन्छ। जस्तै- मारित्वा>मारिअ>मारी, श्रुत्वा>सुणिअ> सुनी, कृत्वा>करिअ>गरी। यसै इ मा वरी, वेर, कन जोडेर पनि प्रयोग गरिन्छ। वेर पश्चिमी र केन्द्रीय नेपालमा पाइन्छ। यस वेरको उत्पत्ति सं० वेला [समय] बाट भएको मानिएको छ। [हेर्नोस्: बीम्सको व्याकरण, दोस्रो भाग पृ० २३५]। कन को उत्पत्ति कर्ण>कण्ण>कन बाट भएको हो। एर को उत्पत्ति सं० संयुक्त कृदन्तीय रूप बाट यसरी भयो– मारित्वा कृतं> मारिअकर>मारियर>मारेर, दत्वाकृतः>दइअकर>दइअअर>दिएर, श्रुत्याकृत>सुणिअकर>सुणिअअर>सुनेर।

८१. संयुक्त क्रिया

संस्कृत युगमा संयुक्त क्रियाहरूको प्रयोग कम हुन्थ्यो तर पछि यो वढ्दै गयो। यसका कारणहरूमध्ये केही हुन्– लकारहरूको संख्या प्राकृतमा कम हुँदै जानु, भावाभिव्यक्तिको ढङ्गमा विकास हुनु र द्रविड भाषाको प्रभाव पर्नु। संयुक्त क्रियाहरूको निर्माण क्रियासँग नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय जोडेर वनाइन्छ। संस्कृतमा पनि व्यापद्, प्रणिपत्, आविष्कृ, तिरष्कृ जस्ता शब्दहरू पनि पाइन्छन्। यस्तो किसिमको प्रयोग पछि पनि देखा पऱ्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९ आधुनिक कालका अर्य भाषाहरूमा यो प्रवृत्ति देखिन्छ । नेपालीमा देखा परेका संयुक्त क्रियाहरूको वर्गीकरण विभिन्न किसिमले गर्न सकिन्छ । तल नेपाली संयुक्त क्रियाहरूको रचनाप्रक्रिया देखाइन्छ । उदाहरणका रूपमा–

नेपालीमा संयुक्त क्रियाहरू यस प्रकारका छन्ः–

[१] नाम र क्रियाको संयोगबाट बनेका– दर्शन गर्नु, अनुमति दिनु, भीख माग्नु ।

[२] विशेषण र क्रियाको संयोगबाट बनेका– राम्रो हुनु, ठूलो हुनु ।

[३] सर्वनाम र क्रियाको संयोगबाट बनेका– आफ्नो बनाउनु ।

[४] अव्यय र क्रियाको संयोगबाट बनेका– अघि हुनु, पछि हुनु, तल पर्नु ।

[५] वर्तमान कृदन्त र क्रियाको संयोगबाट बनेका– लेख्दो हुनु, बोल्दो हुनु ।

[६] भूतकृदन्त र क्रियाको संयोगबाट बनेका– लेखिरहनु, गरिसक्नु, मरिहाल्नु ।

[७] हेत्वर्थक कृदन्त र क्रियाको संयोगबाट बनेका– जान पाउनु, पढ्न थाल्नु ।

[८] अनुकरणात्मक शब्द र क्रियाको संयोगबाट बनेका– जान लाग्नु, खट-खट गर्नु, पटपट गर्नु ।

[९] नाम-कृदन्त र क्रियाको संयोगबाट बनेका– जानु पर्नु, खानु पर्नु ।

[१०] द्वित्व क्रिया र सहायक क्रियाको मेलले बनेका– देखादेख गर्नु, भिडा-भिड गर्नु, मारामार गर्नु, कुटाकुट गर्नु ।

८२. सकर्मक र अकर्मक क्रिया

क्रियाहरू सकर्मक वा अकर्मक हुन्छन् । नेपालीका धेरैजसो सिद्ध धातुहरू अकर्मक छन् तर केही यस्ता धातुहरू सकर्मक पनि छन् । त्यस्तै साधित या यौगिक धातुहरू अकर्मक र सकर्मक दुवै किसिमका छन् । अकर्मक धातुहरूलाई सकर्मक बनाउँदा मूल अकर्मक धातुका अ स्वरहरूलाई आ बनाइन्छ । जस्तै– मर् > मार्, गड् > गाड्, सर् > सार् । सर टर्नरका विचारमा यी अकर्मक धातुहरू प्राचीन णिजन्त क्रियाका दीर्घ स्वरलाई ह्रस्व बनाएर भएका रूप हुन् । नेपालीमा सकर्मक धातुलाई अकर्मक बनाउने अर्को तरीका हो– णिजन्त प्रत्यय आउ थप्नु । यसको उत्पत्ति आप > आव > आउ यसरी भयो । जस्तै– बनाउ, सुताउ आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८३. अकरण क्रिया

नेपाली भाषामा अकरण क्रियाहरूको निर्माण न थपेर गरिन्छ। सं० न नै आधुनिक कालमा पनि प्रयोग भैरहेको छ। मूल क्रियाको वर्तमान र सामान्य भूतकालका क्रियाका साथ यो अन्त्यमा आउँछ [जान्न, गएन]। संभावना- भविष्यत्को ला का साथ यो आदि लाग्छ [नजाला, नहोला]। कृदन्तका सहायताले बनेका यौगिक काल जनाउने क्रियाहरूमा यो पहिलो कृदन्तीय रूप पछि आउँछ [जान्नथ्यो]। मौलिक कालमा क्रियामा यो अघि आउँछ [नजाउ, नबसेस्]।

८४. वाच्य

नेपालीमा तीन वाच्य छन्। कर्तृवाच्य, कर्मवाक्य र भाववाच्य। संस्कृतमा कर्मवाच्य बनाउँदा य थपेर बनाइन्छ। नेपालीमा यो इ मा विकसित भएको छ। यसको विकास यसरी देखाउन सकिन्छ सं० य>इय >इज्जइ>इअइ>ई, इ। उदाहरणार्थ- दीयते>दिज्जइ>दिअइ>इअइ >इ। सिन्धी, पंजाबी, कुमाउनी र गढवालीमा पनि य इ नै रहन्छ। कर्मवाच्यको यो रूप बनाउनका लागि अनीय प्रत्ययको सहयोग भएको देखिन्छ। सकर्मक धातुमा इ थपिदा कर्मवाच्य धातु र अकर्मक धातुमा इ थपिदा भाववाच्य, जस्तै- करणीय अस्ति>गरिन्छ, हरणीय अस्ति>हरिन्छ। भूतकालमा कृदन्तीय रूप इत>इदो>इयो को सहायताले कर्मवाच्य र भूतकाल जनाइन्छ। जस्तै- मारित>मारिदो>मारिओ>मारियो।

८५. क्रियाका लिंग, वचन र पुरुष

संस्कृतमा धातु अलिंगी थिए र क्रिया पनि। प्राकृत युगमा लकारहरूको संख्या कम हुँदा पनि क्रियामा लिंगात्मक विशेषता देखा परेन। तर आआभाहरूमा कृदन्तीय काल-रचनाको आधिक्य हुँदा क्रियामा लिंग पनि देखा परेका हुन्। कृदंत शब्दहरूका स्त्रीलिंगी रूप थिए र नेपालीमा देखा परेका स्त्रीलिंगी क्रिया तिनकै विकसित रूप हुन्। उदाहरणार्थ- सं० इता> इआ>ई। नेपाली क्रियाका अन्य पुरुष एकवचनमा र बहुवचनमा यो पुलिंग र स्त्रीलिंग रूप देखिन्छ।

संस्कृतमा तीन वचन थिए र प्राकृतमा दुई मात्र रहे। नेपाली क्रियाका पनि दुई वचन छन्।

नेपाली क्रियाका तीन पुरुष संस्कृतमा जस्तै छन्। उत्तम, मध्यम र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्य-पुरुष गरी क्रियाका दुवै वचनमा छः रूप मात्र नेपाली छन् ।

८६. भाव र काल

भाव- संस्कृतमा दस लकारले भाव र काल दुवै जनाउँथे। संस्कृतमा भाव चार थिए- आज्ञा, अभिप्राय, विधि र आशीष। सामान्य भावले विभिन्न काल जनाउँथे। आधुनिक युगमा विभिन्न भाव जनाउनका लागि संयुक्त क्रियाहरूको प्रयोग आवश्यकताअनुसार गरिन्छ। अतः नेपालीमा यत्ति नै भाव छन् भनेर किटन सकिन्न। एटनले नेपालीमा आठ भाव देखाए, हेमराजले दुई र सोमनाथले तीन भाव देखाए। नेपाली भाव र रचनालाई हेर्दा नेपालीमा मुख्य तीन भाव नै देखिन्छन् निश्चयार्थ, संकेतार्थ र आज्ञार्थ। यी भावहरूका सम्बन्धमा नेपाली कालरचनाको प्रसङ्गमा चर्चा गरिने छ।

काल— उत्पत्तिका आधारमा हेर्दा नेपाली भाषाका कालरचना तीन किसिमका देखिन्छन्–

१. सरल या मौलिक काल– यस्ता काल संस्कृतबाट विकसित हुँदै अहिलेसम्म आएका छन्।

२ कृदन्तीय काल– यस्ता काल संस्कृत कृदन्तीय रूपबाट विकसित भएका छन्।

३. मिश्रित काल– यस्ता काल कृदन्तीय रूपहरू र सहायक क्रियाका मिश्रणबाट बनेका छन्।

मौलिक काल— नेपाली भाषामा आज्ञार्थ र संकेतार्थ संस्कृतबाट विकसित भाव र काल हुन्। यी मौलिक कालहरूका विषयमा ग्रियर्सनले चर्चा गरेका थिए। यी रूपहरू तल देखाइन्छन्:–

वर्तमान तथा भविष्य आज्ञार्थ

	एकवचन	बहुवचन
उत्तम पुरुष	बसुँ	बसौं
मध्यम पुरुष	बस्	बस
अन्य पुरुष	बसोस्	बसुन्

वर्तमान तथा भविष्य संकेतार्थ

उत्तम पुरुष	बसूँ	बसौं
मध्यम पुरुष	बसेस्	बसे
अन्य पुरुष	बसोस्	बसुन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तम पुरुष एकवचन 'बसुँ'मा रहेको उँ को उत्पत्ति अपभ्रंश अउँ (वर्तमान काल स्व०) बाट भयो। पिशेलका आधारमा यो अकम् >अवं > अउँ > उँ यसरी विकसित भयो। भाषाशास्त्रीहरूका विचारमा बहुवचन औ को उत्पत्ति सं० सम्बन्ध बहुवचन मध्यम >महुँ > आहुँ > औं बाट या अहकम् >हकम् >हउँ >औं बाट भयो। अपभ्रंशमा यो आह का रूपमा पाइन्छ। मध्यम पुरुष आज्ञार्थ एकवचनमा कुनै प्रत्यय नदेखिने विशेषता संस्कृतसँग नै मिल्न आउँछ! बहुवचनमा स्वरान्त धातुहरूको ओ (जाओ) हुन्छ र व्यञ्जनान्त धातुहरूको अ (बस)। यी रूपहरू संस्कृत अवबाट विकसित भएका हुन्। मध्यम पुरुष संकेतार्थ एकवचन र बहुवचन रूपहरू एस र ए का सहायताले बनाइन्छन्। एकवचन एस को उत्पत्ति सं० आज्ञार्थ स्व बाट यसरी भयो– स्व >सुव >स् >स्। बहुवचन ए को उत्पत्ति सं वर्तमानकाल मध्यम पुरुष एकवचन असिबाट यसरी भयो– असि >अइ >ए। जस्तै-बससि > बसइ >बसे। संकेतार्थका अरू रूप आज्ञार्थका उत्तम पुरुष र अन्यपुरुषसरह नै हुन्छन्।

अन्य पुरुष आज्ञार्थ र संकेतार्थ एकवचन ओस् सं० भविष्यत् मध्यम पुरुष इष्यसिबाट भएको बताइन्छ। मध्यम पुरुषको यो सं० रूप अन्यपुरुषमा पुगेको छ। बहुवचनमा उनको उत्पत्ति सं० भविष्यत् कालको कर्मवाच्य कृदन्तीय रूप अनियबाट भएको हो।

कृदन्तीय काल– नेपालीको सामान्य भूतकाललाई कृदन्तीय कालभित्र राख्न सकिन्छ। कृदन्तीय रूपमा सहायताले नेपाली भाषामा धेरै कालहरू बनाइन्छन्। तर तिनका सहायक क्रियाहरूसमेत रहने हुँदा ती शुद्ध कृदन्तीय काल ठहरिँदैनन्। अतः सामान्य भूतलाई मात्र यहाँ लिइन्छ।

सामान्य भूतकाल

	एकवचन	बहुवचन
उत्तम पुरुष	बसेँ	बस्यौं
मध्यम पुरुष	बसिस्	बस्यौ
अन्य पुरुष	बस्यो, बसी	बसे

बसेँ र बस्यौंको उत्पत्ति वसिष्यामि र वसिष्यथबाट भएको कुरा श्रीवास्तवले देखाएका छन्। तर यो रूप अकम् र अहकम् सँगै आएका बस् का रूप देखिन्छन्। बसिस्को 'बसिष्यसि' बाट उत्पत्ति हुनु सम्भव छ। 'बस्यो' 'बसितः' बाट विकसित रूप हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा सम्भावना र सामान्य भविष्यत् रूप यस प्रकार चल्छ:

	एकवचन	बहुवचन
उत्तम पुरुष	बसुँला	बसौंला
मध्यम पुरुष	बस्लास्, बस्लिस्	बसौला
अन्य पुरुष	बस्ला, बस्ली	बस्लान्

सम्भावना र सामान्य भविष्यत् जनाउने 'ला' प्रत्ययको उत्पत्ति श्रीवास्तवले पूर्ववर्ती भाषाशास्त्रीहरूका आधारमा अतीतबोधक प्राकृत 'ला' बाट बताएका छन्। मागधी प्रसूत भाषाहरूमा र मराठीमा पनि यसले भूतकाल नै जनाउँछ तर नेपालीमा र कुमाउनीमा यसले भविष्यत् काल जनाउँछ। यस ल को उत्पत्ति सं० त, इत>प्रा० ल>ल यसरी देखाइएको छ। मागधी-प्रसूत भाषाहरूमा भूतकाल जनाउने प्रत्यय 'ल' ले नेपालीमा भविष्यत् काल जनाउन थालेको सम्भव छ। तर यस 'ला'को उत्पत्ति सं० लग्न>लग्ग>लाग्र>ला यसरी भएको पनि सम्भव छ।

यौगिक या मिश्रित काल- नेपालीमा विभिन्न काल मिश्रित क्रियाका सहायताले जनाइन्छ। यी कालहरूको निर्माणमा धातुका कृदन्तीय रूपहरूको र सहायक क्रियाहरूको योग रहन्छ। यी कृदन्त रूप र सहायक क्रियाहरूको उत्पत्तिका सम्बन्धमा यथास्थान चर्चा भइसकेको छ।

वर्तमानकाल कृदन्त र सहायक क्रियाका मेलले बनेका काल निम्न लिखित छन्- अपूर्ण वर्तमान कालमा वर्तमान कृदन्त र सहायक क्रिया (छु) को वर्तमानकालको रूप रहन्छ। जस्तै- बस्दो छु, बस्दा छौं।

वर्तमान असिद्ध संकेतार्थको रचनामा वर्तमान कृदन्त र सहायक क्रिया हुँ को वर्तमानकालको रूप रहन्छ। जस्तै- बस्दो हुँ, बस्दा हौं।

अपूर्ण भूतकालको रचनामा वर्तमान कृदन्त र सहायक क्रिया (थिएँ) ओ भूतकालको प्रयोग हुन्छ, जस्तै- बस्दो थिएँ, बस्दा थियौं।

अपूर्ण तथा सम्भावना भविष्यत् कालको रचनामा वर्तमान कृदन्त र सहायक क्रिया (होउँला) को योग रहन्छ। जस्तै- बस्दो होउँला, बस्दा हौंला।

भूत कृदन्त र सहायक क्रियाका मेलले बनेका काल निम्नलिखित छन्-

पूर्णवर्तमानकालको रचनामा भूत कृदन्त र सहायक क्रिया (छु) को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योग रहन्छ । जस्तै– म बसेको छु, हामी बसेका छौं ।

पूर्ण भूतकालको रचनामा भूत कृदन्त र सहायक क्रिया (थियो) को भूतकालको रूपको योग रहन्छ । जस्तै– म बसेको थिएँ, हामी बसेका थियौं ।

पूर्ण भविष्यत् र संकेतार्थको रचनामा भूत कृदन्त र सहायक क्रिया (होउँला)को भविष्यत् कालको योग रहन्छ । जस्तै– बसेको होउँला, बसेका हौंला ।

अज्ञात भूतको रचनामा सामान्य भूतको मूल क्रिया र सामान्य वर्तमानको सहायक क्रिया (छु)को योग रहन्छ । जस्तै– बसेछु, बसेछौं ।

सामान्य भविष्यत्कालको रचनामा वर्तमान कृदन्त रूप र सहायक क्रिया रूप (छु) को वर्तमानकालको प्रयोग हुन्छ । जस्तै– बस्नेछु, बस्नेछौं ।

असिद्ध संकेतार्थको रचनामा वर्तमान कृदन्त र सहायक क्रिया (थियो) को भूत-कालिक रूपको योग रहन्छ । जस्तै– बस्ने थिएँ, बस्ने थियौं ।

सामान्य वर्तमान कालको प्रचलित रूप मूलतः अपूर्ण वर्तमानको (बस्दोछु) खिइएको रूप हो । वर्तमान कृदन्त तो, दो को अहिले 'त', 'द' का रूपमा हराउँदै जाने स्थितिमा छन् । जस्तै– बस्छु, बस्तछु, बस्दछु; बस्छौं, बस्दछौं ।

१५. अव्यय

नेपाली वैयाकरणहरूको परम्पराले नेपाली अव्ययमा चार प्रकारका शब्द राखेको छ– नामयोगी, क्रियायोगी, संयोजक र विस्मयादिबोधक । अव्ययका नामले व्याकरणमा त्यस्ता शब्दलाई लिइन्छ जसका रूपमा लिंग, वचन, विभक्तिअनुसार परिवर्तन हुँदैन । नामयोगी शब्दहरूको चर्चा विभक्ति-हरू अर्थात् कारक-चिह्नका प्रसङ्गमा भएको छ। अरू किसिमका अव्ययहरूको चर्चा तल गरिन्छ ।

८७. क्रियायोगी

क्रियायोगीहरूलाई कालवाचक, स्थानवाचक, प्रकारवाचक र स्वीकार तथा निषेधवाचकका रूपमा छुट्ट्याउन सकिन्छ । संस्कृतमा क्रियायोगीहरू नाम, सर्वनाम र विशेषणमा आवश्यक प्रत्यय जोडेर बनाइन्थे । यही प्रक्रिया प्राकृत भाषाहरूमार्फत नेपालीमा पनि आए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालवाचक अव्ययहरू– यस्ता अव्ययहरू केही मूल भए पनि, केही सर्वनाम र क्रियाविशेषणबाट बनेका छन् ।

(क) संस्कृतबाट विकसित हुँदै आएका मूल अव्ययहरूको उत्पत्ति तल देखाइन्छ–

आज– संस्कृत अद्य >प्रा० अज्ज >आज ।

हिजो– ह्य >प्रा० हियो >हिजो ।

अस्ति– सं० अद्य तृ >अस्ति अथवा अद्य-तृतीय >अस्ति ।

विहान– सं० विभानक >विहान ।

बेलुका– यसको उत्पत्ति संभवत: व्याल (सं०, विकल) बाट भएको होला भन्ने टर्नरको विचार छ ।

सबेरै– सं० सवेला >सवेर, सबेर, अवेला, अबेला ।

पोहोर– यसको उत्पत्ति टर्नरले सं० पुर: >प्रा० पूरो >बाट देखाएका छन् । हेमराजले यसको सम्बन्ध सं० परुत्सँग देखाएका छन् ।

परार– परारिबाट यसको उत्पत्ति भयो ।

अचेल– सं० अद्यकल्यम् >प्रा० अज्जकल्ल >आजकाल, अचेल ।

तुरुन्त– सं० तुरवन्त >त्वरन्त >तुरन्त, तुरुन्त ।

अगाडि– अग्र-डि >अगाडि ।

पछाडि– पश्च-डि >पछाडि ।

(ख) सर्वनामबाट बनेका अव्ययहरूको उत्पत्ति तल दिइन्छ–

अब– सं० यावन्त >प्रा० अव्व >अव । अपभ्रंशमा अव्व, जव्व, तव्व र कव्व रूप देखिन्छन् । प्राचीन आधुनिक आभाका पुस्तकहरूमा पनि अब, तब पाइन्छ । बीम्स र केलगले यी सबै रूपहरूलाई वेलासँग सम्बन्धित मानेका छन् । डा० चटर्जीले यी शब्दहरूमा रहेका अन्तिम ब को सम्बन्ध वैदिक एवं >एव्वं >एव्वसँग देखाए । टर्नरले पनि यसैलाई सकेत गरेर अन्तिम अ संस्कृतको, असौ अद्य, अत्र आदिको हुन सक्छ भनेका छन् । अब झैं त्योबाट तब, तबै; कोबाट कब कबै र जोबाट जब, जबै बनेका हुन् ।

यिनै सर्वनामबाट निम्नलिखित सार्वनामिक अव्ययहरू पनि बनेका छन् ।

यो ऐले अहिले यतिनखेर यतिञ्जेल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो	जैले	जहिले	जतिनखेर	जतिञ्जेल
उ	उइले	उहिले	उतिनखेर	उतिञ्जेल
को	कैले	कहिले	कतिनखेर	कतिञ्जेल

(ग) धातुबाट पनि इञ्जेल र उञ्जेल जोडी क्रियायोगी बनाउन सकिन्छ–

गर्	गरुञ्जेल	गरिञ्जेल
खा	खाउञ्जेल	खाइञ्जेल
दि	दिउञ्जेल	दिइञ्जेल
हु	हुउञ्जेल	होइञ्जेल

स्थानवाची अव्ययहरू पनि केही मूलसंस्कृतबाट विकसित भएको र केही सर्वनामबाट बनेका छन् ।

(क) संस्कृतबाट विकसित भएका मूल अव्ययहरूको उत्पत्ति तल देखाइन्छ–

तल– सं० तलः > तल ।

माथि– सं० मस्तके > माथि ।

भित्र– सं० अभ्यन्तर > भिन्तर > भित्र ।

बाहिर– सं० बहिर् > बहिरअ > बाहिर ।

अघि– सं० अग्रे > अग्गे > अगि, अघि ।

पछि– सं० पश्च > पिच्छ > पछि ।

उँभो– सं० ऊर्ध्वम् > उब्भम् > उभो > उब्भो ।

उँधो– सं० अवमूर्ध > ओमुद्धग > उँधो ।

वर– सं० वार > अवर > वर, वारि ।

उपर- सं० उपरि > उप्पर > उपर ।

(ख) सर्वनामबाट बनेका स्थानवाची क्रियायोगीहरूलाई तल देखाइन्छ–

यता, कता, जता, त्यता, उता– यी रूपहरूको निर्माण यो, को, जो, त्यो र ऊ मा संस्कृत त्र को (जस्तै– अत्र, तत्र) को मिलावटबाट बनेको हो कि भन्ने सम्भावना टर्नरले देखाएका छन् । यिनै शब्दमा निश्चयार्थक इ प्रत्यय लगाएर यतै, कतै, जतै, त्यतै र उतै रूप बनेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ, कहाँ, जहाँ, त्यहाँ, उहाँ- यी शब्दहरू सर्वनाममा हाँ जोडिएर बनेका स्पष्ट देखिन्छन् । तर बीम्सले यस हाँको उत्पत्ति स्थाने बाट मानेका छन् । जस्तै- यत्स्थाने>जहाँ, तत्स्थाने>तहाँ, त्यहाँ । केलगले पनि यसैको अनुसरण गरेका छन् । चटर्जीका विचारमा हाँ सं० त्र बाट आयो । जस्तै- कुत्र>कुत्थ, कहाँ टर्नरका विचारमा हाँ [१] सं० इह, कुह, [२] 'कथम् वा' तथा 'को थ' बाट विकसित भएर वा [३] सं० अस्मिन्>प्रा० हिं० मध्ये कुनैबाट आएको हो । तर यस 'हाँ' को अर्थ अधिकरण जस्तो हुने हुँदा अस्मिन्बाट नै यसको विकास सम्भव छ । अपभ्रंशमा यस्तो हिं देखिन्छ र प्राचीन बंगलाका जहाँ-तहाँ र हिन्दीमा जहँ-तहँ पाइन्छन् । यहीं, जहीं, कहीं र तहीं रूप निश्चयार्थ इ प्रत्ययका संयोगबाट बनेका हुन् ।

प्रकारवाचक अव्ययहरू पनि केही मूल र केही सर्वनाम, विशेषण र धातुबाट बनेका देखिन्छन् ।

(क) संस्कृतबाट विकसित हुँदै आएका प्रकारवाचक क्रियायोगीहरूलाई तल देखाइन्छ-

झट्ट- यसको उत्पत्ति झट्टच, झट्टबाट भएको सम्भावना टर्नरले देखाएका छन् । सं० मा झटिति को प्रयोग पाइन्छ ।

ठीक- यसको उत्पत्ति थिक्क, थिअक्क बाट हुन सक्ने सम्भावना टर्नरले देखाएका छन् ।

केही अव्ययहरूको स्थिति नेपालीमा तत्सम र अर्धतत्सम शब्दसमान छन्, जस्तै- अति, अर्थात्, इत्यादि, आदि एवं [एवम्], अघोर [सं० मा यसको अर्थ डरलाग्दो वा भयानक थिएन], वारंवार [वारंवारम्] अकस्मात्, व्यर्थ ।

(ख) सर्वनामबाट प्रकारवाची क्रियायोगीहरू बन्दछन् । जस्तै— यो, यस्तरी, यसरी, यसो, यसै । यस्तै ढङ्गबाट जो, को, ऊ, त्यो बाट पनि प्रकारवाची अव्ययहरू बनाइन्छन् ।

(ग) विशेषण र अव्ययहरूमा 'गरी' जोडिएर बनेका अव्यय पनि छन् । जस्तै- बेस, बेसरी, बेसगरी; राम्रो, राम्ररी, राम्रो गरी; यस्तो, यस्तरी, यस्तो गरी ।

स्वीकार तथा निषेधादि-वाचक अव्ययहरू- स्वीकारवाचकमा है र निषेधवाचकमा न, नाहिं वा नाइँको प्रयोग हुन्छ । है सं० भवति>होइबाट आयो र निषेधवाचक नाहिं, नाइँको उत्पत्ति सं० नास्ति>प्रा० णत्थि>नहिं,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाहि बाट भयो । टर्नर न अहि तिर संकेत गर्छन्, जुन डा० चटर्जीले नमसति बाट विकसित भएको मान्दछन् ।

अनुकरणवाचक अव्ययहरू– नेपालीमा अनुकरणवाचक क्रियाविशेषण-हरूको खास गरी प्रकार बुझाउँदै आउने शब्दहरूको मात्रा धेरै छ । यस्ता शब्दहरू क प्रत्ययान्त [पटक्क, भुसुक्क], च प्रत्ययान्त [प्याच्च, छ्याच्च], र प्रत्ययान्त [सुर्र, भुर्र, फुर्र], ल प्रत्ययान्त [सल्ल, छ्याल्ल] आदि अनेक किसिमका छन् । यस्ता शब्दहरूको नेपालीमा स्थिति र तिनीहरूको उत्पत्ति तथा विकासबारे विशेष अध्ययनको आवश्यकता छ ।

८८. संयोजक

गुरु हेमराजले दुई पद वा वाक्यलाई जोड्ने शब्दलाई उभयान्वयी अव्यय भनेका छन् तर सोमनाथले र अरूले संयोजक । संयोजक अव्ययहरूलाई दुई भागमा बाँड्न सकिन्छ । [१] समानवाक्य-संयोजक र [२] आश्रितवाक्य-संयोजक ।

समानवाक्य-संयोजकका निम्नलिखित भेद छन्:–

[क] समुच्चबोधक–

र– पद र वाक्यलाई जोड्ने र को उत्पत्ति सं० अपर>प्रा० अवरो>अअरो >रो, र बाट भयो ।

औ– औ को उत्पत्ति पनि उही अपरम्>अवरम्>औ बाट भयो । अवर्, अउर्, अवर् रूप नेपालीमा देखिन्छन् । यी सबै एकै स्रोतबाट आएका हुन् ।

पनि– पनिको विकासप्रक्रिया यसरी देखाउन सकिन्छ: सं० पुनर्>प्रा० पुणो, पुण>पनि ।

[ख] विकल्पबोधक–

वा, किंवा, अथवा– यी संस्कृतबाट आएका तत्सम शब्द हुन् ।

कि– कि पालि र प्राकृतबाट आएको हुनु बढी सम्भव छ । फार्सी कि को प्रभाव पनि यसमा परेको देखिन्छ ।

चाहे– चाह [नु] को चाहे को प्रयोग विकल्पबोधकको रूपमा हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[ग] विशेषबोधक–

यद्यपि, तथापि, परन्तु– यी तत्सम शब्द हुन् ।

त– त को उत्पत्ति सं० तत् > प्रा० ता > ता, त बाट भयो । टर्नरले तथा > तहा > ता, त तिर पनि संकेत गर्नुभएको छ ।

तर– तरको उत्पत्ति सं० तर्हि > प्रा० तरहि > तरइ, तर बाट भयो । टर्नरले 'त' र 'र'को मिश्रणबाट बन्न सक्ने सम्भावना पनि देखाउनु भएको छ ।

सम्बन्धी सर्वनाम र अरू किसिमका शब्दहरूले पनि आश्रित वाक्य संयोजकको काम गर्छन् । त्यस्ता शब्दहरूको चर्चा यथास्थान भएको छ । आश्रित वाक्य संयोजकमा मुख्य हुन्– किनकि, किनभने, र, भने, भनेदेखि, त, पो, यदि, जो, को, त्यो, भनि, भन्ने आदि ।

८१. विस्मयादिबोधक

विस्मयादिबोधक शब्दहरूको वाक्यमा अरू पदसँग अर्का थरीका पदहरूको सरह सम्बन्ध हुँदैन । यस कारण केही वैयाकरणहरू यसलाई पदाविभागमा गणना गर्दैनन् । विस्मयादिबोधक भनेर केही पदहरूलाई मात्र लिन सकिँदैन किनभने कुनै पनि शब्द र वाक्य भनाइको विशेष ढङ्गमा विस्मयादिबोधक बन्न सक्छन् । तैपनि मनमा आएका भावहरूको उद्गार स्वभाविक रीतिले गर्दा नेपाली भाषामा चलेका केही शब्दहरूको निर्देश वैयाकरणहरूले गरेका हुनाले यहाँ विस्मयादिबोधकका रूपमा तिनलाई प्रस्तुत गरिएको छ ।

विस्मय– ओहो ! गजब ! हेर !

हर्ष– आहा ! हीही !

शोक– हा ! हाइ ! शिव शिव ! राम राम ! हरे शिव ! कठै !

पीडा– ऊ ! उहूँ ! ऐया !

सम्बोधन– ए ! हो ! रे ! लौ !

प्रशंसा– क्यावात, स्यावास्, वाः ।

च्युति– आच्चे, ज्या, थक्क, उस्, जा..., ई... ।

निन्दा– छिः, धिक्कार, धत्, थुक्क, हत्, हत्तेरी ।

निषेध– चुप्, बस्, न, नाइँ, अहँ, भोः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वीकार– ल, लौ, हुन्छ, हवुर, हवस्, ज्यू, अच्छा ।

यिनमा केही शब्द मूल उद्गारबोधक छन् जो अनेक भाषामा केही भिन्नताका साथ देखा पर्छन् । केही संस्कृतबाट विकसित छन्, जस्तै– हे, ए [सं० हे], हो [सं० भो], रे [सं० अरे], ओहो [अहो], आहा [अहा], न, नाहिं [नहि]; केही फार्सेलीका छन्, जस्तै– हजूर्, स्याबास्, गजब आदि । राम राम, शिव शिव जस्ता केही व्यक्तिवाचक संज्ञा र केही अन्य शब्द अरू पनि विशेष अवस्थामा विशेष ठाइँमा प्रयुक्त हुन्छन् । त्राहित्राहि, धिक्कार जस्ता शब्दहरू संस्कृतबाट सोझैं लिइएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड ४

१६. नेपालका भाषाहरू

अहिलेसम्म थाहा भए अनुसार नेपालमा चार परिवारका भाषा छन्। ती हुन्: [१] आग्नेशियाली परिवार, [२] द्रविड परिवार, [३] भोट-बर्मेली परिवार र [४] भारोपेली परिवार। यसका साथै एउटा हराउन लागेको राउटे भाषा पनि नेपालकै भाषा हो। यस भाषालाई कुनै परिवारमा राखिएको छैन।

यस खण्डमा नेपालमा बोलिने विभिन्न परिवारका भाषाको परिचय दिइन्छ।

६०. आगमन-क्रम

भाषाशास्त्रीहरूको विचारमा नेपालका यी विभिन्न परिवारका भाषा बोल्ने जातिहरू नेपालमा बाहिरबाट आए। भाषिक र जातीय दृष्टिबाट प्राचीनकालदेखि नै नेपाल र भारतका समान स्थिति र पारस्परिक सम्बन्ध भएकाले सर्वप्रथम विभिन्न परिवारका भाषाभाषीहरूको नेपाल र भारतमा आगमन बारे विचार गरौं। सम्भवतः भारतमा प्रवेश गर्ने प्राचीनतम जाति निग्रोबाटु (Negrito) अथवा हब्सी हुन्। यो सम्भवतः अफ्रिकाबाट अरब र इरानको समुद्रतट प्रदेश हुँदै भारत वर्षमा यहाँ आए। सम्भवतः यिनीहरू नेपालमा पनि बस्थे। पुड्को कद, कालो वर्ण र भेंडाको भुत्लाझैं कपालका रौं भएका यी निग्रोबटुको संस्कृति प्राचीन प्रस्तरयुगको थियो। सम्भवतः यिनी-हरूको व्यापक प्रसार दक्षिण भारतमा भयो र अहिले पनि अन्दमान द्विपसमूहमा यिनीहरू छँदैछन्। नागाल्याण्डका जातिमा नागा पनि यी निग्रोबटु जातिको अवशेष पाइन्छ। यिनीहरू ज्यादै प्राचीनकालका भएकाले र यिनीहरूभन्दा पछि आउने जातिहरूको सभ्यता उच्चस्तरको भएकाले, पछि आउने आर्यहरूको

Jayatu Sanskritaṃ, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषा र संस्कृतिमा यिनीहरूको प्रभाव देखिदैन। निग्रोवटुहरू पछि भारतभूमिमा प्रवेश गर्ने जाति आग्नेयवंशी (Austroloids) थिए। यिनीहरू कालो वर्ण, लामो टाउको र सानो नाक भएका मान्छे थिए। तर पछि आउने मंगोल र आर्यहरूसँग मिसिएर यिनीहरूको वर्ण र आकृतिमा परिवर्तन हुँदै गयो। आर्यहरू यिनलाई निषाद भन्थे। पछि यिनीहरूलाई कोल र भिल्ल भन्न थालियो। आग्नेय परिवारका भाषा इन्डोनेसिया, माइक्रोनेसिया, मेलानेसिया र पलिनेसिया द्वीपहरूमा पनि बोलिन्छन् र त्यहाँका भाषालाई दक्षिणद्वीपीय (Austronesian) भनिन्छ। यता एशिया महाद्वीपका आग्नेय भाषाभाषीहरू आग्नेसियाली (Austro–Asiatic) भनिन्छन्। आग्नेसियालीमा मोनख्मेर [बर्मा, सियाम] खासी [असम], मुण्डा [भारत], पलाउङग, निकोबारी [बर्मा] आदि वर्गका भाषा पर्छन्। मुण्डा कुलको सन्ताली भाषा झापामा बोलिन्छ। भारतवर्षमा आग्नेयहरू पछि संभवतः द्रविड आए। यिनीहरू आग्नेसियाली भन्दा अघि आएका पनि हुन सक्छन् भन्ने एक थरीको विचार छ। हिन्दूसंस्कृति र संस्कृत भाषामा यिनीहरूको अत्यधिक प्रभाव छ। द्रविडहरू सम्भवतः अफ्रिकाबाट भूमध्यसागरको बाटो इरान हुँदै भारतमा आए। मोहेन्जोदडो र हरप्पाको उत्खननपछि वैदिक आर्यहरूको आगमनभन्दा अघिको त्यस उच्चतम सभ्यताको जनक धेरैले द्रविडहरूलाई मान्न थालेका छन्। बिलोचिस्तानमा बोलिने ब्राहुइ भाषाले यतातिर अघि द्रविडहरूको बसोबास भएको प्रमाण दिएको छ। सम्भवतः आर्यहरू र द्रविडहरूको जमघट यहीं भयो। द्रविडहरू नगर-निर्माणमा कुशल थिए, पशुपालन गर्थे र कर्मकाण्ड, दार्शनिक चिन्तन, योग-साधना, ईश्वरको शिवका रूपमा पूजा आदि द्रविडहरूको देन मानिन्छ। भारतीय संस्कृतिमा द्रविडहरूको धेरै योगदान छ। नेपालमा बोलिने धाँगड वा झाँगड भाषा द्रविड-परिवारको हो। भोट चिनियाँपरिवार-भाषा बोल्ने मंगोलजातिहरू नेपाल र भारतमा आर्यहरूभन्दा अघि आएका हुन् भन्ने विद्वान्हरूको भनाइ छ। यी मंगोलहरू चीनको याङत्से र ह्वाङहो नदीका निकटवर्ती क्षेत्रमा बस्थे। यिनीहरूको एउटा हाँगा चीनमा बस्यो तर अर्को शाखा चाहिं सम्भवतः ब्रह्मपुत्रको किनारै किनार यता आयो। चीनबाट यता आएको हाँगोलाई भोट-बर्मेली शाखा भनिन्छ। यो हाँगो पनि केही कालपछि तीन उपशाखामा छुट्टियो र एउटा बर्मातिर लाग्यो, अर्को असमको पहाडी क्षेत्रमा बस्यो, अनि तेस्रो भोट र हिमाली क्षेत्रमा फैलियो। नेपालका नेवारी, तामाङ, मगर, सुनुवार, शेर्पा, थकाली, जिरेल, ब्यासी, हायु, थामी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाङ्, आदि भाषाहरू यसै परिवारका हुन् । अन्दाजी ई० पू० २५०० तिर भारोपेली परिवारका भाषाभाषीहरू एकै ठाउँमा थिए । यिनीहरूलाई अहिले भाषाशास्त्रीहरू 'विरोस्' भन्छन् । यिनीहरूको मूलस्थान-बारे कसैले मध्यएशिया, कसैले युरोपको कुनै ठाउँ र कसैले एशिया र युरोपको माझका कुनै ठाउँ भनेका छन् । ब्रान्देस्ताइनको मतमा आर्यहरूको मूलस्थान किर्गिजको उत्तरी मैदानदेखि युराल पर्वतमालाको दक्षिण-पूर्वी भागसम्मको प्रदेश हो । यहाँबाट भारत-इरानेलीहरू पूर्वतिर लागे र ई० पू० २००० तिर यिनीहरू मेसोपोटामियामा देखा परे । हिट्टेली, कस्सितेली र मितन्नी अभिलेखअनुसार ई० पू० २०००–१५०० तिर आर्यहरू त्यहाँ आएको अनुमान हुन्छ । त्यसपछि यिनीहरू इरानमा आए । इरानमा केही काल बिताएपछि यिनीहरूको विभाजन भयो, केही इरानमा नै बसे, केही भारततिर लागे । ई० पू० १५०० तिर भारतमा पाइलो हाल्ने आर्यहरू पंजाबका मैदानमा आएर बसे र पछि क्रमशः चारैतिर फिंजिन थाले । नेपालका समतल भूभागमा यिनीहरू यसै समयमा आए होलान् । गौतम बुद्धको समयमा कपिलवस्तुदेखि मिथिलासम्म आर्यहरू आइसकेका थिए । त्यसभन्दा पूर्वतिर सम्भवतः किरातहरू बस्थे । आर्यहरूको प्राचीनतम भाषा [भारतमा आएपछि] ऋग्वेदका रूपमा पाइन्छ । वैदिक संस्कृतबाट लौकिक संस्कृत, लौकिक संस्कृतबाट प्राकृत, प्राकृतबाट अपभ्रंश र अपभ्रंशबाट नेपाली लगायत विभिन्न आधुनिक आर्यभाषाहरू आए भन्ने कुराको चर्चा माथि विस्तृत रूपमा भैसकेको छ । यहाँ प्रत्येक परिवारका नेपालमा बोलिने भाषाहरूको चर्चा गरिन्छ ।

६१. आग्नेशियाली परिवारको सन्थाली भाषा

नेपालमा बोलिने सतारी [सन्थाली] भाषा आग्नेय-परिवारको आग्नेशियाली शाखाको मुण्डा वर्गको भाषा हो ।

नेपालको पूर्वी तराईको झापा जिल्लामा र सीमावर्ती भारतको बिहार, बंगाल र असम राज्यमा फैलेका सन्थालहरूको भाषा सन्थाली हो । यिनी-हरूलाई नै सतार पनि भनिन्छ । खास गरी खेतीमा नै लागेको भए तापनि पहिले जङ्गल बाक्लो हुँदा कन्दमूल र सिकार पनि यिनीहरूको जीविकाको साधन थियो । आफ्ना समुदायका बुढापाकाहरूको अनुशासनमा रहने सन्थाल-हरूको समाजमा पनि परिवर्तन आएको छ र रङ्गीचङ्गी लुगा लगाएर मेला-पर्वमा जाने, आधुनिक शिक्षा ग्रहण गर्ने र नेपाली सांस्कृतिक चाड-पर्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनाउने प्रवृत्ति वढ्दो छ। देवनागरी र रोमन लिपिमा सन्थाली भाषाको पाठ्य सामग्री भारतमा उपलब्ध छन्।

एउटा सन्थाली परम्पराअनुसार भारतको सांत भन्ने ठाउँबाट आएकाले सन्ताल वा सन्थाल भनेको हो। बंगालको मेदिनीपुर जिल्लामा एउटा सांत भन्ने गाउँ छ र त्यहींबाट उनीहरू अरूतिर गएका हुन्। अर्को एउटा लोक-परम्पराअनुसार सन्तालहरूको मूलस्थान हिहिडिपी हो।

भारतमा सन्थाल भाषाभाषीहरूको संख्या बढी भएकाले त्यहाँ यस भाषाका पाठ्यसामग्री देवनागरी र रोमन लिपिमा उपलब्ध छन्। बोडिङको सन्थाल भाषाको शब्दकोश धेरै अघि प्रकाशित भएको हो। भारतका भागवत मुर्मुले पनि सन्थाली हिन्दी शब्दकोश बनाएका छन्। नेपालमा ने. रा. प्र. प्र. द्वारा गरिएको प्रारम्भिक अध्ययनबाहेक यस भाषाको अध्ययन भएको छैन। सन्थालीमा ८ स्वर र ३३ व्यञ्जन देखाइएका छन्। आठ स्वरमा अर्धविवृत, अग्र र पश्च स्वरहरूका साथै पश्चकण्ठ्य व्यञ्जनको उपस्थिति सन्थाली उच्चारण व्यवस्थाको महत्त्वपूर्ण पक्ष हो।

९२. द्रविड परिवारको झाँगड भाषा

पूर्वी तराईको मोरङदेखि पर्सासम्म छरिएर बसेका द्रविड मूलका उराँवहरूले बोल्ने भाषालाई धाँगड वा झाँगड भाषा भनिएको छ। भारतको छोटा नग्गपुरमा बोलिने कुरुख भाषासँग यसको साम्य छ भन्ने विद्वान्हरूको भनाइ छ। द्रविड परिवारको कुरुख भाषामा मुण्डाको प्रभाव रहेको कुरा पनि विद्वान्हरूले सकारेका छन्। स्थानीय समाजमा अर्काको खेत जोतेर जीवन यापन गर्दै आएका धाँगडहरूको आर्थिक स्थिति कमजोर छ र समाजमा पनि उनीहरूलाई तलै राखेको पाइन्छ। हिन्दूहरूको प्रचलित विधिनिषेधहरूलाई सकार्दै आएका झाँगडहरू यता आफ्ना लोक-संस्कृतिका माध्यमबाट बढी मात्रामा परिचित हुँदैछन्।

झाँगड भाषाको अध्ययन केही विदेशी विद्वान्हरूले गरेका छन्। केन्ट गोर्डनको अध्ययनका आधारमा यसमा पाँच स्वर र ३४ व्यञ्जन देखाइएका छन्। द्रवित वर्णहरूको महाप्राणता र कण्ठ्य संघर्षी वर्णको अस्तित्व यस भाषामा ध्वनिगत विशेषता हुन्।

९३. भोट-बर्मेली भाषा परिवारका भाषाहरू

नेपालमा बोलिने भाषाहरूमा भोट-बर्मेली भाषाहरू नै बढी छन्। यी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषाहरूलाई केन्द्रीय र पश्चिमी, पूर्वी र किराँती तथा हिमाली भाषाहरू भनी वर्गीकृत गर्न सकिन्छ ।

नेवारी भाषा

काठमाडौं उपत्यकाका नेवारहरूको भाषा नेवारी हो । नेवारीलाई नेवार भाषा वा नेपाल भाषा पनि भनिन्छ । कृषि, व्यापार र अरू विभिन्न पेशेवार जातमा विभाजित नेवारहरूका आ-आपना रीतिरिवाज र चालचलनहरू छन् । उपत्यकाबाट विभिन्न समयमा बसाइ सरेका नेवारहरू पूर्वमा दोलखा, बनेपा, धुलिखेल, पनौती र पश्चिममा चितलाङ जस्ता क्षेत्र-मा मात्र होइन नेपालका प्राय: धेरैजसो मुख्य शहर बजार तथा व्यापारिक केन्द्रहरूमा पुगेका छन् । कला र संस्कृतका माध्यमबाट हिन्दू र बौद्ध संस्कृतिको समन्वय गर्ने नेवारहरूको नेपाली साहित्यको विकासमा पनि उल्लेखनीय योगदान छ । नेपालका भोट-बर्मेली परिवारका भाषाहरूमा सबभन्दा बढी मात्रामा लिखित साहित्यले पूर्ण भएको भाषा यही नै हो । नेवारी भाषामा प्राचीन कालदेखिका भाषिक सामग्री उपलब्ध छन् र नेवारी साहित्यका काव्य, गीत र नाटकका साथै वंशावलीहरू, संस्कृत ग्रन्थका अनु-वाद र टीकाहरू र ती ग्रन्थमा रहेका पुस्तिका र अन्य सूचनाहरूमा नेवारी भाषाको प्रयोग भएकाले यस भाषाको विकासक्रम पनि देखाउन सकिन्छ । अहिले राष्ट्रिय अभिलेखालय र च्वसापासाका पुस्तकालय आशा सफु कुथीमा नेवारी भाषाका प्राचीन कृति राखिएका छन् । २००७ सालपछि नेवारी भाषाका विविध विधाहरूमा आधुनिक रचनाहरू पनि देखापरेका छन् । यो भाषा अहिले स्नातकोत्तर तहसम्म अध्यापन गरिन्छ । नेवारी भाषा र साहित्यमा नेपालबाट विद्यावारिधिको उपाधि हासिल गर्ने नेपालका विद्वान्-हरू छन् भने धेरै स्वदेशी र विदेशी विद्वान्हरूले यस भाषाको गम्भीर अध्ययन गरेका छन् ।

पहरी भाषा

सिन्धुपाल्चोक, काभ्रे, काठमाडौं र ललितपुर जिल्लाका केही गाउँ-हरूमा छरिएर बसेका पहरीहरू आफ्नो पहरी भाषा बोल्छन् । ग्रियर्सनले पहरीलाई नेवारीको भाषिकाका रूपमा लिएका छन् । पहरीहरू आफूलाई दुई थरीका बताउँछन् : काठमाडौं उपत्यकाबाट गएका र सिमरौन गढबाट आएका । पहरीहरूको सामान्य जीवन उनका छिमेकी तामाङहरूकै जस्तै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिन्छ र खेतीपातीका साथै यिनीहरू पनि माछा मार्ने गर्छन् । खोलाका किनारतिर बस्ने खोले पहरी भनिन्छन् भने पाखामा खेती गर्ने पाखे पहरी भनिन्छन् । पहरीहरूमा पनि परिवर्तनको प्रभाव पर्दछ र केही पहरी-हरूले नेपालीको प्रयोग गरेका पनि देखिन्छन् ।

तामाङ

भोट-बर्मेली परिवारका भाषाहरूमा सबभन्दा बढी संख्याले बोल्ने भाषा तामाङ भाषा हो । तामाङलाई अघि मुर्मी पनि भनिन्थ्यो तर यो नाम अहिले प्रचलनमा छैन । खास गरी वागमती अञ्चलका काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा र धादिङ जिल्लाहरूमा बसोबास गर्ने तामाङहरूको भाषा तामाङ हो । पूर्वी र पश्चिमी गरी तामाङका दुई भेद देखाइए तापनि यसका अरू भेद पनि हुन सक्छन् । आफ्नै परम्परागत लामा धर्म र धामी झाँक्रीमा विश्वास गर्ने तामाङहरू सेना प्रशासन र जीविकोपार्जनका लागि अन्य कामहरूमा पनि लागेका छन् र बसाइँ सरेर टाढा टाढासम्म पुगेका छन् । नेपाली भाषीहरूसँगको सम्पर्कले गर्दा तामाङहरूको समाजमा सामाजिक परिवर्तनको लहर छिटो आएको भए तापनि आर्थिक दुरावस्थाले गर्दा ग्रामीण क्षेत्रको तामाङ समाज अझ पनि पछि परेकै छ । पश्चिमी तामाङमा पाँचस्वरका साथै नासिकीकरण, मात्रा, श्वसन र तानलाई व्यतिरेकी देखाइएका छन् । तामाङ लोकगीतको सेलो लय नेपाली समाजमा लोकप्रिय छ । पूर्वी तामाङमा ६ स्वर देखाइएको छ र स्पर्श वर्णहरूको घोषता व्यतिरेकी छैन । तर पूर्वीमा भने त्यो पनि व्यतिरेकी छ ।

गुरुङ

गण्डकी अञ्चलका, लमजुङ, तनहूँ, कास्की र स्याङ्जा जिल्लाहरूमा बसोबास गर्ने गुरुङहरूको भाषालाई गुरुङ भाषा भनिन्छ । भोट-बर्मेली परिवारको गुरुङ भाषाका क्षेत्रीय भाषिका छन् जसमा घले, मनङ्त्रा र पाँच-गाउँले मुख्य छन् । गुरुङहरूमा बौद्ध धर्म र पुरानो धामी झाँक्रीहरू मान्ने-हरूका साथै हिन्दू धर्मबाट प्रभावित पनि धेरै छन् । खास गरी खेतीपाती र पशुपालनलाई जीविकाको साधन बनाएका गुरुङहरू नेपाली, भारतीय र ब्रिटिश सेनामा जान थालेपछि गुरुङ समाजमा सामाजिक परिवर्तनका लक्षण-हरू देखिन थाले । नेपाली संस्कृतिका विशेषताहरूलाई आत्मसात् गरेका गुरुङहरूले नेपाली गीत र नृत्यहरूलाई आधुनिकता दिनुका साथै घाटु,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोरठी र चरित्रका माध्यमबाट नेपाली लोक साहित्यको प्रवर्द्धन गरेका छन्। स्वदेशी र विदेशी विद्वान्हरूले यस भाषाको अध्ययन गरेका छन्। ग्लोभरका अनुसार गुरुङ भाषामा ५ स्वर र २१ व्यञ्जन छन्। खण्डेतर वर्णका रूपमा नासिक्यता, दीर्घता र महाप्राणता व्यतिरेकी छन्। कतिले घले, मनङ्ग्रा र पाँचगाउँलेलाई गुरुङ भाषाका भाषिका पनि मानेका छन्।

लमजुङका दुराहरूको आफ्नै दुरा भाषा थियो भन्ने बाबुराम आचार्य-को भनाइ छ। तर अहिलेका दुराहरू नेपाली नै बोल्छन्।

थकाली

मुस्ताङको थाक खोलाका र त्यहाँबाट अरूतिर फैलेका थकालीहरूको भाषा थकाली हो। कुशल व्यापारीका रूपमा परिचित थकालीहरूमध्ये धेरै-जसो कुलपूजा र पितृपूजाका पर्वहरू मनाउनुका साथै विभिन्न दवी-देवताका पूजा-आजा गर्छन्। केही चाहिं आफ्नै परम्परागत धामी झाँक्रीमा विश्वास गर्नेहरू पनि छन्। मुक्तिनाथ भन्दा दक्षिणका पाँच गाउँका बासिन्दा थकाली-हरूलाई पाँचगाउँले भनिन्छ, जसले बढी मात्रामा थकाली संस्कृतिका विशेषतालाई सञ्चित गरेका छन् र अरू थकालीको भन्दा केही मात्रामा भिन्न भाषा बोल्छन्।

चेपाङ

मध्य नेपालको मकवानपुर, चितौन, धादिङ र गोर्खा जिल्लाहरूमा बस्ने चेपाङहरू भोट-बर्मेली परिवारको चेपाङ भाषा बोल्छन्। सिकार र कन्दमूलको संग्रहबाट जीविकोपार्जन गर्ने परम्परालाई त्यागेर आधा शताब्दी यता मात्र चेपाङहरूका समाजमा परिवर्तनका लक्षणहरू देखापरेका हुन्। सार्वनामिक भाषाका रूपमा चेपाङ आफ्ना क्षेत्रका अरू भाषाभन्दा फरक छ।

मगर

गण्डकी प्रश्रवण क्षेत्रका पाल्पा, स्याङ्जा, गुल्मी, पर्वत र बाग्लुङ जिल्लामा मगरहरूले बोल्ने भाषा मगर भाषा हो। नेपाली भाषीहरूका साथ बढी समयसम्म रहेकाले मगर भाषामा नेपालीको प्रभाव छ। पूर्व र पश्चिम-तिर बसाइ सरेका मगरहरू नेपाली बोल्न थालेका छन् भने उत्तर तिरका मगरहरूमा लामा धर्मको प्रभाव र दक्षिणतिरकामा हिन्दू धर्मको प्रभाव बढी देखिन्छ। देवनागरी लिपिको प्रयोग गरी मगर भाषामा साहित्यको रचना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने प्रयास भएको छ र स्वदेशी तथा विदेशी विद्वान्हरूले यस भाषाको अध्ययन गरेका छन् । केही विद्वान्हरूले अक्खा लिपिलाई मगर भाषाको प्राचीन लिपि भनी दाबी गरेका छन् ।

मगर भाषामा ६ शुद्ध स्वर र तिनका श्वसित रूप छन् । नासिक्य र अन्तस्थ व्यञ्जनहरूमा पनि शुद्ध र श्वसितका बीचको व्यतिरेक पाइन्छ । तर मगर भाषामा त वर्ग र टवर्गमा व्यतिरेक छैन ।

राउटे

पश्चिमी नेपालका सदाबहार जङ्गलमा भ्रमणशील र संग्रहजीवी राउटेहरू भोट-वर्मेली परिवारको आफ्नै राउटे भाषा बोल्छन् । यी भ्रमण-शील राउटेहरूको डफफामा अन्दाजी १५० जति भएको अनुमान छ । अर्को डफफाका राउटेहरू महाकाली अञ्चलमा बसोबास गर्न थालेका छन् तर यिनी-हरूको भाषा भोट-वर्मेली परिवारको हो । तर यस भाषाबारे जानकारी पाइएको छैन ।

राजी

सेती अञ्चलका भेरीका किनारमा डुङ्गा चलाउने र माछा मार्ने राजीहरूको भाषा राजी हो । अहिले सेती नदीमा ठाउँ ठाउँमा पुलहरू बनेकाले डुङ्गा चलाउने काम छोडेर राजीहरू खेतीमा लागेका छन् । केही राजीहरूले पुनर्वासको व्यवस्थामा जग्गा पाएर तराईमा खेती गर्न लागेका छन् भने केही जीविकाको खोजीमा तराईतिर पनि बसाइ सरेका छन् । यिनीहरू पनि कुनै बेला राउटेहरू जस्तै संग्रहजीवी र सिकारी थिए । पछि पूर्वका बोटे र माझीहरूले जस्तै डुङ्गा चलाउन थाले र अहिले कृषिकार्यमा लागेका छन् । यिनीहरूका निकटतम सम्बन्धी पनि राउटेहरू हुन् भनिन्छ तर यिनी-हरूको र राउटेहरूको सम्बन्धबारे यिनीहरूलाई नै थाहा छैन ।

राई

नेपालका राई जातिका विभिन्न समुदायले बोल्ने भाषाहरूलाई राई भाषा भनिन्छ । जनगणनामा ती सबै भाषालाई राई-किराँती भनिएको छ । किराँतीअन्तर्गत लिम्बूलाई समेत समावेश गरी पूर्वी, मध्य र पश्चिमी गरी राई भाषाहरू जान्सनद्वारा तीन वर्गमा विभाजित छन् । निजका अनुसार पश्चिमीमा उम्बुले, जेरुङ, थुलुङ, लिमखिम, बाहिङ, सुनुवार, खालिङ, दुमी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोई, वायू र तिलुङ पर्छन् । मध्य किराँतीमा वान्तवा, पुमा, चामलिङ, मेय्रोहाङ, पुङयोङ, चुक्वा, साङपाङ, कुलुङ, नेछारिङ, दुङमाली र वालिङ पर्छन् । यस्तै पूर्वी किराँतीमा लिम्बू, अठपहरे, बेलहारिया, छिलिङ, मुगाली, आङदूवाली, याक्खा, याम्फु र लोहरोङ पर्छन् । किराँत शब्दको प्रयोग वेद, पुराणहरू तथा काव्यहरूमा पाइन्छ र यी प्राचीन ग्रन्थहरूले किराँतहरूको नेपालमा अति प्राचीनकालदेखिको बसोबास प्रमाणित गर्छन् । किरांत शब्दले विस्तृत अर्थमा भोट-बर्मेली परिवारका माथि भनिएका भोट-हिमाली वर्गका किराँती समूहका भाषाका वक्तालाई जनाउँछ भने सीमित अर्थमा विभिन्न राई भाषाहरू र तिनका वक्ताहरूलाई जनाएको पाइन्छ । प्रारम्भमा राईले सम्मान मात्र जनाउथ्यो भने पछि यो शब्द जाति र भाषाका लागि प्रयोग हुन थाल्यो । राई भाषा भाषीहरू खास गरी दूध कोशीदेखि अरुण खोलाका बीच र वरिपरिका क्षेत्रमा छन् । राईअन्तर्गतका विभिन्न भाषाहरूको अध्ययन स्वदेशी तथा विदेशी विद्वान्हरूले गरेका छन् ।

सुनुवार

लिखु खोला र खिम्ती खोलाको किनारमा वस्ने सुनुवारहरू सुनुवार भाषा बोल्दछन् । सुनुवारहरू अघि सिकारीका रूपमा नामी थिए तर वन जङ्गलको विनाश र वनविभागको नियन्त्रणका कारणले गर्दा अचेल सिकार खेल्ने चलन छैन । खेती र पशुपालनमा लागेका सुनुवारहरूमा अहिले सेनामा बढी छन् र सेनामा जानेहरूको आर्थिक स्थिति राम्रो भएकाले सुनुवारहरू आफुलाई माथिल्लो स्तरमा राख्न चाहन्छन् । डोरा वियरी र मर्गलिन सुल्जका अनुसार सुनुवार भाषामा ५ स्वर र २५ व्यञ्जन छन् ।

थामी

दोलखाको नजीकका गाउँहरूमा वस्ने थामी जातिले बोल्ने भाषालाई थामी भनेको हो । तर थामी नाम कसरी रह्यो । यसबारे दुई मत देखापरेका छन् : एक थरी मतअनुसार लिच्छवीहरूको आगमनपछि काठमाडौं उपत्यकाको ठिमीमा बस्नेहरू अरू दोलखालीहरूसित त्यता गएर बसे । अर्को व्याख्याअनुसार थामीहरू पनि किराँत नै हुन् । एक भाइ किराँत तामाकोशीको किनार हुँदै सुस्पाका राँगाथलीमा आइबसेछन् । केही समयपछि उनलाई खोज्दै अरू भाइहरू आएछन् र साह्रै दुःख गरी बसेको देखेर फर्कौं, नबसौं भनेछन् । तर 'मँ हाल्यो, मलाई यहीं थमौती गरिदेऊ' भने पछि लौ त तिमी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहीं थामियौ भनी भाइहरू फर्कंछन् । पछि दोनखाली राजाले पनि त्यहीं बस्न पाउने गरी थमौती गरिदिएछन् ।

चरिकोट जिल्लाको दोलखा नजिकै रहेका सुस्पा, दुम्कोट, लापिलाङ, थिगु, कुसाती, गुजरिया, डोकथली जस्ता गाउँहरूमा थामीहरूको वसोवास छ । आफूलाई किरात वर्गका मान्ने थामीहरूमा किरात संस्कृतिका विशेषता विद्यमान छन् । किरात वर्गका भाषासँग थामी भाषाको साम्य रहेको कुरा ग्रियर्सनले बताएका छन् । थामी भाषाका कति भाषिका छन् भन्ने कुरा थाहा हुनसकेको छैन । चरीकोटका र सिन्धुपाल्चोकको धुस्कुन भन्ने ठाउँमा थामीहरूमा केही फरक छ, थामीहरूको लिखित साहित्य छैन । तापनि लोक-साहित्य छ । यिनका समाजमा प्रचलित गीतहरूमा नेपालीको प्रभाव छ ।

खालिङ राई

राई भाषाहरूमा एउटा खालिङ राई हो । यस भाषाको अध्ययनमा सुयोशी तोवा (१९७२) को योगदान महत्त्वपूर्ण छ । उनले खालिङ राई भाषामा ६ स्वर र २५ व्यञ्जन देखाएका छन् । यस भाषामा लय व्यतिरेकी छ ।

हायू

रामेछापका हायूहरूको भाषा हायू वा वायू हो । केही स्वदेशी र विदेशी विद्वान्हरूले हायूको अध्ययन गरेका छन् ।

अठपहरे

धनकुटाका नगरपालिकाअन्तर्गत र भीर गाउँका राईहरूले बोल्ने भाषालाई अठ्पहरे भनिन्छ । अठ्पहरिया शब्दको प्रचलन पनि देखिन्छ । तर यो आठ पगरे हो अठपहरिया होइन भन्ने टङ्क न्यौपानेको भनाइ छ । उनीहरूको उच्चारणमा यो शब्द "अठप्रे" हो । आठ थरी राईले पगरी पाएकाले "आठ पगरे" भई पछि अठप्रे भएको हो ।

न्यौपानेका अनुसार अठपहरेमा ५ स्वर र २६ व्यञ्जन छन् । यो पनि सार्वनासिक भाषा हो ।

लिम्बू

नेपालको कोशी र मेची अञ्चलका तेह्रथुम, धनकुटा, ताप्लेजुङ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फिदिम र इलामका लिम्बूहरू भोट-बर्मेली परिवारको लिम्बू भाषा बोल्छन् । भारतको सिक्किम र दार्जीलिङमा पनि लिम्बूहरूको बसोबास छ । पूर्वी नेपालको लिम्बूहरूको बसोबासको क्षेत्रलाई दश लिम्बूग्रान भनिन्छ लिम्बूका पनि केही क्षेत्रीय रूपहरू छन् । लिम्बू भाषाका निम्ति श्रीजङ्गा नामको लिपिको ग्राविष्कार गरी साहित्य लेखन थालेको भनिन्छ । सिक्किममा लिम्बू भाषाका पुस्तकहरूको प्रकाशन भइरहेको छ । तर लिम्बू भाषामा लिखित साहित्यको भन्दा पनि मौखिक साहित्यको लामो परम्परा छ । किराँती संस्कृतिको पहिचान दिने किसिमले लिम्बू लोक परम्पराका केही कथा र मुन्धुम जस्तो लिम्बू पौराणिक गाथाको प्रकाशन भएको छ । लिम्बू भाषाको भाषिक अध्ययन पनि केही विद्वान्हरूबाट भएको पाइन्छ ।

धिमाल

भोट-बर्मेली परिवारको धिमाल भाषा बोल्ने मोरङ र झापाका धिमालहरूलाई राजवंशीहरू ढेमाल भन्छन्, मेचेहरू हाइको भन्छन् र पहाड-का जातिहरू मधेसे लिम्बू भन्छन् । खास गरी मोरङको लोहोद्रा खोलाको वरिपरि र मेचीसम्म छरिएर बसेका धिमालहरूले ग्रापनो परम्परागत संस्कृतिलाई सुरक्षित राखेका छन् । धिमालहरूको भाषा र संस्कृतिका विषय-मा केही अध्ययन भएको छ । धिमाल भाषा भोट-बर्मेली परिवारको हिमाली शाखाको जटिल सर्वनामिक भाषा हो भन्ने कुरा ग्रियर्सनले नै भनेको हो । तर धिमाल भाषा कुन चाहिँसँग विशेष रूपले सम्बन्धित छ भन्ने कुरामा चाहिँ मतभेद छ ।

मेचे

पूर्वी नेपालको मेचीका किनारतिर बस्ने मेचेहरू ग्रापनै मेचे भाषा बोल्छन् ।

लेप्चा

नेपालको इलाम र भारतको सीमा पारीका सिक्किममा बसोबास गर्ने लेप्चाहरूको भाषा लेप्चा हो । यसलाई लाप्चे पनि भनिन्छ र यस भाषामा रोङ लिपिमा लेखिएका र बौद्ध धर्मसम्बन्धी प्राचीन ग्रन्थहरू उपलब्ध छन् । सिक्किमबाट प्रकाशित भएका केही पाठ्य सामग्री पनि लेप्चा भाषामा उपलब्ध छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमाली क्षेत्रका भाषाहरू

उत्तरका हिमाली क्षेत्रमा पूर्वबाट क्रमशः पश्चिमतिर लाग्दा भोट-बर्मेली परिवारका विभिन्न भाषाहरूको प्रयोग पाइन्छ। तिब्बती मुख्यतः तिब्बतको भाषा भए पनि हिमाली क्षेत्रका गुम्बाहरूमा पठनपाठन हुने र बोलिने भाषा हो। शेर्पा यस क्षेत्रको प्रमुख भाषा हो।

दार्जीलिङमा कागतेका केही वक्ता छन्। जिरीमा जिरेलहरू बस्छन् र अरुण उपत्यकाको माथिल्लो भेकमा ल्होमीहरू बस्छन्। मनाङका मनाङ्वालाई न्हेसाङ पनि भनिन्छ। यस्तै किसिमले लार्के क्षेत्रकालाई न्हुपरी भनिन्छ। मुस्ताङका बासिन्दाहरूलाई लोपा भनिन्छ अनि डोल्पाका निवासीहरू डोल्पे भनिन्छन्। डोल्पाको कँकै भाषाका शब्दहरूको सङ्कलन भएको छ। हिमाली क्षेत्रका यी बासिन्दाहरूको रीतिथिति र रहनसहन अरू क्षेत्रको भन्दा भिन्न छ। हिमाली क्षेत्रमा पनि पूर्वबाट पश्चिमतिर लाग्दा यो भिन्नता स्पष्ट देखिन्छ।

तिब्बती

नेपालको उत्तरी क्षेत्रका बौद्ध मठहरूमा पठनपाठन कार्यमा प्रयोग हुने भाषा तिब्बती हो। र यो हिमाली क्षेत्रमा बसोबास गर्ने बौद्धमार्गीहरूको धार्मिक भाषा पनि हो। मानक तिब्बतीको व्यवहार गर्नेहरू पनि केही छन्। तिब्बती भाषाका लागि लिपिको निर्माण कार्य सातौं शताब्दीका राजा स्रोनचङ गम्पोका समयमा भएको हो। के भनिन्छ भने थोनमीलाई स्रोनचङ गम्पोले अध्ययन गर्नका निम्ति भारतको नालन्दा र तक्षशिला पठाए। फर्के-पछि थोनमीले तिब्बती भाषाको व्याकरण र लिपिको पनि निर्माण गरेर त्यो लिपि त्यस ताका उत्तर भारतमा प्रचलित गुप्त लिपिको आधारमा तयार भएको थियो। त्यस पछि तिब्बति भाषामा संस्कृतका ग्रन्थहरूको व्यापक रूपमा अनुवाद भयो।

शेर्पा

हिमालका शिखरहरूको आरोहण गर्ने काममा प्रसिद्ध शेर्पाहरू आफ्नै भाषा बोल्छन्। जनसंख्या लिंदा यस भाषालाई भोटे-शेर्पा भनिएको छ। शेर्पा भाषाका विभिन्न भाषिकाहरू पनि छन् तर तिनको अध्ययन हुन सकेको छैन। हेलम्बूका शेर्पाहरूले बोल्ने भाषालाई हेलम्बू शेर्पा भनिएको छ। केन्ट गोर्डन तथा स्वेतन्द्रायरले शेर्पा भाषाको अध्ययन गरेका छन्। केन्ट गोर्डनका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुसार शेर्पामा ६ स्वर र ३० व्यञ्जनहरू छन् । शेर्पामा व्यतिरेकी लय पनि छ ।

जिरेल

चरीकोट जिल्लाको जिरी उपत्यकाका जिरेलहरूको भाषा जिरेल हो। यिनका उत्तरतिर शेर्पाहरू र दक्षिणतिर सुनुवारहरू छन् र जिरेलहरूमा दुवै तिरको प्रभाव छ। तामाङहरूले जस्तै नेपाली भाषाका गीतहरू आफ्नै शैलीमा गाउने र देवी-देवताको पूजा गर्ने जिरेलहरू शेर्पा लामाबाट जीवन संस्कारका कार्य गराउँछन् । खास गरी खेतीपातीमा लागेका जिरेलहरूमा अहिलेका विकास कार्य शिक्षाको विस्तार र यातायातले गर्दा ठूलो परिवर्तन आएको छ । जिरेल समाजमा शेर्पा, सुनुवार र राईहरूसँगका सम्बन्धबारेका किम्बदन्तिहरू पनि छन् ।

ल्होमी

अरुण उपत्यकाको माथिल्लो भेकमा वस्ने ल्होमीहरू ल्होमी भाषा बोल्छन् । यस भाषाका वक्ताहरूको संख्या ४,००० जति भएको बताइएको छ । ल्होमी भाषाका वक्ताहरू सोलुकै शेर्पाहरूले बोल्ने जस्तो भाषा बोल्छन् ।

खम

खम पश्चिम र सुदूर पश्चिमका उत्तरी सीमावर्ती क्षेत्रका खमहरूको भाषा हो । खम भाषाका मुग्गाली, तराली, निसी, शेशी जस्ता भाषिकाहरू पनि छन् । डेभिड वाटर्सले खम भाषाको अध्ययन गरेका छन् ।

व्यासी

बैतडी जिल्लाको व्यास हिमालका फेदीमा बसोबास गर्ने व्यासीहरूको व्यवसाय सीमा क्षेत्रमा व्यापार गर्नु हो । तिब्बतबाट नून र ऊन ल्याउनु र खाद्यान्न तथा अन्य उपभोग्य सामग्री तिब्बतमा निकासी गर्नु व्यासीहरूले गर्दै आएको काम हो ।

कागते

रामेछाप जिल्लामा लिखुखोला र खिम्तीखोलाका बीचमा बस्ने कागतेहरूको भाषालाई कागते भनिएको छ । यिनीहरूमध्ये केही पूर्वतिर पनि लागेका छन् र भारतको दार्जीलिङ र आसाम पनि पुगेका छन् । मूल-स्थानमा यिनीहरूको सख्या १००० जति देखिएको छ । कागतेहरूलाई स्युवा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि भनिन्छ र यिनीहरूको भाषा हेलम्बू शेर्पासँग विशेष रूपले मिल्छ । यस आधारमा यिनीहरू हेलम्बू तिरबाट आएर बसोबास गरेको भनिन्छ । कागतेको चर्चा ग्रियसर्न, सेफर, भोगलिन र भोगलिनले गरेका छन् । मोनिका र हरिबाट यस भाषाको अध्ययन भएको छ ।

६४. भारोपेली परिवारका भाषाहरू

नेपालमा सबभन्दा बढी जनसंख्याले भारोपेली परिवारका भाषाहरू बोल्दछन् । यी भाषाहरूमा नेपाली, मैथिली, भोजपुरी, थारू, अवधी, उर्दू, हिन्दी, राजवंशी, बङ्गाली, दनुवार, मारवाडी, माझी, मगही, दराई, कुमाल र अंग्रेजी भाषाहरू पर्छन् । यी भाषाहरू पछिल्ला जनगणना विवरणमा परेका छन् ।

नेपाली

नेपाली नेपालको आधाभन्दा बढी जनसंख्याले मातृ भाषाका रूपमा र अन्य भाषाभाषीहरूले दोस्रो भाषाका रूपमा बोल्ने भाषा हो । यस पुस्तकमा यसै भाषाको उत्पत्तिबारे विस्तृत रूपमा चर्चा गरिएको हुँदा सम्बद्ध अध्यायहरू हेर्न सकिन्छ ।

मैथिली

मिथिला प्रदेशमा बस्ने मैथिलहरूको भाषा मैथिली हो । नेपालको मध्य-पूर्वी तराईका महोत्तरी, सर्लाही, धनुषा र सिराहा जिल्लाहरू मैथिली भाषा क्षेत्र हो । सीमावर्ती भारतीय क्षेत्रमा पनि यो बोलिन्छ र दरभङ्गा यसको केन्द्र हो । भारतका तुलनामा नेपालमा मैथिली भाषीहरूको संख्या कम भए पनि वक्ताको संख्याको हिसाबले मैथिली नेपालको दोस्रो भाषा हो । मैथिली भाषा क्षेत्रमा उच्चकुलीन पण्डित ब्राह्मणहरू, भुइहार र राजपूतहरू, यादव र कायस्थहरूका साथै विभिन्न पेसेवार जातका व्यक्तिहरू छन् । प्राचीन कालदेखिको जाति सोपान क्रमलाई मैथिली भाषीसमाजले आफ्नै भाषाका माध्यमबाट पनि प्रतिबिम्बित गरेको देखिन्छ । यस क्षेत्रमा आफ्नो विशिष्ट पहिचान देखाउँदै थारूहरू र इस्लाम धर्मावलम्बीहरू पनि बसोबास गर्दै आएकाले एकातिर मैथिलीका सामाजिक भेद छन् भने विस्तृत भौगोलिक क्षेत्रमा फैलेकाले यसका भौगोलिक भेदहरू पनि छन्। वैदिक कालदेखिको दार्शनिक चिन्तन, शास्त्रहरूको पठन-पाठन र साहित्यको सिर्जनाले मैथिली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाजलाई सुसंस्कृत तुल्याइएको छ भने लोक-परम्पराका मौलिकताहरूले पनि यो भाषा उत्तिकै समृद्ध बनेको छ। समय-समयका सिद्ध र सन्तहरूले मैथिली समाजको सामाजिक वर्गभेदमा समन्वय र सन्तुलन कायम गर्दै आएका छन्। मागधी प्राकृतबाट विकसित मैथिली यस क्षेत्रका अन्य आधुनिक आर्यहरूसँग पनि कतिपय कुरामा साम्य राख्तछ।

आजको मिथिला संस्कृतका आदिकवि वाल्मीकिका रचित रामायणको नायिका सीताको जन्मभूमि हो। उनका पिता जनककै नाममा जनकपुर छ। यिनको नाम विदेह थियो र यिनकै नामबाट यस क्षेत्रको नाम विदेह भयो। कालान्तरमा यिनको वंशलाई विदेश वश भनियो। यस वंशका एक राजालाई मिथि भनियो र यसैबाट आएको मिथिला शब्द पछि राज्यका लागि पनि प्रयुक्त भयो।

बौद्ध युगमा नै यस क्षेत्रलाई तीर मुक्ति भनिएको थियो र त्यसैको परिवर्तित रूप तिरहुत र तिरहुतिया शब्दको प्रयोग आधुनिक कालमा पाइन्छ। खास गरी मैथिली लिपिलाई तिरहुते लिपि भनेको पाइन्छ। मिथिला क्षेत्रका कायस्थहरू काठमाडौं उपत्यकामा र अरू राज्यका दरबारमा पनि लेख्ने काममा रहेकाले यिनका काइते अक्षरहरूमा तिर्हुता लिपिको प्रभाव थियो। मुद्रणको युग आएपछि मैथिली भाषाका किताबहरू देवनागरीमा नै मुद्रित भई प्रकाशित हुन थालेका हुन्। मैथिली साहित्यको प्राचीनकाल सिमरौन गढका सभापण्डित ज्योतिरीश्वर ठाकुरको वर्णरत्नाकर विद्यापतिको पदावलीले मैथिली साहित्यलाई स्तरीयता र लोकप्रियता प्रदान गऱ्यो भने काठमाडौं उपत्यकामा मैथिली साहित्यको माध्यमिक कालको निर्माण भयो। सेन राजाहरूको समयमा पनि मैथिलीले प्रोत्साहन पायो। पछि मैथिली साहित्यको विकासको त्यो निरन्तरता नरहे पनि भारतमा र नेपालको मैथिली भाषा क्षेत्रमा मैथिली साहित्यको सम्वर्द्धन भइ नै रह्यो। मैथिली क्षेत्रमा बसोबास गर्ने अरूले पनि यसको विकासमा सहयोग गरेका छन्।

मैथिलीको भाषिक अध्ययन नेपाली विद्वान्हरूबाट भएको छ भने मैथिली भाषाको आफ्नो साहित्यिक परम्परा भएकाले विश्वविद्यालयमा यस भाषाको उच्चस्तरीय अध्ययन र अनुसन्धान कार्य भइरहेको छ।

भोजपुरी

नेपालका रौतहट, बारा, पर्सा, चितवन र नवलपरासी तथा रुपन्देही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जिल्लाहरूमा र यिनका सीमावर्ती भारतीय क्षेत्रको विहार र उत्तरप्रदेशका जिल्लाहरूमा भोजपुरी भाषा बोलिन्छ। भोजपुर नाऊको विहार (भारत) को एउटा नगरको नामबाट भोजपुरी भएको हो। शिक्षितहरूले यो नाम राखेको हुँदा यस भाषाका कति वक्ताहरूले देहाती वा पूर्विया भन्ने गरेको पनि पाइन्छ। नेपालमा भोजपुरी भाषी क्षेत्र पूर्वतिर मैथिलीसँग र पश्चिमतिर अवधिसँग जोडिएको छ। यसको ऐतिहासिक सम्बन्ध मागधी प्राकृतसँग जोडिएको भए तापनि अर्धमागधीको प्रभाव पनि यसमा परेको छ। यसमा प्राचीन कालका सिद्धका दोहा र पदहरू पाइएका छन्। तर विद्यापति, सूरदास र तुलसीदासका साथै व्रज भाषाका कविहरूको प्रभाव क्षेत्रमा परेकाले भोजपुरी उठ्न सकेन। अझ आधुनिक युगमा हिन्दीको क्षेत्र भएपछि भारतमा भोजपुरीको विकासका निम्ति केही प्रयास अवश्य भए तर यो भाषिकाका रूपमा नै सीमित रह्यो। नेपालमा पनि भोजपुरी साहित्यको विकास गर्ने केही प्रयास समय-समयमा भएको देखिन्छ।

मैथिलीका तुलनामा भोजपुरीले आफूलाई बढी मात्रामा लोकभाषाका रूपमा स्थापित गरेको छ। आफ्ना छिमेकी मैथिली र अवधी भाषाका संक्रमण क्षेत्रहरूमा भाषिक प्रभाव हुनु स्वाभाविकै हो तर यस भाषामा त्यस्तो वर्ग भेद पाइँदैन। यद्यपि सामाजिक तहमा उच्च कुलीन ब्राह्मणहरू, राजपूतहरू, पेसेवार जातिहरू, थारूहरू र मुसलमानहरू यस क्षेत्रमा पनि छन्। नेपालमा बोलिने भोजपुरीको विस्तृत अध्ययन भएको छैन। भारतीय विद्वान् उदय नारायण तिवारीले भोजपुरीमा ८ स्वर र ३० व्यञ्जन भएको देखाएका छन्। अर्ध विकृत ए र ओ भोजपुरीका थप स्वरहरू हुन्।

थारू

मेचीदेखि महाकालीसम्म फैलेका तराईका विभिन्न जिल्लाहरूमा बसोबास गर्ने थारूहरूले व्यवहार गर्ने भाषा नै थारू भाषा हो। चितौन र नवलपुर एवं दाङ र देउखुरी जस्ता भित्री मधेसमा बस्ने थारूहरूको भाषालाई पनि एउटै नामबाट जनाइन्छ। पूर्वको मैथिली, बीचको भोजपुरी, पश्चिमको अवधी र कनौजी भाषाको प्रभावलाई थारूले कति मात्रामा सकारेको छ भनी अध्ययन गर्नु बाँकी नै छ। पूर्वी तराईको थारूलाई मागधी प्राकृतिसँग सम्बन्धित तुल्याए पनि पश्चिमीमा अर्धमागधीका र सुदूर पश्चिमीमा शौरसेनीका प्रवृत्ति पाइन्छन्। ठूलो क्षेत्रमा फैलेकाले यसका अनेक क्षेत्रीय भाषिका हुनु स्वाभाविकै हो तर यसका दुई क्षेत्रका क्षेत्रीय भाषिकाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेस्रो क्षेत्रमा सामाजिक भाषिकाको भूमिका खेल्नु एउटा रमाइलो पक्ष हो । एउटै क्षेत्रमा अर्थात् सुदूर पश्चिमको थारू समाजमा दङौरा र राना थारू सामाजिक भाषिकाका रूपमा छन् । थारूहरूको क्षेत्रीय विस्तारकै कारणले लोक-परम्परा, व्यवहार र विधिनिषेधहरूमा पनि पर्याप्त भिन्नता देख्न सकिन्छ । विशेष गरी, भोजपुरी, मैथिली र अवधी क्षेत्रका लोकसंस्कृतिको प्रभावलाई वहन गर्दै थारूसंस्कृति आफ्नो पहिचानका साथ बाँचेको छ । थारू भाषाको विस्तृत अध्ययन भएको छैन । चितौनको थारू भाषाको आंशिक अध्ययन भएको छ । व्यक्तिगत रूपमा र संस्थागत प्रयासबाट थारू भाषाका लोकसाहित्य र सिर्जनात्मक साहित्यको केही मात्रामा प्रकाशन भएको छ । चितौनको थारू भाषामा ६ स्वर र ३४ व्यञ्जनहरू छन् । यसमा नेपालीमा भए सरह २९ वर्ण र द्रवित वर्णहरूको महाप्राण (म्ह, न्ह, ङ्ह, र्ह, ल्ह) गरी ३४ छन् । स्वरको अनुनासिकता व्यतिरेकी छ ।

अवधी

नेपालको पश्चिम तराईका कपिलवस्तु, बाँके र बर्दियाका साथै रूपन्देहीका केही भागमा बोलिने भाषाको नाम अवधी हो । सीमावर्ती भारतीय क्षेत्रमा पनि यो प्रचलित छ । खास गरी भारतको अवधीमा बोलिने हुनाले यसलाई अवधी भनिएको हो । अवधीको सम्बन्ध अर्धमागधी प्राकृतसँग जोडिन्छ । यस क्षेत्रमा ब्राह्मण र राजपूतहरू, विभिन्न पेसेवर जातिहरू र इस्लाम धर्मावलम्बी मुसलमान समुदायमा बोलिने भाषाका रूपमा अवधी यस क्षेत्रका सबैको लोक व्यवहारको भाषा हो । अवधीमा लेखिएका साहित्यिक कृतिहरूमा तुलसीदासकृत रामायण प्रसिद्ध रचनाका रूपमा देखा परे तापनि भारतमा पनि अवधिको क्रमिक विकास भएको देखिन्छ । अवधी भाषाको अध्ययन भारतीय विद्वान्हरूबाट भएको छ र यसमा पनि नेपालीमा जस्तै ६ स्वर र ३० व्यञ्जन वर्णहरू देखिएका छन् । नेपालको पूर्वी तराईमा बोलिने अवधी भाषा पश्चिमीभन्दा केही भिन्न छ । तर नेपालमा बोलिने अवधी भाषाको मैथिली भाषाको जस्तो विस्तृत अध्ययन भएको छैन ।

उर्दू

मध्यदेशमा विकसित भएको आधुनिक आर्य भाषाले भारतमा मुगल साम्राज्यलाई बेहोर्नु पर्दा अरबेली र फार्सेलीका शब्दहरूलाई ग्रहण गर्दै जानु पर्‍यो कालान्तरमा बोलचालको भाषामा यस्ता शब्दहरूले स्थान पाएपछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषाको एउटा विशिष्ट शैलीको निर्माण भयो जसमा अर्बेली-फार्सेलीका शब्दहरूको आधिक्य रह्यो । पाकिस्तानको निर्माण पछि यस शैलीले अझ परिष्कृत रूप लिएको छ र राष्ट्रभाषाका रूपमा आफ्नो पहिचान बनाएको छ । उर्दू भाषा अर्बेली लिपिमा लेखिन्छ । नेपालका मुस्लिम समुदायमा यस भाषाको पठन-पाठन हुन्छ र यस समुदायका शिक्षित व्यक्तिहरूका बीच वैयक्तिक संचारका क्रममा यस भाषाको प्रयोग पाइन्छ ।

हिन्दी

हिन्दुस्तानी, खडी बोली र हिन्दी नामहरूद्वारा जनाइने हिन्दी भाषाको ऐतिहासिक विकासक्रम देखाउँदा यसलाई शौरसनी प्राकृतसँगै जोडिन्छ । हिन्दी शब्दको प्रयोग पछि गरिए तापनि भारतको सम्पर्क भाषा र राष्ट्र भाषाका रूपमा हिन्दीले लामो यात्रा सम्पन्न गरेको छ। उत्तर र मध्य भारतका विभिन्न भाषाका विशेषताहरूलाई सकार्दै संस्कृतबाट शब्दहरू सापट लिई यो भाषा क्रमिक रूपमा झर्रो वा खरो बन्दै गयो र खडी बोलीका रूपमा विकसित भयो । पश्चिमी हिन्दीका रूपमा रहेको खडी बोलीले विस्तारै ब्रज, बांगरू, कन्नौजी, बुन्देली जस्ता अन्य पश्चिमी हिन्दी भाषाहरू र अवधी, बघेली र छत्तीसगढी जस्ता पूर्वी हिन्दीलाई पनि समेट्यो । हिन्दीको विकासका क्रममा मैथिली, भोजपुरी र मगही जस्ता विहारी भाषाहरू र कुमाउनी र गढवाली जस्ता पहाडी भाषाहरू पनि हिन्दी मै समाहित भए । भारतीय संविधानअन्तर्गत राष्ट्र भाषाको प्रतिष्ठा पाएपछि हिन्दीको विकास अझ द्रुत गतिमा भयो र हिन्दी भाषी क्षेत्रका जनताले योगदान गरे । नेपालको तराई क्षेत्रका शिक्षित व्यक्तिहरूका बीच सम्पर्क भाषाका रूपमा हिन्दीको प्रयोग बढ्दैछ । हिन्दी संचार माध्यमले पनि यसको प्रयोगलाई बढाएको छ ।

राजवंशी

पूर्वी तराईको मोरङ र झापाका राजवंशीहरूको भाषालाई राजवंशी भनिन्छ । यस भाषालाई ताजपुरी पनि भनिन्छ । राजवंशीहरू र कोचेहरूको पुर्ख्यौली सम्बन्ध छ र कोचेहरूले नै आफ्नो भोट-बर्मेली परिवारको भाषा छाडेर बङ्गला भाषाको एउटा स्थानीय भेद ताजपुरीलाई ग्रहण गरेका हुन् भन्ने कुरा इतिहासकारहरूले लेखेका छन् । बङ्गालीसंग सम्बन्धित भएकाले यो पनि मागधी प्राकृतसंगै जोडिन्छ । आफुलाई उत्तरोत्तर सुसंस्कृत, सभ्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र परिष्कृत बनाउँदै लैजाने प्रयास गर्नु राजवंशीहरूको विशेषता देखिन्छ। कतिपय उत्साही नव-युवकहरूबाट राजवंशी भाषामा साहित्यिक कृतिहरूको सिर्जना गर्ने प्रयास देखिन्छ। यस्ता प्रकाशित सामग्रीहरूमा देवनागरी लिपिकै प्रयोग भएको छ।

बङ्गाली

बङ्गाली बङ्गालको भाषा हो। ऐतिहासिक दृष्टिले बङ्गाली भाषा प्राच्य संस्कृतको मागधी प्राकृतसँग सम्बन्धित छ। बङ्गलादेशको स्थापना भएपछि यो भाषा बङ्गलादेशको राष्ट्र भाषा पनि भयो। बङ्गालसँगको सामाजिक र सांस्कृतिक सम्पर्क र आवत जावतका कारणले र नेपालको पूर्वी क्षेत्र बङ्गालसँग पनि जोडिएकोले नेपालमा बङ्गाली भाषा-भाषीहरूको बसोवास केही मात्रामा देखिन्छ। आफ्नै समृद्ध-साहित्यिक परम्परा रहेको बङ्गाली भाषाको आफ्नै छुट्टै लिपि छ। विशेष गरी काठमाडौं उपत्यका र पूर्वी तराईका शहरहरूमा छरिएर बसेका बङ्गाली भाषा-भाषीहरूले नेपालबाट कुनै प्रकाशन गरेको देखिएको छैन तापनि बङ्गाली भाषी र बङ्गाली जान्ने नेपालीहरूले समेत भारतबाट प्रकाशित महत्त्वपूर्ण समसामयिक प्रकाशनसँग सम्पर्क राखी सूचना र ज्ञान प्राप्त गरेको पाइन्छ।

दनुवार

नेपालका केन्द्रीय र पूर्वी भित्री तराईका दूनहरूमा बस्ने दोनवार अथवा दनुवारहरूको भाषा दनुवारी हो। दोन (दून) मा बस्ने हुनाले दनुवार भनेको हो भन्ने एक थरीको धारणा छ। खास गरी गण्डकी र कोशीका सहायक नदीका खोंचहरूमा दनुवारहरूको बसोवास छ। यिनका छिमेकी दरै, बोटे र माझीभाषाहरूसँग दनुवारीको सम्बन्ध, दनुवारी भाषाका भेद र ऐतिहासिक विकास प्रक्रियाबारे पनि विस्तृत अध्ययन भएको छैन। भाषिक विशेषताका आधारमा यसको सम्बन्ध मागधी प्राकृतसँग रहेको मानिएको छ।

दनुवार भाषाका शब्दहरूको संकलन हडसनले सन् १९५८ मा गरेका थिए। त्यस पछि दनुवार भाषाको प्रारम्भिक सर्वेक्षण (बन्धु र अन्य २०२८) मा भएको थियो र सन् १९७४ मा क्लाउस पीटर कुग्लरबाट दनुवार राईको ध्वनितात्त्विक अध्ययन भएको छ। यस अध्ययनका आधारमा दनुवार भाषामा ६ स्वर व्यतिरेकी छन् भने सबै द्रवित व्यञ्जन ध्वनिहरूमा श्वसन पनि व्यतिरेकी देखिन्छ। कुग्लर र बालकृष्ण राईको संयुक्त प्रयासमा एउटा शब्दावली प्रकाशित छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मारवाडी

भारतको मारवाडबाट आएका मारवाडी जातिहरूको भाषा मारवाडी हो । व्यापारका क्रममा नेपालको शहरी क्षेत्रमा फैलेका मारवाडीहरूको संख्या तराईमा बढी छ तापनि पहाडी क्षेत्रका शहर बजारमा पनि यिनीहरू केही मात्रामा छन् । भारतको राजस्थानको पश्चिमी क्षेत्रमा प्रचलित मारवाडी भाषा शौरसेनी प्राकृतबाट विकसित राजस्थानी भएकाले कतिपय कुराहरूमा यसले नेपालीसँग समानता पनि राख्तछ । तर समृद्ध व्यापारी वर्गको भाषा भए पनि सीमित संख्याका व्यक्तिले बोल्ने हुनाले मारवाडी बोलचाल नै सीमित रहेको छ ।

माझी र बोटे

गण्डकी र यसका सहायक नदीहरूमा डुङ्गा चलाउनेहरू बोटे भनिन्छन् भने कोशी र यसका सहायक नदीहरूमा डुङ्गा चलाउनेहरू माझी भनिन्छन् । मध्य नेपालमा कतै कतै दुवै शब्दको प्रयोग पनि देखिन्छ । दनुवारहरू माझी-का छिमेकी हुन् र दनुवारको एक थर माझी पनि हो । चितौनका माझीहरूको एक थरलाई कुसबार पनि भनिएको छ । डुङ्गा चलाउने काम अब नभएकाले माझीहरूले खेतीपाती र पशुपालनबाट जीविकोपार्जन गर्न थालेको र फुर्सतका समयमा माछा मार्ने काममा बढी रुचि लिएको देखिन्छ । माझी र बोटेहरूको भाषिक सम्बन्धबाट विशेष अध्ययन भएको छैन । माझी र बोटे भाषालाई पनि मागधी प्राकृतसँगै सम्बन्धित मानिन्छ । ग्रन्थमा संकलित बोटे भाषा-हरूका सामग्री र हीरामणि पौडेलका सामग्रीको अध्ययन गर्दा यी दुवैमा भिन्नता देखिन्छ ।

मगही

नेपालको तराई क्षेत्रमा मगही भाषा-भाषी पनि केही मात्रामा बसेका छन् । भारतको बिहार राज्यको मगध क्षेत्रको मागधी प्राकृतबाट जन्मेको मगही खास साहित्य सम्पन्न भाषा नभएकाले यस भाषाका वक्ताहरू पठन-पाठनका निम्ति हिन्दी मैथिली र नेपालीकै सामग्रीको प्रयोग गर्छन् ।

दरै

पाल्पा, तनहूँ र चितौनमा सहायक नदीका किनारमा बस्ने दरैंहरूको भाषाको नाम पनि दरैं नै हो । दरैंहरूको मुख्य पेशा पशुपालन र खेती हो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तापनि यिनीहरू फुर्सतका समयमा माछा मार्ने गर्छन् । कतै यिनका छिमेकी थारूहरू छन् भने कतै कुमाल, दनुवार र माझीहरू छन् । नेपाली-भाषी बाहुन क्षेत्रीहरूको प्रभाव यिनीहरूमा परेको छ यिनका भाषामा निजी विशेषताहरू अवशिष्ट छन् । दरैको ऐतिहासिक अध्ययन विस्तृत रूपमा भएको छैन तापनि यो भाषा अर्धमागधीसँग सम्बन्धित बताइन्छ । कोतापिशको विश्लेषणअनुसार दरै भाषामा नेपालीमा जस्तै ६ स्वर र ३० व्यञ्जन व्यतिरेकी छन् । तर दरै भाषाका क्रिया रूपहरूले सार्वनामिकताको चाखलाग्दो उदाहरण पनि प्रस्तुत गर्दछन् । कोतापिशबाट भएको दरै भाषाको कारक व्यवस्थाको अध्ययनका साथै एउटा सानो दरै-अंग्रेजी तथा अंग्रेजी-दरै शब्दकोश पनि प्रकाशित छ ।

अंग्रेजी

नेपालको जनगणना विवरणले देखाए अनुसार नेपालमा केही मात्रामा अंग्रेजी भाषाका वक्ता पनि छन् । बितेका वर्षहरूमा नेपाली नागरिकता लिई नेपालमा बसोबास गर्ने अंग्रेजी भाषा-भाषीहरूको संख्या क्रमश: बढ्दै गएको छ । विश्वभाषाका रूपमा अंग्रेजीको प्रयोग हुने हुँदा यस भाषाका केही वक्ताहरू नेपालमा हुनु स्वाभाविकै हो । भारोपेली परिवारको जर्मनिक शाखाको यस भाषाको प्रयोग अहिले परिवारमा सीमित रूपमा छ तापनि उच्च कक्षाका वैज्ञानिक प्राविधिक विषयको पठन-पाठन, बाह्य-सम्पर्क, पत्राचार र सिर्जनात्मक लेखन आदिमा अन्य भाषा-भाषीहरूबाट पनि यस भाषाको प्रयोग बढ्दै छ ।

कुमाल

तराई, भित्री मधेस र पहाडका बेसीहरूमा बसोबास गरी माटाका भाँडा बनाएर जीविकोपार्जन गर्ने परम्परागत पेशाका जातिलाई कुमाल वा कुम्हाल (सं० कुम्भकार) भनिन्छ । भारोपेली परिवारको प्राच्य संस्कृतको मागधी प्राकृतबाट विकसित भनी मानिएको कुमाल भाषा बोल्नेहरू प्राय: थारू, दरै, दनुवार, माझी, बोटेहरू भएका ठाउँहरूमा उनीहरूकै जस्तो भाषा बोल्ने र उनीहरू जस्तै व्यवहार गर्ने जातिका रूपमा देखिन्छन् भने भोजपुर जिल्लाको वास्तिम गाउँमा बस्ने कुमालहरू र काठमाडौं उपत्यकाका माटाका भाँडा बनाउनेहरू भने भोट-बर्मेली परिवारको नेवारीकै भाषिकाको प्रयोग गर्छन् । माटाका भाँडाहरूको उपयोग कम हुँदै गएका ठाउँहरूमा परम्परागत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पेशा छोडी यिनीहरू पनि अरू छिमेकी सरह खेतीपातीमा पनि लागेका छन् । कमजोर आर्थिक अवस्थाका कारणले अरूको जग्गा कमाउने र ज्यालादारी गर्नेहरूमा कुमालहरू पनि छन् । विशेष गरी गण्डकी र कोशी क्षेत्रमा माटाका भाँडाहरू बनाएर समाजको खाँचो टार्ने कुमालहरूको विशेष योगदान छ । यिनीहरूको संख्या सानो भए पनि प्रसार क्षेत्र भने ठूलो छ । हीरामणि पौडेलको अध्ययनका आधारमा कुमाल भाषाको शब्द भण्डार र संरचनाको परिचय प्राप्त हुन्छ । भौगोलिक विस्तारका कारणले यसका विभेदहरू पनि छन् । भोजपुरीसँग साम्य राख्ने कुमाल भाषामा नेपाली भाषाको प्रभाव बढ्दै छ । कतिपय क्षेत्रका कुमालहरूले नेपाली भाषा पनि ग्रहण गरिसकेका छन् ।

९५. कुसुन्डा : अवर्गीकृत भाषा

नेपालको गण्डकी क्षेत्रदेखि कर्णालीका किनारसम्म फैलेको चुरे पहाडका वरिपरिका घना जङ्गलमा कन्दमूल संकलन गर्ने र सिकारीको जीविका लिई वनमा आश्रित हुने कुसुन्डाहरूको भाषा कुसुन्डा हो । अहिलेसम्म यस भाषालाई कुनै परिवारमा गाभ्न सकिएको छैन । यिनीहरूका विषयमा हजसन, ग्रियर्सन, राइनहार्ड र तोवाले अध्ययन गरेको पाइन्छ । यो लुप्तप्राय भाषा हो र यो भाषा बोल्ने यस पंक्तिका लेखकले २०४४ सालमा एउटी महिला मात्र भेटेको थियो ।

नेपालमा बोलिने चारै परिवारका भाषाका वक्ताहरूको स्थितिलाई तालिकामा देखाइएको छ । यसमा विगत पाँच जनगणनाका विवरणलाई तुलनाका निम्ति प्रस्तुत गरिएको छ । जनगणनाका प्रतिवेदनमा माथि वर्णन गरिएका सबै भाषाका विवरणहरू प्रस्तुत गरिएका छैनन् ।

तालिका : नेपालको जनगणना विवरणमा दिइएका नेपालका भाषा र तिनका वक्ताहरू

	२०११-१५	२०१८	२०२८	२०३८	२०४८
क) आग्नेय परिवार					
सन्थाल	५०७	१०,६४५	३,१९३	५,८०४	८,०३०
सतार	१६,७५१	१८,८४०	२०,६६०	२३,४०३	२५,३०२

Jayatu Sanskritam, Kathmandu, Nepal

ख) द्रविड परिवार					
झांाड	४,८३२	९,१४०	—	—	१५,१७५
ग) भोट बर्मेली परिवार					
तामाङ	४९४,७४५	२१८,=१२	५५५,०५६	५२२,४१६	९०४,४५६
नेवारी	३८३,१८४	३७१,७२७	४५४,९७९	४४८,७४६	६९०,००७
राई	२३६,०४९	२३९,७४९	२३२,२६४	२३१,३३३	४३९,३१२
मगर	२७२,१९२	१५४,६७५	२८८,३८२	२१३,६८१	४३०,२६४
लिम्बू	१४५,५११	१३८,७०५	१७०,७८७	१२९,२३४	२५४,०३३
गुरुङ	१६२,१९२	१५७,७७८	१७१,६०९	१७४,४६४	२२७,९१८
शेर्पा	७०,१२३	८४,२२९	७२,३१८	७३,५८९	१२१,८०९
चेपाङ	१४,२६२	९,२४७	—	—	२५,०९७
धिमाल	५,६७१	८,१८८	—	—	१५,०१४
थामी	१०,२४०	९,०४६	—	—	१४,४००
थकाली	३,३०७	४,१३४	—	—	७,११३
जिरेल	२,७२१	२,७५७	—	—	४,२२९
राजी	१,५१४	८०१	—	—	२,९५९
ब्यासी	१,७१६	—	—	—	१,३१४
सुनुवार	१७,२९९	१३,३६२	२०,३८०	१०,६५०	—
लाप्चे	—	१,२७२	—	—	—
मेचे	५२३	९३८	—	—	—
पहरी	८६४	३,००२	—	—	—
हायु	२३३	—	—	—	—
घ) भारोपेली परिवार					
नेपाली	४०,१३,५६७	४७,९६,५२८	६०,६०,७५८	८७,६७,३६१	९३,०२,८८०

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैथिली	३,००,७६८	११,३०,४०१	१३,२७,२४२	१६,६८,३०९	२१,९१,९००
भोजपुरी	१६,३३५	५७७,३५७	८०६,४७०	११,४२,८०५	१३,७९,७१७
थारू	३५९,५९४	४०६,९०७	४९५,८८१	५४५,६८५	८७३,७४०
अवधी	२७	४४७,०९०	३१६,९५०	२३४,३४३	३०९,४४०
उर्दू	३२,५४५	२,६५०	—	—	२०२,२०८
हिन्दी	८०,१८१	२,८६७	—	—	१७०,९९७
राजवंशी	३५,५४३	५५,८०३	५५,१२४	७३,५८९	८५,५५८
बङ्गाली	—	९,९१५	—	—	२७,७१२
दनुवार	९,१३८	११,६२४	९,९५९	१३,५२२	२३,७२१
मारवाडी	—	६,७१६	—	—	१६,५१४
माझी	५,७२९	५,८९५	—	—	११,३२२
मगही	६४९	—	—	—	१०,१४०
दराई	३,०८४	१,६४५	—	—	६,५२०
कुमाल	३,५१०	१,७२४	—	—	१,४१३
अंग्रेजी	—	—	—	—	२,७८४

(स्रोत : नेपालका जनगणना विवरणहरू)

१७. खस जाति र भाषा

९६. खसजातिको खोजी

उन्नाईसौं र वीसौं शताब्दीमा युरोपेली, भारतेली र नेपाली विद्वान्-हरूले खस जाति, भाषा र संस्कृतिका विषयमा धेरै चर्चा गरेर नेपाली भाषा-लाई खस भाषा या खस कुरा पनि भनेका छन् । त्यसै कारण यहाँ खस जाति, भाषा र संस्कृतिका विषयमा छलफल गर्न आवश्यक देखिएको छ । यूरोपेली विद्वान्हरूले खस जाति र तिनीहरूको संस्कृतिका विषयमा धेरै प्रमाणहरू दिएका छन् । त्यस्तै भारतेली र नेपाली विद्वान्हरूले पनि यिनीहरूको बारेमा प्रशस्त चर्चा गरेका छन् ।

काठमाडौं उपत्यकाका अभिलेखहरूमा खस जातिको नाम ब्राह्मण, प्रधान, मगरहरूको साथ आएको छ । काठमाडौं मखनटोलका र रानीपोखरी-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का शिलालेखहरू मल्ल राजाहरूले नेपाली भाषामा कुँदाई पाँच साक्षीहरूमा खसलाई पनि राखेको पाइन्छ। यसभन्दा अघि अठारौँ शताब्दीको आधाआधी-तिर जुम्लाका राजा सुदर्शन शाहले आफ्नो ताम्रपत्रमा आफ्नो राज्यलाई खसान र जडानमा विभक्त देखाएका थिए।

नेपालको प्राचीनतम वंशावलीले खसिया राजा जितारि मल्ल, रिपु-मल्ल र आदित्य मल्ल काठमाडौँ आएको बताउँछ। यस कुराको पुष्टि योगी नरहरीनाथ र टुचीका खोजहरुद्वारा भएको छ। पृथ्वी मल्लको कोटिस्तम्भ अभिलेखमा दिइएका राजाहरूको नामावलीमा पनि वंशावलीमा उल्लेखित राजाहरूको नाम यसरी आएको छ– नागराज, चाप, चापिल्ल, क्राशिचल्ल, क्राचल्ल, अशोक चल्ल, यिनका छोरा जितारि मल्ल, र आनन्द मल्ल, आनन्द मल्लका छोरा रिपु मल्ल र संग्राम मल्ल, उता जितारि मल्लका अक्षय मल्ल र आदित्य मल्ल, कल्याण मल्ल र प्रताप मल्ल। प्रताप मल्लपछि पुण्य मल्लका छोरा पृथ्वी मल्ल सिंजाका राजा बन्छन्। टुचीले यी राजाहरूको नाम निकटवर्ती भोटको ऐतिहासिक विवरणमा भएको देखाउँदै यिनीहरूको राज्य-विस्तार उत्तरतिर पनि भएको देखाएका छन्। प्राप्त सामग्रीका आधारमा यी राजाहरूको समय यसरी देखाउन सकिन्छ :

पृथ्वी मल्ल– १३३८, १३५१, १३५७, १३५८, १३७६

पुण्य मल्ल– १३३६, १३३७

आदित्य मल्ल - १३२६

अक्षय मल्ल– १३१५

रिपु मल्ल– १३१०, १३१२, १३१३

जितारि मल्ल– १२८८, १२९३

अशोक चल्ल– १२५१, १२७४

क्राचल्ल– १२२३

सिंजाका राजा पृथ्वी मल्लको कोटिस्तम्भअनुसार क्राचल्लका वंशज प्रताप मल्लपछि पुण्य मल्ल सिंजाका राजा बन्छन्। सपादलक्षका राजा अशोक चल्लको राज्य पश्चिम र उत्तरतिर फैलिएको देखिन्छ र गोपेश्वरमा रहेको विशाल त्रिशूल उत्कीर्ण अभिलेखबाट यिनको काम राजा अशोकको जस्तै देखिन्छ। यसमा भनिएको छ– हारेका योग्य शत्रुलाई उठाउनु पनि पुण्य काम हो (कुमाऊँ पृ० ६१ मा)। गयामा भेटिएको शिलालेखबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी अशोक चल्ल सपादलक्ष प्रदेशका खस राजा देखिन्छन् । दुल्लूमा लेखिएको बालेश्वरको ताम्रपत्रमा उत्कीर्ण भएको अशोक चल्लका बाबु क्राचल्लको १२२३ को अभिलेख उनले आफ्नो शासनको सोह्रौं वर्षमा लेखाएकाले १२०७ मा उनले राज्य गर्न थालेको बुझिन्छ । क्राचल्लभन्दा अघिका पांच पुस्ताका राजाहरूलाई, प्रत्येकलाई बीस वर्षको दरले दिएर १२ औं शताब्दीको प्रथम चरणमा खसहरूले पश्चिमी नेपालमा आक्रमण गरेको टुङ्गो लगाइएको छ (पांचसय वर्ष, पृ० ७३) । तर निश्चित प्रमाणको आधारविना यस विषयमा किटेर भन्न सकिंदैन । कुमाऊंको इतिहासमा खस राजाहरूले कालिकुमाऊंमा अन्दाजी २०० वर्षसम्म राज्य गरे । दानपुरमा पनि खसहरूको राज्य थियो । चन्द्रवंशले यी राजाहरूलाई हटायो (कुमाऊंको इतिहास पृ० ७६) । यी हटाइएका राजाहरू पश्चिम नेपालमा आए होलान् भन्ने प्राध्यापक पोखरेलको अनुमान छ । यी राजाहरूको नाम र समय यस प्रकार छ -

इन्द्र (१०५४-६५), संपाल (१०४२), जयपाल (१०२६), भागू (१०१५), नागू (९९६), पीडा (वीडा) (९८७), गुणा (९६८), मूल (९६०), जाहल (९४०), कलसू (९२९), काल (९२४), जड (९१५, जाजड (८९६), जीजड (८८९), विजड (८६९), राम शाहका समयमा चित्रविलासले तयार गरेको शाह वंशावलीअनुसार राजाहरूका प्रथम तीन नाम क्रमशः जिल्ल, अजिल्ल र अटल्ल हुन् । यी नामहरूको सम्बन्ध दुल्लूका प्रतापी नागवंशी राजाहरूको नामसँग छ छैन-यो इतिहासको विषय हो । राहुलका विचारमा राजवंशको सम्वन्ध खस जातिसँग हुनसक्छ (कुमाऊं, पृ० १००) ।

बाह्रौं शताब्दितिर लेखिएको कल्हणको 'राजतरंगिणी' मा कविले कश्मिरको ऐतिहासिक वर्णन गर्दै खसहरूको नेपाल-अभियानबारे पनि लेखेका छन् । यो अभियान आठौं शताब्दीतिर भयो । राजतरंगिणीको सम्पादन गर्ने अरेल स्टनले यसै काव्यका आधारमा खसहरूबारे चर्चा गरेका छन् । सातौं शताब्दीतिर सम्पादित चीनियां कोश फा-वन्-युगमा 'किचा' शब्द आएको छ र त्यसको अर्थ खस दिइएको छ । खेडाको अभिलेखअनुसार सातौं शताब्दीतिर खसहरू हिमालयको वरिपरि वस्थे । यस्तै लंकाका प्राचीन कागजपत्रहरूमा अशोकले जितेका जातिहरूमा खसहरूको नाम पनि आएको छ । एटकिंसनका विचारमा यी नेपालका खस थिए । केशरबहादुर के. सी. का विचारमा खस, कस, शक, षस, एउटै जातिका विभिन्न नाम हुन् । उनले चीनियां तुर्किस्तानमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्त अभिलेखहरूको परीक्षण गर्दै नेपाली लिच्छवी लिपिसँग तुलना गरेका छन् र कर्णाली प्रदेशका राजाहरूको अभिलेख र मध्य एशियाका यी अभिलेखका शैली र भाषा तथा जाति र संस्कृतिका आधारमा पनि समानता देखाएका छन्। रोमन इतिहासकार प्लिनीका अनुसार सिन्धु र जमुनाका माझ जंगलमा बस्ने पहाडी जातिहरू कसी (Cesi) र कत्रिवर्नी (Cetriboni) हुन्। प्लिनीले भनेका कसी खर र कत्रिवनी चाहिं क्षत्रियाणी हुन् भन्ने एटकिन्सनको भनाइ छ। यिनले कश्मीरलाई खशीर भनेका थिए। ग्रीक लेखक टोलेमीले उत्तर-पश्चिमी क्षेत्रमा बसोबास गरेका जातिहरूको उल्लेख गर्दै खसिया राज्यको चर्चा पनि गरेका छन्।

१७. पौराणिक ग्रन्थहरूमा खस

महाभारत, पुराणहरू र स्मृतिमा खस जाति र तिनीहरूको विशेषताबारे धेरै ठाउँमा चर्चा भएको छ। भरतमुनि र बाराहमिहिरले पनि खसहरूको नाम लिएका छन्। बाराहमिहिरले खसहरूको नाम कुलूट, तङ्गण र कश्मीरहरूका साथ लिएका छन्। यिनले हिमाली क्षेत्रको पश्चिमदेखि पूर्वसम्म खसहरूको बसोबास भएको मानेका छन्। योगी नरहरिनाथको पनि यही विचार छ–खसदेश भनेर मानसरोवर कैलाशको वरपर तल-माथिका देशहरूको ग्रहण गरिएको छ (इतिहास प्रकाशमा संधिपत्र संग्रह, पृ. ७७४) र विशेषत: कृष्णा गण्डकीदेखि पश्चिमका क्षेत्रलाई खसान प्रदेश मानिएको छ (उही, ७७५)। उनले काव्य मीमांसाको आधा श्लोक उद्धृत गरेर नेपालमा राजालाई खसाधिपति भनेको उल्लेख गरेका छन्। भरतमुनिले (वाह्लीक भाषोदीच्यानां खसानां च स्वदेशजा:) 'वाह्लीकभाषा नै खसहरूको र त्यहाँका वासिन्दाहरूको भाषा हो' भनेका छन्।

महाभारतका अनुसार खस जातिहरूको उत्पत्ति अरू जातिहरूका साथ त्यसबेला भयो जब ऋषि वशिष्ठकी गाई नन्दिनीलाई विश्वामित्रले बलपूर्वक हरण गर्न लागेका थिए। नन्दिनीले आफ्नो रक्षाका लागि विभिन्न जातिहरूको सृष्टि गरिन् र खस जातिको सृष्टि गाईका गाजबाट भयो। तर मनुस्मृतिले खसहरूको उत्पत्ति क्षत्रिय व्रात्यबाट देखाएको छ। महाभारतको उद्योगपर्वमा यी खसहरूले दुर्योधनका पक्षमा लडेको बताइएको छ र कर्णले यी खसहरूलाई पनि जितेको देखाइएको छ। युधिष्ठिरको यज्ञमा टाढा टाढाबाट कोसेली ल्याउने राजाहरूका साथ खसहरूले पनि पिपीलिका स्वर्णधूलि द्रोणभरि ल्याएका थिए र युधिष्ठिरको ढोकामा पर्वतीय उपायन लिएर उभि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एका थिए। यी खसहरू त्यस वेला मेरु र मन्दर पर्वतका माझ बग्ने शैलोदा नदीका किनारमा बस्थे। तर, जब कौरव र पाण्डवका माझ लडाइँ भयो, कौरवहरूले यी खसलाई आफ्नो पक्षमा मिलाएको देखिन्छ। संभवतः पहिलो र दोस्रो विश्वयुद्धमा लड्ने नेपालीहरूझैं महाभारतको लडाइँमा खसहरू पनि लडे होलान्। वायुपुराणअनुसार राजा सगर खस जातिलाई नष्ट गर्न चाहन्थे तर वशिष्ठका कृपाले यिनीहरू बचे। यिनीहरू दुर्गम पहाडी प्रदेशमा बस्ने र मासु खाने हुँदा दक्षिणका समथर जगामा बस्ने भागवतधर्मीहरूले यिनीहरूलाई मांसभक्षी भने। तर भगवान् कृष्णको धर्मलाई यिनीहरूले पनि मान्न थालेको देखिन्छ। हरिवंशपुराणका अनुसार परशुरामले धमाधम क्षत्रियहरूको नाश गर्न थालेपछि यी खसहरू पहाडी प्रदेशमा फिँजिए र स्कन्दपुराणको रचनाकालसम्म यिनीहरू सपादलक्ष प्रदेशमा फैलिसकेका थिए।

अंग्रेज विद्वान्हरूले खसहरूको चर्चा गर्दा यिनै पुराण र इतिहासको पनि सहारा लिएका छन्। पुराणहरूको सम्पादनकाल ईसामसीहको जन्मको समयतिर मानेको खण्डमा त्यस वेलासम्म खसहरूको प्रसार भारतवर्षको पश्चिमोत्तर प्रदेशमा र केही पुराना आधार तथा केही नयाँ विद्वान्हरूको विचार मानेको खण्डमा मध्यहिमाली क्षेत्रसम्म पनि भएको देखिन्छ। ग्रियर्सनको निष्कर्षमा भारतको उत्तर-पश्चिमस्थित हिन्दू कुश पहाडवरिपरि धेरै किसिमका जातिहरूका खसहरू पनि भएका देखिन्छन्। कश्मीर या कशमीर, कसगढ, करगर, खोह, खोकिन, हिन्दूकुश, कांकेशस जस्ता अनेक ठाउँका नामहरू खस जातिसँग नै सम्बन्धित छन्। आज पनि झेलमका खक्खा, कुल्लू तथा कांगडाका पहाडी प्रदेशमा बस्ने खसिया र खानेतहरू, कुमाऊँ गढवाल र नेपालका खसहरूको संख्या कम छैन। नेपालमा 'खस्नु' अर्थको खस धातुसँग खस जातिलाई सम्बन्धित गरी होच्याउने प्रयास भएकाले खसहरूले आफूलाई खस भनाउन मन पराउन छाडे। फेरि यहाँका अनेक जातिलाई बडामहाराज पृथ्वीनारायण शाहले एउटै नेपाली जातिमा एकीकरण गरेपछि आफूलाई खस' भन्दा 'नेपाली' नै भनाउन मन पराउनु स्वभाविक भयो तर खस जातिका सम्बन्धमा निश्चित रूपमा अहिले सानातिना आधारमा नै "खस र खस भाषा" तथा "प्रतिभादर्शन" मा भनिए सरह भन्न सम्भव छैन।

९८. खस-संस्कृति

खस जातिको संस्कृतिका विषयमा विद्वान्हरूले चर्चा गरेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस चर्चाको आधार भने अहिले नेपाल र अरू ठाउँमा बसेका खस जातिको जीवन, पुराणहरूको प्रसंग र केही ऐतिहासिक सामग्री नै हुन्। हरिशंकर जोशीले शतपथ ब्राह्मणको प्रमाण दिएर वाह्लीक देशमा हुँदा यिनीहरू 'भव' नामक अग्निको पूजा गर्थे भनेका छन्। यिनीहरूले मरेकालाई चिहान बनाएर गाड्दा रहेछन् भन्ने कुरो चम्बा, वैजनाथ, द्वाराहाट, लद्दाखमा पाइएका चिहानबाट थाहा पाइन्छ। खसहरूको चिहान खन्दा मुर्दाका साथ दुइटा भाँडा पनि पाइएका छन् र ती भाँडा, मदिरा र खाने कुराका भनिन्छन्। यिनीहरूको व्यवसाय पशु-पालन नै थियो तर अरू काम पनि यिनीहरू गर्थे। आफ्नै कुलका शकहरूले भारतमा शक्तिशाली राज्य स्थापित गरे, तर यी खस भने त्यस बेला आफ्ना गोत्रका सर्दार मात्र बनेर रहेका थिए। तर शक, हूण, पल्लव, कुषाण जस्ता सगोत्री दाजु भाइहरूसँग पनि यिनीहरू मिलेर बसे होलान् भन्ने कुरो भारतको पश्चिमोत्तर प्रदेशको इतिहासका आधारमा अनुमान गर्न सकिन्छ र बौद्धधर्मको प्रचारको क्रममा यिनीहरूले अरूलाई सहयोग गरेको कुरो मध्यएशियामा पाइएका प्रमाणहरूका आधारमा भन्न सकिन्छ। सगोत्री राजाहरूका मुद्रा, कला-कौशल र अभिलेखहरूबाट पनि यिनीहरूको संस्कृतिका सम्बन्धमा केही अनुमान गर्न सकिन्छ। सौराष्ट्रका शाह र दामन (सह, दम) झैं, यिनीहरू पनि दाह्री, जुँगा पाल्थे होलान्। यिनीहरूको बहु-विवाह चल्ने, सम्पत्तिको विभाजन सौतासौतीका आधारमा हुने, झड्केला छोराको हक हुने, विधवा विवाह चल्ने इत्यादि प्रथाको उल्लेख कुमाउँका विद्वान्हरूले गरेका छन् र अझै पनि यस्ता प्रथा खसहरूमा देखिन्छन्। यी खसहरूले मगरहरूलाई पनि हिन्दूधर्म सिकाए भन्ने डिल्ली-रमण रेग्मीको भनाइ छ तर मगरहरूमा हिन्दूधर्मको प्रभाव दक्षिणतिरबाट जानेहरूले पार्नु बढी संभव छ।

९९. खसहरूको भाषा

१. आज पनि नेपाली भाषालाई 'खस कुरा' या खस भाषा भनिंदै छ। राई, लिम्बू, नेवार, मगर, गुरुङ आदि जातिहरू नेपालीभाषा भाषीहरूलाई खस र तिनीहरूको भाषालाई खसकुरा भन्छन्। तुच्छताबोधक धातु खस् (स्खल्) र यसबाट बनेका शब्दहरूको प्रयोग पनि नेपाली भाषामा हुँदा खस शब्दलाई नरुचाउनेहरू निस्कन थाले। यसरी पतित या खसेको वा झरेको जाति ठानिने भएकाले धेरैले यसलाई मन पराउन छाडे। अर्कोतिर खसहरूमा धार्मिक संकीर्णता र कर्मकाण्डको उच्च ज्ञान पनि गंगाका मैदानतिरबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पसेका ग्रार्यहरूको समान थिएन। ग्रतः यिनीहरूको दृष्टिमा यी उदारवादी खसहरू पतित भए र यिनीहरूले 'खस' को खसेको भन्ने ग्रर्थ र व्याख्या गरे। पछिकाहरूले पनि यस जातिको ग्राफ्नो विशेपतातिर ध्यान दिएनन्। तर ग्रचेल नेपाल र भारतका विद्वान्हरु पनि खस जाति र भाषाप्रति ग्रभिरुचि लिएका छन्। सात सालयता नेपाली भाषालाई विशुद्ध रूप दिने ग्रान्दोलन थालिएपछि खस भाषा र यस जातिप्रति नेपाली विद्वान्हरूको ध्यान ग्राकर्षित हुनु ऐतिहासिक ग्रावश्यकता नै ठान्नुपर्छ। केही नेपाली विद्वान्हरूले पनि नेपाली भाषालाई खस भाषा भनेर उसको पुर्वरूपलाई खस-प्राकृत तथा खस-ग्रपभ्रंश भनेका छन्। यसभन्दा ग्रघि १९२६ मा प्रकाशित भएको डा. चटर्जीको 'बंगाली भाषाको उत्पत्ति र विकास' (पृ० ६ र ९) मा उनले नेपाली, कुमाउँनी र गढवालीलाई खस ग्रपभ्रंशबाट निस्केको बताएका थिए। हरिशंकर जोशीले खस भाषालाई 'ऐकार वहुला भाषा' मानेका छन् र यसको प्रमाणस्वरूप उनले लक्ष्मीदत्त शर्माको 'प्राकृत प्रकाश' को भूमिका (विद्याविलास प्रेस, १९२६) देखाएका छन्। बाह्रौं शताब्दीका कल्हणले 'राजतरंगिणी' लेखेर काश्मीरको इतिहासका साथ खसहरूका विषयमा पनि चर्चा गरेका थिए। यसरी बालकृष्ण पोखरेलले ग्रनुमान गरे झैं गोल्हण, कल्हण ग्रादि खस-ब्राह्मणमा थर हुनु सम्भव छ। भरतमुनिले खसहरूको भाषालाई वाह्लीक भाषा भनेको बुझिन्छ र पतंजलिले कम्बोजहरु गतिको ग्रर्थमा सवति-को प्रयोग गर्दथे भनेका छन् (सवति गतिकर्मा कम्बोजेषु)। ईसामसीहको जन्मकालतिर (संभवतः त्यसभन्दा पनि ४०० वर्षग्रघि) पश्चिमोत्तर भारत-वर्षमा खसहरूको वसोवास थियो भन्ने इतिहासकार र भाषाशास्त्रीहरूको भनाइलाई मानेको खण्डमा 'गति' ग्रर्थमा सवति धातुको प्रयोग गर्नेहरूमा खस पनि हुँदा हुन्। उता इरानको पूर्वी क्षेत्रमा बोल्ने भाषाहरूमा शक भाषाको नाम पनि ग्राएको छ। शक, कस, खसहरूलाई एउटै जाति मानेर विचार गरेको खण्डमा भाषाको यो नाम जातिकै ग्राधारमा रह्यो। यसलाई सिथियनबाट विकसित मानिन्छ र मध्यकालीन शक भाषाका नमूना खोतानमा पाइएका हुनाले यसलाई खोतानी पनि भनिन्छ। ग्रवेस्ता पनि उत्तर-पूर्वी इरानको भाषामा लेखिएको थियो। टी. बरोका भनाइमा शक तथा मध्य-कालीन इरानेली भाषाका ग्राधारमा इरानेलीको एउटा स्वतन्त्र शाखाको ग्रस्तित्वमा भरपर्दो प्रमाण पाइन्छ। किनभने यस भाषाले मूल भारोपेलीका केही ग्राफ्नै विशेपताहरूको रक्षा गरेको छ।

यता केशरवहादुर के. सी. ले तिनै खोतानमा प्राप्त भएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिलेखहरूको अध्ययन गरेर यी अभिलेखहरूको भाषा पश्चिमी नेपालका खस राजाहरूका भाषासँग समानता राख्छन् भनेका छन् । खस भाषालाई अझै प्राचीनकालसम्म लैजाने प्रयास हरिशंकर जोशीले गरे । उनले आफ्नो पुस्तकमा आफू (कुमाऊँका) लाई खसभाषा-भाषी भन्दै मेसोपोटामियाको कस्साइट (Kassite) वंशका राजाहरूको कीलाक्षर अभिलेखमा पाइएको नामका अन्तमा जोडिने बुगस् शब्दको सम्बन्ध कुमाउँनी भाषाको यस्तै अर्थ, भएको भागी शब्दसँग देखाएर कस्स जातिसँग खसको सम्बन्ध देखाएका छन् । डा० चटर्जीका विचारमा बुगस्को अर्थ देवता हो, यसको सं० भग, अवे० बग र श्लाभ० बोगु हो। ल्याटिन, जर्मन र केल्टिक भाषामा पनि यससँग मिल्दा-जुल्दा शब्द प्रयोग हुन्छन् ।

१००. खस र शक

इतिहास-शिरोमणि बाबुराम आचार्यका विचारमा आर्यहरू ईसाभन्दा ७५० वर्षपूर्व सतलजसम्म आएका थिए । यसभन्दा पूर्वतिर किरातहरू मात्र थिए । त्यस बेला आएको नेपाल तराई र यससँग मिलेका प्रदेशहरूमा विदेह, मगध, कोशल, कपिलवस्तु आदि गणराज्यहरूको वृजिसंघ बनेको थियो । भारतसँग किरातहरूको संसर्ग बढ्दै जाँदा यहाँका किरातहरूमा हिन्दूधर्मको प्रभाव पर्न थाल्यो । हिमाली क्षेत्रमा आर्यहरूको प्रवेशभन्दा अघि संभवतः मध्य एशियाको पहाडै पहाड गिलगित हुँदै कश्मीरबाट पूर्वतिर बढ्दै थिए । पुराणहरूको सम्पादनकालसम्म यिनीहरूको जीवन व्यवस्थित थिएन र त्यसपछि पनि यिनीहरूको समय घुम्दाघुम्दै बित्यो । त्यसै समय शक, कुशाण, हूण र गूर्जरहरूले भारतमा त्यसै बाटो प्रवेश गरे । यी सबै खसका सगोत्री थिए, मिल्दा-जुल्दा रीतिथितिहरू थिए । यिनीहरूको भाषा भारत-इरानेलीको सन्तान भए पनि बाटामा आउँदाआउँदै यिनीहरूको भाषा केही बदलिएको थियो । फेरि आर्यसंस्कृतिको प्रसार हुँदा यिनीहरूको भाषा पूर्णतः संस्कृत भयो । नागराजको समय बाह्रौं शताब्दीको प्रारम्भिक वर्ष मानेका खण्डमा पनि यस कुराको पुष्टि मिल्छ र अशोक चल्लकै समयमा विकसित भएको कर्णाली अञ्चलको सभ्यतालाई हेर्दा खसहरुको यतातिर प्रवेश १००० ई० भन्दा अघि नै हुनु पनि बढी सम्भव छ ।

राहुल सांकृत्यायनका विचारमा शक मूलतः खसहरूकै वंशज थिए । उनको भनाइअनुसार खसहरूको भारतवर्षभित्र प्रवेश ई० पू० २००० तिर भयो । प्राचीन खसहरूको प्रथम-हिमाली देशतर्फको अभियानको धेरै समय-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पछि हूणहरूको हारले गर्दा १७० ई० पू० तिर शकहरू आफ्नो मूलस्थान पूर्वी सिङक्याङलाई छोड्नका निम्ति बाध्य भएर १३० ई० पू० तिर बाल्हीकबाट ग्रीकहरूलाई हटाएर त्यहाँका स्वामी बने। त्यहाँबाट ई० पू० प्रथम शताब्दीमा यी सिन्ध, पञ्जाब, अफगानिस्तानसहित पश्चिमी भारतका शासक बने। शकहरू भ्रमणशील जाति थिए। यिनका राजा, सामन्त र सेनापति पनि हुँदा हुन्। यिनमा केही मैदानी भूभागमा बसे र केही पर्वतीय हिमाली प्रदेशतिर पनि लागे, जहाँ उनका पुराना सम्बन्धी खस शताब्दीयौं अघिदेखि बसिरहेका थिए र उनीहरूसँगको पुरानो सम्बन्धका विषयमा पनि यिनीहरूलाई ज्ञान थियो। गुप्त तथा हूणहरूद्वारा शकहरूको प्रभुता नष्ट भएपछि यिनमा केही हिमालय-का विभिन्न दुर्गम स्थानमा शरण लिनका निम्ति बाध्य भए होलान् (कुमाऊँ, पृ० ३२–३३)। हूण र शकका सम्बन्धमा राहुल भन्छन्–शकका प्रायः सबै कबीलाहरूले आफ्नो जन्मभूमि शकद्वीपलाई खाली बनाएर हिँड्दा पनि यो हेफताल शाखा सयौं वर्षसम्म उहीं बस्यो पाँचौं शताब्दीतिर कुनै कारणले बाध्य भएर उसलाई मध्यएशियातिर लाग्नुपर्‍यो। कुषाण साम्राज्यलाई नष्ट गर्दै र ४५५ ई० मा स्कन्दगुप्तलाई हराउँदै यस जातिले भारतमा आफ्नो भीलोगाड्यो। यिनीहरूका राजा तोरमानको विशाल राज्य क्यास्पियन सागरदेखि भारतसम्म फैलिएको थियो (कुमाऊँ, पृ. ३४)। डा० च्याटुर्ज्याका भनाइमा भारतमा आउने शाकद्वीपीय ब्राह्मणहरू ईसाको प्रारम्भिक शताब्दीमा आएका शक थिए र मिस्र या मिहिरपूजक इरानी पुरोहित पूर्वी इरानको शक-द्वीप या शकस्थान (शकस्तान>सीस्तान) बाट आएका थिए। उनीहरूले प्राचीन आर्यहरूको सूर्यपूजालाई फेरि चलाएका थिए। यसै प्रसंगमा गढवाल र कुमाऊँमा रहेका अनेक सूर्य-प्रतिमाहरूको चर्चा राहुलले गरेका छन्।

१०१. खसहरूको ऐतिहासिक सम्बन्ध

हरिशङ्कर जोशीले खसहरूको सम्बन्ध एशिया माइनरका कस्सीत-हरूसँग देखाएकाले यहाँ कस्सीत र एशियामाइनरमा पाइएका हिट्टेली मितन्नी, हर्री वंशका राजाहरूको अभिलेखका सम्बन्धमा र आर्यहरूको मूल-थलोका विषयमा पनि विचार गर्नु आवश्यक देखियो। जोशीले भारत-युरोपेली परिवारको विभाजन बाल्हिकमा भएको र उनीहरूको मूलथलो पनि यहीं रहेको बताएका छन्। यहींबाट दुई दल क्रमैले यूयान र रूमानियातिर लागे। दोस्रो दल इटालीसम्म फैलियो। दुवैको मिश्रित दल एशियामाइनरतिर गएर बस्यो। यसैलाई हिट्टाइट भनिएको छ र यस जातिले बेबिलोनमाथि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आक्रमण गरेको र मितानी जातिसँग शान्तिसन्धि गरेको पाइएको छ (प्रतिभा दर्शन, पृ. ६९)। हिट्टेली, मितन्नी, कएसीतेली र असिरेली अभिलेखहरुले आर्यहरूको समीपवर्ती पूर्व एशियामाइनरमा ई० पू० दोस्रो सहस्राब्दीमा अस्तित्वको भरपर्दो प्रमाण उपस्थित गर्छन्। हिट्टेली अभिलेखअनुसार हिट्टेली राजा सुप्पिलुलिउमा र मितन्नी राजा मतिवाज (ई० पू० १३५०) का बीच भएको सन्धिमा चार प्रसिद्ध देवताहरूको भाकल गरिएको छ। यी हुन्– इन्दर (इन्द्र), मित्रश्इल (मित्र), नशत्तिअन्न (नाशत्य) र उलुवन्नश्शइल (वरुण)। मितानी अभिलेखमा दिइएका नामहरू संस्कृतसँग अझै साम्य राख्छन्, जस्तै –सुतर्न (सुतर्मन), पर्शसतर् (प्रगास्तर्), सउस्शतर् (सौक्षत्र), अर्तदाम (ऋतधामन), अर्तशुमर (ऋतशुमर्), तुपरथ (त्वेषरथ), मतिवाज (मतिवाज) इत्यादि। कस्सित र मितन्नीहरूका सम्बन्धमा सुनीतकुमार चाटुर्ज्या भन्छन्– 'मेसोपोटामियाका आर्यभाषा-भाषी जन पूर्ववैदिक आर्य नै थिए। मेसोपोटामियामा वसेका भारत-इरानेलीको यो शाखा त्यहींकै जनतासँग मिल्यो। यिनैका उपजाति थिए मर्यन्नी या मितन्नी, हर्री, कस्सी, र मन्द। यिनीहरूले १८०० ई० पू० तिर बेबिलोनलाई जितेर केही शताब्दीसम्म यहीं शासन गरे। केही भने त्यहाँ नबसेर पूर्वतिर बढ्दै इरानमा आए। इरानमा जाँदा यिनीहरू मद, पारसी, शक भनिए। शकहरू फेरि दक्षिणी रूसतिर लागे र त्यहाँ यिनीहरूलाई स्कुथेस (Skuthes) भनियो र त्यसपछि यिनीहरू सीथियन (Scythian) भनिए। (पृ० १३–१७)।' मित्रन्नीहरूका सम्बन्धमा टी० बरों भन्छन्– मितन्नीहरू १५०० ई० पू० देखि शासकवंशका रूपमा देखिन्छन्। यसको अर्थ के हो भने यिनीहरू सर्वप्रथम त्यहाँ विजेताका रूपमा आएहोलान्। यिनीहरूको जीवनमा आफ्ना सगोत्रीय भारतीय र इरानी-हरूको जस्तै देखिए पनि दुई कुरामा भिन्न छन्-पहिलो कुरो के हो भने यिनीहरूले अधिकृत प्रदेशहरूमा आफ्नो भाषालाई विजितहरूमाथि लाद्न सकेनन्। त्यहाँको जनभाषा होरियन देशको भाषाका रूपमा रहिरह्यो र विजेताहरूले पनि त्यसलाई स्वीकार गरे। व्यक्तिवाचक नामबाहेक यिनीहरूका भाषाको अरू नमूना आजसम्म पाइएको छैन। दोस्रो के भने यहाँ आर्य र अनार्यहरूको प्रबल विरोधको चिन्ह हामी पाउँदैनौं जुन भारतीय र इरानी विस्तारको विशेषता हो। सानातिना वर्णभेद बाहेक अरू कुनै किसिमको भेद आर्य राजाहरू तथा यस देशका निवासीहरूमा देखिन्न। विशेष गरी धार्मिक क्षेत्रमा आर्य तथा स्थानीय देवता साथसाथै पूजित देखिन्छन्। टी० बरोले यिनीहरूलाई दक्षिणी रूसबाट आएका आर्यहरूको एउटा हाँगो यता लागेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानेका छन् । केही विद्वान्हरूले यिनीहरू भारतबाट नै ऋग्वेदको सभ्यता लिएर एशियामाइनरतिर गएका हुन् भनेका छन् र ऋग्वेदको समय कम्तीमा ई० पू० २००० सम्म पुऱ्याएका छन् । तर ऋग्वेदको भाषालाई यी अभिलेखहरूको समयको भन्दा अघिको बनाउन सकिँदैन भन्ने कुरा पनि स्पष्ट छ ।

आर्यहरूको मूलस्थानका सम्बन्धमा आजसम्म विभिन्न आधारमा विभिन्न मतहरू प्रस्तुत गरिएका छन् तर कुनै मत पनि सर्वसम्मत हुनसकेको छैन । तैपनि आर्यहरूको मूलस्थानका सम्बन्धमा मुख्य-मुख्य मतहरूको चर्चा संक्षेपमा यहाँ गरिन्छ । भाषाका आधारमा आर्यहरूको मूलथलोको खोजको परिणामस्वरूप भाषा-पुरातत्त्व नामक शास्त्रको पनि जन्म भयो । यस क्षेत्रमा डा० ब्रान्देस्ताइनको देन महत्त्वपूर्ण छ । उनका विचारमा सहमत भएर आजका भाषाशास्त्रीहरू आर्यहरूको मूलथलो यूरालपर्वतमालाको दक्षिणतिर रहेको मैदानलाई मानेका छन् । गाइल्जले तुलनात्मक भाषाविज्ञानका आधारमा आर्यहरूको मूल थलो हंगेरी भनेर यी आर्यहरूलाई विरोस् भन्नुपर्छ भन्ने सुझाउ दिएका छन् । उनले दिएको यो 'विरोस्' नाम धेरैले मन पनि पराएका छन् । श्रेडरले यिनीहरूको मूलस्थान क्यास्पियन सागरको उत्तरी किनारमा भोल्गा नदीको मुहानतिर बताएका छन् । नेहरिंगले पनि दक्षिणी रूसमा नै आर्यहरूको मूल स्थान भनेका छन् । भारतीय विद्वान् तिलकले आर्यहरूको मूलस्थान उत्तरी ध्रुवनजीकै देखाएका थिए । इटालीका विद्वान् सेर्जीले एशिया माइनरको पठारमा आर्यहरूको मूलस्थान मानेका थिए र मध्यएशियामा आर्यहरूको नाम र निवासको प्रमाण पाइनुबाट यस सिद्धान्तले बल पनि पायो । तर ब्रान्देस्ताइनको विचारलाई नै अझै पनि धेरैले मान्दै आएका छन् । ल्याथमले आर्यहरूको मूलस्थान यूरोपको कुनै ठाउँ हो भने पछि केही यूरोपेलीले विद्वान्हरूले त्यसमा अड्ने मौका पाएका थिए । म्याक्लनूलरको विचारमा पनि आर्यहरूको मूल थलो पामीरको टार र त्यसकै छेउछाउको मध्यएशिया हो । केही भारतीय र नेपाली विद्वान् वेद, पुराण आदि ग्रन्थहरूका आधारमा भारत र हिमाली प्रदेशलाई आर्यहरूको मूलस्थान मान्छन् । अविनाशचन्द्रदास, डा० सम्पूर्णनन्द, एल० डी० कल्ला, योगी नरहरीनाथ, बालकृष्ण सम आदि विद्वान् हिमाली प्रदेश अर्थात् प्रत्यक्ष वा अप्रत्यक्ष रूपले नेपालीलाई आर्यहरूको मूलस्थान मान्दछन् । यसरी मूलस्थानको सम्बन्धमा अनेक विचार प्रकट गरिएका छन् र प्रमाणहरूद्वारा पुष्टि गर्ने चेष्टा भएको पनि छ । तिब्बत, पूर्वी र दक्षिणी रूस, मेसोपोटामिया, डान्यूब नदीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किनार, उत्तरी जर्मनी, स्काण्डेनेभिया, हंगेरी, पोल्याण्ड, प्रशिया, लिथुआनिया आदि विभिन्न ठाउँलाई आर्यहरूको आदिदेश हुन सक्ने सम्भावना देखाइएको छ।

१८. नेपाली भाषाको अध्ययनपरम्परा र उन्नतिः

१०२. नेपाली भाषाको अध्ययनको थालनी

आधुनिक कालमा आएर नेपाली भाषाको चर्चा संभवतः कसियानो बेलिगत्तीको अल्फाबेटम् ब्राह्मनिकम् सेब् युनिभर्सिटाइटिस् काशी (रोम्, १७७१) मा नै पहिलोपल्ट भयो। यस पुस्तकको भूमिकामा जोन्स क्रिस्टोफोरस आमाडुटियसले भारतका विभिन्न क्षेत्रका भाषा र लिपिको नाम लिंदा नेपाली (नेपालेनसिस्) को नाम पनि आएको छ। यसपछि पादरी क्यारे भारत आए र यहाँका भाषाहरूको अध्ययन गरी ३३ भाषाका ३४ नमूना दिए, जसमा नेपाली भाषा पनि सम्मिलित छ। ग्रियर्सनको भनाइमा यो भएको थियो- ई० १८१६ तिर। यसको पाँच वर्षअघि ई०१८११ मा कर्कप्याट्रिकको नेपाल अधिराज्यको विवरण (An Account of the Kingdom of Nepal) प्रकाशित भएको थियो। उनले नेपालका आठ प्रधान भाषाहरूमा पर्वतेको पनि नाम लिएका छन्। उनले दिएका आठ भाषाहरू थिए– पर्वते, नेवारी, दनुवारी, मग्राती, किराती, हायू वायू, लिम्बू र भोटे। उनले पर्वते भाषाका अन्दाजी ५५० शब्दहरूलाई तिनको नेवारी पर्याय र अंग्रेजी अर्थका साथ दिएका छन्। उनको भनाइमा पर्वते बोली निश्चय नै संस्कृतबाट आएको हो र बिहार, अवध आदिका भाषाहरूसित यसको समानता छ। नेपाली भाषा देवनागरी लिपिको छापामा सर्वप्रथम उदाहरणकै रूपमा भए पनि देखापर्छ– एटनको नेपाली भाषाको व्याकरण (Grammar of the Nepali Language) मा। यो ई० १८२० मा कलकत्तामा छापियो। यस पुस्तकमा नेपाली भाषाको नाम यसको व्याकरणसहित देखापर्छ। नेपालीभाषाको पहिलो व्याकरण हुनाले यसको महत्त्व त छँदै छ, नेपाली भाषाको पुरानो कथाको नमूना पनि यसमा पर्न गएको छ। तर नेपाली भाषा बोलिने ठाउँभन्दा टाढा बसेर विदेशीले लेखेको ठानी अप्रामाणिक मानिएर हो वा अप्राप्य भएर हो, देशी र विदेशी भाषाशास्त्रीहरूले र वैयाकरणहरूले पनि यस पुस्तकलाई उति महत्त्व दिएनन्। यसको एक वर्षपछि ई० १८२१ मा बाइबलको नेपाली अनुवाद पनि प्रकाशित भएको छ। १८२६ देखि १८३१ सम्म फेरि १८३३ देखि १८४३ सम्म नेपालमा अंग्रेज राजदूतका रूपका बस्ने ब्राइन हुटन हजसनको नेपाल-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्बन्धी अध्ययन इतिहासमा स्वर्णाक्षरले लेखिन लायक छ। उनले त्यस बेला प्राचीनकालका महत्त्वपूर्ण हस्तलिखित पुस्तकहरूका साथै नेपालका भाषा, संस्कृति, धर्म, दर्शन, जाति, वनस्पति, जीव आदिको अध्ययन गरेर सयौं लेख पनि लेखे। उनले त्यस समय नेपालमा १३ थरीका भाषा भएको देखाएका छन्। ती थिए खस या पर्वतीया, मगर, गुरुङ, सुनुवार, कचारी, हायू, चेपाङ, कुसुन्डा, मुर्मी, नेवार, किराती, लिम्बू र लेप्चा नेपालीभन्दा पनि भोट-बर्मेली परिवारका भाषाहरूका विषयमा गरेको उनको अध्ययन महत्त्वपूर्ण मानिन्छ।

उन्नाईसौं शताब्दीको पछिल्लो भागतिर युरोपेली विद्वान्हरूले प्रस्तुत गरेको भारतीय भाषाहरूका तुलनात्मक व्याकरणहरूलाई आधुनिक भाषाहरूको तुलनात्मक अध्ययनका क्षेत्रमा महत्त्वपूर्ण योगदान मानिन्छ। यस सिलसिलामा सर्वप्रथम जोन बीम्सको 'आधुनिक भारतीय भाषाहरूको तुलनात्मक व्याकरण' (Comparative Grammar of the Modern Aryan Languages of India) तीन भागमा लन्डनबाट १८७२ देखि प्रकाशित हुन लाग्यो। यसमा उनले भारतका सात प्रमुख भाषाहरू (बंगाली, उडिया, हिन्दी, पंजाबी, सिन्धी, गुजराती र मराठी) को तुलनात्मक अध्ययन प्रस्तुत गर्दा नेपाली भाषाको पनि यत्रतत्र चर्चा गरेका छन्। यिनले नेपाली भाषालाई हिन्दीको भाषिका भनेका छन्। यसपछि केलगको 'हिन्दी भाषाको व्याकरण' (The Grammar of Hindi Language) ई० १८७५ मा प्रकाशित भयो। यसको दोस्रो संस्करण १८९३ ई० प्रकाशित भयो बीम्सले झैं यिनले पनि नेपालीलाई हिन्दीको भाषिका भने तर नेपाली भाषाका रूपहरूलाई भने यिनले केही विस्तृत रूपमा केलाए। यिनले हिन्दीका चार भाषिका बनाएर यसको हिमाली, भाषिकाभित्र नेपाली, गढवाली र कुमाउनीलाई पनि समावेश गरे। रूडल्फ होर्नलेको गौडीय भाषाहरूको तुलनात्मक व्याकरण (Comparative Grammar of the Gaudian Languages) ई० १८८० मा प्रकाशित भयो। उनले भारतका आर्य भाषाहरूलाई चार थरीका गौडीय भाषा (पूर्वी, पश्चिमी, उत्तरी र दक्षिणी) मा विभाजित गरी कुमाउनी, गढवाली र नेपालीलाई उत्तरी गौडिय भाषा वर्गमा राखे। साथै उनले के पनि देखाएका थिए भने उत्तरी गौडीय वर्गमा राखिएका यी तीनै भाषाहरू एउटै मूल स्रोत-बाट विकसित भएका हुन्।

अंग्रेजीमा लेखिएको नेपाली भाषाको दोस्रो व्याकरणका लेखक थिए पादरी टर्नबुल र पुस्तकको नाम थियो– नेपाली व्याकरण तथा अंग्रेजी-नेपाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा नेपाली-अंग्रेली शब्दभण्डार (Nepali Grammar and English-Nepali, Nepali-English Vocabulary)। यो पुस्तक १८८७ मा दार्जीलिङ्गबाट प्रकाशित भएको थियो र चियाबगानका अंग्रेज कर्मचारी र फौजका अफिसहरूलाई नेपाली भाषा सिक्न मद्दत मिलोस् भनेर लेखेका थिए केही परिवर्तनका साथ १९०४ ई० मा उनले यसको दोस्रो संस्करण प्रकाशित गरे। टर्नबुलले पनि नेपाली भाषा राजपुताना र पंजाबको हिन्दी भाषासँग साम्य राख्छ भनेका छन्।

१०३. बीसौं शताब्दीको पूर्वार्द्ध

नेपाली भाषाको अध्ययनको इतिहासमा धेरै कारणहरूले बीसौं शताब्दीको पूर्वार्द्ध महत्त्वपूर्ण युग मानिन्छ। नेपाली भाषामा देश तथा विदेशबाट पत्रपत्रिका प्रकाशित हुनु: नेपाली भाषाको अध्ययन-अध्यापन विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूमा हुनु, नेपाली भाषाको उन्नतिका लागि संस्थानहरू खोलिनु, नेपाली तथा विदेशी विद्वान्‌हरूद्वारा कोश तथा व्याकरणहरू लेखिनु तथा नेपाली भाषामा विभिन्न किसिमका पुस्तकहरू प्रकाशित हुनुबाट पनि यो युग महत्त्वपूर्ण छ।

नेपाली विद्वान्‌हरूमा नेपाली भाषाको अध्ययन र व्याकरणबारे चर्चा गर्ने पहिलो व्यक्ति भनी नेपाली परम्पराले सुब्बा वीरेन्द्रकेशरी अर्ज्याललाई भनेको छ। उनले नेपाली भाषाको व्याकरण पनि लेखेका थिए भनिन्छ तर यो पत्ता लागेको थाहा भएको छैन। सुन्दरी (१९०६) मा प्रकाशित भएको उनको 'बेसरी' मा- काव्यका सैद्धान्तिक कुरामा पूर्वीय ढंगको चर्चा छ। नेपाली-संसारको प्रसिद्ध समाचार पत्र "गोरखापत्र" को प्रारम्भ पनि १९०१ देखि नै हुन्छ। वास्तवमा गोरखापत्रको जन्म नै आधुनिक नेपाली भाषाको जन्मकाल हो। नेपाली भाषाविषयक लेखहरू शुरुदेखि अहिलेसम्म यस पत्रिकामा थुप्रै देखिएका छन्। यसै वर्ष अर्थात् १९०१ मा नै बाइबलका नेपाली अनुवादक तथा नेपाली भाषाका सेवक गंगाप्रसाद पादरी गोर्खा प्रेस खोली नेपाली भाषाको मासे समाचार पत्र, "गोर्खे खबर कागत्" प्रकाशित गरे। यिनले आफ्नो समाचार पत्रमा स्थानीय बोलचालको नेपाली भाषाको प्रयोग गरे। पछि निस्कने पत्रिकाको भाषा तथा यिनको भाषामा भएको भिन्नतातिर औंल्याउँदा शुद्ध नेपाली भाषालाई यिनले 'काशीभासे-बोली' भने। १९०८ देखि नै राममणि आ० दी० ले (आफै सबै काम गरे तापनि) मातृप्रसाद अधिकारीको नाममा माधवी पत्रिका निकाले। राममणिको नेपाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषाको सेवा यहींदेखि प्रारम्भ हुन्छ । 'कविता-रीति' मा भाषाबारे चर्चा भएको छ । पहिलेदेखिको हलन्त विरोधी र व्याकरणात्मक स्त्रीलिंग शब्दको प्रयोग गर्ने राममणिका विचारमा पछिसम्ममा पनि परिवर्तन देखिन्न । त्यसै समयदेखि नै माधवी बृहत् कोशको आयोजना भएको पनि माधवी पत्रिकाको विज्ञापनबाट थाहा पाइन्छ ।

यसै समय नेपाली भाषामा तीन महत्त्वपूर्ण नेपाली भाषाका व्याकरणका पुस्तकहरू प्रकाशित भए–जयपृथ्वीबहादुर सिंहको "प्राकृत व्याकरण" (वि० सं० १९६८), विश्वमणि दीक्षिताचार्यको "गोरखा व्याकरण बोध" । (वि० सं० १९६९) र राजगुरु पं० हेमराजको "चन्द्रिका" (वि० सं० १९६९) । प्राकृत व्याकरण संक्षेपमा लेखिएको नेपाली भाषाको नेपालीमा लेखिएको र नेपालैमा छापिएको पहिलो व्याकरण हो । दीक्षिताचार्यको व्याकरण केही विस्तृत छ र हलन्त बहिष्कार गर्नेहरूको प्रयासलाई प्रश्रय दिन्छ । प्रारम्भिक चरणमा नेपाली भाषाका व्याकरणहरूमा विस्तृत रूपमा लेखिएको व्याकरण हेमराज गुरुको चन्द्रिका नै हो । यसपुस्तकमा नेपाली भाषाबारे मौलिक रूपमा चर्चा र व्याख्या भएको छ । यस पंक्तिका लेखकले पनि उक्त पुस्तकका विचारहरूलाई ठाउँ-ठाउँमा देखाएको छ । राममणिले चन्द्रिकाकारका विचारहरूको समीक्षा गर्दै चन्द्रिकाको प्रकाशन वि० सं० १९७१ मा भएको भनेका छन् । यसपछि फेरि विदेशी विद्वान्हरूको पालो आयो । ई० १९१८ मा मोनेले "गोर्खाली म्यानुएल" प्रकाशित गरे । १९२२ ई० मा डंकन र किलगौरको "अंग्रेजी-नेपाली शब्दसंग्रह" प्रकाशित भयो ।

ई० १८९८ तिर प्रसिद्ध भाषाशास्त्री जर्ज अब्राहम ग्रियर्सनले भारतको भाषा-सर्वेक्षण (Linguistic Survey of India) को काम थालेका थिए । बाह्र ठेली तथा कैयौं भागमा पूरा गरिएको यस महान् ग्रन्थलाई तयार गर्न धेरै वर्ष, प्रशस्त धन र कैयन् कर्मचारीहरूको श्रम लाग्यो । सर्वेक्षणको प्रारम्भिककालमा नै उनले आधुनिक आर्यभाषाहरूको विभाजन प्रस्तुत गरेका थिए र नेपाली भाषालाई राजस्थानीको निकटतम सम्बन्धी बताएका थिए । उनका विचारका आधारमा नै पछिका केही विद्वान्हरूले नेपालीलाई राजस्थानीसँग सम्बन्धित देखाएका छन् । ग्रियर्सनको भारतको भाषा-सर्वेक्षणको पहिलो ठेलीको पहिलो भाग तथा नवौं ठेलीको चौथो भागमा नेपाली भाषाका विशेषताहरूको चर्चा भएको छ । खास गरी यसको नवौं ठेलीको चौथो भागमा विशेषरूपमा नेपाली व्याकरण तथा ध्वनिबारे चर्चा गरिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९१८ को २४ जुलाइका दिन नेपाली भाषा म्याट्रिक, आइ० ए० र बी० ए० का लागि कलकत्ता विश्वविद्यालयले स्वीकार गरेको कुरा कलकत्ता गजेटमा छापियो। नेपाली भाषाको इतिहासमा यसले पनि ठाउँ पाउनुपर्छ भनी पारसमणि प्रधानले लेखेका थिए (भारती २/७)। यसपछि पाठ्य-पुस्तकको आवश्यकता पर्न गएकोले यो अभाव हटाउन पारसमणि प्रधान आफैं धेरै वर्षसम्म प्रयत्नशील रहे। यता अम्बिकाप्रसाद उपाध्याय, रुद्रराज पाण्डे र राममणि आ० दी० ले पनि उत्तरप्रदेश र बिहारका परीक्षाहरूमा नेपाली भाषा राख्नका लागि प्रयत्न गरे। सन् १९१९ तिर डा० सदर्ल्याण्ड नेपाली भाषाका व्याकरण र भानुभक्तको रामायणको प्रचार गर्ने काममा उद्यत भएका थिए। यिनले मिशन स्कूलमा नेपाली भाषा पढाउने आन्दोलन शुरु गरे (भारती २/७)। त्यसैका लागि आवश्यक पाठ्यपुस्तकहरू गंगाप्रसाद प्रधानले तयार गरे। यही साल सोमनाथ सिग्द्यालको मध्यचन्द्रिका प्रकाशित भयो जुन पुस्तक आजसम्म नेपाली व्याकरणको उच्च कक्षाहरूको लागि पनि पाठ्य-पुस्तक बनेको छ। लिखित भारत साहित्य संघको स्थापना सन् १९२० मा भयो, जसमा नेपाली-विभाग पनि स्थापित भयो र परीक्षाका नियम, पाठ्य-पुस्तक, उपाधिहरू पनि निश्चित गरेर प्रकाशित गराइयो। यस संघले नेपाली भाषा र साहित्यको उन्नतिको लागि गर्न लागेको प्रयास स्तुत्य थियो। तर सहयोगका अभावमा यस संघले आफ्नो कार्यक्रमलाई अघि बढाउन सकेन (हेर्नोस्: 'यस्तो पनि' पृ० १०७-१८)।

भारतका प्रसिद्ध भाषाशास्त्री सुनीतिकुमार चाटुर्ज्याले आफ्नो पुस्तक 'बंगाली भाषाको उत्पत्ति र विकास' (Origin and Development of Bengali Language) मा नेपाली भाषा या खस कुरा खस-अपभ्रंशबाट उत्पन्न भएको देखाएका थिए। तर चाटुर्ज्याले देखाएको क्षेत्रमा केही नेपाली र भारतीय विद्वान्हरू अवश्य परेका छन् र उनका भनाइको समर्थन गरेका छन्। १९३१ मा सर र्‍याल्फ लीले टर्नरले आफ्नो नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिपूर्ण शब्दको (A Comparative and Etymological Dictionary of Nepali Language) छपाए। यो शब्दकोश नेपाली भाषाको लागि मात्र महत्त्वपूर्ण नभएर सम्पूर्ण आर्य भाषाको तुलनात्मक अध्ययन गर्न पनि ठूलो सहयोग गर्छ। आधुनिक नेपाली तथा भारतीय आर्यभाषाको अध्ययनको लागि त यो अत्यावश्यक ग्रन्थ छ। यसमा अन्दाजी २६,००० नेपाली शब्द परेका छन्, अनि तिनमध्ये ५००० शब्दहरूका संस्कृतबाट प्राकृत हुँदै नेपालीमा आएका रूप देखाएका छन्। यसै समय सूर्यविक्रम ज्ञवालीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'नेपाली भाषाको विकासको संक्षिप्त इतिहास' देखापऱ्यो जसमा नेपाली भाषालाई शौरसेनी प्राकृतबाट जन्मेको भनेर इतिहासको समेत प्रमाण दिंदै प्रस्तुत गरिएको छ।

यस-अवधिभित्र नेपाली भाषामा निस्केका पत्र-पत्रिकाहरूले पनि नेपाली भाषासम्बन्धी लेखहरू प्रकाशित गरेका छन्। 'चन्द्र' मासिकको प्रकाशन सन् १९१४ मा काशीबाट भयो। यसमा कृष्णचन्द्र शर्माको ''गोरखा भाषाको उन्नति'' नामक विशेष महत्त्वको लेख प्रकाशित भयो। यसै वर्षदेखि 'गोरखा एजेन्सी कार्यालय' ले पनि नेपाली भाषाको सुधार गर्ने उद्देश्य लिएर नेपाली पुस्तकहरू प्रकाशित गर्न थाल्यो। यसले आफ्नो पहिलो पुस्तक ''गोरखा भाषा'' निकाल्यो, जसका लेखक कृष्णचन्द्र अर्याल र बैजनाथ जोशी (सेढाईं) थिए। अन्दाजी ३० पृष्ठको नेपाली भाषाका समस्याहरूलाई लिएर नेपालमा बसेका नेपाली विद्वान्हरूले लेखेको यस पुस्तकमा मातृभाषा-को अर्थ, यसको महत्त्व, भाषा र जातिको सम्बन्ध, एक राज्यमा एक भाषा हुनाको लाभ, गोरखा भाषाको अवस्था, यसको विकासमा रोकावट, प्रचार नहुनाको कारण, मातृभाषा प्रेमीहरूको कर्तव्य, भाषामा रस बसाउने उपाय, गोरखा भाषाका सामयिक पत्रहरू, भाषोन्नतिको पूर्वरंग, चांडै नै भाषाको उन्नति नभएको कारण आदिबारे संक्षेपमा चर्चा गरिएको छ। यसको रचना-काल सं० १९७२ र प्रकाशन काल सं० १९७४ देखिन्छ। कृष्णचन्द्रको यो पुस्तक 'चन्द्र' मा छापिएको 'गोरखा भाषाको उन्नति' लेखकै नयाँ संस्करण थियो। १९१५ मा काशीबाट सूर्यविक्रम ज्ञवालीको सम्पादनमा र प्रकाशन-मा गोर्खाली साप्ताहिकपत्र देखापऱ्यो। नेपाली भाषाको उन्नतिका लागि यसको प्रकाशन थालिएको थियो। विज्ञानविलासले आफ्नो एक लेखमा खास उदयपुरको भाषासँग हाम्रो भाषा धेरै मिल्छ भनेका थिए (गोर्खाली १/१०) र यसैमा चेत को भाषातत्त्व (Philology) नामक लेख पनि देखा पऱ्यो जुन संभवतः नेपाली भाषामा लेखिएको भाषा-विज्ञानसम्बन्धी पहिलो लेख हो। नेपाली भाषाका समस्या र अभावहरूलाई यस पत्रिकाले राम्ररी देखाएको छ। १९२२ मा सूर्यविक्रम ज्ञवालीकै सम्पादनमा काशीबाट 'मातृभूमि' को प्रकाशन थालियो। यसमा पनि नेपाली भाषाको उत्पत्ति, यसमा परिरहेको प्रभाव, आवश्यक सुधार आदि विषयमा लेख र सम्पादकीयहरू लेखिए। त्यस पत्रिका-बाट त्यस वेलाका भाषाविषयक समस्या र त्यसमा विद्वान्हरूको विचार थाहा पाइन्छ। यसपछि सन् १९२५ मा 'गोर्खा संसार' र १९२८ मा 'तरुण गोर्खा' को सम्पादन ठाकुर चन्दनसिंहले थाले। 'गोर्खा संसार' साप्ताहिकले मिति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२३ ११-१९२६ को अङ्कमा 'नेपाली भाषाको उत्पत्ति, उसको कारण र शुद्धता समूल तथा सोदाहरण औ आगन्तुक शब्द तथा उसको कारण' बारे लेख माग्यो। यसै पत्रिकाबाट थाहा हुन्छ (१२-३-१९२६), त्यस बेला शुद्ध खस (भाषा) का विषयमा विद्वान्हरूमा वाद-विवाद चलेको रहेछ। उता शेषमणि प्रधानको सम्पादनमा कालिम्पोङबाट जनवरी १९३० मा 'आदर्श' को प्रकाशन थालियो र पछि केही दिन बन्द भएको 'आदर्श' पुन: १९५२ मा देवदास राईको सम्पादनमा खरसाङबाट निस्कन थाल्यो। १९३१ देखि 'नेपाली साहित्य सम्मेलन पत्रिका' को प्रकाशन प्रारम्भ भयो, जसमा नेपाली भाषाविषयक अनेक लेख, भाषण र सम्पादकीय पनि छापिए। सन् १९३४ देखि ऋद्धिवहादुर मल्लका सम्पादनमा काठमाडौंबाट 'शारदा' मासिक पत्र निस्कन थाल्यो। आधुनिक नेपाली साहित्यको विकासमा यस पत्रको योगदान महत्त्वपूर्ण छ। समय समयमा उठेका भाषासम्बन्धी प्रश्न एवं समस्याहरूलाई बौद्धिक समाजसम्म पुऱ्याउन यस पत्रिकाले ठूलो प्रयास गरेको हो। सन् १९३५ मा के० डी० प्रधानको सम्पादनमा कालिम्पोङबाट 'नेबुला' को प्रकाशन भयो। यसमा पनि भाषासम्बन्धी महत्त्वपूर्ण लेखहरू निस्के। सन् १९३७ देखि काशीबहादुर श्रेष्ठको सम्पादनमा निस्कँदै रहेको 'उदय' ले पनि नेपाली भाषा-विषयक लेखहरू समय समयमा प्रकाशित गऱ्यो। १९८५ देखि प्रकाशित हुन थालेको गोर्खा लीगको मुखपत्र 'गोर्खा' ले विभिन्न ठाउँमा छरिएर बसेका नेपालीहरूको भाषामा चाख लिएर भाषा-सम्बन्धी अनेक लेखहरू छाप्यो। सन् १९४७ मा हृदयचन्द्रसिंहको सम्पादनमा 'साहित्यस्रोत' को प्रकाशन काठमाडौंबाट भयो। नेपाली भाषासम्बन्धी केही लेखहरूका साथै उच्चस्तरीय गद्य यसमा देखा परे।

सन् १९४९ को जून महिनादेखि पारसमणि प्रधानको सम्पादकत्वमा 'भारती' मासिक पत्रिकाको प्रकाशन थालियो र ९ वर्षसम्म चल्दा १०८ अक निस्के तर २०।२२ हजारको घाटा लागेपछि त्यो बन्द भयो। नेपाली भाषाका सेवकका रूपमा पारसमणि प्रधानले 'भारती' मा पनि अनेक लेख र सम्पादकीयहरू प्रकाशित गरे। प्रधानको 'नेपाली भाषाको उत्पत्ति र विकास' १९६१ मा प्रकाशित भयो।

नेपाली भाषाको उन्नतिका निम्ति केही संस्थाहरू, प्रकाशकहरू र विद्वान्हरूको व्यक्तिगत योगदान पनि कम महत्त्वपूर्ण छैन। सन् १९१३ ई. मा गोरखा भाषा प्रकाशिनी समितिको स्थापना भयो र यसको पहिलो अध्यक्ष राम-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मणि आ० दी० भए । प्रारम्भमा यसले पाठ्य-पुस्तक र अरू उपयोगी पुस्तक-हरूको प्रकाशन गऱ्यो । १९३३ देखि भाषाका क्षेत्रमा पनि यस समितिले महत्त्वपूर्ण पाइला चाल्न थाल्यो । यसै समय गोभाप्रसलाई नेभाप्रस-मा परिणत गरिएको थियो । भाषा र व्याकरणमा एकरूपता ल्याउन तथा समयको विकास-का साथ भाषामा देखिने परिवर्तन र प्रगतिलाई मान्यता दिन गरेको नेभाप्रस-को प्रयासको फलस्वरूप १९३४ ई० मा 'नेपाली कसरी शुद्ध लेख्ने ?' प्रकाशित भयो । सन् १९३३ तिर आयोजना गरिएको अंग्रेजी नेपाली कोश' पुष्कर-शमशेरको प्रधान सम्पादकत्वमा दुई भागमा क्रमशः १९३६ र १९३८ मा देखापऱ्यो । अनि १९३३ देखि नै संकलन गर्न थालेको र १९३९ देखि छापिन थालेको उनका 'नेपाली उखान टुक्काको वर्णक्रमानुसारी सूची र वाक्यांश वाक् पद्धति' इत्यादिको कोश १९४१ मा प्रकाशित भयो । यसपछि प्रकाशित भएका केही नेपाली कोश, रचना तथा व्याकरणसम्बन्धी पुस्तक हुन्– गोपाल पाण्डेका रचना दर्पण (१९९४ वि. सं.), ह्रस्वदीर्घको सवाई (वि० सं० १९९७), रचना केशर (वि० सं० २०००), चक्रपाणि चालिसेका बंगली कोश (वि० सं० १९९८), पर्यायवाची कोश (वि० सं० १९९९), मा ज्ञानप्रसादको रचना-सहायक (वि० सं० २०००), हृदयचन्द्र सिंहको शब्द शुद्धि विज्ञान (२००४) र चिन्ह परिचय, मोल्र्याण्ड ह्युजेजको नेपाली भाषाको व्याकरण, कोर्नेलियसको यूरोपियन्स गाइड टु नेपाली, गोर्खाली अंग्रेजी कोश (१९४४) र अंग्रेजी गोर्खाली कोश (१९४४) ।

दार्जिलिङमा बसोबास गरेका नेपालीहरूबाट २५ मई १९२४ मा 'नेपाली साहित्य सम्मेलन' को स्थापना हुनु गोभाप्रसको स्थापना हुनु जत्तिकै महत्त्वपूर्ण घटना हो । नेपाली भाषा र साहित्यको विकास गर्नु यसको उद्देश्य भएकोले आफ्नो उद्देश्यको अनुरूप पत्रिका निकालेर सभा-सम्मेलनहरू गराएर, संगठन् गरेर अनि पुस्तकहरू प्रकाशित गरेर यसले आफ्नो कार्यक्रम चालू राख्यो । यसबाहेक १९५० सम्म देशभित्र र बाहिर स्थापित भएका विभिन्न संस्थाहरूले पनि नेपाली भाषाको उन्नतिमा योगदान दिएका छन् ।

१०४. प्रजातन्त्रपछि

क) व्याकरण

सन् १९५१ को परिवर्तन पछि लेखिएका नेपाली व्याकरणका पुस्तक-हरूमा एक थरी नेपाली भाषामा छन् भने अर्का थरी अंग्रेजीमा छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा लेखिएका व्याकरण ग्रन्थहरू दुई मूलभूत उद्देश्यले प्रेरित छन् : नेपाली व्याकरणका क्षेत्रमा नयाँ विश्लेषण, व्याख्या र धारणाहरू प्रस्तुत गर्नु र विद्यालय र विश्वविद्यालयका विभिन्न कक्षाका निम्ति पाठ्यपुस्तक तयार गर्नु।

समितिको व्याकरण पछि नेपाली व्याकरणका समस्याहरूमा विचार गर्न निकै समय लाग्यो। धेरै कालसम्म पठन-पाठनका लागि सोमनाथ शर्माको मध्यचन्द्रिका नै रह्यो। लेख्य नेपालीका प्रयोगगत एकरूपताको समस्याको अनुभव गरी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले एउटा नयाँ व्याकरण तयार गर्ने योजना बनायो र सोहीअनुसार रोहिणीप्रसाद भट्टराईले लेखेको बृहत् नेपाली व्याकरण सन् १९७६ मा प्रकाशित भयो। तर न त सैद्धान्तिक न प्रयोगका दृष्टिले नै यस व्याकरणको प्रभाव उल्लेखनीय रह्यो।

विद्यालय स्तरमा पठन-पाठनका लागि नेपाली व्याकरणका धेरै पुस्तकहरू तयार गरिए। धेरैले सोमनाथ शर्मा लिखित मध्यचन्द्रिकाकै परिभाषा, वर्गीकरण र उदाहरणहरूलाई केही भिन्न रूपमा प्रस्तुत गरे। तैपनि केही व्याकरण ग्रन्थहरू यस अवधिमा व्यापक रूपले प्रयोगमा आए। यी पुस्तकहरूमा हर्षनाथ शर्माको नेपाली व्याकरण बोध (२०१६), कृष्णप्रसाद पराजुलीको राम्रो रचना मीठो नेपाली (२०३३), मोहनराज शर्माको नेपाली व्याकरण परिचय (२०२४), विष्णुगोपाल रिसाल र शिवगोपाल रिसालको नेपाली भाषा र व्याकरण (२०२७), उल्लेख्य छन्।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत विभिन्न विषय पढ्नेहरूले अनिवार्य विषयका रूपमा एउटै पाठ्यक्रमको नेपाली पढ्नु पर्ने व्यवस्था भएपछि नेपाली व्याकरणको पठन-पाठन बढी व्यापक र प्रभावकारी भयो। नेपाली विषय पढाउने शिक्षकहरूका विभिन्न गोष्ठीहरू सम्पन्न भए र ती गोष्ठीहरूले नेपाली वर्णविन्यासका क्षेत्रमा सामान्य संशोधन गर्ने निर्णय गरे। यो संशोधन आगन्तुक शब्दहरूलाई मूल भाषाको उच्चारण र वर्णविन्यासअनुसार होइन नेपालीकै वर्णविन्यासका नियमअनुसार लेख्नुपर्छ भन्ने थियो। यसै नियमअनुसार अघिदेखि व्यवहारमा रहेका शहर, शिकार, एशिया, जस्ता शब्दका श पातला भएर सहर, सिकार र एसिया भए। कानून, तालीम गरीब जस्ता शब्दका दीर्घ रूपहरू ह्रस्व भएर कानुन, तालिम र गरिब भए। यसैअनुसार पठन-पाठन हुन थाल्यो। यी र व्याकरणका कतिपय नयाँ धारणा र व्याख्याहरूलाई त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०३६) ले प्रस्तुत गऱ्यो। यिनै कतिपय नयाँ धारणा व्याख्या र वर्गीकरणलाई मोहनराज शर्माको शब्द रचना र वर्ण विन्यासको नयाँ संस्करणमा र हेमाङ्गराज अधिकारीको सम-सामयिक नेपाली व्याकरण (२०४९) मा पनि प्रस्तुत गरिएको छ। नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले प्रकाशित गरेको 'बृहत् नेपाली शब्दकोश' (२०४०) मा परेका शब्दहरू पनि यसैअनुसार नयाँ वर्ण विन्यासमा राखिएका छन्।

अंग्रेजी भाषामा लेखिएका व्याकरण ग्रन्थहरू दुई स्रोतबाट आएका छन्: विदेशीलाई नेपाली भाषा सिकाउने पाठ्यपुस्तकका रूपमा र स्नातकोत्तर र विद्यावारिधिस्तरीय अनुसन्धान ग्रन्थको रूपमा। पहिला थरीका कृतिबारे छुट्टै शीर्षकमा र दोस्रा थरीका कृतिहरूबारे पनि नेपाली भाषाको वर्णनात्मक र तुलनात्मक अध्ययन शीर्षकअन्तर्गत चर्चा गरिनेछ।

ख) ऐतिहासिक अध्ययन

सन् १९५१ को परिवर्तनपछिका वर्षहरूमा नेपाली भाषाको ऐतिहासिक अध्ययनले नयाँ बाटो लियो। सन् १९५६ मा श्री ५ महेन्द्रको शुभराज्याभिषेकका अवसरमा नेपालको निम्तामा आएका सर र्‍यालफलोले टर्नरले नेपाली भाषाको मूल (The Roots of Nepali) शीर्षकमा एउटा लिखित भाषण दिए जसमा नेपालीको ऐतिहासिक सम्बन्धको निरूपण गर्दै नेपालीका विशेषताहरूको उल्लेख गरिएको छ र नेपाली भाषालाई चोखो राख्न भनिएको छ। यसै ताक नेपाली विद्वान् योगी नरहरिनाथका प्रयासबाट नेपाली भाषाका पुराना नमुनाहरू प्रकाशित भए। यी नमुनाहरू इतिहास प्रकाशका विभिन्न भागहरूमा प्रकाशित छन्। यस्तै इटालीका विद्वान् प्राध्यापक टुचीका प्रयासबाट पनि कर्णाली अञ्चलका तिनै खस राजाहरू र तिनका अभिलेखनबारे नयाँ तथ्यहरू प्रकाशमा आए। यस्ता नयाँ तथ्यबाट केहीको समावेश दयानन्द श्रीवास्तवको नेपाली भाषा: यसको इतिहास र विकास (Nepali Language : Its History and Development, 1962) शीर्षक कृतिमा भएको छ। यसै समय तुलनात्मक भाषा विज्ञानको अध्ययन गरी नेपाली भाषा शास्त्रको अध्यापन गर्न लागेका बालकृष्ण पोखरेलबाट नेपालीको ऐतिहासिक अध्ययनसम्बन्धी प्रकाशनहरू भए। यिनमा उनका लेखहरूको सङ्ग्रह 'नेपाली भाषा र साहित्य' (सन् १९६२) र नेपाली भाषाका सामग्रीको संग्रह 'पाँच शय वर्ष' (सन् १९६३) त्यस समयका महत्त्वपूर्ण कृति हुन्। ऐतिहासिक अध्ययनकै क्षेत्रमा मदन पुरस्कार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वत्वृत्तिअन्तर्गत सम्पन्न गरिएको यी पंक्तिका लेखकको "नेपाली भाषाको उत्पत्ति" शीर्षकको यो ग्रन्थ २०२३ मा लेखिई २०२५ मा प्रकाशित भयो। तर त्यसपछिका वर्षहरूमा यी पंक्तिका लेखकको समेत वर्णनात्मक भाषा विज्ञानतिर नै झुकाउ रह्यो। ऐतिहासिक अध्ययनको कार्य द्रुतगतिमा बढे तापनि महानन्द सापकोटा, बालकृष्ण पोखरेल, बल्लभमणि दाहाल, चूडामणि बन्धु, देवी गौतमका केही अध्ययनहरू यस अवधिमा देखा परेका छन्।

ग) वर्णनात्मक अध्ययन

नेपाली भाषाका विभिन्न पक्षमा वर्णनात्मक अध्ययन भएको छ। खासगरी विभिन्न विश्वविद्यालयका स्नातकोत्तर तथा विद्यावारिधिस्तरीय अनुसन्धानका क्रममा यस्ता अध्ययन भएका छन्। तर कतिपय अध्ययन उपाधिको प्रयोजनका निम्ति सम्पन्न गरिएका थिएनन्। उदाहरणका निम्ति सन् १९६७ मा साउथवर्थले रूपान्तरण व्याकरणका आधारमा नेपाली भाषाको वर्णन गरेको कृति उपाधिका निम्ति थिएन तर केरल विश्वविद्यालयका विद्यार्थीहरूले सन् १९६९ मा एम० ए० को एउटा पत्रका रूपमा शोधपत्रहरू तयार गरेका थिए। स्वतन्त्र अध्ययनका रूपमा बन्धु, दाहाल, होल्जहाउजेन र हेलले नेपाली भाषाको वर्णतत्त्वको अध्ययन सन् १९७० मा प्रस्तुत गरे। यस्तै सन् १९७३ मा चूडामणि बन्धुको नेपाली उप वाक्यको ढाँचा र मारिया हरीको नेपाली वाक्यगठनसम्बन्धी शोध-लेखहरू आए। यसपछि सन् १९७४ मा वासुदेव शर्माको नेपाली वाक्यबारेको शोधलेख देखापऱ्यो भने भीकी अब्दुलकीको नेपालीको कारक व्यवस्थाको अध्ययन गरिएको एम० ए० स्तरीय तथा बल्लभमणि दाहालको नेपाली ध्वनि रूप र वाक्यबारेका विद्यावारिधिस्तरीय शोध प्रबन्धहरू आए। यसै क्रममा चूडामणि उपाध्याय रेग्मीको नेपालीका सम्बन्ध उप वाक्य बारेको विद्यावारिधि शोध प्रबन्ध सन् १९७८ मा र तारानाथ शर्माको नेपालीका सहायक-क्रियाबारेको विद्यावारिधि शोधग्रन्थ सन् १९८० मा प्रस्तुत भए।

यस्तै कृष्णभाइ प्रधानले नेपाली सरल उपवाक्यको संरचना बारेको आफ्नो विद्यावारिधि शोधग्रन्थ सन् १९८२ मा तयार गरे भने वालेसले नेपाली वाक्यसम्बन्धी विभिन्न लेख प्रकाशित गर्नुका साथै नेपाली वाक्यमा कर्ता र कर्तृत्वबारेको विद्यावारिधि शोधग्रन्थ सन् १९८५ मा प्रस्तुत गरे। जयराज आचार्यको नेपाली व्याकरणसम्बन्धी शोधग्रन्थ सन् १९९१ मा प्रस्तुत भयो भने लाउरा डी० केनको नेपाली वाक्यसम्बन्धी विद्यावारिधि शोध प्रबन्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन् १९९२ मा तयार भयो । मनिन्द्र वर्माको नेपाली वाक्यसम्बन्धी एउटा लेख १९७६ मा र अर्को लेख भाषाशास्त्रको विश्वकोशमा समाविष्ट भई सन् १९९२ मा प्रकाशित भएको छ ।

सन् १९८९ मा माधवप्रसाद पोखरेलको नेपाली ध्वनितत्त्वबारेको शोधग्रन्थ प्रस्तुत भयो । पोखरेलका अन्य लेखहरू पनि प्रकाशित छन् । सन् १९९४ मा क्यारोल जेनेती, कुमिको इचिहासी-नाकायामा, इलिसे कर्कइनेन र निकोलास किन्रेका नेपाली वाक्यसम्बन्धी लेखहरू प्रकाशित भएका छन् ।

नेपाली भाषाको अर्थ तात्त्विक अध्ययनका क्षेत्रमा शान्ति वस्न्यात तथा तुलसीप्रसाद भट्टराईका विद्यावारिधि स्तरीय शोध प्रवन्धहरू विशेष रूपले उल्लेख्य छन् ।

नेपाली भाषाका भाषिकाहरूको अध्ययनका क्षेत्रमा वालकृष्ण पोखरेलका कार्यहरू पथ प्रदर्शक भएका छन् । चूडामणि वन्धुबाट जुम्ली भाषिका कतिपय पक्षको अध्ययन भएको छ । वल्लभमणि दाहालको अध्ययनमा दार्जीलिङका नेपालीको विश्लेषण गरिएको छ । यस्तै ध्रुवचन्द्र गौतमको विद्यावारिधि स्तरीय अध्ययनमा तराईको नेपालीलाई विषय वनाइएको छ । हीरामणि शर्माले पर्वती भाषिकाका विशेषताहरूको विवेचना गरेका छन् । रामविक्रम सिजापतिले विद्यावारिधि स्तरीय शोध ग्रन्थमा जुम्ली भाषिकाको विस्तृत अध्ययन गरेका छन् ।

यता त्रिभुवन विश्वविद्यालयको नेपाली विभागअन्तर्गत नेपालीका भाषिकासम्बन्धी अध्ययन भएका छन् ।

घ) प्रायोगिक पक्षहरू

नेपाली भाषाको अध्ययन र अध्यापनको सिलसिलामा नेपाली भाषाको वर्णन गरिएका ग्रन्थहरू प्रकाशित भएका छन् । सन् १९६३ मा क्लार्कको नेपाली भाषाको वर्णन गरिएको पुस्तक नेपाली परिचय, (१९६३ ई.) विशेष उल्लेखनीय छ । यसमा नेपाली क्रियाका संरचनाको राम्रो वर्णन छ । तर दासगुप्ता र कर्माचार्य, फिशर र कोनर्स, रुथ लैला स्मिथका पुस्तकहरू नेपाली भाषा सिक्न चाहने अंग्रेजी भाषाभाषीहरूका निम्ति थिए । यस क्षेत्रमा मारियाहरीको वार्तालापको नेपाली (१९७२ ई०) एवं टीका कार्की र चीज श्रेष्ठको वोलचालको नेपालीको आधारभूत पाठ्यक्रम (१९७४ ई०) पनि बढ़ी मात्रामा व्यवहारमा आएका छन् । यस्तै मनिन्द्र बर्मा र तारानाथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शर्माको मझौलो नेपाली संरचना र पाठ बारेका दुई बेग्लाबेग्लै पुस्तक प्रकाशित भए । केही अन्य पाठ्यपुस्तकहरू पनि तयार भएका छन् । जसमा डेभिड मैथ्यूजको नेपालीको पाठ्यक्रम (सन् १९८४) महत्त्वपूर्ण छ ।

नेपाली भाषा बहुभाषिक समाजको सम्पर्क भाषा र नेपालको राष्ट्र-भाषा पनि हो । नेपालीको समाजभाषा वैज्ञानिक अध्ययन केही मात्रामा भएको छ । रुथ लैला स्मिथ, चूडामणि बन्धु र केही अरूबाट नेपाली भाषाको समाज भाषा वैज्ञानिक अध्ययन भएको छ । सुभद्रा सुब्बाबाट नेपालको तराईमा द्वैमासिक स्थितिको अध्ययन भनिएको छ ।

ङ) तुलनात्मक अध्ययन

नेपालीको तुलनात्मक अध्ययनका क्षेत्रमा सर टर्नरका समयदेखि नै महत्त्वपूर्ण कार्य भएका छन् । तर व्यवस्थित रूपमा तुलनात्मक अध्ययनको कार्य चाहिँ स्नातकोत्तर र विद्यावारिधि स्तरीय अनुसन्धानका क्रममा नै भयो । यस क्षेत्रमा तारानाथ शर्माको नेपाली र अंग्रेजीको पदक्रमको तुलनात्मक अध्ययन, अर्जुन पौड्यालको नेपाली र अग्रेजीको पुस्तकहरूको तुलनात्मक अध्ययन, बेन्डिक्सको नेपाली र नेवारी क्रिया व्यवस्थाको तुलनात्मक अध्ययन, वल्लभमणि दाहालको नेपालीका स्तरीय काठमाडौं र दार्जीलिङ्गको भाषिकाको अध्ययन, रामारावको तेलगु, बङ्गाली र नेपालीको तुलनात्मक अध्ययन, गुप्ता र तुलाधरको नेपाली मराठी र हिन्दीको तुलनात्मक अध्ययन र पन्धरी पाण्डेको नेपाली, हिन्दी र मराठीको तुलनात्मक अध्ययनहरू महत्त्वपूर्ण छन् ।

विद्यावारिधस्तरिी यकेहीअन्य अनुसन्धानका रूपमा आशा सिंहको नेपाली र हिन्दीको तुलनात्मक अध्ययन (१९७६) शिशिरकुमार स्थापितको अंग्रेजी, नेपाली र नेवारीको तुलनात्मक अध्ययन महत्त्वपूर्ण रहेका छन् । यस्तै राजेन्द्र विमल तथा गणेशप्रसाद भण्डारीका नेपाली एवं हिन्दीको तुलनात्मक अध्ययन तथा डिल्लीराम तिमसिनाको नेपाली र हिन्दीको व्यतिरेकी अध्ययन पनि विद्यावारिधि स्तरीय महत्त्वपूर्ण अनुसन्धानहरू हुन् ।

च) शब्दकोश निर्माण

शब्दकोशहरू पनि भाषाको विकासमा सूचक हुन् । सर टर्नरको शब्दकोशले नेपाली भाषालाई विश्व मानचित्रमा प्रस्तुत गऱ्यो र नेपाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषालाई एउटा महत्त्वपूर्ण भाषाका रूपमा परिचित गरायो। त्यस पछिका वर्षहरूमा विभिन्न उद्देश्यले एक भाषिक, द्विभाषिक र वहुभाषिक कोशहरू प्रकाशित भए।

नेपाली भाषाको मानकीकरण गर्दै यसको सम्वर्द्धन गर्ने क्रममा नेपाली भाषाको एक भाषिक कोषको विशेष महत्त्व छ। नेपाली विद्वान्हरूमा चक्रपाणि चालिसेले वगली कोश (वि. सं. १९९८) र पर्यायवाची कोश (वि. सं. १९९८) दिएर महत्त्वपूर्ण योगदान गरेका हुन्। नेपाली कोशकारका रूपमा उनका कार्य मार्गदर्शक भएका छन्। उनको अर्को कोष 'हितैषी नेपाली कोष' शीर्षकमा वि सं. २०४६मा चक्रपाणि स्मारक समितिले प्रकाशित गऱ्यो।

सन् १९५१ को परिवर्तन पछि नै प्रकाशित भएको नेपाली भाषाको एक भाषिक कोश पं० रामचन्द्र ढुङ्गानाको संक्षिप्त नेपाली कोश हो। अन्दाजी १६,००० नेपाली शब्दहरूको यो कोश व्यवहारोपयोगी सिद्ध भए पनि संक्षिप्त भएकै कारणले नेपाली भाषाका धेरै शब्द यसभन्दा वाहिरै रहे। यस कारण नेपाली भाषाको एउटा स्तरीय कोशको आवश्यकता अनुभव गरी रोयल नेपाल एकडेमीले वि. सं. २०१९ सालमा वालचन्द्र शर्माको सम्पादनमा "नेपाली शब्दकोश" को प्रकाशन कार्य सम्पन्न गऱ्यो। प्रकाशन पछिका दुई दशकसम्मलाई यही शब्दकोश नेपाली समाजमा मानक र उपयोगी ठहरियो। यसै वर्ष केशवलाल कर्माचार्यको नेपाली शब्दकोश पनि देखापऱ्यो, हर्षनाथ शर्माको वृहत् नेपाली शब्दकोश पनि वि. सं. २०२३ मा आयो। तर यीभन्दा महत्त्वपूर्ण चाहिँ महानन्द सापकोटाको वि. सं. २०३४ मा प्रकाशित नेपाली शब्द परिचय नै भयो। यस्तै पारसमणि प्रधानको सन् १९८३ मा प्रकाशित सानो नेपाली शब्दकोशको उपयोगितालाई पनि नकार्न सकिन्न।

नेपाली भाषाकै इतिहासमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा २०३९ मा प्रकाशित संक्षिप्त नेपाली शब्दकोश र २०४० मा प्रकाशित नेपाली वृहत् शब्दकोश महत्त्वपूर्ण रहेका छन्। अहिलेसम्मको सवभन्दा वृहत् आकारको यस कोशमा आगन्तुक शब्दहरूको नेपालीकरण गरी परिवर्तित वर्ण विन्यास अनुसार राखिएका छन्। यस पछि विल्यम वर्कको "सही शब्द" शीर्षकको पर्याय - विपर्याय वाची शब्दकोश सन् १९९४ मा प्रकाशित भयो। सन् १९९५ को सुरुमा नै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले एउटा वृहत् आकारको प्रज्ञा नेपाली कोशको निर्माण कार्य प्रारम्भ गरेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वैभाषिक कोश निर्माणका निम्ति विदेशी र स्वदेशी विद्वान्हरूबाट प्रयास भएको पाइन्छ। टर्नबुल, टर्नर, गंगाधर शास्त्री, द्रविड, पुष्कर शमशेर, कार्नेलियस, मीरान्डोन्क जस्ता विद्वान् कोशकारका प्रयासहरू उल्लेखनीय रहेका छन्। खास गरी अंग्रेजी भाषाको पठन-पाठनको क्रमिक वृद्धिको परिणाम स्वरूप अंग्रेजी नेपाली शब्दकोशहरू तयार भएका छन् तापनि केही अन्य द्वैभाषिक कोशहरू पनि प्रकाशित भएका छन्। यस्ता विशेष कोशहरूमा बी एम. प्रधान र एन. एम प्रधानका स्टूडेन्ट स्ट्यान्डर्ड डिक्सनरी (सन् १९५१), फर्बेसको इङ्गलिस-गोर्खाली डिक्सनरी (१९५४), पन्नाप्रसाद जोशीको संक्षिप्त नेपाल भाषा शब्दकोश (वि. सं. २०१२) निरञ्जन शर्माको अंग्रेजी–नेपाली डिक्शनरी (१९५६ ई०), मीरान्डोन्कको बेसिक–गोर्खाली डिक्शनरी (१९६० ई०), भी. उपाध्याय र अन्यको नेपालीमा लिटिल स्टयान्डर्ड डिक्शनरी (वि. सं. २०२०), कमलप्रसाद शर्माको नेपाली–अंग्रेजी कोश (२०२४) सामान्य भए पनि पछि प्रकाशित चन्द्रलाल सिंहको नेपाली–अंग्रेजी कोश (१९७१ ई०), नरेन्द्रमणि आ. दी. को साझा संक्षिप्त कोश (२०३९) र राजनारायण प्रधानको आधुनिक नेपाली-अंग्रेजी शब्दकोश (२०५१) महत्त्वपूर्ण कोशका रूपमा देखिएका छन्।

नेपाल एउटा बहुभाषिक देश हो। यहाँ ७० भन्दा बढी भाषा र भाषिका दैनिक व्यवहारमा छन्। यहाँ विश्वभाषाका रूपमा संस्कृत, छिमेकी देशको भाषाका रूपमा हिन्दी तथा धर्म र संस्कृतिको भाषाका रूपमा संस्कृतको प्रयोग हुन्छ। नेपालको सम्पर्क विश्वका अन्य देशहरूसँग बढ्दै गएपछि ती कतिपय देशका विद्वान्हरूको पनि नेपाली भाषाप्रतिको रुची बढ्दै गयो। फलस्वरूप हामी केही त्रैभाषिक र बहुभाषिक कोशहरू पनि बनेको पाउछौं।

श्री कृष्णचन्द्र र पूर्णचन्द्र रेग्मीद्वारा सम्पादित संस्कृत, नेपाली, हिन्दी र अंग्रेजी शब्दकोश वि. सं. २०१७ मा प्रकाशित भयो। यस्तै इमान सिंह चेमजोङको लिम्बू-नेपाली-अंग्रेजी शब्दकोश वि. सं. २०१८ मा र रेग्मीको नेपाली–हिन्दी–अंग्रेजी शब्दकोश वि. सं. २०२१ मा प्रकाशित भए।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले वि. सं. २०२६ मा पर्यायवाची शब्दकोश भनी नेपालको १४ भाषाहरूको शब्दकोश निकाल्यो। यस्तै समर इन्स्टिच्यूट अफ लिंग्युस्टिक्सले पनि नेपालका विभिन्न भाषाहरूको बेग्लाबेग्लै अंग्रेजी र नेपालीमा अर्थ दिई द्वैभाषिक र त्रैभाषिक शब्द कोशहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्माण गऱ्यो । त्यस संस्थाले नेपालका विभिन्न भाषाहरूको तुलनात्मक शब्द सूची तयार गऱ्यो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले २०४० मा नै नेपालका विभिन्न भाषाहरूको एउटा शब्दकोश पनि तयार गरेको थियो तर त्यसको प्रकाशन भएको छैन ।

छ) शिक्षाको भाषा

नेपाली भाषाको प्रयोग शिक्षा क्षेत्रमा यस शताब्दीको सुरुतिर मात्र थालिएको भए तापनि यस क्षेत्रमा यो महत्त्वपूर्ण भाषा भयो । भारतीय विश्वविद्यालय र परीक्षा लिने संस्थाहरूले नेपालीलाई पनि एउटा विषयका रूपमा स्वीकृत गरे । तराईका केही क्षेत्रमा सन् १९५० को दशकमा हिन्दीको प्रचार भए तापनि शिक्षाको प्रचार र विस्तारका साथै माध्यमिक तहसम्मको माध्यम भाषा नेपालभरि नेपाली नै भयो । त्रिभुवन विश्वविद्यालयको स्थापना हुँदा उच्च शिक्षाको माध्यम पनि नेपाली भाषालाई बनाउने लक्ष्य लिई अंग्रेजीलाई त्यस पछिका पन्ध्र वर्षका निम्ति मात्र राखिएको थियो । तर त्यस लक्ष्यअनुसार भाषाको आधुनिकीकरण गर्ने र पाठ्यपुस्तकहरूको निर्माण गर्ने कार्य भएन । तैपनि नेपालीको प्रयोग आज मानविकी तथा समाज विज्ञानका विषयहरूमा उच्च कक्षासम्म नै व्यापक रूपमा गरिँदैछ र नेपालीहरू सहभागी भएका धेरैजसो सभा-सम्मेलन, गोष्ठी र प्रवचनहरू नेपालीमै हुने गरेका छन् । नेपालीमा प्राविधिक शब्दहरूको विकास, पाठ्य-पुस्तकहरूको वृद्धि र समाजमा धेरै जसो नेपाली भाषाकै प्रयोग हुने स्थिति रहेकाले उच्च शिक्षामा नेपाली माध्यमको प्रयोग बढ्दो छ ।

ज) संस्थाहरूको स्थापना

नेपाली भाषा र साहित्यको विकासका निम्ति सरकारी र गैर सर-कारी स्तरमा विभिन्न संस्थाहरूको स्थापना भयो । महानन्द सापकोटा र उनका सहयोगीहरूको प्रयासले स्थापित नेपाली भाषा प्रचारक संघ (२००८) कमल दीक्षितका प्रयासले स्थापित मदन पुरस्कार गुठी (२०१३) लक्ष्मी-प्रसाद देवकोटा र बालचन्द्र शर्माको प्रयासले रोयल नेपाल एकडेमी (१९५७) केदारमान व्यथित र उनका सहयोगीहरूद्वारा स्थापित नेपाली साहित्य संस्थान (१९६२) नेपाली भाषा प्रकाशिनी समितिको उत्तराधिकारीका रूपमा सन् १९६४ मा स्थापित साझा प्रकाशनका साथै लेखक साहित्यकार तथा प्राज्ञिक प्रकृतिका अनेकौं संघ र संस्थाहरूले नेपाली भाषाको सम्वर्द्धनका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निम्ति महत्त्वपूर्ण कार्यहरू गरे। खास गरी नेपाली भाषाको मानविकीकरणका क्षेत्रमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र त्रिभुवन विश्वविद्यालयको भूमिका महत्त्वपूर्ण रह्यो। विशेष गरी नेपाली भाषाको मानकीकरणका क्रममा यी दुई संस्थाबाट भएका कार्यहरू महत्त्वपूर्ण रहेका छन्। उदाहरणका रूपमा नेपाली वर्णविन्यासका क्षेत्रमा भएका कार्यलाई अघि सार्न सकिन्छ। पुरस्कार, विद्वत्वृत्ति तथा लेखन र अनुसन्धानका क्षेत्रमा भएका प्रोत्साहन आदि गतिविधिले गर्दा नेपालीको भाषाको सम्बर्द्धनमा सहयोग मिलेको छ। प्रजातन्त्रको पुर्नस्थापना पछिका वर्षहरूमा खुलेका संस्थाहरूका नेपाली भाषा र साहित्यको विकासका क्रियाकलापहरूले नेपाली भाषाको सम्बर्द्धनमा विशेष योगदान गर्नेछन् भन्ने कुरा स्पष्ट छ।

नेपाली भाषाको संस्थागत विकासको कुरा गर्दा भाषा सम्बन्धी दुई आन्दोलनहरूको चर्चा प्रासङ्गिक देखिन्छ। यी दुई हुन् : हलन्त वहिष्कारवादी र झर्रोवादी आन्दोलन। हलन्त बहिष्कारवादका नेता राममणि आ. दी. हुन्। मातृप्रसाद अधिकारीको छद्मनामबाट सन् १९०८ मा 'माधवी' पत्रिका निकाल्दा यिनले आफ्नो 'कविता रीति' शीर्षक लेख पनि छापे। त्यो पत्रिका र त्यसमा परेको उनको लेखमा यस अभियानको मान्यता प्रारम्भिक रूपमा छन्। त्यस ताकका कवि, लेखकहरूले हलन्तको प्रयोग गरी शब्दहरूलाई विकृत पारेको देखेर छपाइको सुविधा र शब्दहरूको रूप-सौन्दर्यको तर्क दिई प्रस्तुत गरिएको यस सिद्धान्तको व्याख्या उनले १९५० का दशकमा पनि गरे। सुरुमा लेखनाथ जस्ता कविलाई समेत प्रभावित गर्न सफल भएको हलन्त वहिष्कारवादले पछि भने पूरा समर्थन पाएन। तर नेपाली वर्ण विन्यासको निर्धारणमा यस अभियानको अप्रत्यक्ष योगदान छ।

नेपाली भाषा शुद्ध र चोखो राख्ने उद्देश्यले झर्रोवादी आन्दोलनलाई सन् १९५० को दशकमा बालकृष्ण पोखरेल, रातानाथ शर्मा, वल्लभमणि दाहाल र उनका सहयोगीहरूबाट थालियो। यस अभियानका प्रमुख सूत्रधार बालकृष्ण पोखरेल नै हुन्। तर झर्रोवादी आन्दोलनबाट प्रभावित भएर आफ्नो शैली बनाउनेहरूमा तारानाथ शर्मा, मोहनराज शर्मा र चूडामणि रेग्मी जस्ता लेखकहरू मुख्य छन्। संस्कृत, अंग्रेजी र हिन्दीको प्रभावले अपरीचित जस्तो भएको नेपाली भाषाको निजी पहिचान कायम राख्न र भाषालाई सरल तुल्याउन यस अभियानले खेलेको भूमिका महत्त्वपूर्ण छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झ) सम्पर्क भाषा, राष्ट्र भाषा र सरकारी कामकाजको भाषा

शताब्दियौंदेखि सम्पर्क भाषाका रूपमा रहेको नेपाली भाषा नेपालको एकीकरण पछि राज्य भाषाका रूपमा प्रयोग हुन थाल्यो। सबै सरकारी कामकाज यसैमा सम्पन्न गरिन्थ्यो तर सरकारी स्तरमा यस भाषाले 'नेपाली' नाम सन् १९३० को दशकमा मात्र पायो। नेपाल बाहिर भने नेपाली नाम प्रचलित भइसकेको थियो। सन् १८२० मा एटनले आफ्नो व्याकरणमा यस भाषालाई नेपाली नै भनेका छन्। नेपालको पहिलो सम्विधानमा नेपालीलाई राष्ट्र भाषा भनिएको छ र वि. सं. २०४७ को नेपालको सम्विधानमा नेपाली भाषालाई राष्ट्र भाषाका साथै सरकारी कामकाजको भाषा पनि भनिएको छ। सरकारी कामकाजको माध्यम भएकाले नेपाली भाषालाई राष्ट्रिय जीवनका विभिन्न पक्षमा प्रभावकारी रूपले प्रयोग गर्नका निम्ति सक्षम तुल्याउनु पर्ने हुन्छ। सन् १९९२ मा नेपाली भाषालाई संवैधानिक मान्यता प्रदान गरी भारत सरकारले नेपाली भाषालाई आठौं अनुसूचीमा समाविष्ट गरेको छ। यसरी नेपाली भाषा नेपालका साथै भारतमा पनि सरकारी कामकाजको भाषा भएको छ र त्यहां पनि यसको सम्वर्द्धनका निम्ति निरन्तरको प्रयत्न चालू छ। यो भाषा भूटानमा पनि ठूलो जनसंख्याले बोल्ने भाषा हो। यसरी नेपाली भाषा यस दक्षिणी हिमाली पाखाको एउटा महत्त्वपूर्ण भाषाका रूपमा प्रतिष्ठित भएको छ।

१९. नेपाली लेखन-प्रणाली

१०५. लेखनकलाको प्रारम्भ

विद्वान्हरू आर्य जातिको लेखनकलाको इतिहास ऋग्वेदसम्म लैजान्छन्। वाजसनेय तथा तैत्तीरीय संहिताहरू, शतपथ तथा पञ्चविंश ब्राह्मण एवं छान्दोग्य तथा तैत्तीरीय उपनिषद्हरूमा पनि लेखनकालका प्रमाण उपलब्ध छन्। महाभारत, रामायण, अष्टाध्यायी र कौटिल्यको अर्थशास्त्र जस्ता ग्रन्थहरुबाट पनि लेखनकलाका विषयमा थाहा पाइन्छ। विद्वान्हरू लेखनकलाको विकासको क्रममा ब्राह्मीबाट नै आजका कैयन लिपिहरूको उत्पत्ति भएको कुरा स्वीकार गर्छन्। भारतवर्षमा प्राचीनकालमा ब्राह्मी र खरोष्ठी यी दुई लिपि प्रचलित थिए।

१०६. ब्राह्मी

आजको नेपाली लिपि, नेपाली भाषाको आजसम्म उपलब्ध प्राचीन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिलेखको लिपि तथा पिप्रवाहको अभिलेखको लिपि एउटै लिपिका तीन रूप हुन् । देवनागरीबाट विकसित आजको नेपाली लिपि ब्राह्मी लिपिकै सन्तान हो । ब्राह्मी लिपि र यसको उत्पत्तिका सम्बन्धमा विद्वान् एवं लिपिवेत्ताहरूले प्रशस्त चर्चा गरेका छन् । यसको उत्पत्तिका विषयमा विद्वान्हरूका बेग्ला-बेग्लै दृष्टिकोण छन् ।

डउसन, कनिंघम, लासन, थामस आदि पाश्चात्य विद्वान्हरूले ब्राह्मी लिपिलाई भारतवर्षीय आर्यहरूले बनाएको लिपि मानेका छन् । यिनी-हरूको विचारमा भारतको कुनै पुरानो चित्र-लिपिका आधारमा ब्राह्मी लिपि बनाइएको हो । जगन्मोहन वर्माले वैदिक चित्र-लिपि या त्यसबाट निस्केको सांकेतिक लिपिबाट ब्राह्मी लिपिको उत्पत्ति मानेका छन् । सिन्धु उपत्यकाको लिपिबाट नै ब्राह्मी लिपिको उत्पत्ति मान्ने विद्वान्हरूको संख्या बढेको छ । चिनियाँ लिपिबाट ब्राह्मी लिपिको उत्पत्ति मान्ने कुपेरीको विचारलाई धेरैले निराधार ठानेका छन् । तर यसको उत्पत्ति यवन लिपिबाट मान्नेहरूमा भने डा० मूलर, जेम्स प्रिन्सेप, सेनार्ट जस्ता विद्वान्हरू छन् । अलेक्जेन्डरका साथ यो लिपि आएको मानेमा यस विचारको पनि सहजै खण्डन हुनजान्छ । ब्राह्मी लिपिको उत्पत्ति सामेली लिपिबाट मान्नेहरूले भने बलिया प्रमाण र तर्क उपस्थित गरेका छन् । केही ब्राह्मी तथा सामेली लिपि उस्तै देखिन्छन् । केही विद्वान्हरू जस्तै–टेलर, सेथ, डीके आदि ब्राह्मीको उत्पत्ति दक्षिणी सामेली लिपिबाट मान्दछन् । अर्का थरी विद्वान्हरू (जस्तै डेभिड, डिरिंजर, बुलर आदि) ले उत्तरी सामेली लिपिलाई केही परिवर्तित गरी ब्राह्मी लिपि बनाइ-एको हो भनेका छन् । यस विषयमा डा० बुलरले आफ्नो पुस्तक 'भारतीय लिपिविज्ञान' मा केही प्रमाणहरू अघि सारेर निर्णय दिएका छन् जसमा दुवै लिपिको समानता, दुवै लिपिको दाहिनेतिरबाट बायाँतिर घुमाएर लेख्ने प्रणाली ब्राह्मीसँग मिल्ने र अरू लिपिको भारतवर्षमा अभाव आदि मुख्य छन् । बेब्र, कस्ट, बेन्फे आदि केही विद्वान्हरूले ब्राह्मी लिपिको उत्पत्ति फोनेशियन लिपिबाट मानेका छन् । तिनीहरूको आधार पनि केही अक्षर-हरूको आकार-साम्य नै हो । एडवर्ड टामस जस्ता केही विद्वान्हरूले यसको उत्पत्ति द्रविड जातिद्वारा भएको पनि भनेका छन् । यस्तै अरू विभिन्न लिपि-बाट ब्राह्मी लिपिको उत्पत्ति मान्नेहरूको तर्कले पनि पुष्टचाइँ पाइएको छैन । अतः अहिले ब्राह्मी लिपिको उत्पत्तिका सम्बन्धमा सर्वमान्य मत स्थापित भइसकेको छैन ।

यस लिपिको नाम ब्राह्मी लिपि किन पर्‍यो भन्ने प्रश्नको चित्तबुझ्दो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जवाफ पनि हामीले पाएका छैनौं। सजिलो जवाफ छ—ब्रह्म अर्थात् ज्ञानको रक्षाका लागि आर्यहरूले यसको सृष्टि गरे। यसैले यसको नाम ब्राह्मी भयो। चिनियाँ विश्वकोश फा वन्-शुलिन्का अनुसार यसका रचयिता कुनै ब्रह्म नामक आचार्य थिए। केही यसलाई ब्रह्माद्वारा निर्मित मानेर ब्राह्मी भन्दछन् भने केही तर्किकहरू ब्राह्मणवर्ग विशेषतः शिक्षित हुँदा उनीहरूद्वारा प्रयोग भएको यस लिपिलाई ब्राह्मी भनिएको मान्दछन्।

ललितविस्तरमा दिइएको ६४ लिपिमध्ये ब्राह्मी र खरोष्ठीका साथ खास्य लिपि (? खस लिपि) को नाम पनि आएको छ। नेपालमा ब्राह्मी र यसबाट विकसित लिपिका नमूना मात्र अभिलेख तथा ग्रन्थहरूमा सुरक्षित छन्। खरोष्ठी लिपिका नमूना भारत र मध्य-एशियामा पाइएका छन्। खरोष्ठी नाम र यसको उत्पत्तिका सम्बन्धमा पनि विद्वान्हरूको मतभेद छ। केही विद्वान् यस लिपिको केन्द्र काशगर हुँदा यसको नाम खरोष्ठी भएको मान्दछन्; किनभने काशगरको संस्कृत नाम खरोष्ठ देखिएको छ। अर्का थरीका विद्वान्हरू गधाको पिठ्युँ अथवा छालामा लेखिने हूँदा यसको नाम (खरपृष्ठी>) खरोष्ठी भएको मान्दछन्। यस लिपिका अक्षर गधाका ओठका समान भएकाले पनि खरोष्ठी (खरओष्ठी) भनिएको होला भन्ने अनुमान पनि एक थरीले गरेका छन्। डा० चटर्जी हिब्रू भाषाको 'खरोशेथ' सँग यसको सम्बन्ध देखाउँछन्। डा. टेलर, बूलर, डिरिजन, गौरीशंकर हीराचन्द्र ओझा आदि विद्वान्हरू खरोष्ठी लिपिको उत्पत्ति आर्मेइक लिपिबाट मान्दछन्। अशोकका शाहबाज गढी र खानसेराका शिलालेख, शक राजाहरूका शिलालेख र मुद्रा तथा मध्य एशियामा प्राप्त ग्रन्थहरू खरोष्ठी लिपिमा उपलब्ध छन्। बुह्लरले यसको प्रयोगकाल ई० पू० चौथो शताब्दीदेखि ई० को तेस्रो शताब्दीसम्म मानेका छन् र यसका विभिन्न रूपतिर संकेत गरेका छन्।

१०६. ब्राह्मी

ब्राह्मी लिपिको प्रयोग ई० पू० ५०० देखि ३५० ई० सम्म भएको पाइन्छ। यसपछि यसका दुई मुख्य हाँगा भए- उत्तरी शैली र दक्षिणी शैली। यी दुई शैलीका धेरै भेदहरू तथा तिनबाट निस्केका लिपिहरूको प्रसार भारत वर्षको उत्तर तथा दक्षिणतिर टाढासम्म भयो। ब्राह्मीको उत्तरी शैलीबाट गुप्त लिपि, कुटिल लिपि, शारदा लिपि, भोट लिपि, रञ्जना लिपि र नेपालका अरू लिपिहरू विकसित भए। यसैबाट प्राचीन नागरी लिपि र देवनागरी लिपि विकसित भई नेपाली, गुजराती, महाजनी, मैथली, बंगाली, असमियाँ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उडिया लिपिहरू आएका हुन् भन्ने विद्वान्हरूको धारणा पनि छ। ब्राह्मीको उत्तरी शैलीका दुई भेद देखिन्छन्—पूर्वी र पश्चिमी। पूर्वी गुप्त लिपिका नमूना नेपाल उपत्यका र त्यसका वरिपरिका प्राचीनतम अभिलेख-हरूमा सुरक्षित छन्। मगध, मैथली, आसाम, वंग, अंग, नेपाल, भोटसम्म यो लिपि फैलियो र यसका अनेक भेद भए। यसको पश्चिमी भेद पश्चिम नेपाल, गुजरात, राजस्थान र मध्य भारतसम्म देखापर्छ।

अर्कोतिर ब्राह्मीको दक्षिणी शैलीबाट तमिल, तेलुगू, कन्नड, ग्रन्थ, कलिंग आदि दक्षिणी, पश्चिमी र मध्यदेशीय लिपिहरूको उत्पत्ति भयो। सिंहली, बर्मेली, स्यामेली लिपि पनि यही दक्षिणी शैलीबाट विकसित भएका हुन्।

१०७. देवनागरी र अन्य लिपि

देवनागरी लिपिलाई नेपालको संविधानमा राष्ट्रिय लिपि मानिएको छ। यसको उत्पत्ति ब्राह्मीबाट भएको कुरामा कुनै सन्देह छैन तर यसको नामका सम्बन्धमा भने विद्वान्हरूका बीचमा मतभेद छ। आर० शाम शास्त्रीले भारतमा मूर्तिपूजा गर्ने प्रथा चल्नुभन्दा अघि सांकेतिक चिह्नहरू बनाएर पूजा गरिन्थ्यो र यी चिह्नहरूलाई त्रिकोण तथा चक्राकार यन्त्रहरूका बीचमा लेखिन्थ्यो भनेका छन्। यी यन्त्रहरूलाई देवनगर भनिन्थ्यो। यी देवनगरहरूका बीच लेखिने सांकेतिक चिह्नहरू पछि तिनै नामको पहिलो अक्षर मानिन थालिए र ती अक्षरहरूलाई पनि देवनागरी भनियो। केही विद्वान्हरूले यस लिपिको प्रयोग गुजरातका नागर ब्राह्मणहरूद्वारा नै गरिएकोले यसलाई देवनागरी भनिएको हो पनि भनेका छन्। नगर अर्थात् सहरमा यसको प्रचलन भएका-ले यसलाई नागरी भनिएको हो भन्ने तर्क पनि दिइएको छ। केही विद्वान् ललितविस्तारको नाग लिपि नै नागरी लिपि हो भन्छन्। महानन्द सापकोटा-को विचारमा नगरकोटसँग नागरी लिपिको सम्बन्ध छ। लिपिवैज्ञानिकहरूको विचारसँग सहमत हुँदै देवनागरी लिपिको इतिहास यसरी प्रस्तुत गर्न सकिन्छ—

ब्राह्मी लिपी– ई० पू० पाँचौं शताब्दीदेखि ई० पछिको चौथो शताब्दीसम्म।

गुप्त लिपि– ई० पाँचौं शताब्दीदेखि आठौं शताब्दीसम्म।

कुटिल लिपि– ई० को नवौं शताब्दी र दशौं शताब्दी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राचीन नागरी लिपि– दशौं शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्म ।

देवनागरी लिपि - पन्ध्रौं शताब्दीपछि ।

ब्राह्मीको नमूना पिप्रहवा र लुम्बिनीका शिलालेखहरूमा भेटे जस्तै हामी लिच्छवीकालीन अभिलेख तथा ग्रन्थहरूमा गुप्त र कुटिल लिपिका नमूना भेट्छौं । श्री ५ को सरकार पुरातत्त्व विभागको निर्णयअनुसार अब गुप्त लिपिलाई पूर्व लिच्छवी र कुटिल लिपिलाई उत्तरलिच्छवी लिपि भनिन्छ (प्राचीन लिपि विकास, पृ० ६) । अंशुवर्मा, विक्रमसेन, जिष्णुगुप्त, क्षेमसुन्दरी, विजयस्वामिनी, मानदेव आदिका अभिलेखहरूमा पूर्वलिच्छवी लिपिका नमूना पाइन्छन् । उत्तरलिच्छवी लिपिका नमूना कैयन अभिलेखहरूमा र वीर पुस्तकालयमा सग्रहित 'निस्वासतत्त्वमुख', 'संक्षिप्त भगवद्गीता' आदि ग्रन्थहरूमा पाइन्छन् । प्राचीननागरीमा लेखिएका रामायण र चरक संहिता पनि वीर पुस्तकालयमा सुरक्षित छन् । डिल्लीरमण रेग्मीका विचारमा रञ्जना लिपि बाह्रौं तेह्रौं शताब्दीमा हिमाली प्रदेशमा फिंजिएको लिपि थियो । रञ्जना लिपिको प्रयोग १२०० देखि १५०० शताब्दी ई० सम्म भयो र यस लिपिमा लेखिएका अनेक पुस्तकहरू वीर पुस्तकालयमा सुरक्षित छन् । वीर पुस्तकालयमा संग्रहित पुस्तकहरूमा अनेक लिपिका नमूना पाइन्छन् । यी लिपिलाई कहीं नेवाराक्षर र कहीं विभिन्न नामले जनाइन्छ । यी नामहरू नेवार जातिका लिपिकार परम्परामा सुरक्षित छन् । ती हुन्—भुजिमोल, पाचुमोल, कुँमोल, क्वेमोल, पोलमोल, हिंमोल चितमोल । यी लिपिहरूको प्रयोग मल्लकालमा विशेषरूपमा भयो । आधुनिक नेवाराक्षर यिनैबाट विकसित भएको हो ।

नेपाली लिपिको प्राचीनतम नमूना शाक्यवंशीय राजाको पिप्रहवा शिलालेखमा (ई० पू० ४८८) प्राप्त छ । यसपछिको लुम्बिनीको शिलालेख पनि नेपाली लिपिकै प्राचीन रूप अर्थात् ब्राह्मीमा र स्थानीय त्यस वेलाको प्राकृत भाषामा कुँदिएका छन् । काठमाडौं उपत्यका र वरिपरि धेरैजसो प्राचीन शिलालेखहरू संस्कृत भाषामा देखिएका छन् । नेपालमा सुरक्षित पाण्डुलिपिहरू ताण्डपत्र, भोजपत्र र कागतमा छन् । यस्तै नेपाली भाषाका प्राचीन नमूना ताम्रपत्र तथा कनकपत्रमा उपलब्ध छन् । नेपाली भाषामा लेखिएका ताम्रशासन (>तावाँ शासन) को परम्परा सोहागौराको ताम्रपत्रले तेस्रो शताब्दी ई० देखि नै भएको जनाउँछ । नेपाली ताम्र शासनको शैलीसँग खोतानमा प्राप्त अभिलेखहरू पनि साम्य राख्छन् । यी अभिलेख-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूमा लेखकको नाम साक्षीका रूपमा देखाइएको छ । वीर पुस्तकालयमा संग्रहित केही ग्रन्थहरूमा पनि लेखक वा लिपिकारका नाम भेटिन्छन् । नेपाली लिपिहरूको अध्ययन र अनुशीलनका क्षेत्रमा श्री ५ को सरकार पुरातत्त्व विभाग-अन्तर्गत वीर पुस्तकालयबाट केही काम भएका छन् । यस पुस्तकालयका लिपि-विज्ञ हेमराज शाक्यले बनाएको लिपि विकासको तालिका यस क्षेत्रमा महत्त्वपूर्ण कार्य हो ।

योगी नरहरिनाथका विचारमा कर्णाली प्रदेशमा प्राप्त अभिलेख पाल लिपि, मल्ल लिपि, नागराज लिपि, शाक अक्षर आदिमा छन् (इतिहास प्रकाश २।१ पृ० ६५) । 'इतिहास प्रकाशमा सन्धिपत्र संग्रह' नामक पुस्तकमा कत्यौरा लिपिको पनि चर्चा भएको छ । श्रीजङ्गा नामको प्राचीन किरात लिपिको पनि प्रयोग पाइन्छ । किरात भाषाविशेषज्ञ ईमानसिंह चेमजोङ्गद्वारा किरातहरूको प्राचीन लिपि अध्ययन भएको छ । नेपाल-ब्रिटिश सम्बन्ध र नेपालीहरूको अंग्रेजी फौजमा वृद्धिले गर्दा नेपाली लाहुरेहरूलाई रोमन लिपिमा नेपाली लेखन प्रयास गराइयो र केही व्याकरण तथा भाषासम्बन्धी अनि केही अरू पुस्तक पनि प्रकाशित भए । रोमन लिपिमा नेपाली भाषाको पत्रिका "पर्वते" मलयाबाट अहिले प्रकाशित हुँदैछ र फार्सेली लिपिमा पनि नेपाली भाषा केही मात्रामा लेखिएको पाइन्छ ।

१०८. लेखन प्रणाली

नेपाली लेखन प्रणालीका केही आफ्ना विशेषता छन् र यसलाई देवनागरी भनिए तापनि भारतमा प्रचलित देवनागरीमा भन्दा केही अक्षर आफ्नै खालका र भिन्न छन् । नेपाली भाषालाई सुबोध, सरल र वैज्ञानिक लिपिमा लेख्दा यसको प्रचार, प्रसार र विकासमा पनि सहयोग हुने भएकोले नेपाली लेखन प्रणालीमा उठेका समस्यातिर केही नेपाली र विदेशी विद्वान्हरूको ध्यान आकर्षित भएको छ । गुरु हेमराजले आफ्नो चन्द्रिका व्याकरणमा नेपालीमा भएको ड ध्वनिका निम्ति ळ लेख्ने आग्रह गर्दै नेपाली वर्ण विन्यासका केही नियमहरू दिए, जसलाई राममणि आ० दी० ले उनको आफ्नो वर्ण विन्यास (Spelling) पद्धतिको विरोधमा आएको ठाने । टर्नरले नेपाली भाषामा आफ्नै किसिमको वर्णविन्याम प्रणालीको सुझाउ दिए र मीरान्डोकले त्यसको समर्थन गरे । हलन्त शब्द नलेख्ने र अव्ययलाई दीर्घ लेख्ने कुरामा विशेष जोड दिने राममणि आ० दी० को प्रणालीमा विश्वमणि आ० दी० र लेखनाथ पौड्याल जस्ता भाषाविद् र लेखकहरूको पनि सहमति देखियो । नेभाप्रसले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली लेखन प्रणालीमा एकरूपता र शुद्धता ल्याउन केही नियम बनायो । तर यी नियम व र ब, स, श, ष तथा ह्रस्व र दीर्घका सम्बन्धमा तथा शब्दहरूलाई जोडेर या छुट्टै लेख्ने सम्बन्धमा सीमित थिए र एक किसिमले व्याकरणिक कोटिसँग बढी सम्बन्ध राख्दथे । लिपिकै विषयलाई लिएर अथवा खास किसिमको वर्णविन्यासलाई लिएर केही मात्रामा पत्रपत्रिकाहरूमा सम्पादकहरूले पनि आफ्ना प्रतिक्रिया जनाए । साहित्य, समीक्षा, फूलपाती, नेपाली जस्ता पत्रिका यस सिलसिलामा उल्लेखनीय छन् । झर्रोवादी आन्दोलनको अभियानकै सिलसिलाका तारानाथ शर्मा र बालकृष्ण पोखरेलबाट पनि नेपाली लिपि प्रणालीमा सुधार गर्नका लागि केही निर्णय लिइएको हो तर त्यो कार्यरूपमा उति आउन सकेन । यस्तै श्रीरामराज पन्तका 'नेपाली लिपिविज्ञान' मा आधुनिक लेखन प्रणालीमा केही सुधार गर्नु पर्ने आवश्यकताको अनुभव गरेर ठोस सुझाउहरू प्रस्तुत भएका थिए । श्री शिवराज आचार्यले पनि आफ्ना केही लेखहरूमा नेपाली वर्ण विन्यास र यसको सुधारबारे राम्री चर्चा गरेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुख्य सहायक ग्रन्थहरूको सूची

संस्कृत, नेपाली र हिन्दीका

आचार्य, बाबुराम, नेपालको संक्षिप्त वृत्तान्त, काठमाडौं २०२२ ।

चण्ड, प्राकृत क्षणम् ।

चाटुर्ज्या, सुनीतिकुमार, राजस्थानी भाषा, राजस्थान विश्वविद्यापीठ उदयपुर, १९४९ ।

जोशी, हरिशंकर, प्रतिभा दर्शन, वाराणसी, १९६४ ।

तिवारी, उदयनारायण, भोजपुरी भाषा और साहित्य, विहार राष्ट्रभाषा परिषद्, पटना, १९६४ ।

तिवारी, भोलानाथ, भाषा विज्ञान, पांचौं संस्करण, इलाहावाद १९६५ ।

हिन्दी भाषा, किताब महल, इलाहावाद १९६६ ।

नरहरीनाथ, योगी, इतिहास प्रकाश भाग १–५, काठमाडौं २०१३ ।

इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, दाङ २०२२ ।

पन्त, रामराज, नेपाली भाषा विज्ञान, काठमाडौं, १९५९ ।

नेपाली लिपि विज्ञान, इलाहावाद, १९५९ ।

भाषा विज्ञानको इतिहास, काठमाडौं १९६२ ।

प्रधान, पारसमणि, नेपाली भाषाको उत्पत्ति र विकास, दार्जीलिङ १९६१ ।

पाण्डे, बदरीदत्त, कुमाऊँका इतिहास, १९३७ ।

पोखरेल, बालकृष्ण, नेपाली भाषाको कथा, जगदम्बा प्रकाशन, ललितपुर २०१९ ।

नेपाली भाषा र साहित्य, काठमाडौं, २०२१ ।

पांच सय वर्ष, जगदम्बा प्रकाशन, ललितपुर २०२० ।

राष्ट्रभाषा, एजुकेशनल इन्टरप्राइजेज, काठमाडौं, २०२२ ।

वररुचि, प्रकृत प्रकाश ।

शर्मा, बालचन्द्र, नेपाली शब्दकोश, रोयल नेपाल एकेडेमी, काठमाडौं २०१९ ।

सापकोटा, महानन्द, खस र खस भाषा, विराटनगर, २०२० ।

चानचुन, विराटनगर, २०२२ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जनजिब्रो ।

ध्वनिको धन्धा, जगदम्बा प्रकाशन, २०२४ ।

सांकृत्यायन, राहुल, कुमाऊँ, वाराणसी, श्रावणी २०१५ ।

हेमचन्द्र अपभ्रंश व्याकरण, भाषा परिषद्, वाराणसी, १९५८ ।

हेमराज, गुरु, चन्द्रिका, काठमाडौं, १९६९ ।

ज्ञवाली, सूर्यविक्रम नेपाल उपत्यकाको मध्यकालीन इतिहास, रायल नेपाल एकेडेमी, २०१९ ।

नेपाली भाषाका विकासको संक्षिप्त इतिहास, दार्जीलिङ, १९३३ ।

(सं) भानुभक्तको रामायण दार्जीलिङ ।

अंग्रेजी

Barua and Mitra, Prakrit Dhammapad, Calcutta, 1921.

Beams, john, A Comparative Grammar of the Modern Aryan Languages of India London 1772.

Bhandarkar, R. G. Wilson philological Lectures on Sanskrit and derived Languages delivered in 1877, Bombay, 1614.

Burrow. T., The Sanskrit Language.

Chatterji, Dr. S.K. Indo-Aryan and Hindi, (Second Edition),

Culcutta, 1960. Languages and Literatures of Modern India, 1963. Origin and Development of Bengali Language, Culcutta, 1926.

Grierson, G. A. Linguistic Survey of India, Vol. I, Part I. 1927 Culcutta, Vol. IX Part IV, 1916: Culcutta,

Hodgson, B. H. Essays on the Language, Literature and Religion Nepal and Tibet, 1874,

Hoernle, A Comparative Grammar of the Gaudian Languages, London 1880.

Kakati. Dr. Banikant, Assamese, its Formation and Development (Second Edition) 1961.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Katre, S. M., Some problems of Historical Linguistics in Indo-Aryan, Bombay, 1944,

Kellogg, T. H., A Grammar of the Hindi Language, revised Edition, London 1855.

Macdonell, Vedic Grammar, 1910,

Pischel, R., Grammatik Der prakriv Sprachen, 1900 translated into English by Subhadra Jha, Motilal Banarasidas,

Sen, Sukumar, A Comparative Grammar of the Middle Indo-Aryan,

Shrivastav, Dayanand, Nepalese Language, its History and Development, Culcutta, 1962,

Tessitori, Notes on the Grammar of Old western Rajasthani (Indian Antiquary, 1914–16) Hindi translation by Dr. Namber Singh, Varanasi 1955,

Tucci, Guiseppe, Preliminary Report on two Scientific Expeditions in Nepal, Roma 1956.

Turnor, R. L., A Comparative and Etymological Dictionary of Nepali Language, London, 1931, Second Edition 1965.

Comparative Dictionary of Indo-Aryan Languages, Face 1–7 1962–65 London,

The Roots of Nepali, Kathmandu,

Uhlenbeck, A Manual of Sanskrit Phonetics,

Whitney, Sanskrit Grammar, 1913,

Woolner, S. E. An Introduction to prakrit, Lahore Second Edition 1929,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

A151

भाषा र व्याकरणसम्बन्धी केही पुस्तकहरू

अनिवार्य नेपाली रचना	हर्षनाथ शर्मा
चिन्ह-परिचय	हृदयचन्द्रसिंह प्रधान
नेपाली अध्ययन भाग १, २	डा. जगदीशचन्द्र रेग्मी
नेपाली कसरी शुद्ध लेख्ने ?	पुष्करशमशेर
नेपाली भाषा-परिचय	देवीप्रसाद गौतम
नेपाली भाषा र व्याकरण	विष्णुगोपाल रिसाल शिवगोपाल रिसाल
नेपाली भाषा शिक्षण	चैतन्य पाण्डे
नेपाली वर्णविन्यास	लालनाथ सुवेदी डा. हरिप्रसाद शर्मा
नेपाली वर्णोच्चारण शिक्षा	शिवराज आचार्य
नेपाली सजिलो व्याकरण	पुष्करशमशेर
भाषाविज्ञान	डा. चूडामणि बन्धु
मध्यचन्द्रिका	पं. सोमनाथ सिग्द्याल
रचना-केशर	गोपाल पाण्डे
राष्ट्रभाषा	बालकृष्ण पोखरेल

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर. फोन : ५२१०२३

Jayatu Sanskritam, Kathmandu, Nepal